

पाँचदिने तीज महोत्सव
पत्रकार सम्मेलन गरी जानकारी । ८

प्रि-सिजन टुर
म्यानचेस्टर सिटीको सानदार जित



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipur.ekantipur.com

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित

वर्ष २५ अंक १६१ काठमाडौं | १३ साउन २०७४ शुक्रबार श्रावण शुक्लपक्ष पञ्चमी | नेपाल संवत् ११३७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, July 28, 2017 | पृष्ठ १२+४+४+४ | १० रुपैयाँ

STRONGER
WITH
SCOTCH
MALTS
SMOOTHER

A.D. FACTOR/TB/2017

WITH
SCOTCH
MALTS

INTRODUCING
NEPAL'S FIRST
PREMIUM
STRONG
BEER

STRONGER

WITH SCOTCH MALTS

SMOOTHER

ENJOYED

TUBORG

SINCE 1880

WITH SCOTCH MALTS

TUBORG

BY APPOINTMENT TO THE

With SCOTCH MALTS

FOR SMOOTHNESS

TUBORG

PREMIUM STRONG

CLASSIC

#CheersResponsibly

18+

NEW

TUBORG

CLASSIC

NEW TUBORG CLASSIC

WITH SCOTCH MALTS

Finest premium imported Scotch Malts & select Aromatic Hops blend into making the all new Tuborg Classic with Scotch Malts. A perfect combination of strong and smooth, Tuborg Classic makes for a great drinking experience.

Experience the rich taste of Nepal's first premium strong beer with Scotch Malts!



SCOTCH MALTS



SUPERIOR AROMATIC HOPS



ALCOHOL 6.5%

STRONGER WITH SCOTCH MALTS SMOOTHER



पाँचदिने तीज महोत्सव
पत्रकार सम्मेलन गरी जानकारी । ८

प्रि-सिजन टुर
म्यानचेस्टर सिटीको सानदार जित



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipur.ekantipur.com

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित

वर्ष २५ अंक १६१ काठमाडौं | १३ साउन २०७४ शुक्रबार श्रावण शुक्लपक्ष पञ्चमी | नेपाल संवत् ११३७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, July 28, 2017 | पृष्ठ १२+४+४+४ | १० रुपैयाँ

माओवादी बैठकमा दाहालले भने

'बरु पार्टी नै विघटन गरौं'

■ बसन्त बस्नेत

काठमाडौं- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पार्टी विघटन गर्न सकिने विकल्पबारे सोच्न नेताहरूलाई प्रस्ताव गरेको खुलासा भएको छ । माओवादीले सशस्त्र युद्धदेखि शान्ति प्रक्रियाका दुई दशकसम्म विभिन्न चरण पार गर्दै गणतन्त्र, संघीयतालगायत मूल राजनीतिक कार्यभार पूरा गरेको भन्दै उनले अब दल विघटन गर्दा फरक नपर्ने बताएका हुन् । 'माओवादी एउटा आन्दोलन थियो पार्टी मात्रै थिएन, हामीले २० वर्षअघि बनाउने भनेको माओवादी हिजोआजको जस्तो माओवादी थिएन,' पाँच दिनअघि ७ साउनमा सकिएको माओवादी केन्द्र सचिवालयको विस्तारित बैठकमा उठेका टिप्पणीको जवाफ दिने क्रममा दाहालले भने, 'सबै साथीहरूबाट आएका विचारहरू समान किसिमका छन्- 'गुटबन्दी मौलायो । नीतिमुखी होइन, नेतामुखी भइयो । जनतामा जान सकिएन । चुनाव लड्ने अनुभव भएन । अब हामीसँग सच्चाउनै नसकिने गरी कमजोरी बढिसकेका हुन् भने पार्टी नै विघटन गर्नेबारे सोच्न सकिन्छ ।'

उनले बैठकमा कार्ल मार्क्स र एंगेल्सको उदाहरण दिँदै थपे, 'कम्युनिस्ट इन्टरनेसनलमा वैचारिक विवादहरू बढ्दै गएर व्यक्ति र गुटमुखी प्रवृत्ति मौलाएपछि मार्क्स र एंगेल्सले त्यसलाई विघटन गर्नुभएको थियो । त्यसबेला उहाँहरूको खुबै विरोध र आलोचना भयो । कालान्तरमा उहाँहरूले लिएको निर्णय सही रहेछ भन्ने पुष्टि भयो । हामीले आफ्ना गुरुहरूबाट किन नसिक्ने ?' बैठकमा सहभागी एक उच्च नेताको भनाइमा दाहालले माओवादी



कान्तिपुर

पुष्पकमल दाहाल-
नीतिमुखी होइन, नेतामुखी भइयो, अब सच्याउनै नसकिने गरी कमजोरी बढिसकेका हुन् भने पार्टी नै विघटन गर्नेबारे सोच्न सकिन्छ

नारायणकाजी श्रेष्ठ-
नयाँ परिस्थितिलाई आत्मसात् गर्न सकिएन भने स्वत: विघटन हुँदै जान्छ, त्यसो गर्न दिनुभन्दा आफैंले विघटनको घोषणा गरौं भन्ने कुरा हो

अग्नि सापकोटा-
क्रान्तिकारी सारतत्त्वसहितको माओवादी नबन्ने हो भने विघटन गरौं, त्यो एउटा सन्देश हुन सक्छ भन्ने उहाँको प्रस्ताव हो

आन्दोलनले नेपालको राजनीति आधारभूत रूपमै बदल्न योगदान दिएको भन्दै यसलाई अरू पार्टीजस्तो दिनचर्या बिताउने छुट्ट नभएको बताए । 'उहाँले क्रान्तिको सफलतापछि हुर्किने नयाँ पुस्तालाई अगाडिको बाटो प्रशस्त गर्दै लेखपढ गरेर बाँकी उमेर बिताउन सकिनेभन्दा बैठकमा सन्नाटा छाएको थियो,' अर्का नेताले भने, 'अध्यक्षको यो भनाइ कुनै भावावेशमा आएको थिएन भन्ने कुरा उहाँको प्रस्तुतिको गहिराइबाट बुझ्न सकिन्थ्यो ।'

नेता नारायणकाजी श्रेष्ठले अध्यक्ष दाहालबाट पार्टी विघटनको सन्दर्भ बैठकमा उप्किए पनि गम्भीरतापूर्वक नआएको बताए । 'यथास्थितिमै पार्टी संगठन राखिरहयो भने अहिलेको आन्दोलन नेतृत्व गर्न सकिन्न भनेर अध्यक्षले विघटन गर्न सकिने सन्दर्भ बैठकको सुरुवातमै राख्नुभएको थियो । पछि पनि अरू साथीहरूबाट यसबारे चर्चा चल्यो, तर घनिभूत बहस होओस् भन्ने उहाँको उद्देश्य होइन,' नेता श्रेष्ठले भने, 'नयाँ परिस्थितिलाई आत्मसात् गर्न सकिएन भने स्वत: विघटन हुँदै जान्छ ।

त्यसो गर्न दिनुभन्दा बरु आफैंले विघटन भएको घोषणा गरौं भन्ने कुरा हो ।'

अर्का नेता अग्निप्रसाद सापकोटाले पनि दाहालबाट पार्टी विघटन गर्न सकिने प्रस्ताव बैठकमा आएको बताए । उनले यस्तो प्रस्ताव पार्टीलाई सही बाटोमा लैजानका लागि आएको भन्दै तत्कालै विघटनको सम्भावना भने इन्कार गरे । 'माओवादी आन्दोलनले आफ्नो सफलता पाइसकेको अर्थमा उहाँले त्यसो भन्नुभएको हो,' सापकोटाले भने, 'जनताका लागि जीवन नै त्याग गर्न चाहने मनोविज्ञान आजभोलि देखिन छाडेकामा उहाँको चिन्ता हो । क्रान्तिकारी सारतत्त्वसहितको माओवादी नबन्ने हो भने विघटन गरौं, त्यो एउटा सन्देश हुन सक्छ भन्ने उहाँको प्रस्ताव हो ।' उनले दाहालको प्रस्ताव पार्टी सच्चिनुपर्छ भन्ने अर्थमा आएको दाबी गरे ।

सन् १८७२ मा रुसी कम्युनिस्ट नेता मिखाइल बाकुनिनसँग चर्को मतभेद भएपछि कम्युनिस्ट इन्टरनेसनलको कार्यालय बेलायतबाट अमेरिका सारेको चार वर्षपछि सन् १८७६ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट इन्टरनेसनल विघटनको घोषणा गरेका थिए । दाहालले त्यसै अनुभवबाट नेपालका कम्युनिस्ट क्रान्तिकारीले सिक्न सक्ने प्रस्ताव बैठकमा गरेका हुन् । बैठकमा सहभागी माओवादी केन्द्रीय सदस्य तथा दोलखा सहइन्चार्ज विशाल खड्काले अध्यक्ष दाहालबाट गुटबन्दी मौलाउँदै गएकामा चिन्तास्वरूप बैठकमा यस्तो प्रस्ताव आएको बताए । 'बैठकमा सबैजसो साथीहरूबाट विचार समूहभन्दा पनि गुट समूहजस्तो गरी रिपोर्टिङ र समीक्षा भएपछि अध्यक्षले उसो भए अब पार्टी विघटन गरौं भनी प्रस्ताव गर्नुभएको हो,' खड्काले भने ।

बाँकी पृष्ठ २

डा. केसीसँग वार्ता आज

■ अतुल मिश्र

काठमाडौं- त्रिवि शिक्षण अस्पताल हातामा अनशनरत डा. गोविन्द केसीसँग सरकारी वार्ता समितिले शुक्रबार वार्ता गर्ने भएको छ । केसीको ११ औं अनशनको चौथो दिन बिहीबार मन्त्रिपरिषद्ले डा. केसीसँग वार्ता गर्नका लागि शिक्षा सचिव शान्तबहादुर श्रेष्ठको संयोजकत्वमा वार्ता समिति बनाएको हो । समितिमा स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री कार्यालयका सचिव सदस्य छन् । सरकारी वार्ता टोलीले बिहीबार राति नै केसीलाई भेटी वार्ता गर्न आग्रह गरेको थियो ।

'हामीले डा. केसीलाई वार्तामा आउन आग्रह गऱ्यौं, उहाँले शारीरिक कारणले आफू सहभागी हुन नसक्ने जनाउँदै आफ्ना प्रतिनिधि भोलि (शुक्रबार) वार्तामा बस्ने बताउनुभएको छ,' वार्ता समितिका संयोजक श्रेष्ठले भने, 'वार्तालाई छिट्टै निष्कर्षमा पुऱ्याउनेछौं ।' श्रेष्ठका अनुसार डा. केसीका प्रतिनिधिका रूपमा डा. वाईपी सिंह, डा. रञ्जन सापकोटा र डा. जीवन क्षत्री वार्तामा हुनेछन् ।

सबै माग पूरा हुनुपर्ने अडान लिँदै डा. केसीले बिहीबार राति कान्तिपुरसँग भने, 'माथेमा प्रतिवेदनअनुरूप हामीले दिएका सुझावसहित चिकित्सा शिक्षा ऐन पारित गरिनुपर्छ, हाम्रो सुझावको एउटा बुँदा पनि छुट्यो भने मेरो अनशन जारी रहनेछ ।' उनले माथेमा प्रतिवेदनमा भएका जनता र विद्यार्थीमुखी बुँदाहरू मस्यौदा समितिले नेता र माफियालाई खुसी पार्न हटाएको आरोप पनि लगाए । चिकित्साशास्त्र अध्ययन संस्थानलाई स्वायत्तता दिने सम्झौता तुरुन्त कार्यान्वयन हुनुपर्ने औल्याउँदै उनले 'चलखेल गर्न खोसेर लिइएको संस्थानको अधिकार' समेत विश्वविद्यालयले फिर्ता गर्नुपर्ने बताए ।



त्रिवि शिक्षण अस्पतालले अनशनरत केसीको स्वास्थ्यमा निगरानी सुरु गरेको छ । यसका लागि सात सदस्यीय उपचार समितिसमेत गठन गरेको छ । प्रा.डा. प्रदीपकृष्ण श्रेष्ठ संयोजक रहेको उक्त समितिमा प्रा.डा. दिव्या सिंह शाह, डा. सुभास आचार्यलगायत छन् । यसअघिका अनशनलाई हेर्दा डा. केसी भोको रहेको चौथो दिनपछि शरीरमा विभिन्न समस्या देखिन थालेका थिए । केसीको १० औं अनशन २२ औं दिनमा टुंगिएको थियो ।

बाँकी पृष्ठ २

भित्र

प्रधानमन्त्रीले आयोगलाई सोधे- 'प्रदेश र प्रतिनिधिसभा चुनाव एकैपटक गर्ने कि ?'

फेल भए पनि सुविधा पाउन अस्थायी शिक्षकको आन्दोलन

स्थानीय तहको सांगठनिक संरचनाको ढाँचा प्रस्ताव- गाउँपालिकामै ६० कर्मचारी

संसदीय समितिको निर्देशन- 'कामदारको अवस्था बुझ्न राजदूत बोलाऊ'

मुगुमा गोदाममै सड्दै अनुदानको चामल

नेपालगन्जमा उद्योगको धूवाँ अस्पतालभित्रै

गजब छ बा !

- अविन -



काँ जुट्ने ?... धत् ! बरु फुट्ने हो फुट्ने ! ...तत्र अरुले हाम्रो पार्टी 'नि 'नयाँ' भन्ठान्छ, बुझ्यौं ?!

एनएमबि बैंक
सरल बचत खाता
सँग १० ग्राम चाँदीको सिक्का सित्तैमा ।
टोल फ्रि नं. १६६०० १२५२५२

दार्जिलिङमा 'अघोषित आपतकाल'



३२ वर्षयता जारी गोर्खाल्यान्ड आन्दोलनका क्रममा मारिएकाहरूको सम्झनामा बिहीबार सहिद दिवस मनाउन दार्जिलिङ लङभ्युको सहिद वेदीमा भेला भएका आन्दोलनकारी । तस्बिर : पर्वत/कान्तिपुर

■ पर्वत पोर्तेल

दार्जिलिङ (भारत)- अलग प्रान्त गोर्खाल्यान्ड मागेर दार्जिलिङमा जारी आन्दोलनले ५० दिन नाघेको छ । माध्यमिक विद्यालयमा बंगाली भाषा अनिवार्य गर्ने बंगाल सरकारको निर्णयपछि आक्रोशित स्थानीयले चर्काएको आन्दोलनले सन् १९८६ को रेकर्ड तोडेको छ । ८६ को आन्दोलनका तत्कालीन कमान्डर सुवास घिसिङले ४० दिने बन्दमा 'फर्मान' जारी गरेका थिए । उक्त आन्दोलनमा १ हजार २ सयभन्दा बढी जनता मारिएका थिए ।

यसपटकको आन्दोलन विगतको तुलनामा कम हिंसात्मक देखिन्छ । अहिलेसम्म ९ आन्दोलनकारीको मृत्यु भएको छ । गोर्खा जनमुक्ति मोर्चाका सहसचिव विनय तामाङले आन्दोलनको रणनीति 'मिनिमल क्याजुअल्टी, म्याक्सिमम एचिभमेन्ट' रहेको बताए । 'कम क्षतिमा धेरै उपलब्धि दिने रणनीतिमा छौं हामी,' उनले भने ।

मोर्चा नेताहरूले बंगाल सरकारले दार्जिलिङमा अघोषित रूपमा आपतकालीन अवस्था सिर्जना गरेको बताए । 'बंगालले अघोषित आपतकाल लागू गरेको छ,' मोर्चाका केन्द्रीय उपाध्यक्ष विशाल क्षत्रीले भने, 'बंगाल सरकारको रवैयाले दार्जिलिङ संकटकालको अवस्थामा

'खाद्यान्न, पेट्रोलियम, खाना पकाउने ग्यासलगायत अत्यावश्यक वस्तुको अभाव खट्किएको छ'

पुगेको छ ।' खाद्यान्न, पेट्रोलियम, खाना पकाउने ग्यासलगायत अत्यावश्यक वस्तुको अभाव खट्किएको छ । 'अझै नाकाबन्दी रहे जनता भोकभोकै मर्ने सम्भावना छ,' सिलिगुडीका विजय रुचालले भने, 'बंगाल सरकारले तानाशाही नीति जारी राखेको छ ।' उपाध्यक्ष क्षत्रीका अनुसार ३५ दिनदेखि इन्टरनेट सेवा र फोन प्रतिबन्ध जारी छ । चार दिनअघि भारतकै पहिलो नेपाली टीभी च्यानल 'एबीएन नेटवर्क' को प्रसारणमा समेत प्रतिबन्ध लगाइनु गणतन्त्रकै उपहास भएको उनले बताए । आन्दोलनका क्रममा सन् १९८६ देखि हालसम्म ज्यान गुमाएकाहरूको सम्झनामा बिहीबार दार्जिलिङका विभिन्न स्थानमा सहिद दिवस मनाइयो । सिलिगुडी प्रशासनले भने दिवस प्रभावित गर्ने नियतसाथ दार्जिलिङ मोड उत्तरको करिब १० किमि क्षेत्रमा बिहानैदेखि १४४ धारा लागू गरेको थियो । सिलिगुडीदेखि सुकुनासम्म सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो ।

'हामीले सहिद दिवस मनाउँछौं भनेर प्रशासनले कर्फ्यु जारी गऱ्यो,' गोर्खा जनमुक्ति मोर्चाका तराई जोनल सेक्रेटरी छिरिङ दाहालले भनिन्, 'आन्दोलन निस्तेज पार्न बंगाल सरकारले तानाशाही व्यवहार देखाइरहेको छ । केन्द्र सरकार मूकदर्शक छ ।'

बाँकी पृष्ठ २

shanker

TVS

TVS साथ छ हाम्रो

TVS को साथमा,
रहनुहुनेछ सुरक्षित हातमा

साथ छौं सक्कली प्रदान गर्न
साथ छौं तपाईको खर्च कम गर्न
साथ छौं सहजै उपलब्ध हुन
साथ छौं वर्षौं सम्म टिकिरहन



TVS MOTOR CO. GENUINE PARTS SPARES

नेपाल अधिराज्य भरी सहजै उपलब्ध
तुलनात्मक रूपमा सुपथ र सस्तो उच्च गुणस्तर र टिकाउपन मा प्रमाणित
पैसाको उचित प्रतिफल उत्कृष्ट कार्यक्षमता

Jagdambamotors-TVS #SaathChaHamro



Authorised Sole Distributor
JAGDAMBA MOTORS

Toll Free Number
16600131337

JAGDAMBA CREDIT

फेल भए पनि सुविधा पाउन आन्दोलन

- पूर्वराजा र सेनालाई गुहार
- भदौ ३ मा तय भएको परीक्षा सार्न 'चलखेल'

■ मकर श्रेष्ठ

काठमाडौं- शिक्षक सेवा आयोगले लिने परीक्षामा ४० नम्बर ल्याउन नसकेर अनुत्तीर्ण भए पनि सरकारले सुविधा दिनुपर्ने माग गर्दै अस्थायी शिक्षकहरू आन्दोलनमा उत्रिएका छन् । उनीहरूले आफ्नो माग पूरा गराइदिन भन्दै पूर्वराजा र सेनालाई गुहारेका छन् । अध्ययन अनुमतिपत्र नभएका, तालिम नलिएका शिक्षकलाई पनि आयोगले लिने परीक्षामा सहभागी गराउनुपर्ने उनीहरूको माग छ ।

'न्यायका लागि सबैतिर गुहारेको हो,' निवेदन दिनेमध्येका शरदकुमार मिश्रले भने, 'कतैबाट न्याय नपाएपछि पूर्वराजा र सेना गुहार्नुपऱ्यो ।' उनीहरूले अस्थायीलाई स्थायी बनाउन विज्ञापन गर्ने आयोगका अध्यक्ष ताना गौतम, आफ्ना पक्षमा फैसला नगरेको भन्दै न्यायाधीश दीपककुमार कार्की, केदारप्रसाद चालिसे र प्रकाशमान सिंह राउतविरुद्ध महाअभियोगको प्रक्रिया अघि बढाइदिन भन्दै सभामुखलाई निवेदन दिएका छन् ।

आयोग, शिक्षा मन्त्रालय, अदालतबाट समेत 'माग सुनुवाइ' नभएपछि सेना र पूर्वराजा गुहार्नुपरेको उनीहरूको तर्क छ । पूर्वराजालाई बुझाएको 'बिन्तीपत्र' मा भनिएको छ, 'श्री ५ महाराजाधिराज सरकारले सरकार प्रमुख र राष्ट्र प्रमुख पदभार ग्रहण गरिबक्सँदा सबै प्रकार र तहका अस्थायी शिक्षकलाई स्थायीको अवसर दिने भनी गरेको व्यवस्थाको उल्लंघन गर्दै वर्तमान कथित लोकतान्त्रिक सरकारले हामी स्नातकोत्तर डिग्री भएका शिक्षकलाई नै स्थायी शिक्षक विज्ञापनमा उम्मेदवार बन्न नदिएकाले सर्वोच्च न्यायालय जाँदासमेत हाम्रा पक्षमा आदेश नदिएकाले रोजगारीको संरक्षण गरिदिन यो बिन्तीपत्र जाहेर गर्दछौं ।'

यसरी हारगुहार गर्दै सेनालाई निवेदन दिने र पूर्वराजालाई बिन्तीपत्र चढाउनेमा शशि भन्ज्याङ मावि धादिङका प्रधानाध्यापक वसन्तकुमार श्रेष्ठ, चामुण्डा मावि काठमाडौंका प्रधानाध्यापक यादवप्रसाद पौडेल, गुहेश्वरी मावि सिनामंगलका शिक्षक दण्डपानी भुसाल, सिर्जनशील जनता मावि काभ्रेका शिक्षक डम्बरबहादुर लामा, प्रभात मावि कालिमाटीका शिक्षक शरदकुमार मिश्र, जनजागृति मावि काठमाडौंका शिक्षक कुमार लामा र प्रभात माविका सूर्यप्रसाद तिवारी छन् । उनीहरू विद्यालयमा पढाउन छाडेर आयोगदेखि पूर्वराजाको निवाससम्म धाइरहेका छन् । 'काम नगरी आन्दोलनमा जाने गरेका छन्,' एक प्रधानाध्यापकले भने, 'हाजिर मिलाएर तलब भने लिइरहेका छन् ।' बुधबार र बिहीबार विद्यालय छाडेर सिंहदरबारस्थित शिक्षा मन्त्रालयमै धर्ना दिन २० भन्दा बढी शिक्षक पुगेका थिए ।



मागभन्दा कम आवेदन

शिक्षक सेवा आयोगले अस्थायी शिक्षकलाई स्थायी गर्न भदौ ३ मा लिन लागेको परीक्षामा माग गरेको भन्दा साढे तीन हजार कम आवेदन परेको छ । प्राथमिक तहमा १४ हजार ३ सय ५५ जना माग गरेकामा १० हजार ४ सय १४ जनाले आवेदन दिएका छन् । ०४९ अघिका शिक्षकका लागि खुलाइएको विज्ञापनमा १ हजार १ सय ३९ जना माग गरिएकामा ८७ जनाले मात्रै आवेदन दिएका छन् । ०४९ देखि ०६१ का अस्थायी शिक्षकका लागि भएको विज्ञापनमा ९ हजार २ सय ११ दरबन्दी तोकिएकामा ३ हजार ५९ जनाले मात्रै आवेदन दिएका छन् ।

०६१ देखि ०७२ सम्म भने प्राविमा आवश्यकभन्दा बढी आवेदन परेको छ । ४ हजार ५ जना आवश्यक पर्नेमा ७ हजार २ सय ६७ जनाले आवेदन दिएका छन् । निमाविमा २ हजार ८ सय ६१ शिक्षक चाहिनेमा २ हजार ८ सय ५ जनाले आवेदन दिएका छन् । मध्यमाञ्चल र सुदूरपश्चिमाञ्चलमा नेपाली विषयमा समेत आवश्यक संख्यामा आवेदन परेको छैन । नेपालीमा ५० जना चाहिनेमा ५ जनाले मात्रै आवेदन दिएका छन् । माध्यमिक तहमा ०४९ अघि कार्यरत शिक्षक कसैले पनि परीक्षा दिन चाहेका छैनन् । सबैले सुविधा रोजेका छन् ।

अस्थायीका लागि विज्ञापन खुलाएको थियो । आउँदो भदौ ३ गते त्यसको परीक्षा तय गरिएको छ । 'चाकडी र भनसुन' को भरमा अस्थायी शिक्षकमा प्रवेश गरेकालाई सरकारले स्थायी नियुक्ति गरी स्थायित्व प्रदान गर्न विज्ञापन गर्दा उल्टै उनीहरूले विरोध गरिरहेका छन् । विरोध गर्नेमा ०६१ देखि ०७२ सम्म अस्थायी नियुक्ति पाएका सीमित शिक्षक छन् । यसपल्टको विज्ञापनको विरोध गर्नेमा यसअघि तीनपटक लिइएको परीक्षामा अनुत्तीर्ण धेरै छन् ।

शिक्षा ऐनमा ०६१ अघिका जति व्यक्ति कार्यरत थिए, त्यति नै दरबन्दी कायम गरेर विज्ञापन गरिएको छ । ०६१ देखि ०७२ सम्म नियुक्त भएका कार्यरत अस्थायी शिक्षकलाई ४९ प्रतिशत र खुला प्रतिस्पर्धाबाट ५१ प्रतिशत पूर्ति गर्ने व्यवस्था गरिएको छ । ऐनमै भएको व्यवस्थाअनुसार आयोगले गत चैत १९ मा प्रावि, निमावि र मावि गरी १९ हजार २ सय ६५ शिक्षक दरबन्दीमा विज्ञापन खुलाएको थियो । यसमा १५ हजार ६ सय ९१ ले आवेदन दिएका छन् ।

०६१ पछि नियुक्ति पाएका शिक्षकको सेवा अवधि बढीमा ११ वर्ष मात्रै हुन्छ । ऐनअनुसार १० वर्षसम्म कार्यरत अस्थायी शिक्षकले सुविधा रोजे प्रत्येक वर्षको आधा महिनाको मात्रै तलब पाउँछन् । परीक्षा छाडेर सुविधा रोज्दा न्यून रकम पाइने र परीक्षामा जाँदा उत्तीर्ण नहुने डरले सरकारलाई अनुत्तीर्ण भए पनि सुविधा दिनुपर्ने भन्दै घुँडा टेकाउन खोजिएको छ । आन्दोलनमा सहभागीमध्ये ०६५ अघि अस्थायी भएका शिक्षक बढी छन् । उनीहरूलाई ०६९ यता नियुक्ति पाएका शिक्षकले राम्रो नम्बर ल्याएर पास गर्छन् र आफू अनुत्तीर्ण हुन्छु भन्ने त्रास छ । परीक्षामा अनुत्तीर्ण भए पनि सुविधा दिन माग गर्दै अस्थायी शिक्षकहरू अनशनसमेत बसेका थिए । अनशन तोडाउन शिक्षा मन्त्रालयले परीक्षामा अनुत्तीर्ण भए पनि परीक्षामा सहभागी गराउने गलत सम्झौता गरेकै कारण उनीहरू पछिल्लो समय चौतर्फी धाइरहेका छन् ।

मन्त्रालयले शिक्षा ऐन संशोधन गरेर यो व्यवस्थाको प्रक्रिया अघि बढाउने सम्झौता अनशनका बेलामा गरेको थियो । त्यसअनुसार शिक्षा मन्त्रालयले ऐन संशोधनका लागि अर्थ मन्त्रालयमा रायका लागि पठाइएकोमा सहमति नदिने भएको छ । 'यसअघिको ऐनअनुसार सुविधा वा परीक्षा रोज्नुपर्ने प्रावधानअनुसार परीक्षा मितिसमेत तोकिइसक्यो,' शिक्षा मन्त्रालयका एक सहसचिवले भने, 'यो व्यवस्थाअनुसार १५ हजार शिक्षकले आवेदन दिइसकेका छन् । यस्तो बेला किन ऐन संशोधन गर्नुपऱ्यो ।' आन्दोलनरत शिक्षकहरू पुनः परीक्षा सार्ने चलखेलमा समेत लागेका छन् । आयोगले खुलाएको विज्ञापनमा अनुत्तीर्ण भएको कोटामा दक्ष शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछन् । सरकारलाई झुकाउन खोज्ने अस्थायी शिक्षकको नाममा भइरहेको आन्दोलनले सुविधा लिन जान चाहने करिब १० हजार शिक्षकलाई बाधा पुऱ्याएका छन् । प्रावि, निमावि र माविका ०६१ भन्दा अघिसम्म कार्यरत ९ हजारभन्दा बढी शिक्षक सुविधा लिएर बिदा हुन चाहेका छन् । तोकिएकै मितिमा परीक्षा सञ्चालन हुने हो भने बेलैमा सुविधा लिन सक्ने थिए । माध्यमिक तहसम्मको व्यवस्थापनको अधिकार संविधानले स्थानीय तहलाई दिइसकेको छ ।

यो व्यवस्थाले अस्थायीले पाउने भनिएको सुविधाबाट समेत वञ्चित हुने सम्भावना पनि उत्तिकै रहेको विज्ञहरू बताउँछन् । 'अहिले विभिन्न माग राखेर परीक्षा हुन नदिन अस्थायी शिक्षकहरूले नै प्रपञ्च रचिरहेका छन्,' एक सहसचिवले भने, 'शिक्षा ऐन संविधानसँग पनि बाझिएको छ । अब स्थानीय तह व्यवस्थापन गर्ने ऐन बनेपछि स्थानीय पदाधिकारीले शिक्षामा भएको व्यवस्था हामी मान्दैनौं भन्यो भने सुविधा पाउने सम्भावना पनि न्यून हुन्छ । त्यसैले आन्दोलन छाडेर परीक्षामा सहभागी हुनु उपयुक्त हुन्छ ।'

दार्जिलिङमा 'अघोषित आपतकाल'...

आन्दोलनकारीले सरकारी सवारी तथा सरकारी भवनमा तोडफोड र आगजनी जारी नै राखेका छन् । प्रशासनले पनि सर्वसाधारणका घरमा छापा मार्ने, कुटपिट गर्ने काम रोकेको छैन । केही दिनअघि अनुगमनमा आएको राष्ट्रिय मानव अधिकारवादी संगठनको एक प्रतिनिधि मण्डलले दार्जिलिङमा प्रहरी ज्यादती बढेको भन्दै राज्य सरकारको ध्यानाकर्षण गराएको थियो ।

'गोर्खाल्यान्डबाहेक मान्दैनौं'

४३ दिनदेखि भोकभोकै होमिएका छन् आन्दोलनकारी । गोर्खाल्यान्डबाहेक कुनै व्यवस्था नस्विकार्ने उनीहरूको सामूहिक भनाइ छ । आन्दोलनकारीले राजनीतिक दललाई पनि गोर्खाल्यान्डबाहेक अन्य व्यवस्था स्वीकार नगर्न खबरदारी गरेका छन् । 'अरू व्यवस्था थाप्न हामीले यत्रो दिनदेखि हडताल गरेका होइनौं,' आन्दोलनकारी सुनील शर्माले भने, 'गोर्खाल्यान्ड नभए नेतालाई छाडैनौं ।'

गोर्खाल्यान्डका लागि सातादेखि आमरण अनशन पनि जारी छ । दार्जिलिङ, मिरिक, खर्साङ, कालिम्पोङ र डुवर्स क्षेत्रमा २० जना अनशन बसेका छन् । उनीहरूको स्वास्थ्य बिग्रँदो छ । कालिम्पोङमा अनशन बसेका राजु विश्वकर्माले भने, 'बरु ज्यान जाओस्, गोर्खाल्यान्ड नभएसम्म अनशन छाडैनौं ।'

केही दिनअघि मुख्यमन्त्री ममता बेनर्जीले आन्दोलन दबाउने नियतसाथ दार्जिलिङका राजनीतिक दलको सशस्त्र समूहसँग संलग्नता रहेको आरोप लगाएकी थिइन् । उक्त आरोप दलले ठाडै अस्वीकार गरे । मोर्चा अध्यक्ष विमल गुरुङले आक्रोश पोखे, 'बंगाल सरकारले हामीलाई हतियार उठाउन बाध्य पार्दै छ ।'

यसैबीच नवनिर्वाचित राष्ट्रपतिको शपथग्रहण समारोहमा दिल्ली पुगेकी बेनर्जीले तीन दिनअघि केन्द्रीय गृहमन्त्री राजनाथ सिंहसँग भेटेर दार्जिलिङ घटनाबारे 'ब्रिफिङ' गरेकी थिइन् । उक्त भेटपछि गृहमन्त्री सिंहले दार्जिलिङलाई अलग प्रान्त बनाउने कुनै तयारी नभएको प्रस्ट पारेका थिए ।

सर्वदलीय संयन्त्र गोर्खाल्यान्ड मुभमेन्ट कोअर्डिनेसन कमिटीले दिल्लीकेन्द्रित आन्दोलन सुरु गरेको छ । यसका लागि नेताहरूको एक टोली दिल्लीमा छ । कमिटी संयोजक कल्याण देवानका अनुसार दिल्लीमा धर्ना, जुलुसका साथै नेतृत्वसँग भेटघाट तीव्र पारिएको छ ।

गोर्खाल्यान्डका लागि 'चिठी आन्दोलन'

गोर्खाल्यान्ड आन्दोलनको समर्थनमा छिमेकी राज्य सिक्किमले चिठी आन्दोलन सुरु गरेको छ । प्रधानमन्त्री मोदीलाई पठाइने चिठीमा भारतको ३० औं राज्यका रूपमा गोर्खाल्यान्ड गठन गर्न माग गरिएको छ ।

गोर्खाल्यान्ड संवैधानिक माग रहेको भन्दै सिक्किम राज्य सरकार र जनताले समर्थन जनाउँदै आएका छन् । आन्दोलनका अभियन्ता पत्रकार प्रवीण खालिडले गोर्खाल्यान्ड गठनका लागि दबाब सिर्जना गर्ने उद्देश्यले चिठी आन्दोलन सुरु गरिएको बताए । उनका अनुसार राज्यका सबै क्षेत्रबाट चिठी पठाइनेछ । अहिलेसम्म करिब २ हजार चिठी पठाइसकिएको छ । यो अभियान भारतभर विस्तार गरिनेछ । भारतभरका करिब डेढ करोड नेपालीभाषीले यो अभियानमा भाग लिने विश्वास खालिडले गरेका छन् ।

मोदी-चाम्लिङ भेट

राष्ट्रपतिको शपथग्रहण समारोहमा सहभागी हुन दिल्ली पुगेका सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङले प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गरेका छन् । उनले दार्जिलिङको समस्या तत्काल समाधानका लागि ठोस कदम चाल्न मोदीलाई आग्रह गरेपछि आन्दोलनकारी थप आशावादी छन् ।

'गोर्खाल्यान्ड आन्दोलनको सबभन्दा बढी प्रभाव सिक्किमले भोगेको छ,' चाम्लिङले मोदीसँग भने, 'गोर्खाल्यान्डको स्थायी समाधान खोज्न जरुरी छ ।' चाम्लिङले हाल जारी आन्दोलनका कारण पश्चिम बंगाल सरकारले अघोषित नाकाबन्दी लगाएको मोदीलाई जानकारी गराएको भारतीय सञ्चार माध्यमले जनाएका छन् । चाम्लिङले ३२ वर्षदेखि जारी गोर्खाल्यान्ड आन्दोलनका क्रममा सिक्किमका ५ हजार बढी सवारी साधन तोडफोड भएको र केही चालक मारिएको बताएका थिए । उनले अहिलेसम्म सिक्किमले ६० हजार करोड रुपैयाँभन्दा बढी आर्थिक क्षति बेहोर्नुपरेको मोदीलाई जानकारी गराएको चाम्लिङका प्रेस सल्लाहकार भीम दाहालले जानकारी दिए । दाहालका अनुसार चाम्लिङले गोर्खाल्यान्ड संवैधानिक माग भएको बताउँदै बेलैमा पूरा नगरिए समस्या जटिल बन्नेतर्फ मोदीको ध्यानाकर्षण गराएका थिए ।

'बरु पार्टी नै विघटन...

'पार्टीमा पहिले वैचारिक लाइनका आधारमा अन्तरसंघर्ष हुन्थ्यो, अहिले व्यक्तिमा गएर बहसहरू ठोक्किए । सरकारमा जानका लागि जे पनि गर्न तयार हुनेजस्तो अवस्था देखियो । अध्यक्षपछि दोस्रो तहका कतिपयमा नेताभन्दा बिचौलियाको भूमिका बढी देखिएको समीक्षा चर्को रूपमा उठेपछि अध्यक्षले पार्टी विघटन गर्न सकिने विकल्प दिनुभएको हो,' उनले भने । खड्काले माओवादी विघटनको बहस भावावेशभन्दा पनि वैचारिक महत्त्वको मुद्दा रहेको रूपमा बुझ्नुपर्ने छलफल भएको जानकारी दिए ।

दाहालले यो प्रस्ताव बैठक टुंग्याउने क्रममा राखेको हुनाले अरू नेताहरूले भने यसमाथि टिप्पणी गर्न पाएनन् । शुक्रबार बस्ने हेडक्वार्टर बैठकमा नारायणकाजी श्रेष्ठलगायत असन्तुष्ट नेताहरूले यसबारे फरक मत राख्ने तयारी गरिरहेको स्रोतले बतायो । तर प्रवक्ता पम्फा भुसालले भने पार्टी संगठनको आन्तरिक व्यवस्थापन र तेस्रो चरणको स्थानीय चुनावका लागि केही प्राविधिक छलफलका लागि बैठक डाकिएको दाबी गरिन् ।

सहभागीहरूका अनुसार अध्यक्ष दाहालले पार्टी गम्भीर दिशाहीनतामा फसेको स्वीकार गरेका थिए । शान्ति प्रक्रियामा आएपछि माओवादी अबको एउटा स्थायी राजनीतिक शक्ति हो भनी जनतालाई अनुभूति दिन नसकिएको भन्दै उनले आत्मालोचना गरेका थिए । 'युद्धबाट शान्तिमा आउने र परिवर्तन संस्थागत गर्ने काम कम्ती जोखिमपूर्ण थिएन तर त्यत्रो साहसका बाबजुद शान्ति प्रक्रिया सफलताको श्रेय माओवादीलाई आएन,' दाहालले भने, 'जसले जे माग्यो, त्यही दिँदै जाने हुँदा माओवादी पार्टी नभएर परियोजनाजस्तो भयो । राजनीतिक गतिरोध खुलाउने बेलामा जहिले पनि माओवादी चाहिन्छ तर जसका लागि लडियो, उसैको मन जित्ने गरी संरचना बनाउन सकेनौं ।' दाहालले सर्वहारा, श्रमजीवी, उत्पीडितलगायत आधारभूत वर्गको मन जित्ने गरी पार्टी संगठन बनाउन चुकेको बताएका थिए । सहभागी नेताहरूले अध्यक्ष दाहाल प्रधानमन्त्री भएका बेला समृद्धि र सुशासनको नारा दिए पनि समाजवादी कार्यदिशा अख्तियार गर्न चुकेको भन्दै आलोचना गरेका थिए । 'खालि समृद्धिको नारा छ, सामाजिक न्याय र जनताको पहुँच छुट्टाइयो,' नेता खड्काले भने, 'सामाजिक न्याय र आधारभूत जनतासँग जोड्ने गरी एजेन्डा लैजान नसक्दा माओवादीको औचित्यमाथि नै प्रश्न उठ्यो ।'

दाहालको यो खुलासासँगै पछिल्ला वर्षहरूमा आधा दर्जनभन्दा बढी टुक्रामा विभाजित भएर जोडिने प्रक्रियामा रहेको माओवादी पार्टीभित्र नयाँ बहसको बीजारोपण भएको छ । पछिल्लो स्थानीय चुनावमा तेस्रो स्थान सुरक्षित गरे पनि समग्रमा माओवादीको पराजय भएको बैठकले ठहर गरेको थियो ।

डा. केसीसँग वार्ता आज...

डा. केसीका मागमा तुरुन्त माथेमा प्रतिवेदनअनुरूप दिइएका सुझावसहित चिकित्सा शिक्षा ऐन पारित गर्नुपर्ने, चिकित्सा शिक्षा क्षेत्रमा भएका अनियमितता रोक्न ६ वटा प्रक्रिया अपनाउनुपर्ने, आईओएममा तत्काल डिनको सिफारिसअनुसार सहायक डिन र क्याम्पस प्रमुख नियुक्त हुनुपर्नेलगायत छन् । आईओएमलाई विगतका सम्झौताअनुसार थप स्वायत्तता दिँदै विद्यार्थी भर्ना, शुल्क र सम्बन्धनसम्बन्धी अधिकार त्रिवि कार्यकारी परिषद्बाट आईओएममा फिर्ता गरिनुपर्ने, सरकारी निर्देशन र अदालतको आदेश अटेरी गर्ने मेडिकल कलेजको सम्बन्धन तत्काल खारेज गरिनुपर्ने, चिकित्सा शिक्षा आयोग नबनेसम्म मेडिकल शिक्षाका सबै तहको शुल्क विश्वविद्यालयले नभई सरकारले तोक्ने व्यवस्था हुनुपर्ने, एमडी/एमएस र एमडीएस तहको शुल्क यही शैक्षिक सत्रदेखि लागू हुने गरी काठमाडौं विश्वविद्यालयमा जस्तै सबै निजी कलेजका लागि २२ लाख कायम गरिनुपर्ने र आईओएममा पदाधिकारी नियुक्त नगरेर अस्तव्यस्त बनाउने, आईओएमका अधिकार खोसेर लैजाने तथा नाजायज रूपमा धरौट शुल्क कायम गर्ने त्रिवि पदाधिकारीलाई तत्काल बर्खास्त गरिनुपर्ने उनका माग हुन् ।

छोटकरी

संसद्को एप्स र नयाँ वेबसाइट

काठमाडौं (कास)- सभामुख ओनसरी घर्तीले बिहीबार संसद्को नयाँ वेबसाइट र मोबाइल एप सार्वजनिक गरेकी छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा बनेको नयाँ वेबसाइट पार्लियामेन्टडटजीओभी डट एनपीमा संसदीय गतिविधि र संसद्सम्बन्धी जानकारी उपलब्ध छन् ।

कोरियाली राजदूतले भेटे प्रधानसेनापति

काठमाडौं (कास)- नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क योङ सिकले प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग भेट गर्दै दुईपक्षीय हित र सैनिक सम्बन्ध लगायतको विषयमा छलफल गरेका छन् । जंगी अड्डामा भएको शिष्टाचार भेटमा कोरियाली प्रायद्वीपको पछिल्लो अवस्था, नेपाल-कोरिया सम्बन्ध लगायतका विषयमा छलफल भएको थियो । द्विपक्षीय हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको सैनिक निर्देशनालयले जनाएको छ ।

जिट्टो कार्यालय स्थापनाको पहल

टोकियो (कास)- जापानी लगानीकर्तालाई वातावरण बनाउन जापानस्थित नेपाली दूतावासले पहल थालेको छ । यसका लागि जापानका लागि नेपाली राजदूत प्रतिभा राणा र जापान एक्स्टर्नल ट्रेड अर्गनाइजेसन (जिट्टो) प्रमुख हिरोयुकी इसिगेबीच बुधबार टोकियोमा औपचारिक वार्ता भएको हो । जिट्टोले विदेशमा जापानी लगानीकर्ता र व्यवसायीलाई सहयोग गर्दै आएको छ । जिट्टो प्रमुख इसिगेले नेपालमै जिट्टोको कार्यालय स्थापना गर्ने जानकारी गराएका हुन् । जिट्टोको कार्यालय स्थापना भएपछि नेपालको आर्थिक, औद्योगिक र प्राविधिक क्षेत्रमा लगानी गर्न चाहने जापानीलाई सहज हुने ठानिएको छ । जापानी उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानीका अवसरका बारेमा जानकारी गराउन दूतावासले लगानी कार्यशालाको तयारीसमेत गरिरहेको छ ।

अपोलो इन्टरनेशनल पोलिक्लिनिकमा अन्तर्राष्ट्रिय स्तरका मेसिनहरू छन् ।

यहाँ स्त्री सम्बन्धीका हरेक प्रकारको रोगहरु एकै पटकमा उपचार गरिन्छ ।
साथै बाँझोपनको समस्याको पनि उपचार गरिन्छ ।

Olympus Electronic Colposcopy:- यो यन्त्रले धेरै प्रकारका स्त्रीरोगको जाँच गरिन्छ, जसले ६०-१०० टाईम्स म्याग्नीफाई गर्दछ र सानो भन्दा सानो रोग पलाएको, सुरुवातमा नै रोग को पत्ता लगाईन्छ । जसले गर्दा ९८% भन्दा माथि उपचार सम्भव छ ।


Olympus Electronic Colposcopy

Leep प्रविधी:- यो प्रविधी अहिलेको इन्टरनेशनल स्तरको उपचार प्रविधि हो । जसबाट पाठेघरको मुखको हरेक समस्याहरुको उपचार गरिन्छ । पिडारहित उपचार गरिन्छ साथै दोहोरिएर पनि आउदैन । यो उपचार प्रविधिले पछि पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउँछ ।


Leep प्रविधी

बाँझोपनको उपचारहरु :- यहाँ अहिलेको इन्टरनेशनल स्तरको उपचार प्रविधिबाट बाँझोपन रोगको परिक्षण गरिन्छ, साथै बैज्ञानिक तरिकाले उपचार गरिन्छ ।

विशेषज्ञ द्वारा उपचार :- सेतो पानी बगेमा, योनीबाट रगत बगेमा, गन्हाउने पानी बगेमा , नियमित महिनावारी नभएमा, तल्लो पेट दुखेमा, धेरै पिसाब लागेमा, पिसाब रोक्न नसकेमा, योनीद्वार चिलाएमा, vaginitis, pelvic inflammatory disease, पाठेघर सम्बन्धी सम्पुर्ण समस्याहरु भएमा पनि उपचार गरिन्छ ।


Short wave therapy instrument

यौन रोगहरु जस्तै :- गोनोरिया,सिफिलिस HPV, Chlamydia, BV भएमा साथै chronic स्त्री रोगहरुको उपचार गरिन्छ ।

SPECIAL OFFER:
30% DISCOUNT ON LAB TEST
50% DISCOUNT ON TREATMENT

पिडारहित उपचार
उपचार पछि घर फर्कन सकिने (भर्ना हुन नपर्ने)

अपोलो इन्टरनेशनल पोलिक्लिनिकमा, स्त्रीरोग, विशेषज्ञ द्वारा जाँच गरिन्छ ।

APOLLO INTERNATIONAL POLY CLINIC
लेखनाथ मार्ग, ठमेल, पिपलबोट, सरस्वती कलेज नजिकै
स्त्रीरोग बिभागको सम्पर्क नं ०१-४४२०६३०, ९८०३१९२७७७
(समय: बिहान ८:३० देखि ५:०० बजे सम्म)
(बिदाको दिन र शनिबार पनि खुल्ला रहनेछ ।)

VIEC Better Education Better Life
Study Abroad TODAY
That's where your success begins.
• Represent 180+ Institutions Worldwide. • 34,000 Students Successfully Placed. • Recruiting Students for Two Decades.



AUSTRALIAN Education Fair on 28th July 2017

From 10:00 AM – 05:00 PM at Hotel Malla, Lainchaur, Kathmandu, Nepal

• Entry free
• On spot assessment
• No service charges
• Expert guidance
• Scholarships available*
• Application fee waiver*

Interact With Representatives From Top Australian Institutions Under One Roof
• Curtin University • Deakin University • La Trobe University • NAVITAS
• Swinburne University of Technology • University of Technology Sydney (UTS)
• UTS-Insearch • Victoria University

FOR MORE INFORMATION CONTACT US
Lalchan Tower, 4th floor (Next to Siddhartha Bank),Hattisar, Kamalpokhari, KTM, NEPAL
Tel.: +977-1-4429190 / 4429191, Mobile: 9851031660, 9841596540, 9841173329
Email: viec.nepal@vieceducation.com, www.vieceducation.com

स्थानीय तहको सांगठनिक संरचनाको ढाँचा

गाउँपालिकामै ६० कर्मचारी

■ राजेश मिश्र



- महानगरमा १० महाशाखा र शाखाहरूका लागि १९० देखि ३५० सम्म कर्मचारी आवश्यक
- उपत्यकाभित्रका नगरपालिकामा डेढ सय कर्मचारी

काठमाडौं- अब साना गाउँपालिकामै पनि कम्तीमा ६० कर्मचारी हुनेछन् । त्यसबाहेक दैनिक सेवा प्रवाहका लागि प्रत्येक वडा कार्यालयमा न्यूनतम ४ कर्मचारी रहनेछन् । २० हजारभन्दा बढी जनसंख्या रहेका गाउँपालिकामा भने न्यूनतम ७० र वडा कार्यालयमा ४ कर्मचारीको व्यवस्था हुनेछ ।

स्थानीय तह कति अधिकारसम्पन्न र वजनदार छन् भन्ने यसले देखाउँछ । विगतमा गाविसमा नायब सुब्बा वा खरिदारको नेतृत्वमा अति थोरै कर्मचारी रहने गर्थे । संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाएपछि त्यसको कार्यान्वयनका लागि ठूलो संख्यामा कर्मचारी आवश्यक पर्ने भएको हो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संविधानले दिएका अधिकार कार्यान्वयनका लागि स्थानीय तहलाई चाहिने न्यूनतम कर्मचारी तथा सांगठनिक संरचनाको नमुना ढाँचा तयार पारेको छ । प्रस्तावित ढाँचामा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई आवश्यक पर्ने विभाग/महाशाखा/शाखा तथा आवश्यक पर्ने न्यूनतम कर्मचारी दरबन्दीको समेत पहिचान गरिएको छ ।

मन्त्रालयका प्रवक्ता सहसचिव रुद्रसिंह तामाङले स्थानीय तहलाई सहयोग पुग्ने उद्देश्यले आवश्यक कर्मचारीको विवरणसहितको सांगठनिक संरचनाको नमुना प्रस्ताव तयार पारिएको बताए । उनले अधिकारअनुसारको बजेट, योजना, साधन तथा कर्मचारी क्रमशः स्थानीय तहमा सरकारले पठाउन लागिरहेका बेला त्यसलाई तत्कालै व्यवस्थित पार्न सकियोस् भन्ने उद्देश्यले कर्मचारी तहको सांगठनिक संरचना प्रस्ताव गरिएको जानकारी दिए ।

आवश्यक निर्णय प्रक्रिया पुऱ्याएपछि उक्त प्रस्तावित संरचनालाई स्थानीय तहमा पठाइने उनले बताए । 'मन्त्रालयले संविधानले दिएको अधिकार र त्यसको विस्तृतीकरण स्थानीय तहले गर्नुपर्ने क्रियाकलापको पहिचानलाई अध्ययन गरी त्यसको कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनाको नमुना तयार गरेको हो,' उनले भने, 'गाउँपालिका तथा नगरपालिकाले त्यसलाई आफ्नो आवश्यकताअनुसार फेरबदल वा थपघट गरी प्रयोगमा ल्याउन सक्छन् ।' मन्त्रालयले गाउँपालिकामा शाखा अधिकृत कार्यकारी अधिकृत रहने गरी त्यसको मातहतमा सामान्य प्रशासन, सहरी पूर्वाधार, सामाजिक विकास, योजना अनुगमन तथ्यांक, राजस्व तथा आर्थिक प्रशासन, आर्थिक विकास तथा आन्तरिक लेखा परीक्षण शाखा रहने प्रस्ताव गरेको छ । ती शाखामातहत उपशाखाहरू प्रस्तावित छन् । गाउँपालिकामा स्वास्थ्य, कृषि, पशुपक्षी, विद्युत्, सिभिल इन्जिनियरिङका प्राविधिक जनशक्तिदेखि शिक्षा, घरेलु, उद्योगजस्ता दर्जनौं विषयगत कर्मचारी रहनेछन् । यसअघि ती विषयका कार्यालय र कर्मचारी जिल्ला सदरमुकाम वा जिल्लाभित्र थोरै ठाउँमा मात्रै हुने गर्थे ।

काठमाडौं महानगरपालिकाबाहेक नयाँ बनेका महानगरमा १० महाशाखा, १ शाखा र त्यसका लागि न्यूनतम १ सय ९० कर्मचारी आवश्यक पर्ने सांगठनिक संरचना तयार गरिएको छ । महानगरमा प्रस्तावित महाशाखाहरू सामान्य प्रशासन, सहरी पूर्वाधार विकास, सामाजिक विकास, योजना अनुगमन तथा वैदेशिक सहयोग, न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन, राजस्व तथा आर्थिक प्रशासन, आर्थिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र खानेपानी तथा फोहोरमैला व्यवस्थापन छन् । आन्तरिक लेखा परीक्षण शाखासमेत राखिएको छ । महानगरमा कार्यकारी अधिकृत सहसचिव रहनेछन् । पुनःसंरचनापछि ललितपुर, पोखरा, भरतपुर, वीरगन्ज र विराटनगर महानगर थपिएका छन् ।

देशकै राजधानी रहेकाले बढी जनघनत्व रहेको काठमाडौं महानगरपालिकाको कार्यालयमा भने ३ सय ५० जनासम्म कर्मचारी आवश्यक पर्ने मन्त्रालयका सहसचिव तामाङले बताए । 'काठमाडौं महानगरपालिकाले पहिले पनि विभिन्न विषयगत विभागको अभ्यास गरिररहेको छ,,' उनले भने, 'प्रस्तावित ढाँचाअनुसार आवश्यक महसुस गरे काठमाडौंले विभागहरू थपघट गर्न सक्छ ।' महानगरको वडा कार्यालयमा अधिकृतस्तरका कर्मचारीको नेतृत्वमा ८ जनासम्म कर्मचारीको प्रस्ताव छ । उपमहानगरपालिका तथा नगरपालिकहरूको हकमा महानगरजस्तै विषयगत ९ महाशाखा तथा आन्तरिक लेखा परीक्षण शाखाको प्रस्ताव छ । उपमहानगरमा १ सय ६०, काठमाडौं उपत्यकाभित्रका नगरपालिकामा १ सय ४० र अन्य नगरपालिकामा न्यूनतम १ सय १५ जना कर्मचारी आवश्यक पर्नेछ ।

प्रवक्ता तामाङले बढी जनघनत्व भएका स्थानमा महाशाखाभित्र बढी शाखाहरू र कम जनसंख्या भएका स्थानमा कम शाखाहरू राख्न सकिने बताए । त्यहीअनुसार उपत्यकाभित्र र बाहिरको हकमा कर्मचारी संख्या फरकफरक प्रस्ताव गरिएको उनले जानकारी दिए । स्थानीय तहमा प्रस्तावित सामाजिक विकास महाशाखा/शाखालाई बढी कर्मचारी प्रस्ताव गरिएको छ । उक्त महशाखाभित्र शिक्षा, खेलकुद, स्वास्थ्य, सरसफाइ, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, लैंगिक समानता तथा समावेशीकरण, गैरसरकारी संस्था तथा परिचालन नियमनजस्ता विषयगत शाखा/उपशाखा प्रस्तावित छन् ।

मन्त्रालयले सबै महाशाखा र शाखाको भूमिका तोकिएको कार्यविभाजनको नमुना नियमावलीसमेत तयार पारेको छ । स्थानीय तहले आफ्नो सभाबाट त्यसमा थपघट गरी पारित गरेर कार्यान्वयनमा ल्याउन सक्नेछ ।

प्रस्तावित खाकाअनुसार उपमहानगर र नगरपालिकाको वडा कार्यालयमा ६ जना कर्मचारी रहनेछन् । स्थानीय तह पुनःसंरचना आयोगले वडा कार्यालयलाई सेवा प्रवाहको केन्द्रका रूपमा विकास गर्न सरकारलाई सिफारिस गरेको थियो । स्थानीय तह शासनसम्बन्धी विधेयकमा वडा कार्यालयलाई सेवा प्रवाहका दृष्टिकोणले अधिकारसम्पन्न बनाउने प्रस्ताव गरेको छ । वडा कार्यालयलाई ३७ वटा विषयमा सिफारिस वा प्रमाणित गर्ने अधिकार तोकिएको छ । गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षदेखि महानगरपालिका प्रमुख/उपप्रमुखसम्मले आफ्नो निजी सचिवालयमा नायब सुब्बास्तरका कर्मचारी राख्न पाउने मन्त्रालयले तयार पारेको ढाँचामा उल्लेख छ ।

स्थानीय तहमा प्रस्तावित कर्मचारी र त्यसको सांगठनिक संरचनामा शिक्षक, नगर प्रहरी, कम्प्युटर प्राविधिक, सवारी चालक, सरसफाइमा संलग्न हुने कर्मचारी जोडिएका छैनन् ।

संसदीय समितिको निर्देशन

'कामदारको अवस्था बुझ्न राजदूत बोलाऊ'

■ होम कार्की



'डुबेको पैसा फिर्ता नपाउँदा धेरै घरबारविहीन भए, दलाललाई कारबाही गर्न स्पेसल फोर्स बनाउँछौं'

काठमाडौं- संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले खाडी तथा मलेसियास्थित नेपाली राजदूतलाई बोलाएर वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको अवस्था बुझ्न बिहीबार सरकारलाई निर्देशन दिएको छ ।

समितिको बैठकमा सांसदहरूले खाडीमा पछिल्लो समय देखिएको कूटनीतिक संकटले नेपालीको रोजगारीमा असर पर्न सक्नुका साथै ती देशमा गएका कामदारको अवस्था दयनीय भएको बताएपछि बैठकले यस्तो निर्णय गरेको हो । बैठकले राजदूतहरूको उपस्थितिमा वैदेशिक रोजगार सम्मेलन गरी ठोस निष्कर्ष निकाल्ने निर्णय गरेको हो ।

समितिले नेपाली कामदार बढी रहेका देशका नेपाली दूतावासमा नेपाली श्रमिकको नियमन संयन्त्र निर्माण गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन पनि दिएको छ । यस्तै, घरेलु काममा जाने कामदारलाई वैध र कानुनी ढंगले पठाउन स्रोत र गन्तव्य देशबीच श्रम सम्झौता गर्ने प्रक्रिया पुनः अगाडि बढाउनसमेत बैठकले सरकारलाई निर्देशन दिएको छ । समितिले नै श्रम सम्झौता गरेर मात्रै पठाउनुपर्ने अडान राखेपछि घरेलु कामदार निर्देशिकाअनुसार कामदार पठाउने कार्य पनि रोकिएको थियो । 'श्रम सम्झौता गर्ने प्रक्रियालाई छिटो निष्कर्षमा पुऱ्याई कार्यान्वयनमा लैजान श्रम र परराष्ट्र मन्त्रालयलाई पुनः निर्देशन दिइएको छ,' निर्णयमा भनिएको छ ।

बैठकमा उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, गृहमन्त्री जनार्दन शर्मा र श्रममन्त्री फरमुल्लाह मन्सुरले नेपाली कामदारको हित र सुरक्षाका लागि काम भइरहेको भन्दै सरकारको बचाउ गरेका थिए । सांसदहरूले सरकारबाट कामदारमाथि शोषण र ठगी चरम रूपमा हुँदा पनि सरकारी निकाय मौन रहेको भन्दै ती मन्त्रालयको आलोचना गरेका थिए ।

गृहमन्त्री जनार्दन शर्माले ठग म्यानपावर र दलाललाई कारबाही गर्न स्पेसल प्रहरीको फोर्स बनाउनेतर्फ मन्त्रालयले काम अगाडि बढाइरहेको बताए । 'डुबेको पैसा फिर्ता नपाउँदा धेरै घरबारविहीन भए । ठगहरूलाई कारबाही गर्न विशेष ब्युरो गठन गर्ने तयारीमा छौं,' उनले भने । मन्त्रीहरूले आपसी तालमेलको अभाव रहेको बताएपछि समितिले ती निकायका सफ्टवेयर जोडी एकीकृत संयन्त्र बनाएर उद्धार गर्न निर्देशन दिएको छ । समितिले वैदेशिक रोजगारीका क्षेत्र सुधार निम्ति यसअघि भएका निर्णय कार्यान्वयनमा नआएको भन्दै ती मन्त्रालयहरूको ध्यानाकर्षण गराएको छ । समितिले विगतमा भएका निर्णय स्मरण गराउँदै वैदेशिक रोजगार ऐनलाई परिमार्जन गरी समसामयिक बनाउनसमेत निर्देशन दिएको छ । श्रमले ऐनलाई परिमार्जन गर्न भन्दै बनाएको मस्यौदा त्यतिकै थन्किएर बसेको भन्दै सांसदहरूले ध्यानाकर्षण गराएका थिए ।

क्षेत्र निर्धारणमा राजनीतिक प्रभाव नपरोस् : एमाले

काठमाडौं (कास)- प्रमुख प्रतिपक्षी एमालेले निर्वाचन क्षेत्र निर्धारण आयोगलाई राजनीतिक प्रभावमा नपरी काम गर्न ध्यानाकर्षण गराएको छ । एमाले स्थायी समितिको बिहीबारको बैठकमा क्षेत्र निर्धारणबारे छलफल भएको थियो । २४० बाट घटाएर १६५ वटा क्षेत्र निर्धारण गर्दा राजनीतिक प्रभाव पर्न सक्ने आशंका एमालेले गरेको हो । संविधानमा निर्वाचन क्षेत्र १ सय ६५ हुने उल्लेख छ । संविधानको कार्यादेशअनुसार क्षेत्र निर्धारण आयोगले हालको संख्या घटाउनुपर्नेछ ।

सरकारले ढिलो गरी आयोग गठन गरे पनि अब तोकिएकै समयमा काम सक्न आयोगलाई एमालेले सुझाव दिएको छ । 'संविधानअनुसार प्रदेश र प्रतिनिधिसभाको निर्वाचन गर्नका लागि समय धकिँदै छ, त्यसैले तोकिएकै समयमा आयोगले क्षेत्र निर्धारण गरोस् भन्ने हाम्रो भनाइ छ,' बैठकपछि एमाले सचिव प्रदीप ज्ञवालीले भने । सरकारले आयोगलाई २१ दिनको समय तोकेको छ । आयोगले प्रतिनिधिसभाका लागि एक निर्वाचन क्षेत्र बराबर प्रदेशसभाका लागि दुइटा क्षेत्र निर्धारण गर्नुपर्नेछ । प्रदेश र प्रतिनिधिसभा दुवैको क्षेत्र मिलाउनुपर्ने भएकाले २१ दिनको समयभित्र काम पूरा गर्न आयोगलाई चुनौती छ । तर क्षेत्र निर्धारणमै ढिलाइ भए संविधानले तोकेको समय सीमाभित्र निर्वाचन सम्पन्न गर्न गाह्रो हुने भएकाले त्यस परिस्थितिप्रति संवेदनशील हुन एमालेले आयोग पदाधिकारीको ध्यानाकर्षण गराएको हो ।

'सरकारले निकै ढिलो गरेर निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेकाले त्यससम्बन्धी काम निर्धारित समयमा सम्पन्न हुन नसकेर २०७४ माघ ७ भित्रै तीनै तहको निर्वाचन सम्पन्न गर्नुपर्ने संविधानले तोकेको दायित्व पूरा नहुने हो कि भन्ने आशंका पैदा भएको छ,' एमाले बैठकको निर्णयमा छ । एमालेले स्थानीय निर्वाचन सम्पन्न भएका जिल्लाहरूमा जिल्ला समन्वय समितिका लागि उम्मेदवार छनोट गर्ने प्रक्रियालाई पनि तीव्र बताएको छ । केन्द्रबाटै जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखमा पार्टीका तर्फबाट उम्मेदवार बन्ने व्यक्तिको नाम टुंग्याउन थालेको हो । कुन जिल्लामा कसलाई उम्मेदवार बनाउने भन्नेबारे बैठकमा छलफल भएको थियो ।

'दुवै चुनाव एकैपटक गर्ने कि ?'



काठमाडौं (कास)- सरकारले प्रदेश र प्रतिनिधिसभाको निर्वाचन एकै दिन गर्न सकिने/नसकिनेबारे निर्वाचन आयोगसँग परामर्श थालेको छ । आयोगले असोज मसान्तमा प्रदेश र संसिर पहिलो साता प्रतिनिधिसभा निर्वाचन गर्नुपर्ने प्रस्ताव सरकारलाई राखिसकेका बेला प्रधानमन्त्री शेरबहादुर देउवा आफैंले एकैपटक दुवै निर्वाचनको सम्भावनाबारे छलफल चलाएका हुन् ।

निर्वाचनका लागि सरकारका तर्फबाट गर्नुपर्ने काममा भइरहेको ढिलाइप्रति चिन्ता र चासो लिएर भेट्न पुगेका आयोग पदाधिकारीलाई प्रधानमन्त्रीको प्रस्ताव थियो, 'प्रदेश र प्रतिनिधिसभा निर्वाचन एकैपटक गर्दा कस्तो हुन्छ ?' प्रत्युत्तरमा आयोग पदाधिकारीले राजनीतिक सहमति र सहज कानुनी व्यवस्थाले मात्रै त्यो सम्भव हुन सक्ने बताएका थिए । प्रतिनिधिसभाका लागि पनि एउटा मतपत्र र एउटा मतपेटिकाको व्यवस्था गर्न सकिए त्यस विषयमा छलफल गर्न सकिने आयोग पदाधिकारीको भनाइ थियो । 'प्रत्यक्ष र समानुपातिकका लागि एउटै मतपत्र प्रयोग गर्ने, प्रत्यक्षतर्फका उम्मेदवारले पाएको मतलाई नै पार्टीले पाएको मत मानी त्यसअनुसार समानुपातिक सिट निर्धारण गर्ने कानुनी व्यवस्था हुन सक्यो भने मात्रै एकैपटक निर्वाचन सहज हुन सक्छ,' आयुक्त ईश्वरी पौडेलले कान्तिपुरसँग भने, 'त्यसका लागि राजनीतिक सहमति र कानुनमा संशोधन आवश्यक हुन्छ ।'

एकैपटकको निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि एउटा मतपत्र, एउटा मतपेटिका तथा प्रदेशसभाका लागि फरक मतपत्र र मतपेटिका राख्नुपर्ने आयोगको प्रस्ताव छ । 'एकैपटक निर्वाचन गर्ने विषयमा छलफल भएको हो तर कुनै निष्कर्षमा भने पुगिएको छैन,' पौडेलले भने । अहिलेको कानुनअनुसार प्रत्यक्ष र समानुपातिकतर्फ छुट्टाछुट्टै मतपत्र र मतपेटिका राख्नुपर्ने प्रावधान छ । विगतका दुई संविधानसभा निर्वाचनमा एक मतदाताले दुईवटा मतपत्रको अभ्यास गरिसकेका छन् । दुवै निर्वाचन एकैपटक गर्दा अहिलेको कानुनअनुसार एक मतदाताले ४ वटा मतपत्र र ४ मतपेटिका प्रयोग गर्नुपर्ने स्थिति रहन्छ, जुन झन्झटिलो र बढी समय लाग्ने हुन्छ ।

प्रधानमन्त्री देउवाले खर्चका हिसाबले पनि एकैपटकको निर्वाचन उपयुक्त हुने भएकाले त्यस विषयमा विचार गर्न आयोगलाई आग्रह गरेका थिए । भेटमा भोटिङ मेसिनको प्रयोगबारे सामान्य छलफल भए पनि कुनै निष्कर्ष भने निस्केको छैन । आयोग पदाधिकारीले फास्टट्रयाकबाट प्रतिनिधिसभा र प्रदेशसभासम्बन्धी निर्वाचन कानुन संसद्बाट पारित गराई उपलब्ध गराउन आग्रह गरेका थिए । आयोगले सरकारलाई असार मसान्तभित्र कानुन तथा साउन १५ भित्र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन उपलब्ध गराउन सरकारलाई दिएको समयसीमा गुज्रिन लागेको छ । 'क्षेत्र निर्धारण आयोगले भर्खरै काम थालेकाले त्यसको प्रतिवेदन आउन केही समय लाग्ला तर ऐन नआएर पनि काममा बाधा पुगेको छ,' आयुक्त पौडेलले भने, 'ऐन आए त्यसलाई टेकेर आयोगले आवश्यक नियमावली र निर्देशिकाहरू बनाउनुपर्ने हुन्छ । त्यसमा ढिला भइरहेको छ ।'

थिंक ट्यांकलाई पुरानै बजेट

■ चन्द्रशेखर अधिकारी

काठमाडौं- परराष्ट्र मामिलामा सरकारको थिंक ट्यांक परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आईएफए) को स्तरोन्नति र सबलीकरण गर्ने भनिए पनि सरकारले फेरि पुरानै बजेट पठाएको छ । आईएफएलाई दिइने बजेटले कर्मचारीको तलब मात्रै पुग्ने तर अध्ययन, अनुसन्धान र अन्तर्क्रियाका लागि स्रोत अभाव भएको आवाज उठिरहे पनि सरकारले चासो नदिई पुरानै बजेट पठाएको हो । सरकारले आईएफएलाई ३ वर्षदेखि ७२ लाख रुपैयाँको बजेट दिँदै आएको छ ।

अघिल्लो वर्षको बजेटमा सरकारले कर्मचारीको पारिश्रमिक बढाएपछि दुई वर्षदेखि बढेको पारिश्रमिक थपेर बजेट माग गरिए पनि परराष्ट्रले बेवास्ता गरेको हो । आईएफएका कार्यकारी निर्देशक प्राध्यापक पन्नाकाजी अमात्य पटक-पटक आफैं मन्त्रालय गएर सहसचिव/उपसचिवस्तरका कर्मचारीसँग 'साहुजीकामा ऋण मागेझैं' उभिनुपरेको आईएफएका एक कर्मचारी बताउँछन् । त्यस्तो आग्रहलाई परराष्ट्रले कार्यशैलीमाथि प्रश्न गर्दै बेवास्ता गरिरहेको छ । 'यो बजेटबाट काम गर्न सकिने अवस्था नै छैन,' कार्यकारी निर्देशक अमात्यले कान्तिपुरसँग भने, 'बजेट चाहियो भन्दै हामी उनीहरूसँग सधैं हात जोड्न जान पनि सकिँदैन । पटक-पटक योजना बनाएर पठाएका छौं । छलफल पनि गरेका हौं ।' छलफलमा सधैं बजेट बढाउने सहमति भए पनि व्यवहारमा कहिल्यै नभएको उनले बताए ।

परराष्ट्र सेवामा आउने नयाँ अधिकृत/नायब सुब्बालाई प्रशिक्षण दिने, समसामयिक विषयमा अन्तर्क्रिया गराउने र नवनियुक्त राजदूतसँग सामूहिक अन्तर्क्रिया गराउने सामान्य काम भने आईएफएले गर्दै आएको छ । 'त्यति बजेटबाट उनीहरूसहित १३ कर्मचारीलाई तलब खुवाउन, प्रशासनिक काम, साधारण खर्च चलाउन हम्मे पर्छ । अन्य स्रोत छैन,' अमात्यले भने ।

सरकारी थिंक ट्यांक भएकाले वैदेशिक सहयोग नलिने नीतिगत निर्णय र सरकारले कर्मचारी पालिने र दैनिकी चलाउने बजेट मात्र दिएपछि काम कत्ति अघि बढ्न नसकेको आईएफएका अधिकारीहरू बताउँछन् । 'बजेट नै दिन नसक्ने र कर्मचारी मात्र पाल्ने हो भने यसलाई बन्द गर्दा हुन्छ,' एक अधिकारीले भने, 'परराष्ट्रको यो साँघुरो र सबै आफैंले मात्र जानेको छु भन्ने सोचबाट थिंक ट्यांक चल्दैन ।'

कर्मचारीको दुई वर्षअघि बढेको पारिश्रमिकअनुसार मात्र बजेट वृद्धि हुँदा पनि अघिल्ला वर्षको जति काम हुन सक्ने उनीहरूको धारणा छ । तर, परराष्ट्र मन्त्रालयले आईएफएलाई हेर्ने दृष्टिकोण नै संकुचित रहेकाले त्यसअनुरूप बजेट नआएको भन्दै उनीहरू आक्रोशित छन् । 'हामी अध्ययनमा लगानी नै गर्दैनौं । सुधार गर्ने भन्दै पटक-पटक आफ्ना निकटलाई व्यस्त राख्न केही रकम दिन कार्यदल बनाउँछौं । तर आएको प्रतिवेदनमा काम गर्दैनौं,' अर्का अधिकारीले भने । कर्मचारीलाई मासिक पारिश्रमिक र गाडी खर्चमा नै आईएफएको सबै रकम सकिनेछ । अहिले आईएफएमा कार्यालय सहयोगीसहित १३ कर्मचारी, एक सुरक्षा गार्ड र दुई सवारी साधन छन् ।

सरकारले दिने गरेको ७२ लाखमा ५२ लाख रुपैयाँ कर्मचारीको पारिश्रमिकमै जाने गरेको छ । बैठक भत्ता, गाडी खर्च, अन्य मसलन्द, कार्यालय मर्मत, खानेपानी, बत्ती, इन्टरनेटलगायत खर्चसमेत गर्दा सरकारले दिने बजेट सकिन्छ । तर, परराष्ट्र मन्त्रालयका एक अधिकृत

उही बजेटमा थिंक ट्यांक सक्रिय हुन सक्दैन : आईएफए

विदेशस्थित नियोगमा थप गर्दा उसका लागि मात्रै सरकारले वार्षिक एक करोड खर्च गर्ने गरेको छ । सरकारले नियोगहरूमा अधिकृतको पद पनि थपिरहेको हुन्छ तर त्यही क्षेत्र बलियो बनाउन बहस गर्ने थलोमा बजेट उपलब्ध गराउन भने सरकारले बेवास्ता गर्दै आएको छ ।

अर्थले परराष्ट्रलाई दिने वार्षिक बजेटमा परराष्ट्रले गर्ने आन्तरिक वाँडफाँडअन्तर्गत नै आईएफएको बजेट निर्धारण हुने गर्छ । यो विकास समितिअन्तर्गत रहेको भनिए पनि कूटनीतिक मामिलाको विषय भन्दै परराष्ट्रले आफूअन्तर्गत नै राख्दै आएको छ । परराष्ट्र मन्त्रालयबाट आईएफए सुधारका लागि पटकपटक कार्यदल बन्ने गरेको छ । 'मन्त्रालयको यस्तो हेराइले संस्थालाई माथि लैजान सहज छैन,' आईएफएकी उपमहानिर्देशक इन्द्र अधिकारीले भनिन्, 'कार्यक्रम गर्न बजेट चाहिन्छ । रिसर्च पनि बिनाबजेट हुँदैन, यसमा सोच फराकिलो पार्न आवश्यक छ ।' हरेक मन्त्री आएपिच्छे कार्यदल बन्ने तर त्यसले दिने प्रतिवेदन थन्किने गरेको छ । अघिल्लो सरकारले पनि पूर्वसचिव डा. दिनेश भट्टराईको संयोजकत्वमा कार्यदल बनायो । कार्यदलले तोकिएको समयभन्दा निकै अघि प्रतिवेदन मन्त्रालयलाई बुझायो । डा. भट्टराईले प्रतिवेदन प्रस्तुतिका क्रममा सुझावअनुसार काम भए आईएफए साँच्चै थिंक ट्यांक बन्ने समेत बताएका थिए । 'कार्यदलका केहीले भत्तासमेत लिए । अधिकांश बैठक कार्यालय समयमै भएको थियो । तर, सबैभन्दा पहिले परराष्ट्रकैले भत्ता बुझे, त्यो पनि आईएफएको वार्षिक बजेटबाटै,' आईएफए स्रोतले भन्यो, 'कार्यदलका संयोजक र केही सदस्यले भने आईएफएको अवस्था देखेर अझै भत्ता लिएका छैनन् ।'

कार्यदलको प्रतिवेदन सामान्य प्रशासन र कानुन मन्त्रालयमा पुगेर सुझावसहित फर्किइसकेको छ । अर्थमा पनि बजेटका लागि छुट्टै प्रस्ताव गएको भए पनि परराष्ट्रले खासै चासो नदिएको आईएफएका अधिकारीहरू बताउँछन् । उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले पत्रकारसँगको अन्तर्क्रियामा आईएफएबारे अध्ययन गरेर सुधारका पक्षमा जाने बताएका थिए । परराष्ट्रले यसपटक पनि अघिल्ला परराष्ट्रमन्त्री र हालका सचिवलाई सम्मान गर्ने संस्थाहरूलाई बजेट छुट्याएको छ । तर आईएफएलाई पुरानै दर्जामा राखेकामा केही परराष्ट्र अधिकारीसमेत असन्तुष्ट छन् । परराष्ट्र मन्त्रालयको क्षमता अभिवृद्धि, सबलीकरण तथा कूटनीतिक बहस गर्ने थलोका रूपमा गठित आईएफए पछिल्लो समय मन्त्रालयकै चेपुवामा पर्ने गरेको छ भने नियुक्तिमा राजनीतिक प्रभाव रहने गरेको छ । परराष्ट्र मन्त्रालयको असहयोग र आर्थिक अभावका कारण बेहाल बन्दै गएको उक्त निकायले व्यक्तिगत पहलमा केही टहरा भवन विभागमार्फत बनाएर कार्यालय र बहस गर्ने हल बनाएको छ ।

दुई वर्षअघि भूकम्पले पुरानो भवनसमेत भत्किएपछि आईएफए थप बेहालको अवस्थामा पुगेको छ । तर यसलाई उकास्न यसअघिका परराष्ट्रमन्त्रीहरूले चासो देखाएनन् । हुन त, आईएफएको भवन बनाउने विषय ७ वर्षदेखि चर्चामा रहे पनि यसले मूर्तरूप पाउन सकेको छैन । २०५० सालमै परराष्ट्रको अध्ययन अनुसन्धान विङका रूपमा स्थापना भएको प्रतिष्ठानलाई २०५४ देखि स्वायत्त निकाय बनाइएको हो । यसको पछिल्लो गठन आदेश २०६८ ले बोर्ड सदस्यको योग्यतादेखि कार्यकारी प्रमुखको योग्यता र कामको प्रकारसमेत तोकेको छ । यो विकास समितिअन्तर्गत रहनुपर्ने भए पनि त्यसतर्फ कुनै चासो छैन ।



आज नागपञ्चमी र रक्षाबन्धन

ललितपुर (कास)- हिन्दु धर्मावलम्बीहरूले शुक्रबार नागपञ्चमी र रक्षाबन्धन मनाउँदै छन्। प्रत्येक वर्ष श्रावण पूर्णिमा अर्थात् जनै पूर्णिमाको दिन उपाकर्म, ऋषितर्पणी, रक्षाबन्धन आदि कर्म गरिने भए पनि यसपालि उक्त पूर्णिमामा चन्द्रग्रहण परेकाले आज साउन शुक्ल पञ्चमीमै मनाउन लागिएको पञ्चांग निर्णायक समितिले जनाएको छ।

समितिका पञ्चांगकार कीर्तिकिरण जोशीले यसपालि पूर्णिमाको दिनमा चन्द्रमामा खण्डग्रास ग्रहण देखिने हुनाले धर्मशास्त्रका आधारमा पञ्चांग निर्णायक समितिका धर्मशास्त्रीहरूको बैठकले नाग पञ्चमीमै रक्षाबन्धन पनि मनाउने निर्णय गरेको बताए। 'पूर्णिमाको दिनमा ग्रहण वा संक्रान्ति परेमा स्वाध्याय, ऋषितर्पणी र रक्षाबन्धन गर्न नहुने मान्यता छ,' उनले भने, 'अन्य चाडपर्व भने पूर्णिमाकै दिनमा यथावत् रूपमा मनाउन सकिन्छ।'

रक्षाबन्धनका दिन बिहान सबेरै घरमा लिपपोत गरी शुद्ध गरेपछि कुनै प्रकारको रोगव्याधि नलागी सधैं सुख र शान्ति होस् भन्ने कामनासहित ब्राह्मण पुरोहितद्वारा नाडीमा रक्षाबन्धन बाँध्ने गरिन्छ। रक्षाबन्धन बाँध्दा दैत्यराज बलिको दानशील र सत्यनिष्ठा स्मरण गराउने मन्त्र वाचन गर्ने गरिन्छ।

तागाधारीले पुरानो जनै फालेर अभिमन्त्रित गरिएको नयाँ जनै लगाउने गर्छन्। रक्षाबन्धनमा बाँधिएको धागो तिहारमा लक्ष्मीपूजाको दिन फुकालेर गाईको पुच्छरमा बाँधेमा मृत्युपछिको वैतरणी पार हुन्छ भन्ने विश्वास छ। सप्तऋषि कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने भएकाले यस दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ।

तराईमा यस दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइलाई नाडीमा राखी बाँधिदिन्छन्। नेवार समुदायले भने यो पर्व मास, भटमास, मुङ, ठूलो केराउ, सानो केराउ, चना, सिमी, गुराँस र बोडी गरी नौ प्रकारका गेडागुडी मिसाई पकाइएको क्वाँटी खाएर मनाउँछन्।

बढे विवाहेतर सम्बन्ध

'दिनहुँ पतिपत्नीबीचको झगडा १० भन्दा बढी आउँछन्'

■ शिल्पा कर्ण



काठमाडौं- सामाजिक सञ्जाल र सञ्चारका साधनमाथि बढेको पहुँचसँगै विवाहेतर सम्बन्धको अनुपात पनि बढिरहेको छ। प्रहरीअगाडि आउने घरझगडा र घरेलु हिंसाका घटनाको पछाडि कतै न कतै सामाजिक सञ्जाल र विवाहेतर सम्बन्ध रहेको उनीहरूको भनाइ छ।

कालीमाटीस्थित महिला सेलमा एक महिलाले पतिसँग बस्न नसकिने भएकाले छोराछोरीलाई स्याहारसुसार गर्न आवश्यक रकम पतिबाट तिराइपाउन केही दिनअघि उजुरी दिएकी थिइन्। कारण बुझ्दै जाँदा फेसबुक र फोनबाट श्रीमान्को पहिलेकी प्रेमिकासँग फेरि झाँगिएको सम्बन्धले दुवैबीचको दूरी बढाएको रहेछ। दिनहुँ झगडा र विवाद हुने मुख्य कारण त्यही रहेछ। प्रेमिका विवाहित भए पनि भेट्ने, घुम्न जाने र परिवारलाई समय नदिएको श्रीमतीको आरोप थियो।

धादिङ घर भएका एक पुरुष विदेश गए। नेपालकै एक महिलासँग फेसबुकमा चिनजान भयो, अन्तरंग कुराकानी, भिडियो च्याटसमेत हुन थाल्यो। एक वर्ष यसैगरी बितेपछि उनी नेपाल फर्किए। ती युवतीसँग विवाह गर्ने वाचा गरेका ती पुरुष छाँगाबाट खसेझैं भए जब ती युवतीले केही अघि मात्र आफ्नो श्रीमान्सँग सम्बन्धविच्छेद गरेको थाहा पाए। काठमाडौं आएपछि उनको अन्य पुरुषसँग सम्बन्धका कारण श्रीमान्सँग सम्बन्ध विच्छेद भएको थाहा पाएपछि उनले विवाह गर्न मानेनन्। उनले विवाह गर्न नमान्दा उक्त महिला उजुरीसहित क्षतिपूर्तिको माग गर्दै प्रहरीमा पुगिन्।

प्रहरीको महिला सेलमा आजकल विवाहेतर सम्बन्धका कारणले घरायसी झगडा बढेको उजुरी बढी आउने गरेको प्रहरी बताउँछन्। अधिकांश महिलामाथि श्रीमान् वैदेशिक रोजगारीमा गएपछि अर्को सम्बन्ध बनाएको उजुरी पर्ने गरेको छ। केही घटनामा भने सामाजिक सञ्जालमार्फत भएको मित्रतालाई शंका गरेर प्रहरीअगाडि पुग्ने दम्पती पनि छन्। अधिकांश घरायसी झगडामा प्रहरीले मिलापत्र गराउन खोज्ने र नमाने मुद्दाको प्रक्रिया अगाडि बढाउने गर्छ।

कालीमाटी महिला सेल इन्चार्ज प्रहरी निरीक्षक सुरक्षा केसीले भनिन्, 'दिनहुँ पतिपत्नीबीचको झगडा १० भन्दा बढी आउँछन्, जसमा हिजोआज प्रमुख कारण विवाहपछिको सम्बन्ध नै हुने गरेको छ।' यस्ता घटनामध्ये धेरैलाई घरायसी झगडासम्म मात्र सीमित हुन्छ भने केही घरेलु हिंसासम्म निम्त्याउँछ।

घरेलु हिंसाका कतिपय घटनाको पछाडि पनि विवाहपछिका सम्बन्ध हुने गरेको महिला सेलका प्रहरीको भनाइ छ। यस्ता सम्बन्ध बनाउनेमा महिला र पुरुष दुवैको संख्या उत्तिकै रहे पनि पुरुषहरू सम्पत्ति लिएर महिला गएपछि मात्र प्रहरीअगाडि आउने गर्छन्। कतिपय घटनामा छोराछोरी भएका आमाबुवाले समेत अन्यत्र सम्बन्ध स्थापित गरेकाले विवाद प्रहरीसम्म आइपुग्छ। प्रायः ३०/४० उमेरसमूहका दम्पतीबीच विवादका घटना बढी आउने केसीको अनुभव छ।

प्रायः विवाहेतर सम्बन्धका उजुरीमा पुरुष आरोपित भए पनि महिलामाथि परपुरुषसँग सम्बन्ध रहेको उजुरी पनि महिला सेलमा पर्ने गरेको छ। मागी विवाह वा प्रेम विवाह दुवैमा यस्ता घटना देखिएको प्रहरीहरू बताउँछन्।

गत आर्थिक वर्षमा महिला सेल कालीमाटीमा आएका ८ सय ६१ उजुरीमध्ये ५ सय ८४ फछ्र्योट अर्थात् मिलापत्र भइसकेका छन्।

तथ्यांकअनुसार महिला सेलमा बहुविवाहसम्बन्धी मुद्दा दर्ता हुने क्रम वर्षैपिच्छे बढिरहेको छ। काठमाडौं जिल्लामा २०७०/७१ र ७१/७२ मा बहुविवाहको मुद्दा संख्या ४४ र ५३ छ। कालीमाटी महिला सेलले ७२/७३ मा ५२ वटा बहुविवाहका मुद्दा दायर गरेको छ। वर्ष २०६९/७० र ७०/७१ मा उपत्यकामा बहुविवाहका क्रमशः ४६ र ६३ मुद्दा दर्ता गरिएको तथ्यांक छ। ७१/७२ मा यो संख्या बढेर ७५ भएको छ। यसपछि भने केही घटेर ६४ पुगेको छ।

'आश्वासन पाइयो, पाइएन राहत'

कान्तिपुर संवाददाता

भक्तपुर- विनाशकारी भूकम्पमा २२ घण्टापछि जीवित उद्धार गरिएका भक्तपुर नगरपालिका कमलविनायकका सोनिस अवाललाई धेरैले चिन्यो। सामाजिक सञ्जाललगायत अन्य मिडियामा उनको परिवारले भूकम्पपीडित भए पनि सरकारबाट प्रदान गरिएको पीडित परिचयपत्र र राहत रकम नपाएको विषयको चर्चा पनि चुलियो। सोनिसको बारेमा धेरै सञ्चार माध्यमले अन्तर्वार्ता लिए। वृत्तचित्र बनाए। 'संसारले भूकम्पपीडित भनेर चिन्यो, सरकारले चिनेन,' सोनिसकी आमा रश्मिलाले भनिन्।

२०७३ वैशाखमा तत्कालीन प्रधानमन्त्री केपी ओलीसँग रश्मिलाको भेटवार्ता भयो। ओलीले एक साताभित्र सोनिसको परिवारलाई जग्गा र बसोबासको व्यवस्था गरिदिन जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई निर्देशन दिए। तर, सोनिसको परिवारले न त कुनै राहत पाए न त कसैले बसोबासको व्यवस्था नै गरिदिए। 'प्रधानमन्त्रीले नै आश्वासन दिएकाले केही राहत पाइन्छ कि भन्ने आशा र विश्वास पलाएको थियो,' रश्मिलाले भनिन्, 'प्रधानमन्त्रीले निर्देशन दिएको केही दिनपछि जिल्ला प्रशासनबाट एकपटक अनुगमन गर्न आएका थिए, त्यसपछि कोही फर्केर आएन।' प्रधानमन्त्रीले आश्वासन दिएर त्यो पूरा नगरेकाले आत्मा मारेको जस्तो महसुस भएको उनी बताउँछिन्।

उनको चार जनाको परिवार भक्तपुर नगरपालिका महाकालीस्थानस्थित डेरामा छन्। 'आफ्नो जग्गा भएको भए जस्ताको टहरो भए पनि बनाएर बस्थ्यौं,' उनले भनिन्, 'अब त सुकुम्बासी भइसक्यौं, भाडा तिर्न पनि मुस्किल भइसक्यो।' सोनिसको पढाइका लागि सेनाले निःशुल्क पढाइको व्यवस्था गरिदिने भएको छ। तर, पढाइभन्दा पनि अहिले बासको चिन्ता छ। भूकम्पअघि बसोबास

'२७ महिना बितिसक्दासम्म भूकम्पपीडितको परिचयपत्र पाएका छैनौं'

गर्दै आएको बहुस्वामित्वको लालपुर्जाविहीन जग्गा पनि सडकको मापदण्डमा परेकाले घर बनाउन समस्या परेको उनले बताइन्। 'लालपुर्जा नभएपछि सडकको मापदण्डमा परेको जग्गाको मुआब्जा पनि नआउने रहेछ,' उनले गुनासो गरिन्।

भक्तपुर नगरपालिका भेलुखेलस्थित द्यौलाबस्तीका लालपुर्जाविहीन ८२ घरमध्ये ०७२ वैशाख भूकम्पको धक्काले ५२ घर पूर्णरूपमा क्षतिग्रस्त भयो। घरजग्गाको लालपुर्जा नभएकै कारण सरकारले भूकम्पपीडितलाई उपलब्ध गराएको कुनै पनि राहत पाउन नसकेको उनीहरूको गुनासो छ। 'भूकम्पले हाम्रो बस्ती नै तहसनहस बनायो तर भूकम्प गएको करिब २७ महिना बितिसक्दासम्म भूकम्पपीडितको परिचयपत्र पाएका छैनौं,' स्थानीय देवी द्यौलाले भनिन्, 'भूकम्प पीडितको परिचयपत्र बनाइदिन नगरपालिकामा सयौंपल्ट धायौं, केही पहल भएन।' 'घरजग्गाको लालपुर्जा नहुँदा पीडित परिचयपत्रसम्म पाएनौं, अनुदान कसरी पाउनु ?' उनले प्रतिप्रश्न गरिन्।

द्यौला बस्तीका बासिन्दाले लालपुर्जा नहुँदा घर बनाउँदा नक्सा पाससमेत नहुने हुँदा घर बनाउने योजना अलपत्र परेको द्यौला बस्तीका भूकम्पपीडितको गुनासो छ। जग्गाको लालपुर्जाका लागि करिब २० वर्षदेखि मालपोत, नगरपालिकादेखि मन्त्रालयसम्म धाउँदासमेत आश्वासन मात्र पाएको तर लालपुर्जा नदिएको स्थानीय चरण द्यौलाले बताए। '२०२१ मा नापी आउँदा जग्गा अधिग्रहण गर्न आएको हल्ला चलाएपछि यहाँका अशिक्षित बासिन्दाले बस्दै आएको घरजग्गा पनि आफ्नो हो भन्न सकेनन्,' उनले भने, 'हाम्रो घर, हाम्रो बस्ती भन्ने सबैलाई थाहा छ, पुनः नापी गरेर लालपुर्जा दिलाइदिन पटकपटक सबै निकायमा पुगिसक्यौं, हालसम्म केही पहल भएन।' उनले लालपुर्जा नहुँदा सरकारी सेवाबाट वञ्चित हुनुपरेको दुखेसो पोखे। द्यौला बस्तीका कतिपय भूकम्पपीडितले नक्सापासै नगरी आफूखुसी रूपमा क्षतिग्रस्त घरको पुनर्निर्माण थालेका छन्।

TRINITY
ALUMNI ASSOCIATION NEPAL

Notice is hereby given that Alumni General Meet (AGM) is going to be held.
All the participating members are requested to mandatorily register online well in advance at *alumni.trinitycollege.edu.np*

Date : Saturday, 21 Shrawan 2074 (August 5, 2017)
Time : 10:30 AM
Venue : Amritbhog Party Palace Dillibazar Height

Like our page at www.facebook.com/trinityalumni.np
Visit alumni.trinitycollege.edu.np for important information

TRINITY ALUMNI ASSOCIATION NEPAL
Event Management Committee
Trinity Alumni Association Nepal

उपचारमा सहयोग

कान्तिपुर संवाददाता

काठमाडौं- 'केअर गिभर' को रूपमा इजरायलमा कार्यरत नेपालीले १० वर्षीया बालिकाको ब्रेन ट्युमरको उपचारका लागि १ लाख ८० हजार रुपैयाँ जुटाएर उपलब्ध गराएका छन्। उनीहरूकै संलग्नतामा खुलेको 'सहयोगी मनहरूको समाज'-काठमाडौं मार्फत उक्त रकम बालिकाको परिवारलाई उपलब्ध गराउँदै उपचारमा सहयोगी बनेका हुन्।

जाजरकोटको त्रिवेणी नालगड नगरपालिका ५ बस्ने लक्ष्मणकुमार सिंह र पुनमकी १० वर्षीया छोरीको ब्रेन ट्युमरको उपचारका लागि खर्च अभाव भएको समाचार आएपछि सोही संस्थाका संस्थापक इन्दिरा कार्कीको सक्रियतामा रकम उठाएको उनले विज्ञप्ति जारी गर्दै जनाएकी छन्। उपचाररत बालिकाका बुवा सिंहको बैंकखातामा रकम जम्मा गरेको भौचर बुधबार हस्तान्तरण गरेका हुन्। संस्थाका अध्यक्ष कृष्ण ज्ञवालीले यो संस्थाले साँच्चै पीडित रहेका र आर्थिक स्रोत नभएकाहरूलाई उपचारमा सहयोग पुऱ्याउँदै आएको बताए।

अन्नपूर्ण न्युरोका डा. वसन्त पन्तले उनको सफल उपचार गरेपछि बालिकाका परिवारलाई सहयोग गरेको रकमको भौचर हस्तान्तरण गरिएको ज्ञवालीले बताए। इजरायलमा परिश्रम गरी कमाएको रकमबाट आफ्नी छोरीको ज्यान जोगाउन सहयोग पुऱ्याएको भन्दै बिरामी बालिकाका पिता सिंहले उनीहरूप्रति आभार व्यक्त गरे। उपचार हुने क्रममा नै रकम उपलब्ध गराएको भए पनि उपचार सफल भएपछि मात्र परिवारलाई भौचर हस्तान्तरण गरिएको हो। ज्ञवाली इजरायलमा लामो समय काम गरेर केही समयअघि स्वदेश फिरेका हुन्। उनले अर्का क्यान्सर पीडितका लागि सहयोगस्वरूप एक लाख ४० हजार रुपैयाँ जम्मा भइसकेको बताए। क्यान्सरपीडित दुर्गामाया ठकुरीले खर्च अभावमा उपचार गर्न नसकेको जानकारी प्राप्त भएपछि उनलाई तत्काल औषधोपचार गर्न १० हजार रुपैयाँ सहयोग गरिएको र बाँकी रकम शुक्रबार उपलब्ध गराइने ज्ञवालीले बताए।

उपचारका लागि बिदेसिने स्थिति अन्त्य हुनुपर्छ : प्रधानमन्त्री

कान्तिपुर संवाददाता

काठमाडौं (कास)- प्रधानमन्त्री शेरबहादुर देउवाले बिरामी भएर उपचारका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताएका छन्। देउवाले वीर अस्पतालको १ सय २८ औं वार्षिकोत्सवमा बोल्दै मुलुकमै उच्च स्वास्थ्य सेवा दिने प्रयास गर्नुपर्ने बताए। उनले यस्तो प्रयास वीर अस्पतालबाट गर्नुपर्ने समेत उल्लेख गरे। चालु आर्थिक वर्षमा वीरको भौतिक विकासमा थपिने पूर्वाधारहरूले सेवा प्रवाहलाई अझ व्यापक बनाउने समेत उनले जनाए।

सरकारी स्वास्थ्य प्रणालीलाई बलियो पार्नुपर्ने आवश्यकता औंल्याउँदै स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले रोग लाग्दा अर्को देश जानु नपर्ने अवस्था बनाउन सरकारले सक्दो प्रयास गरिरहेको बताए। मुलुकको स्वास्थ्य नीतिको प्रतिबिम्ब हेर्ने ठाउँ वीर अस्पताल रहेको औंल्याउँदै पोखरेलले स्वास्थ्य सेवामा सुधारका लागि जनशक्ति, औषधि, उपकरण, पूर्वाधार र स्थानीय समुदायको अपनत्व चाहिने समेत जनाए। कार्यक्रममा पूर्वस्वास्थ्यमन्त्री गगन थापाले वीर, शिक्षण लगायतका सरकारी अस्पतालमा सेवा उपलब्ध नभएर बाध्यतावश महँगा निजी अस्पतालमा सेवा किन्नुपरिरहेको बताए। अस्पतालका निर्देशक डा. भूपेन्द्र बस्नेतले अस्पतालमा विशेषज्ञ चिकित्सक लगायतका अन्य प्राविधिक जनशक्तिमा उल्लेख्य वृद्धि गर्नुपर्ने बताए। उनले बाल, प्रसूति, मानसिक र आँखा सम्बन्धी सेवा थप गरेर सञ्चालन हुन सरकारबाट पहल हुनुपर्ने बताए। वि.सं. १९४७ सालमा १५ शय्याबाट सुरु भएको वीर अस्पतालमा अहिले ४ सय ६० शय्या छन्। गत आर्थिक वर्षमा बहिरंग विभागबाट यो अस्पतालमा करिब तीन लाख ८५ हजारले स्वास्थ्य सुविधा लिएको अस्पतालको तथ्यांक छ।

सन् १९३३ मा मुलुककै पहिलो चिकित्सा शिक्षा दिने सिभिल मेडिकल स्कुलको प्रारम्भसमेत यहींबाट भएको थियो। यस अन्तर्गत कम्पाउन्डर, ड्रेसर र पछि नर्सिङ शिक्षा सुरु भएको थियो। सन् १९८७ मा बेलायतको एफआरसीएस, एमआरसीपी र एमआरसीओजीको दक्षिण एसियाको केन्द्रसमेत वीरमै रहेको थियो। सन् १९९४ मा पीजीएमईसीसीबाट एमडी/एमएसको तालिम समेत वीरबाटै सुरु भएको हो। हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत यहाँ एमडी/एमएस/एमडीएस/डीएम/एमसीएच को तालिम समेत हुने गरेको छ।



वीर अस्पतालको १२८ औं वार्षिकोत्सवमा बिहीबार स्मारिका विमोचन गर्दै प्रधानमन्त्री देउवा। साथमा स्वास्थ्यमन्त्री पोखरेल। *तस्बिर : इलिट जोशी/कान्तिपुर*


BIG Movies
Prem Geet 2 : 8:00 am, 2:30 pm, 5:00 pm, 8:30 pm, Rudra : 11:30 am
Mubarakan : 8:30 am, 2:00 pm, 5:30 pm, 8:00 pm
Valerian and the City of a Thousand Planets : 11:00 am
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays at Rs. 185*


QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
qfxcinemas.com


BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
FRIDAY SHOWTIME
PREM GEET 2 — 8:15 AM | 1:30 PM | 4:00 PM, 6:30 PM | 8:45 PM [Atmos 1], 11:30 PM [Atmos 2]
MUBARAKAN — 9:00 AM | 2:30 PM, 7:45 PM [Atmos 2]
3D VALERIAN AND THE CITY OF THOUSAND PLANETS — 5:00 PM [Atmos 2]
RUDRA — 11:00 AM [Atmos 1]
XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY Rs. 190 ALL DAY LONG
BSR owns the rights to change the show time


गाँपी कुरुन
Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
HD TRAILERS
MUNNA MICHEL
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • कारखाना
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • तारे भीर

तपाईंको आज

मेष	दुविधा बढ्ने	तुला	आर्थिक हानि
वृष	अध्ययनमा सफल	वृश्चिक	कार्यसफल
मिथुन	मनोरञ्जन	धनु	मिष्ठान्न भोजन
कर्कट	पराक्रम बढ्ने	मकर	भाग्यवृद्धि
सिंह	आकस्मिक लाभ	कुम्भ	अस्वस्थता
कन्या	उत्साह बढ्ने	मीन	नयाँ कार्य आरम्भ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल साउन १४ गते शनिबार तदनुरुप २९ जुलाई २०१७ श्रावण शुक्लपक्ष षष्ठी तिथि प्रातः ९:३७ बजेसम्म उप्रान्त सप्तमी तिथि हस्ता नक्षत्र प्रातः ९:५ बजेसम्म उप्रान्त चित्रा नक्षत्र सिद्ध योग साँझको ५:५९ बजेसम्म उप्रान्त साध्य योग गर करण रात्रिको ० ९:५२ बजेसम्म उप्रान्त वणिज करण कन्या राशिमा चन्द्रमा रात्रिको ९:४० बजेसम्म उप्रान्त तुला राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR TELEVISION NETWORK (P) LTD.

५:००	भक्तिसुर/अमृत वाणी	५:०५	कल कान्तिपुर
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन	६:००	कान्तिपुर न्यूज
६:४०	स्काइ सप	६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार	७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज	७:३०	इन्फो प्लस
८:३०	राइज एण्ड साइन	८:००	कान्तिपुर समाचार
९:००	हेडलाइन न्यूज	९:००	डिठ्ठासाब
९:०५	मार्गदर्शन	९:३०	परिवर्तन
१०:००	कान्तिपुर समाचार	१०:३०	कान्तिपुर न्यूज
१०:३०	एमएनएस	११:००	कान्तिपुर समाचार
११:००	हेडलाइन न्यूज	११:३०	इन्फो प्लस
११:०५	समाकन २	१२:००	कल कान्तिपुर
१२:००	कान्तिपुर समाचार	१:००	कान्तिपुर न्यूज
१२:३०	हर्के हल्दार	१:३०	डिठ्ठा साब
१:००	हेडलाइन न्यूज	२:००	कान्तिपुर समाचार
१:०५	डिठ्ठासाब	२:३०	म्युजिक समिट
१:३०	किलो टेंगो माइक	३:००	कान्तिपुर समाचार
२:००	मुभी	३:३०	परिवर्तन
५:००	हेडलाइन न्यूज	४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

Radio Kantipur

हरेक दिन २४ सै घन्टा हरपलको साथी

००:०१	ननस्टप नेपाली आधुनिक सङ्स	१३:००	किक स्टार्ट (सञ्जय)
०१:०२	ननस्टप नेपाली पप सङ्स	१५:००	के छ नेपाल (रेमन)
०२:०८	ननस्टप हिन्दी सङ्स	१५:१५	कान्तिपुर डायरी
०४:०५	ननस्टप भजन	१६:००	सौराइ (कृष्ण)
६:२५	भक्ति अनुष्ठान	१७:००	सिने क्विज (चाँदनी)
०६:५५	कान्तिपुर डायरी	१८:००	फेनाटिक फ्राइडे (स्मिता/महेश)
०७:३०	द हेड लाइनर्स	१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
८:००	मानसिक स्वास्थ्यमा कोसिस	१९:००	कान्तिपुर डायरी
९:००	द गुडमर्निङ शो (जय प्रधान)	२०:००	प्लेट्रोनिक्स (सञ्जय)
९:१०	कान्तिपुर डायरी	२१:००	वेल नो टेन्सन (दीपक/अम्बिका)
०९:१५	ट्राफिक अपडेट (नेपाल प्रहरी)	२१:३०	कान्तिपुर डायरी
१०:००	सुफलिन (आशीष केसी)	२२:००	इन्द्रेणी
११:००	न्यु रिलिज (रेमन)	२३:००	क्लब मिक्स (गिरिश)
१२:००	फेमिना (चाँदनी)	२४:००	इलिवेन्थ हावर (सञ्जय)
१२:१०	कान्तिपुर डायरी		

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
तिलगंगा आँखा अस्पताल	४४९३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४९११७२५
भक्तपुर अस्पताल	६६१०६७६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर नेशनल अस्पताल	४४६७०६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६/६६३४०१६
क्याथिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
भक्तपुर रेडक्रस	६६१२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह (प्रा.) लि., सामाखुशी	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३१५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२९०६४/४२६८१९३
हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल	४४७३५१८/४४७०६१५
शहीद मेमोरियल अस्पताल	४६७२९३४/०१६२०८६७२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०२४, ४२७०९२३
ओम समाज अस्पताल, कलंकी	४३१३५९२
स्टार अस्पताल,सानेपा	५५५०१९७, ५५५०१९८, ५५५२२२७
अल्का अस्पताल, जावलाखेल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७७००, ५६३९१८४
हिमाल अस्पताल/एम्बुलेन्स	४४१५०७६, ४४१९६७२
स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र	०११-६६०८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२९२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१११३४, ४४१५४६१
बी.पी. स्मृति अस्पताल, बसुन्धारा	४३८७०२४, ४३८७०९६
सुमेरु अस्पताल, धापासेल	५२७५३७७/५२७५०८८/९९
वेलकेयर हस्पिटल, रातोपुल	४४२६१३५, ४४२६१८४
एभरेष्ट हस्पिटल, नयाँबानेश्वर	४७८१२९४, ४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४, ४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल, धापासी	५१५९२६५, ५१५९२६६
ग्रिन सिटी हस्पिटल, धापासी	४३५२२४८, ४३५७४५२
शुभेक्षा इन्तरनेशनल हस्पिटल	४२८९५३४, ४२८९५३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९१०, ४३८५९११
निःशुल्क होमियो दातब्य	४२५५५४०/४२५५५४१

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गोदाममा सड्दै अनुदानको चामल



मुगुको गमगढीस्थित नेपाल खाद्य संस्थानको गोदाममा बिक्री नभई थन्किएको चामल । तस्विर : राजबहादुर/कान्तिपुर

■ राजबहादुर शाही

मुगु- पिना मुन्दु गाउँकी धनदेवी बोहराले खाद्य संस्थानको गोदामबाट ३० किलो चामल ल्याइन् । कार्कीबाडा ढुम गाउँकी हरिनी विकले पनि ३० किलो चामल बोकिन्, त्यो पनि रोजीछाडी । विगत वर्षमा जस्तो घण्टौं लाइन बस्दा पनि चामल नपाइने अवस्था अहिले छैन । स्थानीयले चाहेकै बेलामा पर्याप्त चामल पाउँछन् । संस्थानको गोदाम भरिभराउ छ ।

'पहिले ५ किलो चामल लिन दिनभर लाइनमा बस्नुपर्थ्यो,' बोहराले भनिन्, 'अहिले रोजीछानी पाउने गरेका छौं ।' कुनै बेला एकै दिन ५ सय जनासम्मको भीड थेगेका कर्मचारी हिजोआज मुस्किलले १० जनासम्म आउने गरेको बताउँछन् । कर्मचारीका अनुसार स्थानीयको भीडका कारण संस्थानमा सुरक्षाकर्मी नै परिचालन गर्नुपर्थ्यो । राति अबेसम्म डिपो खुला राख्नुपर्थ्यो ।

जिल्लामा सडक पहुँच फैलिएपछि भने अनुदानको चामल गोदाममै सड्न थालेको छ । संस्थानको शाखा कार्यालयमा अघिल्लो आर्थिक वर्षकै करिब ५ हजार क्विन्टल चामल जगेडा छ । गत आवको ५ हजार २ सय क्विन्टल मौज्दात छ ।

'व्यापारीको चामलले गर्दा खाद्यको चामल बिक्री हुन छाडिसक्यो,' संस्थानका कर्मचारी रणबहादुर रावलले भने, 'हिजोआज गोदाम भरिभराउ छ । बिक्री हुने छाडयो ।' सरकारी अनुदानको चामल ३२ देखि ४९ रुपैयाँमा बिक्री भइरहेको छ । गमगढी बजारमा प्रतिकिलो ५० देखि ५५ रुपैयाँमा मसिना चामल पाइने भएकाले स्थानीयले त्यही रोज्ने गरेका छन् । संस्थानले तीनपटक चामलको मूल्य घटाउँदा पनि बिक्री हुन सकेको छैन । सस्तो र गुणस्तरीय भन्दै स्थानीयले बजारकै चामल किन्ने गरेका छन् । बजारमा चामल नपाउनेहरू मात्र खाद्यमा जाने गरेका छन् ।

पुरानो गोदाममा मौज्दात अरुवा, सोना मन्सुली र मकवानपुर चामल सडेर उपभोग गर्न नमिल्ने भइसकेको छ । चामल बिक्री नहुँदा खरिद तथा ढुवानी मूल्य असुल गर्ने कठिनाइ छ । मुगुमा ५ वर्षअघि खाद्यान्न कोटा २२ हजार क्विन्टल थियो भने अहिले घटेर १२ हजार पुगेको छ । उक्त चामल तराईबाट जिल्ला पुऱ्याउन ढुवानी खर्च मात्रै डेढ करोड नाघ्ने गरेको खाद्य संस्थानका प्रमुख भरतराज खनियाँले बताए । उनका अनुसार अहिले छिमेकी जिल्ला हुम्लाका बासिन्दाले मात्र खाद्यको चामल उपभोग गर्छन् ।

जिल्लामा श्रीकोट, सोरू र पुल गरी तीन डिपो छन् । छिमेकी जिल्ला हुम्लाको सर्केगार्ड डिपोमा पनि गमगढीबाट चामल ढुवानी हुने गरेको छ । उक्त डिपोमा अघिल्लो वर्ष मुगुबाट करिब १३ सय ३७ क्विन्टल चामल पठाइएको संस्थानले जनाएको छ । संस्थानका अनुसार गत आवमा सोरू डिपोमा ७ सय ५० क्विन्टल र पुलु डिपोमा २ हजार ८० क्विन्टल चामल ढुवानी भई बिक्री भएको छ ।

भरिँदै गोदाम

हुम्ला (कास)- गत आवमा खाद्य संस्थानले जिल्लामा पर्याप्त खाद्यान्न ढुवानी गरेन । स्थानीयको माग त परै जाओस्, सरकारले निर्धारण गरेको कोटा बराबरको खाद्यान्नसमेत उपलब्ध गराएन । आव ०७३/७४ का लागि निर्धारित कोटामध्ये ३२ प्रतिशत खाद्यान्न अपुग रहयो । खाद्य व्यवस्था समितिले जिल्लामा ३० हजार क्विन्टल कोटा माग गर्दै आएको थियो ।

संस्थानको जिल्लास्थित कार्यालयका अनुसार सरकारले गत आवमा सिमकोटस्थित शाखा कार्यालयका लागि १३ हजार ५ सय, सर्केघाट र श्रीनगर डिपोका लागि क्रमशः ४५ सय र ९५ सय क्विन्टल कोटा निर्धारण गरेको थियो । तीमध्ये सिमकोटमा ८ हजार ९ सय, सर्केघाटमा २ हजार ६ सय, श्रीनगरमा ७ हजार २ सय क्विन्टल ढुवानी भएको छ । जिल्लाको निर्धारित कोटा २७ हजार ५ सयमध्ये ८ हजार ८ सय क्विन्टल ढुवानी नै भएन । शाखा कार्यालय सिमकोटबाट सिमकोट, खार्पुनाथ, नाम्खा गाउँपालिका, सर्केघाट डिपोबाट सर्केघाट र चंखेली, श्रीनगर डिपोबाट ताजाकोट र अदानचुली गाउँपालिकाका बासिन्दालाई खाद्यान्न उपलब्ध गराउने व्यवस्था छ । सरकारी निर्धारित कोटाको खाद्यान्न नै संस्थानले ढुवानी नगर्दा चंखेली र सर्केघाट गाउँपालिकाका बासिन्दा मुगुको गमगढीबाट महँगो ढुवानी भाडा तिरेर झिकाउन बाध्य छन् । ताजाकोट र अदानचुली गाउँपालिकाका बासिन्दा पनि बाजुराको कोल्टीबाट ढुवानी गरिरहेका छन् ।

संस्थानले ढुवानी नगरेकै कारण खाली भएको सिमकोटस्थित संस्थानको गोदाममा साउन २ बाट भने मौज्दात बढ्न थालेको छ । संस्थानले नेपालगन्ज र सुर्खेतबाट हुने ढुवानी भाडा बढाएका कारण निजी हवाई कम्पनीले ढुवानी गर्न थालेसँगै गोदाममा मौज्दात बढेको हो । संस्थानले नेपालगन्जबाट प्रतिकिलो ११५ र सुर्खेतबाट प्रतिकिलो १०५ रुपैयाँ भाडा निर्धारण गरेको छ । 'साउनबाट निजी हवाई कम्पनीले ढुवानी गर्न थालेपछि खाली गोदामले मौज्दात पाएको छ,' शाखा प्रमुख नारायणसिंह केसीले भने, 'सबै हवाई कम्पनीले ढुवानी गर्न थालेपछि खाली गोदाममा अहिले ३ सय क्विन्टल चामल मौज्दात भएको छ ।' मौसम अनुकूल भए नियमित ढुवानी हुने उनले बताए ।

निर्धारित कोटाको खाद्यान्न समयमै ढुवानी नभएपछि असार पहिलो साता सिमकोट गाउँपालिकाका अध्यक्ष पदमबहादुर लामाको नेतृत्वमा नाम्खा गाउँपालिकाका अध्यक्ष विष्णु लामा, खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्ण रावललगायतको टोली काठमाडौंको केन्द्रीय कार्यालय पुगेर धर्ना दिएको थियो । संस्थान नेतृत्वले असारभित्रै ढुवानी गराउने प्रतिबद्धता जनाएपछि टोली जिल्ला फर्किएको हो । संस्थानले त्यति बेला असारमै ढुवानी गर्ने भने पनि साउनबाट मात्र नियमित हुन थालेको छ । चालु आवका लागि कोटा निर्धारण भइसकेको छैन ।

छोटकरी

सुत्केरीको मृत्यु

सल्यान (कास)- वनगाड कुपिन्डे नगरपालिका-६ माथिल्लो डुडाखोलाकी तीनमहिने सुत्केरी २१ वर्षीया पार्वती विकको बुधबार मृत्यु भएको छ । एक महिनादेखि रक्तश्राव लगायत समस्याले पीडित उनलाई अस्पतालको साटो धामीकहाँ लगिएको थियो । पति शरद विक वैदेशिक रोजगारीका क्रममा कतारमा छन् । आमाको मृत्युपछि ३ महिने छोरीको बिचल्ली छ । धामीझाँक्रीको भरपर्दा समयमै उपचार नपाएर विकको ज्यान गएको स्थानीय दीपेन्द्र भण्डारीले बताए ।

स्वाइनफ्लुबाट एकको मृत्यु

स्याङ्जा (कास)- वालिङ नगरपालिका-१४ का ४९ वर्षीय खुमप्रकाश अर्यालको मृत्यु स्वाइन फ्लुबाट भएको पुष्टि भएको छ । टाउको दुखेपछि गत असार २६ मा वालिङ प्राथमिक स्वास्थ्य केन्द्र आएका त्यहाँ उपचार हुन नसकपछि राजधानीको त्रिवि शिक्षण अस्पताल पुगेका थिए । त्यहाँ गत सोमबार उनको मृत्यु भएको हो । 'सरुवा रोग नियन्त्रण महाशाखाबाट आएको पत्रमा अर्यालको मृत्युको कारण स्वाइनफ्लु भन्ने खुलेको छ,' वालिङका मेयर तथा प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समिति संयोजक दिलीपप्रताप खाँणले भने, 'वालिङ र आसपास क्षेत्रमा स्वाइन फ्लुको प्रकोप हुन सक्ने भएकाले सचेत रहन स्थानीयलाई आग्रह गरिसकेका छौं ।' स्वाइनफ्लुको नमुना परीक्षणका लागि काठमाडौंबाट शुक्रबार एक टोली वालिङ आउन लागेको र आवश्यक औषधि बिहीबारै आइसकेको खाँणले बताए । 'वालिङ तथा आसपास क्षेत्रबाट ७/८ विरामीलाई पोखरा र काठमाडौंमा रिफर गरिसकिएको छ,' उनले भने, 'जो कोहीलाई पनि लामो समयसम्म रुघाखोकी लाग्ने, श्वासप्रश्वासमा कठिनाइ, घाँटीसम्बन्धी समस्या भएमा प्राथमिक स्वास्थ्य केन्द्रमा आउन नगरपालिकाका तर्फबाट आग्रह गरिएको छ ।'

बलात्कार आरोपमा पक्राउ

धनकुटा (कास)- महालक्ष्मी नगरपालिका र खाल्सा छिन्ताङ सहिदभूमि गाउँपालिकामा बालिका र वृद्धा बलात्कृत भएका छन् । महालक्ष्मी नगरपालिका-५ मा ११ वर्षीयालाई बलात्कार गरेको आरोपमा उमेश रम्तेललाई प्रहरीले नियन्त्रणमा लिएको छ । फरार रहेका रम्तेललाई मोरङको रंगेलीबाट बुधबार पक्राउ गरिएको हो । यसैगरी खाल्सा छिन्ताङ-२ का झलकमान राई स्थानीय ६६ वर्षीया वृद्धालाई बलात्कार गरी फरार रहेको प्रहरीले जनाएको छ ।

कुटपिटबाट मृत्यु

नुवाकोट (कास)- आपसी विवादपछि कुटपिट हुँदा दुप्चेश्वर-५ बालकुमारीका ४४ वर्षीय श्याम तामाङको मृत्यु भएको छ । प्रहरीका अनुसार बुधबार गाउँलेबीच झगडामा तामाङमाथि कुटपिट भएको हो । कुटपिटमा संलग्न आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

सडक अवरुद्ध

सल्यान (कास)- बनगाड कुपिण्डे नगरपालिकाको सल्लीबजारदेखि चौरजहारीसम्मको सडक हिलाम्मे भएपछि दुई सातादेखि अवरुद्ध छ । बनगाड कुपिण्डे नगरपालिका, कुमाखमालिका गाउँपालिका र रुकुम चौरजहारीका स्थानीय प्रभावित भएका छन् । गाडी नचलेपछि उनीहरू लामो समय हिँडेर आउजाउ गर्न बाध्य छन् । बिरामीलाई उपचारका लागि लैजान समस्या भएको स्थानीयको भनाइ छ । तरकारी र कृषिजन्य सामग्रीले बजार पाउन छाडेको गर्चेका विनोद खडकाले बताए । सडक हिलाम्मे र खाल्डाखुल्डीयुक्त भएपछि गाडी फस्ने र निकाल्न धेरै समय लाग्ने भएकाले गाडी चलाउन छाडेको व्यवसायीको भनाइ छ ।

करणी प्रयासमा पक्राउ

खोटाङ (कास)- जबरजस्ती करणी गर्न खोज्ने एक व्यक्ति पक्राउ परेका छन् । हलेसी तुवाचुङ नगरपालिका-६ मंगलटारका ३८ वर्षीय शिवराज राईलाई पक्राउ गरिएको हो । राईमाथि साउन ७ गते राति स्थानीय एक सुत्केरी महिलालाई बलात्कार गर्न खोजेको आरोप छ । राईलाई जबरजस्ती करणी उद्योगमा मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाका सइ मनोज यादवले बताए । पछिल्लो समय जिल्लामा करणीका घटना बढेका छन् । प्रहरीका अनुसार गत आवमा ११ जबरजस्ती करणी र सातवटा जबरजस्ती करणी उद्योगका मुद्दा दर्ता भएका छन् ।

दम्पती मृत फेला

काभ्रे (कास)- धुलिखेल-८ बडालगाउँमा एक दम्पती मृत भेटिएका छन् । ३२ वर्षीय भैरव भनिने सोमप्रसाद बडाल र उनकी कान्छी श्रीमती १८ वर्षीया मनीषा दाहाल पासो लगाएर रूखमा झुन्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका डीएसपी नवीनराज राईले बताए । काभ्रे बहुमुखी क्याम्पसमा अध्ययनरत मनीषालाई सोमप्रसादले १ वर्षअघि विवाह गरेका थिए । स्थानीयका अनुसार बुधबार बेलुका जेठी श्रीमती टीकामायालाई खाना बनाउँदै गर्नु भनेर निस्किएका उनीहरू घरबाट २ सय मिटर तल वनमा झुन्डिएको अवस्थामा भेटिएका थिए । टीकामाया बुधबार श्रीमान्ले हेरचाह नगरेको भन्दै उजुरी दिन जिल्ला प्रहरी कार्यालय आएकी थिइन् । घटनाबारे अनुसन्धान भइरहेको डीएसपी राईले जानकारी दिए ।

'लार्चामा बेलिब्रिज यसै साता'

सिन्धुपाल्चोक (कास)- नवनियुक्त सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले लार्चामा यही साता बेलिब्रिज बनाउने घोषणा गरेका छन् । तातोपानी नाका जोड्ने लार्चा पुल पहिरोले भत्काएपछि निरीक्षणमा आएका बस्नेतले चीनसँग समन्वय गरेर बेलिब्रिज निर्माण गरिने बताए । लार्चामा भेला भएका स्थानीयलाई सम्बोधन गर्दै उनले भने, 'चिन्ता नगर्नुस्, साताभै बेलिब्रिज निर्माण सुरु हुन्छ ।' बेलिब्रिज निर्माणपछि सबै दलको पहलमा तातोपानी नाका खुलाउने पनि उनको भनाइ छ । पुल भत्केपछि सीमाको ५ किमि क्षेत्र नाकाबन्दीमा परेको छ । यो मन्त्री बस्नेतको निर्वाचन क्षेत्र हो । सरकारी निकाय र निजी क्षेत्रको प्रयासमा भोटेकोसी पार गर्न नयाँ ट्रयाक खोलेर फड्के हाल्ने प्रयास भइरहेको छ । २०३८ सालमा चीन सरकारले बनाएको ९० मिटर लामो लार्चा पुल आइतबार पहिरो खसेर ध्वस्त भत्किएको थियो ।

बेचबिखनमा पक्राउ

नुवाकोट (कास)- १२ वर्षीया बालिकालाई बेचेको आरोपमा दुप्चेश्वर गाउँपालिका-१ घ्याङफेदीका ४४ वर्षीय मानबहादुर तामाङ पक्राउ परेका छन् । हेटौंडामा अस्थायी बसोबास गर्दै आएका तामाङमाथि २०६५ मा बालिका बेचेको अभियोग लागेको थियो । पढाउने र राम्रो लुगा लगाउन दिने प्रलोभनमा तामाङले बालिकालाई भारतको कोलकातास्थित हल्दिया कोठीमा बेचको पीडितको भनाइ छ। जिल्ला प्रहरी प्रमुख (एसपी) देवबहादुर बोहराका अनुसार बेचिएको महिनामै भारतीय सुरक्षाकर्मीले बालिकाको उद्धार गरेका थिए । स्थानीय सामाजिक संस्थामा २ वर्ष राखेर बालिकालाई नेपाल पठाइएको थियो ।

रोपाइँ हुन सकेन

धादिङ (कास)- साउन आधा हुनै लाग्दासमेत पर्याप्त पानी नपर्दा किसानका खेत बाँझै छन् । धादिङ र गोरखाका कतिपय टारी-पाखा खेतमा रोपाइँ हुन सकेको छैन । गजुरी गाउँपालिका-७ किरान्चोकमा आकाशे पानीको भरमा रोपिने टारी खेत बाँझै छ । 'पानीकै अभावमा किसानले हालसम्म खेत जोत्न पाएका छैनन्,' किरान्चोकका किसान पहलबहादुर सिललाले भने, 'बेल्खुखोला-जामुनटार सिँचाइ आयोजना विग्रिएर १४ वर्षदेखि सञ्चालनमा आउन सकेको छैन ।' यो नहर सञ्चालन हुँदा सुरुका ३ वर्ष राम्रै सिँचाइ भएको थियो । पानी अभावमा गोरखा पाप्लेका किसानले मकै र कोदो रोप्न थालेका छन् भने केही जमिन बाँझिएको छ ।

गाँजा बरामद

धनकुटा (कास)- खाल्सा छिन्ताङ सहिदभूमि गाउँपालिका-२ बाट प्रहरीले ४५ केजी गाँजासहित एक महिलालाई पक्राउ गरेको छ । स्थानीय झलकमान राईको घर नजिकको गोठमा बिक्री गर्न तयारी अवस्थामा राखिएको ४५ केजी गाँजा बुधबार राति बरामद गरिएको हो । गाँजासहित राईकी पत्नी कुसुमलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक प्रवीणलाल श्रेष्ठले जानकारी दिए ।

सूचनामैत्री छैनन् कार्यालय

दोलखा (कास)- जिल्लाका अधिकांश कार्यालय सूचनामैत्री नभएको सञ्चारकर्मी जनाएका छन् । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका सम्बन्धमा गरिएको अध्ययनपछि पत्रकारहरूले त्यस्तो ठहर गरेका हुन् । टेलिफोन संवाद, स्थलगत अध्ययन र सूचनाको हकसम्बन्धी ऐनको अधिकार प्रयोग गरी आवेदनमार्फत सूचना माग गर्दा निराशाजनक नतिजा आएको छ । जिल्लाका सबैजसो पत्रकारले गरेको समीक्षाले यस्तो निष्कर्ष निकालेको हो । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्ने जिम्मेवारी पाएका प्रजिअ यज्ञराज बोहरासहितको छलफलमा जिल्लामा लिखित सूचना माग्ने चलन न्यून रहेको निष्कर्ष निकालिएको छ । कतिपयलाई सूचनाको हकसम्बन्धी ऐनबारे जानकारी नै नभएको पाइएको छ । नेपाल पत्रकार महासंघ दोलखा शाखा र राष्ट्रिय सूचना आयोगको सहयोगमा कार्यक्रम गरिएको थियो ।

मिति नाघेपछि बल्ल सुरसार

■ हरि गौतम

रुकुम- सम्झौताअनुसार काम अघि बढेको भए आठबिसकोट नगरपालिका-८ बुदबुदेखोला लघु जलविद्युत् आयोजनाको थप सेवाक्षेत्रका सर्वसाधारणले आर्थिक वर्ष २०७२/०७३ भित्रै बिजुली बालिसक्ने थिए । तर, अहिले पनि विद्युत् विस्तार पूरा भइसकेको छैन । विद्युत् विस्तार समिति निरन्तर निर्माणमा जुटिरहेको छ ।

गत वर्ष नै निर्माण सम्पन्न हुनुपर्ने चौरजहारी नगरपालिका-१३ को जनआस्था आधारभूत विद्यालय भवन पनि अहिले निर्माणको चरणमा छ । सम्झौताअनुसार उक्त भवन वर्ष दिनअघि नै निर्माण भइसक्नुपर्थ्यो । यी दुवै आयोजनाको काम सम्झौता मिति सकिएको एक वर्षपछि बल्ल थालिएको छ । आव २०७२/०७३ मा सम्झौता भए पनि एक वर्षपछि काम थालिएको योजना यत्तिमै सीमित छैन । गत वर्ष असार मसान्तसम्म निर्माण भइसक्ने गरी सम्झौता भएका मुसिकोट नगरपालिका-७ का दुई योजना पनि २०७३/०७४ को अन्तिममा आएर निर्माण सम्पन्न भए । सूर्योदय आधारभूत विद्यालयको भवन निर्माण र सिप्चाखोला सिँचाइ आयोजना पनि आव २०७२/०७३ मै निर्माण भइसक्नुपर्नेमध्येका योजना हुन् ।

स्थानीय सामुदायिक संस्थाले गरिबी निवारण कोषसँग यी ४ योजना निर्माणका लागि आव २०७२/०७३ मा ५५ लाख १२ हजार ६० रुपैयाँको सम्झौता गरेका थिए । बुदबुदेखोला लघु जलविद्युत् विस्तारका लागि ९ लाख ५७ हजार ४ सय ६४ र जनआस्था आधारभूत विद्यालय भवन निर्माणका लागि १९ लाख ९७ हजार ५ सय ९६ रुपैयाँ निर्माण उपभोक्ता समितिलाई दिने सम्झौता गरिबी निवारण कोषले गरेको थियो । यसैगरी सूर्योदय आधारभूत विद्यालयको भवन निर्माणका लागि १९ लाख १ हजार र

विकास निर्माणमा सुस्तता

सिप्चाखोला सिँचाइ आयोजना निर्माणमा ६ लाख ५६ हजार नगद दिने सम्झौता थियो ।

सम्झौतालगत्तै काम गर्ने योजनामा रहेका उनीहरू भनेकै समयमा कोषले रुपैयाँ नदिएपछि एक वर्ष ढिलो भएका हुन् । आव २०७२/०७३ मै काम सम्पन्न गर्ने गरी योजनाको सम्झौता गरिए पनि सम्झौताअनुसारको रकम भने आर्थिक वर्ष २०७३/०७४ को अन्त्यमा मात्रै आएको सिप्चाखोला सिँचाइ आयोजना निर्माण समितिका अध्यक्ष अनन्त गिरीले बताए । उनले वर्ष दिनअघि गरिएको सम्झौताअनुसार वर्ष दिनपछि आयोजनाको काम सम्पन्न भएको जानकारी दिए । सम्झौताअनुसारको रकम समयमै नपाउँदा काम गर्न समस्या भएको सूर्योदय आधारभूत विद्यालय भवन निर्माण समितिका सचिव कलबहादुर कुँवरले बताए । एक वर्षअघिको सम्झौताअनुसार काम गर्दा निर्माण उपभोक्ता समिति आर्थिक भारमा परेको उनको गुनासो छ । 'एक वर्षअघिको दर रेटमा सामान खरिद, ढुवानी र ज्याला दिनुपर्दा व्ययभार बढेको छ,' उनले भने, 'सम्झौताअनुसार काम सकिए पनि दोस्रो किस्ताबापतको रकम अझै निकासा भएको छैन ।'

गरिबी निवारण कोषका जिल्ला कार्य प्रबन्धक गंगाबहादुर शाहीले कोषविरुद्ध सर्वोच्चमा मुद्दा परेपछि सम्झौता भएका कुनै पनि काम समयमै हुन नसकेको बताए । साझेदार संस्था घटाउने विषयमा अनियमितता भएको भन्दै उतिबेलाका केही साझेदार संस्थाले मुद्दा हालेपछि कामकाज अवरुद्ध बनेको उनको भनाइ छ । 'मुद्दाको अन्तिम किनारा नलागेसम्म केही काम भएन,' प्रबन्धक शाहीले भने, 'त्यसको असर सम्झौता भइसकेका सामुदायिक संस्था तथा निर्माण उपभोक्ता समितिमा पऱ्यो ।' उनका अनुसार चारवटै आयोजना निर्माणका लागि पहिलो किस्ताको मात्रै रकम निकासा भएको छ ।

दुर्घटनामा ५ को मृत्यु

काठमाडौं (कास)- देशका छुट्टाछुट्टै स्थानमा बिहीबार भएका दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । तीन जना बेपत्ता छन् ।

कास्की र लमजुङको सिमाना रुदी दोभानको पुलबाट ना५ख ६३९५ नम्बरको बस खस्दा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ । एक जनालाई खोलाले बगाएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ ।

दुर्घटनामा लमजुङको क्व्होलासोंथर गाउँपालिका-७ तल्लो चरागाउँ केम्लीका खिमप्रसाद गुरुङ र बाराको फेटा गाउँपालिका-६ का विनोद मण्डलको मृत्यु भएको डीएसपी समीरचन्द्र खरेलले बताए । खोलाले बगाएका व्यक्तिको पहिचान खुल्न सकेको छैन । दिउँसो १ बजे भएको दुर्घटनामा ३२ जना घाइते भएका छन् । गम्भीर १० मध्ये एक जनाको अवस्था चिन्ताजनक रहेको प्रहरीले जनायो । घाइतेमध्ये २४ जनाको पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, मनिपाल शिक्षण अस्पताल र बाँकीको मध्यनेपालको रामबजारस्थित स्वास्थ्यचौकीमा उपचार गरिएको छ । चालक र सहयोगी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

यसै गरी मोरङ, सुनसरी र तेह्रथुममा सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । विराटनगर महानगरपालिकाको महेन्द्रचोकमा गुड्रिरहेको को१ख ४५४२ नम्बर बसबाट खसेर एक युवकको बुधबार राति मृत्यु भएको छ । प्रहरीका अनुसार उनको सनाखत हुन सकेको छैन । सुनसरीको कोसी गाउँपालिका ७ हरिपुरमा मे१ज २३३ नम्बर पिकअप भ्यान र मे८प ९७७ नम्बर मोटरसाइकल ठोक्किँदा झापाको बिर्तामोडका राजु लिम्बूको मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल पछाडि बसेका मनोज साह घाइते भएका छन् । यस्तै तेह्रथुमको जिरिखिम्तीबाट धरान जाँदै गरेको को१०प ५६२० नम्बर मोटरसाइकल कोसी राजमार्गको लसुने-वसन्तपुर खण्डको च्याक्चेमा दुर्घटना हुँदा मोटरसाइकलको पछाडि बसेका राममाइला लिम्बूको मृत्यु भएको छ ।

धादिङमा बिहीबारै गजुरी गाउँपालिका-२ मा ट्रिपर त्रिशूलीमा खस्दा चालक र सहचालक बेपत्ता छन् । बा४ख ५९४६ नम्बर ट्रिपर सडकछेउका ४ वटा प्यारापिट ढाल्दै २५ मिटर तल त्रिशूलीमा खसेको थियो । ट्रिपर खसेको पुलबाट तर्दै गरेका प्रत्यक्षदर्शीले गजुरी प्रहरीलाई खबर गरेका थिए । बेपत्ता हुनेमा सिद्धलेक कुम्पुरका २३ वर्षीय चालक सागर दमाई र सहचालक २१ वर्षीय भोजराज थपलिया छन् ।

उद्योगको धूवाँ अस्पतालभित्रै

■ जनक नेपाल

नेपालगन्ज- सुर्खेत रोडस्थित औद्योगिक क्षेत्रबाट मुस्किलले सय मिटर उत्तरमा छ, शिक्षण अस्पताल । उद्योग चलेका बेला झ्याल खोल्न नमिल्ने गरी धूवाँ अस्पतालको वार्डसम्मै पुग्छ । 'अस्पतालका वार्ड र चिकित्सक क्वार्टर मात्र होइन, वरपरका घरमा पनि समस्या छ,' फिजिसियन डा. मधु अर्यालले भने, 'बिरामीले स्वच्छ सास फेर्नसमेत पाउँदैनन् ।'

अस्पताल हाराहारीकै उचाइको उद्योगका चिम्नीबाट कालो धूवाँ आउँछ । ध्वनि प्रदूषण पनि उत्तिकै छ । सहरको मध्यभागमा रहेको औद्योगिक क्षेत्रले सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको डा. अर्याल बताउँछन् ।

२०३० सालमा स्थापित नेपालगन्ज औद्योगिक क्षेत्रभित्र अहिले २९ वटा उद्योग सञ्चालनमा छन् । झन्डै नौ सय मजदुर कार्यरत छन् । चारवटा निर्माणाधीन छन् भने तीन उद्योग बन्द छन् । तीमध्ये प्लाइउड र मेटल उद्योगबाट धेरै प्रदूषण भएको गुनासो आएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख कृष्णबहादुर पुनले बताए । मोडर्न डोर्स एन्ड उड प्रोडक्ट्स प्रालि, विजय मेटल ग्रुप र रिजवान इन्जिनियरिङलगायत उद्योगलाई वातावरणमैत्री हुन एक वर्षमा चार पटकसम्म पत्राचार गरेको उल्लेख गर्दै उनले भने, 'उद्योगबाट धूवाँ, धूलो र ध्वनि निस्कनु स्वाभाविक हो । हामी सकेसम्म कम गर्ने कोसिसमा छौं ।'



नेपालगन्जको सुर्खेतरोडस्थित औद्योगिक क्षेत्र र सय मिटर दूरीमा रहेको शिक्षण अस्पताल । तस्विर : जनक/कान्तिपुर

औद्योगिक क्षेत्रका उद्योगबाट हुने प्रदूषण नियन्त्रण गर्न हरेक वर्ष उद्योग मन्त्रालयले अनुगमन गरी सुझाव दिँदै आएको छ । विज्ञको सुझावअनुसार उद्योगले नयाँ प्रविधि पनि भित्र्याएको पुन बताउँछन् । उद्योग सञ्चालकहरू पनि वातावरणमैत्री नयाँ प्रविधि भित्र्याइरहेको दावी गर्छन् । 'वातावरण मन्त्रालयको सुझावअनुसार काम गरेका छौं,' मोडर्न डोर्स एन्ड उड प्रोडक्स प्रालिका सञ्चालक चम्पालाल बोथ्रेले भने, 'सबै मापदण्ड पूरा गरेर काम गरेका छौं । त्यो जाँच गरेरै श्रम कार्यालयले उद्योग नवीकरण गर्छ ।' आफ्नो उद्योगबाट धूलो र धूवाँ कम गर्न उपलब्ध सबै प्रयत्न गरिएको उनले दाबी गरे ।

चार दशकअघि औद्योगिक क्षेत्र स्थापना गरिँदा यसलाई बस्तीभन्दा टाढा पारिएको थियो । सुर्खेत रोडमा अहिलेजस्तो बस्ती थिएन । अहिले भने बढो सहरीकरणले औद्योगिक क्षेत्र वरपर बाक्लो बस्ती बसिसकेको छ । औद्योगिक क्षेत्रसँगै सटाएर नेपालगन्ज मेडिकल कलेजले शिक्षण अस्पताल नै खोल्यो । 'औद्योगिक क्षेत्रछेउमै अस्पताल खोल्नु पनि गलत निर्णय हो,' पुनले भने ।

औद्योगिक क्षेत्रलाई सहरदेखि बाहिर लैजानुपर्ने बहस सुरु भएको छ । बाँके नौबस्तामा ३ सय ३८ बिघा क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्न विस्तृत अध्ययन (डीपीआर) तयार हुँदै छ । बाँकैके कचनापुरमा विशेष औद्योगिक क्षेत्र (सेज) स्थापनाका लागि अध्ययन भइरहेको छ । बढी प्रदूषण फैलाउने उद्योगलाई त्यतै सार्नुपर्ने सुझाव नगरवासीले दिन थालेका छन् ।

पुनः मतगणना माग्दै मुद्दा

ओखलढुंगा (कास)- मतगणनामा अनियमितता भएको भन्दै तीन जिल्लाका मुख्य निर्वाचन अधिकृतविरुद्ध उच्च अदालतमा सातवटा मुद्दा दर्ता भएका छन् । दर्ता भएका मुद्दामध्ये उदयपुरबाट एक, ओखलढुंगाबाट चार र सोलुखुम्बुबाट दुईवटा छन् ।

सबै मुद्दा मतपरिणाम प्राप्त भएको मितिले १५ दिनभित्रको म्याद पारेर दर्ता भएको अदालतका निमित्त रजिस्ट्रार ध्रुव कार्कीले बताए । ओखलढुंगाको चिशंखुगढी गापा प्रमुखका उम्मेदवार भीमबहादुर थापा, मानेभन्ज्याङ-२ का वडाध्यक्ष उम्मेदवार राममणि राई, मोलुङ गाउँपालिका-४ का वडाध्यक्ष उम्मेदवार प्रेमप्रसाद खतिवडा र सुनकोसी गापा-७ का वडाध्यक्ष उम्मेदवार रत्नकुमार श्रेष्ठले मुद्दा हालेका हुन् । उदयपुर, त्रियुगा नगरपालिकामा कांग्रेसबाट मेयर उम्मेदवार वसन्तकुमार बस्नेत र ११ नं. वडाध्यक्ष उम्मेदवार सुमन्त कोइरालाले पुनः गणनाको माग राखेका छन् ।

सोलुखुम्बुको लिखुपिके-२ र ४ का वडाध्यक्ष उम्मेदवारहरू सूर्यबहादुर बस्नेत र सुरज बस्नेतले पनि निर्वाचन कार्यालयलाई विपक्षी बनाई मुद्दा दर्ता गराएका छन् ।

सम्पादकीय

घाटा कम गर्न उत्पादन बढाऊ

मुलुकभित्र उत्पादन र उत्पादकत्व नबढेको तर विशेष गरी रेमिट्यान्सले उपभोग बढेका कारण गत वर्ष व्यापार घाटा ९ खर्ब ९ अर्ब रुपैयाँ पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को तुलनामा यो २९ प्रतिशतको वृद्धि हो । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार ३३ वटा मुलुकसँग एक अर्ब रुपैयाँभन्दा बढी व्यापार घाटा छ । अर्थात् यी मुलुकमा नेपालका सामग्री निर्यातको तुलनामा आयात अत्यधिक छ । तथ्यांकअनुसार दैनिक उपभोग गर्नुपर्ने अनिवार्यदेखि विलासिताका वस्तुमा परनिर्भरता कहालीलाग्दो अवस्थामा पुगेको छ । यसले हाम्रो अर्थतन्त्र संकटतर्फ उन्मुख भएको संकेत पनि गरेको छ । सरकारले व्यापार घाटा कम गर्न समय-समयमा केही नीतिगत प्रयास पनि गरेको छ तर परिणाम सकारात्मक आउन सकेन । यसले व्यावहारिक अवस्था र नीतिगत तह दुवैमा मुलुक चुक्दै आएको छ ।

गत आर्थिक वर्ष सबैभन्दा बढी व्यापार घाटा भारतसँग भएको छ । तथ्यांकअनुसार भारतबाट ६ खर्ब ४१ अर्ब १७ करोड रुपैयाँको सामान आयात भयो । निर्यात भने ४१ अर्ब ६० करोड रुपैयाँमा सीमित भयो जसले गर्दा भारतसँगको घाटा मात्रै ५ खर्ब ९९ अर्ब ५७ करोड पुगेको छ । अघिका वर्षहरूमा समेत त्यही अनुपातमा भारतर्फबाट सामान आयात र निर्यात हुने गरेको थियो । खर्बभन्दा बढी रकमले व्यापार घाटा भएको अर्को मुलुक चीन हो । व्यापार घाटामा पहिलो र दोस्रो मुलुकमा भारत र चीन छन् । यसको मतलब हामीले भारत र चीनबाट अत्यधिक सामान आयात र निकै कम निर्यात गर्न सकेका छौं । आयातमा भइरहेको वृद्धिको तुलनामा निर्यात भने घट्दो क्रममा छ अर्थात २७ प्रतिशतले आयात वृद्धि भएकामा निर्यात भने ६ प्रतिशतले मात्रै वृद्धि भएको छ ।

कतिपय मुलुकबाट आयात मात्रै भइरहेको छ । गत वर्ष १ सय ६७ देशबाट कुनै न कुनै सामान आयात भएका छन् । निर्यात भने सबै मुलुकमा हुन सकेको छैन । हरेक वर्ष दोहोरिने यस्तै प्रवृत्तिको तथ्यांकलाई देखाउँदै सरकारले सुधारका प्रयास सार्वजनिक गर्ने गरेको छ । वार्षिक विकास कार्यक्रम बजेट, नीति तथा कार्यक्रम तथा अन्य सरोकारवाला मन्त्रालयहरूले घाटा कम गर्ने उपाय भन्दै वर्षैपिच्छे नयाँ नयाँ नारा सार्वजनिक गर्छन् । तर ती कार्यक्रमको सम्भाव्यता, प्रभावकारिता र अनुगमन भने सधैं फितलो हुने गरेको छ । यतिसम्म कि, नेपालमा उत्पादन हुने सामाग्री निर्यात गरी व्यापार घाटा कम गर्न भन्दै सरकारले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र नै स्थापना गरेको छ । मुलुकको निर्यात सम्भावना भएका उत्कृष्ट वस्तुहरूको सूची तयार पारी निर्यात र प्रवर्द्धनात्मक कार्यक्रमसमेत भइरहेका छन् । एकीकृत व्यापार रणनीति (एनटीआईएस) भनिने तुलनात्मक लाभका वस्तुहरूको सूची ३ पटक सार्वजनिक गरिएको छ । पछिल्लो समय १२ वस्तु तथा सेवालाई तुलनात्मक लाभको सूचीमा राखिएको छ । तर नतिजा आउन सकेको छैन । तर बेलाबेला सार्वजनिक भएको तथ्यांकअनुसार तुलनात्मक लाभका वस्तुको निर्यातको अवस्थासमेत निराशाजनक छ । यसका अलावा अन्य उत्पादन बढाउने काम हुन सकेको छैन । लाभका वस्तुहरू निर्यात गर्ने होस् या उत्पादन बढाउने विषयमा सरकारले नीति त बनाउने काम गऱ्यो, उत्पादन नै बढाउन भने सकेको छैन ।

दोष सरकारको मात्रै हैन । निजी क्षेत्रको पनि छ । व्यापारीहरूको मानसिकता रातारात कसरी मुनाफा आर्जन गर्ने भन्नेमै केन्द्रित देखिन्छ । बढी रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउने उद्योगहरूमा लगानी गर्न तुलनात्मक रूपमा बढी जोखिम मानिन्छ । तर, व्यापार अर्थात एउटा मुलुकबाट कुनै सामग्री ल्याउन र निश्चित प्रतिशत नाफा राखेर बिक्री गर्न जोखिम कम हुन्छ । लगानी गर्न सक्ने उद्योगी व्यापारीले समेत यही व्यापारको बाटो बढी रोजेको पाइन्छ । त्यसैले नेपालको ठूलो सम्भावना भएको क्षेत्र कृषिमा व्यवसायीकरण हुन सकेको छैन । यस्तै सम्भावना भएका अन्य क्षेत्रमा पनि उत्पादन बढाउन नसक्दा व्यापार घाटा चुलिँदै गएको हो । तसर्थ व्यापार घाटा कम गर्ने एउटा निर्विकल्प विषय हो स्वदेशी उत्पादन बढाउनु ।

अब आयात प्रतिस्थापन र निर्यात बढाउने काम व्यवहारमै लागू गर्न सक्नुपर्छ । गत वर्षदेखि व्यापार घाटालाई रेमिट्यान्सले थेग्न नसक्ने अवस्था बनेको छ । रेमिट्यान्सभन्दा व्यापार घाटा झन्डै २ खर्ब बढी हुने देखिएको छ जसले मुलुकको अन्य मुलुकसँगको खातामा नकारात्मक असर पर्दै जानेछ । यो अवस्था लम्बिँदै जाँदा भुक्तानी सन्तुलन ऋणात्मक हुँदै जानेछ । यसले विदिशी विनिमयदर र मूल्यवृद्धिको चाप पर्ने मात्र नभई मुलुक नै टाट पल्टिने अवस्थामा पुग्नेछ । त्यसैले उत्पादन बढाउन सरकार र निजी क्षेत्रको विशेष प्रयास आवश्यक छ ।

चीन-भारत चर्किंदो विवाद



श्रीकृष्ण अनिरुद्ध गौतम

चीन र भारत दुवैले पञ्चशीलका शीलहरू क्रमशः बिर्सँदै जाने सम्भावना प्रबल हुन जानेछ ।

पछिल्ला दिनहरूमा चीन र भारतबीच देखापरेको द्वन्द्वलाई लिएर विश्वभर प्रशस्तै लेखिएको, पढिएको छ । यो द्वन्द्व विश्वकै चासोको विषय बन्नजानु अस्वाभाविक होइन, किनभने यी दुई विश्वका उदीयमान शक्ति हुन् । चीन संयुक्त राज्य अमेरिकालाई पछि पार्दै विश्वको पहिलो आर्थिक शक्ति बन्ने होडमा छ भने भारत आज एसियाको तेस्रो आर्थिक शक्तिका रूपमा चिनिन थालेको छ । विश्व अर्थतन्त्रमा समेत यसले उल्लेख्य स्थान ओगट्न पुगेको छ । अर्थतन्त्र निश्चय नै महत्त्वपूर्ण पक्ष हो । आर्थिक सम्पन्नताको होडबाजी अन्यथा मानिँदैन पनि । तर यहाँ अहिले उठेको विषय दुई देशबीच बढ्दो सामरिक तनाव हो र यस तनावले यी दुई शक्तिबीच कतै युद्ध नै त निम्तिने होइन भन्ने भय हो ।

युद्ध हुन्छ अथवा हुँदैन, यो ठ्याक्कै ठम्याउन सकिँदैन । किनभने युद्धबाट उत्पन्न हुने भयावह स्थितिसँग दुवै अपरिचित छैनन् । विक्रमको २०१९ साल अर्थात् सन् १९६२ मा युद्ध गरेपश्चात चीन र भारतले एकअर्का विरुद्ध हतियार प्रयोग गरेका छैनन् । करिब एक महिनापूर्व भारत, भुटान र चीनको त्रिदेशीय सीमान्त क्षेत्रमा चीनद्वारा सडक निर्माण गरिएको विषयलाई लिएर भएको विवादमा समेत अस्त्रशस्त्रको प्रयोग गरिएको छैन । जबकि यही विवाद नै वर्तमान तनावको प्रत्यक्ष कारण हो । सन् १९६२ को युद्धपश्चात् जतिसुकै विवाद भए तापनि सीमामा यिनीहरूले ठेलमठेल गरेका, शारीरिक बलमात्र प्रदर्शन गरेका तर हतियार उठाएका छैनन् । तनाव उत्कर्षमै पुगे पनि दुवै पक्षले संयम धारण गर्ने गरेका छन् । यी हरफ लेखिँदै गर्दासम्मको अवस्था हेर्दा हालको विवादसमेत यसर्थ यथास्थितिमै रहन्छ, जो जहाँ छन्, त्यहीं रहन्छन्, त्यसभन्दा अघि बढ्ने छैनन् भन्ने आधार नभएको होइन ।

तर जतिसुकै संयम धारण गरे पनि दुवैका विशालकाय महत्त्वाकांक्षा छन् । आन्तरिक सुरक्षा सुनिश्चित गर्ने र प्रभाव विस्तारका योजनाहरू छन् । निश्चय नै चीनको तुलनामा भारतको आन्तरिक सुरक्षा चुनौती बढी देखिन्छन् । तिनमा पूर्वोत्तरका प्रदेशहरू, उत्तरको काश्मीर र मध्यभारतमा सक्रिय माओवादी सशस्त्र गतिविधि प्रमुख छन् । तर भारत अप्ठ्यारोमा छ, चीनलाई सजिलै सजिलो छ भन्ने पनि होइन । आन्तरिक असन्तोषका हिसाबले चीन पनि सजिलो अवस्थामा भने छैन । भारत, नेपाल, भुटान र बर्मासँग सीमा जोडिएको स्वशासित क्षेत्र तिब्बत निश्चय नै बाहिर देखिए जस्तो शान्त छैन । तिब्बतमाथि पश्चिमा मुलुकहरू र भारतका आँखा छन् । त्यस्तै पश्चिमतर्फको मुस्लिम बहुल क्षेत्र पुरै तनावमुक्त छ भनिहाल्न मिल्दैन । भारत लोकतन्त्र भएकाले यसका समस्या बहुप्रचारित छन् र देखिन्छन् । चीन शक्तिशाली भए पनि अझै एकतन्त्री छ, त्यहाँ अभिव्यक्ति स्वतन्त्रता प्रतिबन्धित छ । त्यसैले आन्तरिक असन्तोष दबेका र भनिरहनु पर्दैन, विरोधका स्वरहरू मलिन छन् । अर्थात् आन्तरिक असन्तोषबाट उत्पन्न दबाब दुवै झेलिरहेका छन् । भारत भित्रका असन्तोष मुखर, चीनभित्रका अमुखरित छन् ।

आर्थिक सम्पन्नताको आकांक्षा नहुने विरलै हुन्छन् । तर जब आकांक्षाको आपूर्ति हुँदै जान्छ, समृद्धि जोगाउने र अरू बढाउने चुनौती प्रखर भएर आउँछन् । चीनका सामु यी चुनौती टड्कारै उपस्थित भएका छन् एकातिर भने अर्कातिर ऊबाट भयभीत हुनेहरूको संख्या पनि त्यतिकै बढिरहेको छ । अरू त अरू सन् १९९० को दशकमा सोभियत संघको विघटनपछि एक्लो विश्व महाशक्ति बनेको अमेरिका चीनबाट सतर्क हुनुपर्ने अवस्थामा पुगेको छ भने यस परिस्थितिमा भारतको भय अनाहक निश्चय नै होइन । फेरि माथि भनिएझैं भारतले सन् १९६२ मा नै चीनबाट परास्त हुनुपरेको पीडा बेहोरिसकेको हो र त्यसबाट उत्पन्न सन्त्रासबाट भारतीयहरू कहिल्यै मुक्त हुनसकेका छैनन् । भनाइ नै छ, चीनको नाममात्र लिए पनि भारतीयहरू क्षुब्ध हुनपुगेको हो भने अर्को कोणबाट हेर्दा हिमालय दक्षिणका साना देशहरूमा उसको बढ्दो सक्रियताले भारतलाई अरू सशंकित बनाएको छ । वास्तवमा समस्या यहीं सीमित छैन । भारत भित्रकै आन्तरिक असन्तोषका चल्ते विशेष गरेर, पूर्वोत्तर भारत र काश्मीरमा चीनप्रति लगाव छ भन्ने विषय नयाँदिल्लीका नीति निर्माताहरूबाट लुकेको छैन । यदि भारतका अशान्त क्षेत्रसम्म चीनको सोझो पहुँच स्थापित भएमा परिस्थितिमा व्यापक उलटफेर हुनसक्छ । यसबाट भारत अकल्पनीय संकटमा फँस्न सक्छ भन्ने बुझाइका कारण पनि उसले यसपालि भुटान सीमान्तमै चीनलाई रोक्ने उद्यम गरेको हुनसक्छ ।

यसका साथै सिक्किम प्रदेश हुँदै दार्जिलिङ, कालिम्पोङमा अत्यधिक तथा जलपाइगुडी र कुचबिहारका उत्तरी फाँट अर्थात् डुवर्सका गोर्खाली (नेपाली) हरूको घना आवादी छ । भारतकै सरहदभित्रका गोरखालीलाई पनि भारतका नीति निर्माताहरूले नेपालकै विस्तारका रूपमा हेर्छन् भन्दा अन्यथा हुँदैन । किनभने व्यवहारतः यसैको पुष्टि हुन्छ । भारतको सरहदभित्र परेका गोरखालीप्रति निरन्तरको अवहेलना र उनीहरूमाथि भइरहेको दमनका कारण उत्पन्न आक्रोशलाई चीनले आफ्नो पक्षमा प्रयोग गर्ने डर तथा पछिल्लो समयमा नेपालसँग चिसिएको सम्बन्ध र नेपालको चीनतर्फ झुकाव बढ्दैछ भन्ने धारणाले पनि भारतलाई आफू चीनबाट अरू घेरिन जाने त्रास पसेको हो । यसर्थ दोक्लाममा भारतको हस्तक्षेपका लागि प्रेरित गर्ने धेरै कारणमध्ये भारतको सरहदभित्र परेका गोरखाली तथा नेपाल चीनतर्फ ढल्किँदैछ भन्ने उसको आशंका पनि हो भन्दा पक्कै स्थितिको अधिमूल्यन गरिएको ठहर्ने छैन ।

चीनसँग साँध जोडिएका भारतका छिमेकी देशले उसबाट असुरक्षित महसुस गर्नु तथा भारतकै पर्वतीय क्षेत्रका निवासीहरूलाई भारतीय मूलधारमा आबद्ध नगर्नाले नयाँदिल्ली आफैं सशंकित हुनुपरेको हो एकातिर भने अर्कातिर वास्तवमै चीनको आर्थिक र सामरिक क्षमतामा देखिएको अकल्पनीय वृद्धिका कारण आफूतर्फ विश्वको ध्यानाकृष्ट गर्न भारतले दोक्लाममा देखिने उद्यम गरेको हो । त्यस्तै चीनले पनि दक्षिण चीन सागरमा भइरहेको द्वन्द्वबाट विश्वको ध्यान अन्यत्र तान्न भारतको संवेदनशील क्षेत्रतर्फ आफ्नो अभिरुचि देखाएको होइन भन्न सकिँदैन । निश्चय नै यसलाई कतिपयले चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ'प्रति भारतको असहमति विरुद्ध चीनको प्रतिक्रियाका रूपमा पनि हेरेका छन् । तर कारण त्यतिमात्र होइन, किनभने विश्व राजनीतिको प्रतिमानमा परिवर्तन आइरहेको छ र नयाँ प्रतिमानमा को अगाडि हुने भन्ने होड पक्कै स्वाभाविक हुन आउँछ ।



यहाँ भन्नैपर्छ, आन्तरिक र बाह्य कारणहरू यदि युद्धका लागि परिपक्व भएकै हुन् भने चीन र भारतले एकपटक आआफ्नो शक्तिको परीक्षण गर्ने नै छन् । यदि होइन, कारणहरू परिपक्व भएका छैनन् भने युद्ध बाहेकका अरू उपायद्वारा दुवैले परस्पर मतभेदका बाबजुद यथास्थिति कायमै राख्नेछन् । अर्थात् जहाँसम्म चीन-भारतबीच शीतयुद्धको विषय छ, त्यो कायमै रहनेछ । तिब्बतमा भारत तथा हिमालय पर्वतमालाका वारपार चीन सतर्क अवस्थामा रहिरहनेछ । युद्ध अथवा शीतयुद्ध जे भए पनि चीन र भारतका छिमेकी देशहरूले आआफ्नो सुरक्षा के कसरी सम्भव हुन्छ, त्यसतर्फ विशेष ध्यान दिनु पर्नेछ तथा तदनुरूप र तदनुकूल नीति अवलम्बन गर्नु पर्नेछ । त्यसो नगरेमा सरहदको मर्यादा रहने छैन, चीन र भारत दुवैले पञ्चशीलका शीलहरू क्रमशः बिर्सँदै जाने सम्भावना प्रबल हुन जानेछ ।

भनिरहनै पर्दैन, भारत दक्षिण एसिया अर्थात् भारतीय उपमहाद्विपमा अरू कसैको चलखेल रुचाउँदैन । यसका साथै वास्तवमा भारतीयहरूलाई सबैभन्दा दुख्ने घाउ केही छ भने त्यो पाकिस्तान हो । उनीहरूले स्वतन्त्रतासँगै भारत विभाजन भएको दुखाइ अझै बिर्सिनसकेका छैनन् । पाकिस्तानलाई हृदयबाटै अझै स्वीकार्नसकेका छैनन् । त्यही पाकिस्तानसँग चीनको सहकार्य उनीहरूलाई पटक्कै रुचिरहेको छैन । तर उनीहरूलाई के पनि राम्ररी थाहा छ भने चीन-पाकिस्तान सहकार्य रोक्नु भारतको सामर्थ्यभित्र छैन । हुन पनि विगतमा अमेरिकाको पाकिस्तानसँग सहकार्यकै कारण भारत अमेरिकासँग टाढिएको र सन् १९७१ मा तत्कालीन सोभियत संघसँग सामरिक सन्धि गर्न पुगेको थियो । त्यसैताकाको भारत-पाक युद्धमा सोभियत संघले खुलेरै भारतलाई मद्दत गऱ्यो । त्यसैका फलस्वरूप पाकिस्तान भारतबाट पराजित भएको तथा उसको नक्साबाट पूर्वी पाकिस्तान मेटिएर त्यस स्थानमा बंगलादेशको उदय भएको हो ।

देशहरूमा पनि व्यक्तिहरूमा जस्तै 'इगो' हुन्छ । भारत र पाकिस्तान भलै विगतमा अखण्ड भारत थिए, तर विभाजित र पृथक भएपछि निरन्तर एकअर्कासँग जुधिरहेका छन् । त्यही पाकिस्तानसँग चीनको सघन सहकार्य, विकास निर्माणदेखि सैन्य, सामरिक गठबन्धनका कारण भारत चीनसँग क्षुब्ध हुनु स्वाभाविक हो । तर चीनसँग भारतको व्यापार घाटा ४ खर्ब डलरको छ, जुन भारतको कुल गार्हस्थ उत्पादनको करिब ३ प्रतिशत हो । चीनसँग भारतको व्यापार घाटा बढ्दो क्रममा छ । यसले भारतको उत्पादन क्षेत्रलाई नराम्रोसँग प्रभावित पारेको छ । यसबाट भारतले चीनसँग व्यापार घाटा कम गर्न दबाब दिइरहेको छ । यसका अलावा चीनले भारतको ब्रह्मपुत्र नदीमा बाँध बाँधेर पानी छाड्ने गरेको छ । यसले भारतको कृषिमा ठूलो असर पारेको छ । यी विषयमा भारतले चीनसँग कूटनीतिक माध्यमबाट समाधान खोज्ने प्रयास गरेको छ । तर चीनले भारतका चासोलाई खासै वास्ता गरेको छैन । यसले भारतलाई झन् आक्रोशित बनाएको छ ।

चीनले भारतका छिमेकी देशहरूमा लगानी बढाएर, ऋण दिएर, पूर्वाधार निर्माण गरेर, सैन्य सहयोग गरेर ती देशलाई आफ्नो प्रभावमा पार्ने प्रयास गरेको छ । यसले भारतको प्रभाव क्षेत्रमा चीनको प्रभाव बढ्दै गएको छ । यसले भारतलाई झन् चिन्तित बनाएको छ । चीनले भारतका छिमेकी देशहरूमा लगानी बढाएर, ऋण दिएर, पूर्वाधार निर्माण गरेर, सैन्य सहयोग गरेर ती देशलाई आफ्नो प्रभावमा पार्ने प्रयास गरेको छ । यसले भारतको प्रभाव क्षेत्रमा चीनको प्रभाव बढ्दै गएको छ । यसले भारतलाई झन् चिन्तित बनाएको छ । चीनले भारतका छिमेकी देशहरूमा लगानी बढाएर, ऋण दिएर, पूर्वाधार निर्माण गरेर, सैन्य सहयोग गरेर ती देशलाई आफ्नो प्रभावमा पार्ने प्रयास गरेको छ । यसले भारतको प्रभाव क्षेत्रमा चीनको प्रभाव बढ्दै गएको छ । यसले भारतलाई झन् चिन्तित बनाएको छ ।

पाठक मञ्च

● ४१.७७ प्रतिशत मत बदर

बुधबारको कान्तिपुर दैनिकको प्रथम पृष्ठमा 'कुन दल कत्रो ?' भनेर समाचार छ । सबै दलको विस्तृतमा जानकारी पाइयो । तर निर्वाचनकै सन्दर्भमा ४१ प्रतिशतभन्दा बढी मत बदर भएको समाचार कतै आएन । विराटनगर महानगरपालिकाको उपमेयर पदमा ४१ दसमलव ७७ प्रतिशत अर्थात ३३ हजार ७ सय १५ मत बदर भएको थियो । जबकि उपमेयरमा विजयी भएकी नेपाली कांग्रेसकी इन्दिरा कार्कीले २० हजार १ सय ४६ मात्र ल्याएकी थिइन् । विराटनगरका १ लाख १३ हजार ७ सय ६१ मतदातामध्ये ८० हजार ७ सय २४ मतदान गरेका थिए । खसेको मतमध्ये उपप्रमुख पदमा ४७ हजार ९ मतमात्र सदर भएको थियो । विजयी उम्मेदवारले पाएको मतभन्दा १३ हजार ५ सय ६९ मत बदर भएको थियो । भनिन्छ, विराटनगर राजनीतिक सहर हो । देशमा हुने गरेका परिवर्तनहरूको सुरुवात विराटनगरबाट हुन्छ । जे पनि विराटनगरले एक दिनअघि सुरु गर्छ । तर महानगरपालिकाको निर्वाचनमा भने सबैभन्दा बढी मत बदर हुने महानगरपालिकाका रूपमा विराटनगर दर्ज भएको छ । यो पनि सुरुवात हो कि ? अब प्रदेश नं. २ को निर्वाचनले यो रेकर्डलाई पनि तोड्ने हो कि ? निर्वाचन आयोग, राजनीतिक पार्टीहरू बदर मतको संख्या घटाउन के गर्दैछन् ? बदर मतको समाचार आए निर्वाचन आयोग, राजनीतिक पार्टी र एनजीओहरूको सक्रियता बढ्ने थियो कि ?

– विजयप्रसाद मिश्र
विराटनगर- १२

● मलाई नछोइदेऊ



सुजाता गोलेले ढलको फोहोर पानीभित्र पसेर ह्विलचियर तानेर अपांगता भएको व्यक्तिको उपकार गरिन् । घटना वरिपरि चिल्ला र दर्शनका लेपयुक्त भाषा बोल्नेहरू थुप्रै थिए होलान् । तर कसैले त्यो फोहोर पानीमा पसेर उपकार गर्न चाहेनन्, हेरिरहे फोटो खिचे, वाहवाह गरे । चिल्ला र दर्शनयुक्त शब्दहरू रफ्चक्कर भए त्यतिखेर । तर नेपालमा यस्तो पनि एकथरी मान्छे छन् कि सहयोग गर्न खोज्दा पनि मलाई नछोइदेऊ है भन्छ । धादिङबेंसीमा धाराबाट एक बूढी आमा एक लोटा पानी लिएर थरथर काम्दै चिप्ला खुड्किलाबाट उक्लिन खोज्दा मुस्किल परिरहेको थियो । मेरी ११ वर्षकी नातिनीले कलिला हातहरू बढाउँदै सहयोग गर्न खोज्दा मलाई नछोइदेऊ भन्दै बडा मुस्किलले चार हातगोडा टेकेर उक्लिन् र गइन् बूढी आमा । त्यो चोखो पानी घरमा भएको दुङ्गामाथि खन्याएर धर्म गरिन् होली बूढी आमाले ।

– गणेश गोम्चन
धादिङ

● प्रत्यक्ष कार्यकारी प्रमुख चाहियो

प्रधानमन्त्रीमा निर्वाचित भएको डेढ महिनापछि शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तार गरेका छन् । राज्य र सहायकमन्त्री नियुक्त गर्न अझै बाँकी भए पनि अधिकांश मन्त्रालयले मन्त्री पाएका छन् । प्रधानमन्त्री भएका देउवाले मन्त्री नियुक्ति गर्न यतिका समय लगाए । म्यादी मन्त्रीहरूलाई मन्त्रालयबारे बुझ्नै ६ महिना लाग्ला । अनि कहाँबाट हुन्छ, देशको विकास ? कसैलाई नराम्रो नलागोस्, नेपाल राजनीतिक, आर्थिक, सामाजिक रूपले डामाडोल हुनुमा अस्थिर सरकार नै प्रमुख कारण हो । महिनैपिच्छे मन्त्रीहरू हेरफेर भइरहने तर जनताको जीवनस्तर जस्ताको त्यस्तै रहने प्रवृत्ति नेपालमा मात्रै हो भन्दा हुन्छ । मुलुकलाई चौपट हुनबाट बचाउन संविधानमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नु नै अबको बाटो हो । नत्र नेपालीले सधैंभरि सतिले सरापेको देश हो भन्दै पुर्पुरोमा हात समाएर बस्ने हुन्छ ।

– एसपी बडु
कृष्णपुर-६, कञ्चनपुर

नयाँ मन्त्रीहरूलाई शुभकामना



नेपालमा नयाँ सरकार गठन हुनु र सरकार ढल्नुलाई खासै धेरै महत्त्व दिन छाडिएको छ । अहिलेसम्म कैयौं प्रधानमन्त्री भए, त्यस्तै सयौं मन्त्री भैसकेका छन् । तर केही प्रधानमन्त्री तथा मन्त्रीको नाममात्र सर्वसाधारण नागरिकको मानसपटलमा रहिरहेको छ । बेलाबखत नेता हुनका लागि शैक्षिक योग्यताको कुरा पनि उठ्ने गर्छ । तर मन्त्री बन्न सामान्य परीक्षा त पक्कै पनि पास गर्नुपर्ने रहेछ । अहिले त झन् यो परीक्षा करिब डेढ महिनासम्मै चल्यो । कस्तोसम्म भने आज केहीको चर्चा चल्छ, राति ठूलठूला सपना देखेर सुत्ने नेताको बिहान उठ्दा नाम काटिसकिएको पनि हुँदोरहेछ । फलानो गुटबाट यति, अर्को गुटबाट यति भन्दै प्रतिनिधित्व गराउने गरेको त विगतदेखि नै छर्लंगै देखिएको हो । यो गुटगत प्रतिनिधित्वबाट केही नयाँ राम्रा व्यक्तिले पनि छिटो नै मन्त्री हुने अवसर पाए र केही नयाँ काम सुरु पनि गरेर देखाए । तर यसबाट थुप्रै आशा गरिएका नेता पिल्सिरहेका पनि छन् । गुटगत आधारमा प्रतिनिधित्वभन्दा योग्य व्यक्तिलाई स्थान दिएको भए समग्र देशकै लागि राम्रो हुने थियो । मन्त्री हुन यत्रो ठूलो परीक्षामा सफल हुनुभएका सम्पूर्णलाई हार्दिक बधाई । अहिलेको मन्त्री बन्ने परीक्षा थुप्रै नयाँ अनुहारले पास गर्नुभएको छ । यो सफलतालाई एउटा सामान्य प्रक्रियाका रूपमा मात्र नलिई उहाँहरू देशले मागेको अनुहारका रूपमा स्थापित हुन सफल बन्नुहुनेछ भन्ने आशा छ ।

– नारायण अर्याल
मुसिकोट- १, गुल्मी

■●■

जेठ २३ मा प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाले साउन ११ गते मन्त्रिपरिषद् विस्तार गर्नुभयो । आफू प्रधानमन्त्री बन्न हतार गरेका देउवाले डेढ महिनाभन्दा बढी समय लगाएर मन्त्रिपरिषद् विस्तार गर्नुले देउवा सरकारको ढिलासुस्ती र लापरवाहीलाई प्रस्ट्याउँछ । किन यति ढिलो मन्त्रिपरिषद् विस्तार भयो त ? आफ्नै पार्टीमा ऊ पक्ष त्यो पक्ष भनी मन्त्री बनाउने कांग्रेस कहिले एकै पक्ष हुन्छ ? जबसम्म पार्टीमा व्यक्ति पक्षको राजनीति चल्छ, तबसम्म कांग्रेसले जनता र आफ्ना कार्यकर्ताको मन जित्न सक्दैन । देशको जिम्मेवार पार्टी नेपाली कांग्रेसप्रति अरू पार्टीका आस्थावानहरू पनि झुकाव राख्छन् । तर दिन-प्रतिदिन कांग्रेस भित्रको गुटबन्दीले आम कांग्रेसका कार्यकर्ता, शुभेच्छुक निराश बन्दैछन् । यसरी गुट-उपगुटको अन्त्य सभापतिले विशेष पहल चाल्न र सबैलाई एक बनाउन आवश्यक छ । जे होस्, विस्तारित मन्त्रिपरिषद्का सबै मन्त्रीज्यूहरूलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना ।

– नवीन देवकोटा
पञ्चदेवल-विनायक नगरपालिका-२, अछाम

● डा. केसीलाई साथ



१० औं पटकसम्म सयौं दिन अनशन बस्दाबस्दै गलित भएको एउटा ६० कटेको बूढो शरीर पुनः पहिलोपटक जे माग राखेको थियो, हो, त्यही माग राखेर ११ औं पटकको आमरण अनशनमा छट्पटाइरहेको छ । हिम्मत, अटलता, सत्यता, निस्वार्थ, परिवर्तनका वाहक र समाजसेवी डा. गोविन्द केसी मेडिकल शिक्षालाई व्यापार बनाउने व्यापारी, दलाल र माफियाविरुद्ध अनशनरत छन् । उनी मेडिकल शिक्षा र स्वास्थ्यमा भएको ब्रह्मलुटको विरुद्ध छन्, बिरामीको उपचार गर्न नजाने डाक्टरहरूको विरुद्धमा छन् । मेडिकल कलेजहरू सहरमा धेरै भए, अब ग्रामीण इलाकामा खोलिनुपर्छ भनेर निरन्तर आवाज उठाइरहेका छन् । मागहरू जायज हुँदाहुँदै पनि मेडिकल माफियाको चंगुलमा फँसेका कोही पनि खुलेर उनको पक्षमा बोल्ने आँट गर्दैनन् ।

कुर्सीमा नहुँदा डा. केसीप्रति सहानुभूति देखाउन र जायज माग भन्दै ऐक्यबद्धता टक्याउन अनशनस्थलमा पुग्नेहरू आफू कुर्सीमा आसिन भएपछि मौन हुँदारहेछन् । साँच्चै मुलुक समृद्ध भएको हामी हेर्न चाहन्छौं भने सबैभन्दा पहिला स्वास्थ्य र शिक्षामा नागरिकको सहज पहुँच हुनुपर्छ । हामीकहाँ पैसा धेरै हुनेमात्रै डाक्टर बन्ने अवस्था बनेको छ । पैसाको बलमा डाक्टर भएकाहरूको सेवा पनि अति नै महङ्गो हुन्छ । स्वास्थ्य जस्तो अति नै संवेदनशील क्षेत्र राज्यको नियन्त्रणमा हुनुपर्ने हो । तर कुनै पनि सरकारले कहिल्यै यसलाई प्राथमिकता दिएनन् । अहिले स्वास्थ्य क्षेत्र माफियाको नियन्त्रणमा पुग्यो । सदरमुकाम र राजधानीमै मनपरी ढङ्गले खुलेआम यो व्यवसाय चलिरहँदा कोही पनि डाक्टर दुर्गम भेगमा नजाने भए । दुर्गममा बेलैमा उपचार नपाउँदा सिटामोलसम्म पनि नपाउने अवस्था छ । डा. केसीको इमानदारिता र निस्वार्थ सेवाको यो यात्रा देखेर आज स्वास्थ्य र शिक्षाका माफिया हायलकायल छन् । उनको जीवन तलमाथि भए ठूलो मूल्य चुकाउनु पर्नेछ राज्यले, सत्ताधारीले, स्वास्थ्योपचारबाट अकूत सम्पत्ति कमाउनेहरूले । डा. केसीको जायज मागमा हामीले साथ दिन नसके पनि समर्थन गर्न नछाडौं ।

– सन्तोष सिम्खडा
santoshsimkhada679@gmail.com

● ज्योतिष पेसा बदनाम भएपछि

गएको असार ३१ गते रत्न पुस्तकालय बानेश्वरले भानुजयन्तीको अवसरमा गरेको छन्द कविता वाचन प्रतियोगितामा सहभागी भएपछि मलाई धेरै साथीले आलोचना गर्नुभयो । उहाँहरूले मलाई आदरका हिसाबले नै त्यसो गर्नुभएको हो । राष्ट्रिय योगदानभित्र परिसकेकाले यस्ता प्रतियोगितामा सामेल हुनु आफ्नो योग्यता खस्काउनु हुँदोरहेछ । आयोजकले जसलाई पायो, उसैलाई जाँचकी राखिदिँदा छन्दभंग कविता र भरमार अंग्रेजी शब्द प्रयोग भएका कविता पनि पुरस्कृत हुँदारहेछन् । ताली पिटेको भरमा पुरस्कार दिइँदोरहेछ । ताली र छन्द धेरै फरक हो । २०७३ वैशाखदेखि हेम-गङ्गा नामक खण्डकाव्य प्रेसमा फँसेको छ, मात्रै १०-१२ हजार रुपियाँको आवश्यकताले गतवर्ष र यस वर्ष ३/४ वटा प्रतियोगितामा भिडेको थिएँ । भूकम्पमा केही ज्योतिष भनाउँदाहरूले जथाभावी भविष्यवाणी गरिदिनाले ज्योतिष पेसा बदनाम भयो । मान्छेले हेराउन पनि छाडिदिए । त्यसैले मेरो पनि कमाइ भएन र यसरी प्रतियोगितामा सामेल भएको थिएँ । अरू लहरै ३-४ कृति प्रकाशनमा बसेका बस्यै छन् । पहिले पनि यही ज्योतिषबाट आर्जन गरेको रकमबाट ९ वटा पुस्तक र २ वर्ष पञ्चाङ्ग प्रकाशन गरेको थिएँ । फेरि अनेसासको ताइवान च्याप्टरले महाकवि देवकोटाको जीवनमा आधारित महाकाव्य लेख्न अह्राएको थियो । त्यसका लागि ५० हजार रुपैयाँजति आवश्यक पऱ्यो । आफूसित एकैचोटी त्यत्रो रकम भएन र त्यो रकम जुटाउन निकै प्रयास गरैं, सकिनँ । मैले प्रतियोगितामा भिड्नुको अर्थ यति मात्रै हो । तर हाम्रो देश गरिब होइन, दरिद्रताको चरम बिन्दुबाट गुज्रेको महसुस भई अब फेरि लेखन स्थगित गर्ने मनस्थितिमा छु । नेपाली भाषामा दरिद्र संस्कारले नेतृत्व गरुन्जेल भाषा विकास नहुने मेरो ठहर छ । फेरि कवि भनेपछि डेरा नदिने समस्या कम चर्को थिएन । यसका बाबजुद पनि अनेक मासिक, वार्षिक गोष्ठीमा जाने गरियो । अब कसैले पनि कुनै गोष्ठीमा आमन्त्रण नगरिदिनुहोला, किनकि यसले चिन्तन-मनन गर्ने समय खेर जाने रहेछ ।

**– ज्यो. रत्ननिधि रेग्मी

हाम्रो खाना, हाम्रो सरोकार



कृष्णप्रसाद पौडेल

मानव सभ्यता र संस्कृतिको मूल आधार कृषिलाई कसरी बुझ्ने र व्यवहार गर्ने भन्ने कुरा अहिले सबैतिर पेचिलो सवाल बन्दै गएको छ। कृषि क्षेत्रमा विश्वव्यापी व्यापारको चासो बढेसँगै बढी नाफा कमाउने होडमा हाम्रो खानेकुरा माटोदेखि थालसम्म नै रसायन, हार्मोन र विषादीको प्रयोगले दिनदिनै प्रदूषित र विषाक्त बन्दै गएको छ। अहिले देखिएका नसर्ने दीर्घरोगहरू, जस्तै- क्यान्सर, मुटु, मिर्गौलाको समस्या, मधुमेह हुने मुख्य कारण यिनै खानेकुरासँगै जोडिएको छ। अहिले हामीले कस्तो कृषिको बाटो रोज्ने र खानाको मुख्य स्रोत कृषि क्षेत्रलाई कस्तो बनाउने भन्ने कुराको निर्णय गर्ने अधिकार स्थानीय सरकारमा सरेको छ। अर्को शब्दमा भन्दा हार्मोन, रसायन र विषादी सहितको अहिलेकै जस्तो कृषिबाट आउने मन्दविष सहितको खानेकुरा खान सुझाउने कि स्वच्छ कृषि गरी स्वस्थ खानेकुरा खान अवसर जुटाउनेतर्फ लाग्ने ? रोज्ने बेला आएको छ। यो आधारभूत प्रश्नसँगै नेपालको कृषि क्षेत्रको विकास गर्ने दूरदृष्टि र रणनीतिक बाटोसमेत छुट्टिन्छ।

दिगो कृषिका सिद्धान्तलाई पछ्याउँदै स्थानीय कृषिका समस्यालाई सम्बोधन गर्नसक्ने समग्र उत्पादन प्रणाली पुनःस्थापना गर्न स्पष्ट रणनीति सहितको कृषि प्रणाली विकास गर्नुपर्छ। यो त्यतिबेला सम्भव छ, जतिबेला हामी पारिस्थितिकीय व्यवस्थापनमा परम्परागत र वैज्ञानिक दुबै ज्ञानको समन्वयात्मक प्रयोग गरी सिक्दै र सच्याउँदै जान तयार हुन्छौं। त्यसका लागि हजारौं वर्षका अनुभवले खारिएको परम्परागत कृषि प्रणालीलाई उन्नत बनाउन द्रुतगतिमा परिवर्तन भइरहेका प्रविधि र अन्वेषणलाई उत्पादन वृद्धिका योजनासँग जोड्न सक्नुपर्छ। साथै कृषि क्षेत्रको आर्थिक तथा सामाजिक दायित्वको परिधिलाई फराकिलो बनाउँदै कृषिलाई प्राकृतिक, एकीकृत, सघन र जीवन्त प्रणालीको रूपमा आत्मसात गर्न सक्नुपर्छ।

स्थानीय सरकारले कृषि विकासको ढाँचा र नीति निर्माण गर्दा आफ्नो क्षेत्रको कृषिको अवस्थाको मात्र विश्लेषणभन्दा माथि उठेर नेपालको समग्र भू-राजनीतिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक तथा जैविक विविधताका आयाम विश्लेषण गर्न जरुरी छ। साथै कृषि विकासका संरचना तथा नीति अन्य विषयगत विकास अवधारणासँग सिधै जोडिने हुनाले यी सबैलाई हेर्ने स्पष्ट दृष्टिकोण सहितको एकीकृत विकास योजना बनाउनुपर्छ। यस अर्थमा कृषि विकासलाई विषयगत योजनामात्र नबनाई स्थानीय सरकारको एकीकृत विकास कार्ययोजनाको रूपमा प्रस्तुत गर्नुपर्छ।

यस्तो ढाँचा बनाउँदा विश्व तथा क्षेत्रीय अवस्थामा आएका आर्थिक, सामाजिक परिवर्तन र तिनका सकारात्मक, नकारात्मक प्रभावको गहन अध्ययन तथा विश्लेषण गर्नुपर्छ। अहिले समग्र कृषि क्षेत्रले भोगेका कृषिका समस्यालाई नजरअन्दाज गरेर बनाइने उच्च लगानीको कृषि प्रणालीको सोचले केही ठूला कृषि लगानीकर्ता तथा उद्यमीले व्यावसायिक लाभ लिन सक्लान्। तर साना किसान तथा सिङ्गो कृषि क्षेत्रको विकासमा नकारात्मक प्रभाव पर्नेछ। अर्को कुरा, हाम्रोजस्तो पहाडी भू-बनोटमा उच्च लगानीको रासायनिक कृषि उत्पादन र उत्पादकत्व दुवै हिसाबले लाभदायक छैन। यस्तो कृषि प्रणालीले उत्पादनको तुलनामा लागत बढ्न गई स्थानीय बजारमा नेपाली कृषि उपजले प्रतिस्पर्धा गर्न सक्दैन। बाह्य उच्च लगानीको रसायन र विषादीमा आधारित कृषि प्रणाली मानिस तथा माटोको स्वास्थ्यमा बढ्दो असरको कारक हो भन्ने मनन गर्नुपर्छ।

मुख्यतः खाद्य उत्पादन प्रणाली कृषि पर्यावरणमा आधारित हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै जैविक विविधतालाई समस्याको रूपमा नभई अवसरको रूपमा लिनुपर्छ। यसो गर्नसके मात्र प्राङ्गारिक, पर्यावरणीय र स्थानीय स्रोत उपयोगमा आधारित खेतीपातीबाट कृषि पर्यावरणलाई दिगो बनाउँदै स्वस्थ खानेकुरा उत्पादन गर्ने सामाजिक उद्यमी किसानको जीवनमा समेत समृद्धि ल्याउन सकिन्छ।



आशा गरौं, उत्साहित स्थानीय सरकार स्वच्छ खेतीबाट स्वस्थ खाना खाने र खुसी जीवन बिताउने हाम्रो अधिकार रक्षा गर्न सक्षम हुनेछ।

फेरिएको सामाजिक र आर्थिक सन्दर्भमा अहिलेकै जस्तो निर्वाहका लागि कृषि गर्ने सोचले हामीलाई समृद्ध हुन सघाउँदैन। बरु यसले किसानलाई कृषिबाट पलायन हुन सधैं बाध्य बनाउँछ।

तसर्थ स्थानीय मौलिकतामा आधारित दिगो खेतीपातीका लागि सहकारिता, व्यावसायिकता र आत्मनिर्भरतालाई प्रवर्द्धन गर्ने कार्ययोजना बनाउनु आवश्यक छ। हाम्रो खाना, जीविकाका साथै राष्ट्रिय अर्थतन्त्रको आधार खाद्य तथा कृषि प्रणालीमा सामूहिक अवसरको खोजी, योजना निर्माण तथा क्रियाकलाप र प्रस्तावना विकास गरेर दिगो खेतीपातीलाई पुनःस्थापना गर्ने जिम्मेवारी बहन गर्ने दायित्व आजको पुस्ताको काँधमा आएको छ।

जैविक विविधतालाई आत्मसात गर्दै जैविक प्रादेशिकताका आधारमा खाद्यमा आत्मनिर्भर र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धन गर्ने राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका रणनीति र योजना बनाउनुपर्छ। स्थानीय तहको खाद्यान्नमा अभाव, भोकमरी तथा कुपोषण हाम्रा गरिबीका सङ्केत हुन्, जसलाई तुरुन्त सम्बोधन गर्नुपर्छ। कृषि उत्पादकत्व बढाउन र भोकमरी टार्न नसकिरहेका, स्रोत र साधन कम भएका किसानको जीविकोपार्जन चलाउने, प्रकृतिको उत्पादक क्षमता दिगो बनाउने पारिस्थितिकीय चक्रको संरक्षण गर्दै बढ्दो जनसंख्याको खाद्यान्न मागलाई पूरा गर्न गुणस्तरीय खाद्य उत्पादन कार्य थाल्नु जरुरी छ।

कृषिको प्राथमिकता स्पष्ट पहिचान गरी खाद्यमुखी तथा आयात प्रतिस्थापनका लागि तुलनात्मक लाभको कृषि अवधारणामा आधारित कृषि विकासको योजना स्थानीय स्तरमै बनाउनुको विकल्प छैन। यो त्यतिबेला मात्र सम्भव छ, जतिबेला हामी स्थानीय तहमै दिगो खाद्य तथा कृषि प्रणाली निर्माणमा ध्यान केन्द्रित गर्छौं। यसका लागि कृषि ज्ञान, प्रविधि अन्वेषण, सेवा प्रवाहको संस्थागत कार्यप्रणाली तथा सबै क्षेत्रलाई पुनर्जीवित गर्न सकिने भू-स्रोतको दिगो प्रयोग, उपयुक्त प्रविधिको अनुकूलन तथा किसान समुदायको सक्रिय सहभागिता बढाउन आवश्यक छ। साना किसानको बाहुल्य रहेको हाम्रो मुलुकमा कृषि सहकारीको संस्थागत विकास गरी किसानको उद्यमशीलता, मूल्य शृंखला र आत्मनिर्भर कृषिको बाटो पहिल्याउन सकिन्छ। सहकारितामा आधारित उद्यमशीलता र उत्पादनमुखी कृषि पद्धतिले मात्र हाम्रोजस्तो कृषि अर्थतन्त्र तथा साना स्तरको खेतीपातीमा आधारित जीविकोपार्जनलाई दिगो बनाउन मद्दत पुग्छ। राज्यको कृषि सम्बन्धी नीति किसानलाई व्यावसायिक र आत्मनिर्भर बनाउँदै स्थानीय अर्थतन्त्र बलियो बनाउनेतर्फ उन्मुख हुनुपर्छ।

स्थानीय नियन्त्रण र स्वामित्व भएको स्थानीय अर्थतन्त्रमा आधारित कृषि विकासको योजना र सोचबिना कृषिको विकास गर्न सकिँदैन। यो सुशासन र बजारसँग समेत जोडिएको छ। अहिलेको बजारकेन्द्रित अर्थतन्त्रलाई कृषिजस्तो कम नाफामूलक सामाजिक उद्यममा आकर्षण गर्न कृषिका जोखिम घटाउने स्थानीय संयन्त्रबिना सम्भव छैन। यसले के देखाउँछ भने कृषि क्षेत्रको विकासका लागि राज्य र बजारको भूमिका र दायरा अझ स्पष्ट पार्नुपर्छ। स्थानीय स्तरमा उत्पादन नहुँदा अन्य आम्दानीका स्रोत नहुने घरपरिवारको खाद्य असुरक्षा झनै बढ्छ।

खाद्यान्न उत्पादन र खाद्य सुरक्षालाई स्थानीयता र संस्कृतिसँग जोडेर हेर्नुपर्छ। जैविक क्षेत्रका आधारमा उपयुक्त स्थानीय बालीको प्रवर्द्धनले अन्नपातको बजारीकरण र स्थानीय उपलब्धतामा सहजता ल्याउँछ। स्थानीय विशिष्टतामा आधारित उत्पादन प्रणालीले अहिले बढ्दै गएको जलवायु परिवर्तन जोखिम र अनिश्चिततामा निरन्तर उत्पादन लिन सक्षम बनाउँछ। यसो भनिरहँदा बिउ तथा बीज वृद्धि र यसको उत्पादनशील गुणस्तर कायम गर्न र स्थानीयता अनुकूलनता कायम राख्न आवश्यक वर्ण सुधारका अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्ने कुरामा दुईमत हुँदैन। जलवायु जोखिम क्षेत्रमा एकल बालीबाट बहुबाली, एक वर्षेबाट बहुवर्षे र बाहिरियाको सट्टा रैथाने बालीको उपयोग र एकीकृत खेती प्रणाली जोखिम घटाउने मुख्य आधार हुन्, जसतर्फ स्थानीय किसान र सम्बन्धित निकायहरूले व्यावहारिक कार्ययोजना बनाउन ध्यान दिन आवश्यक छ। आशा गरौं, उत्साहित स्थानीय सरकार स्वच्छ खेतीबाट स्वस्थ खाना खाने र खुसी जीवन बिताउने हाम्रो अधिकार रक्षा गर्न सक्षम हुनेछ।

छाउपडी हटाउन कानुन



प्रा. नृसिंहकुमार खत्री

महिलाहरू महिनावारी हुँदा ५ दिन र सुत्केरी हुँदा १३ दिनसम्म कसैलाई नछुई अलग्गै गोठमा वस्नुपर्ने नेपालको पश्चिम तथा सुदूर पश्चिममा प्रचलित परम्परागत प्रथालाई छाउपडी भनिन्छ। यस अवस्थामा उक्त महिलाले अन्न, फलफूल खेतीपाती समेत छुँदैनन्। नुहाउने सफा बस्ने चलन पनि छैन। अशिक्षा र अन्धविश्वासका कारण अभिभावकले पनि यो प्रथा मान्न जोड दिने गर्छन्। जातिपिच्छे छाउ बार्ने तरिका फरक रहनु नेपालको सामाजिक जातीय विविधताको संस्कारगत विशेषता पनि हो। घरबाट अलग्गै रहेको छाउगोठमा बस्न र सुत्न गएको अवस्थामा सानो अँध्यारो कोठामा श्वास-प्रश्वासको अवरोध भएर निस्सासिने, सर्पले डस्ने, छानोबाट पानी चुहिने, आँधी-बेहरीमा असुरक्षित हुने, राति झाडापिसाबका लागि बाहिर निस्कँदा जंगली जनावरबाट आक्रमणमा पर्ने जोखिम हुन्छ। यस्तै चिसो लागेर, संक्रामक रोग र किटाणुको कारणबाट, खाना र पोषण तत्त्वको अभाव भएर, आपराधिक प्रवृत्तिका पुरुषहरूको यौन हिंसाको सिकार भएर पनि पीडित बन्ने अवस्था आउँछ र कतिले मृत्युवरण नै गर्नुपरेको देखिन्छ। यस अवधिमा चिन्ता, डर, त्रासमा रातदिन बिताउनुपर्दा उनीहरूमा मानसिक र मनोवैज्ञानिक असर पर्छ, जो पछि गएर मनोरोगको कारण बन्छ।

समकालीन समाजले पश्चिम तथा सुदूरपश्चिम क्षेत्रमा छाउपडी प्रथालाई मान्यता दिइरहेको परिस्थिति छ। बिरामी परेका अवस्थामा धामी-झाँक्रीको भर पर्नु र उनीहरूले सबैलाई छाउ बार्ने गर भन्ने गर्नु, अभिभावकले छाउ बार्न कर लगाउनु, छाउ प्रथालाई नबारे मस्टोले आग र वाग लगाइदिन्छन् भन्ने भ्रम फैलाइदिनु आदि कारणले छाउ प्रथाले निरन्तरता पाएको देखिन्छ।

छाउपडी प्रथाको पीडा भोग्न बाध्य पहिलो पात्र रजोवति हुने महिला हुन्। उनले रजोवति भएका बेला ५ दिन र सुत्केरी भएका बेला १३ दिन भयभित बनेर छाउगोठमा बस्दामा धर्म आर्जन हुने तर नगरे धर्म नहुने मान्यता सत्य, तथ्य, वैज्ञानिक आधार भने होइन। धर्म भनेको शरीर, जीवन, स्वस्थ निरोगी र असल बनाइदिने चिन्तनबाट सुरु भएको व्यवस्था हो। शरीरलाई पीडाकष्ट हुनेगरी भयभित अवस्थामा रहेर मान्ने चलनले धर्म हुने होइन। रजोवति महिलाका लागि शरीर सफा राख्नु, शारीरिक बलको काम नगर्नु जसले गर्दा शरीरभित्र रगत बगिरहने अवस्था नहोस्, त्यसो भए शरीरमा रगतको न्युनता भएर मानिस मर्न सक्छ भनेर आराम गराउने प्रयोजनले यो प्रथा सुरु भएको पनि हुनसक्छ। यसमा समाजशास्त्रीय हिसाबले अनुसन्धान होला। तर अहिले विकृत भएको यो कुप्रथा महिला प्रत्येक महिनामा एकपल्ट ५ दिन ज्यान जोखिम राखेर बस्नुपर्ने भएकोले यथाशीघ्र अन्त्य हुन आवश्यक छ।

छाउ नबारेर बस्नेलाई अझै मस्टो देवताले आग र वाग लगाइदिन्छन् भन्नुको अर्थ मनभित्र भयभाव सिर्जना गराइदिएर अझ धामी-झाँक्री तथा रहस्यात्मक व्यवसायीलाई पनि समर्थक बनाएर त्यसबेला चलन चलाइएको र यसकै बलमा समाजले निरन्तरता दिएको हुनसक्छ। यथार्थ यो छ कि जबसम्म खराब काम गर्ने बानी वा लत बसिसकेको मानिसमा दबाब वा प्रभाव पर्दैन, तबसम्म उसले गलत, कुलत छाड्दैन। प्रथा पनि समाजको लत वा बानी नै हो। यसलाई छुटाउन कि दबाब कि प्रभाव दिइरहनुपर्छ। समाजका अगुवा, धर्माधिकारी, पण्डितहरू, धामी, पुजारी, सन्त–महन्त, आम शिक्षक, नागरिक, अधिकारकर्मी, चेतनशील,

सरकारले कानुन बनाएर निर्देशन गरी छाउपडी प्रथा बन्द गराउनुपर्छ।

बुद्धिजीवी र मुखिया सबैले मिलेर आआफ्नो क्षेत्रबाट यो प्रथाविरुद्ध अभियान चलाउनुपर्छ। छाउपडी प्रथाले निरन्तरता पाइरहे महिलाले अनन्त कालसम्म पनि पीडित भइरहनुपर्छ।

नेपालको संविधानको धारा ५१ (ञ) मा 'जोखिममा परेका सामाजिक र पारिवारिक बहिष्करणमा परेका हिंसा पीडित महिलालाई पुनःस्थापना संरक्षण र सशक्तीकरण गरी स्वावलम्बी बनाउने नीति राज्यले लिनेछ' भनिएको छ। त्यसकारण पनि यो प्रथा नीतिगत रूपमै सरकारले प्रतिबन्ध लगाउन आवश्यक देखिन्छ। नेपाल सरकारले छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४ जारी गरेको छ भने सर्वोच्च अदालतले पनि यो प्रथा रोक्न रिट निवेदक दिलबहादुर विश्वकर्मा विरुद्ध नेपाल सरकार भएको परमादेश लगायत उत्प्रेषणको मुद्दामा सरकारलाई २०६१ सालमा आदेश पनि गरेको छ। यसमा 'यो प्रथा महिलाविरुद्ध रहेको ज्यान लिने अन्धविश्वासमा आधारित प्रथा भएको हुनाले यसविरुद्ध जनचेतना जगाउन तीन महिनाको अवधि तोकी सरकारलाई परमादेश जारी भएको' पनि उल्लेख छ। तर कार्यान्वयन आमरूपमा हुनसकेको पाइँदैन। राणाकालमा सतिप्रथा अन्त्य गर्दा 'धर्माधिकारीहरू राखी छलफल गर्दा आफ्नो पति मरेपछि पनि पत्नीले उनको सतित्वमा रही परिवारमा बसेमा धेरै पुण्य मिल्छ भन्ने शास्त्रको मत देखिएकाले अब उप्रान्त कोही कसैले पनि सति जानु पर्दैन, कसैले जान लगाए, बाध्य पारे उसलाई ज्यान मारे सरहको सजाय सास्ती र शासना होला' भन्ने आदेश जारी गरिएको पाइन्छ।

सरकारले पनि नियम कानुन बनाएर निर्देशित गरी छाउपडी प्रथा बन्द गराउनुपर्छ। जसलाई निरोगी, असल, सबल, सक्षम शरीर सहितको जीवन चाहिने हो, उसैले पनि आफैबाट यसविरुद्ध विद्रोह गर्न आवश्यक देखिन्छ। तर स्थानीय समाजले भने हात र साथ दिनुपर्छ। छाउपडी प्रथा अन्त्यपछिको संक्रमणकालीन विकल्प र रूपान्तरणका लागि स्थानीय तहमा सरसफाइ, परिचारिका वा नर्सको सेवा दिने सामुदायिक व्यवस्थाको विकल्प पनि गर्न उचित देखिन्छ, जसले रजोवति महिलाको शारीरिक स्वास्थ्य र सरसफाइमा सहजीकरण गर्न र सेवा दिन सहयोग मिलोस्।

शरीरमाथिको अधिकारको बहस



साधना प्रतीक्षा

जैविकीय अवस्थाका कारण महिलाले युगौंदेखि उत्पीडन झेल्दै आएको देखिन्छ। मानव सभ्यताको विकासक्रमलाई आधार मानेर हेर्दा समाज विकासको गतिसँगै पुरुष श्रेष्ठता र अग्रस्थानमा स्थापित भए भने महिला उनीहरूका आश्रित तथा रक्षिता बन्दै निम्न स्थानमा सीमित बनेको पाइन्छ। यसमा महिलाको जैविक अवस्थाले भूमिका खेलेको देखिन्छ। प्रजनन आदि प्रकृतिप्रदत्त विशेषताका कारण महिलालाई कमजोर मानेर आदिकालदेखिको मातृसत्ताको विस्थापन गरी पितृसत्ता स्थापित भएको धारणा एंगेल्स (द ओरिजिन अफ द फेमिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेट) तथा सिमोन दि बौभायर (द सेकेन्ड सेक्स) ले प्रस्तुत गरेका छन्। यी दुवै चिन्तकका विचार नारीवादी चिन्तनका समेत आधार मानिन्छन्। नारीवाद अन्तर्गत विकसित विभिन्न मान्यताले पितृसत्तालाई महिला उत्पीडनको प्रमुख कारक मान्दै त्यसबाट उन्मुक्तिको खोजीमा जोड दिएको देखिन्छ। महिलाको शरीरमाथि उसैको अधिकार हुनुपर्ने र पितृसत्ताले महिलाको यौनिकतामा नियन्त्रण गरेको विचार राख्दै त्यस विरुद्ध सशक्त आवाज उठाउने आमूल नारीवादी केट मिलेटको कृति 'सेक्सुअल पोलिटिक्स'लाई तत्कालीन अमेरिकामा मात्र होइन, विश्वभरि नै महत्त्वसाथ हेरिएको थियो। यसै सन्दर्भमा पछिल्लो समय महिलाको शरीरमाथिको अधिकारबारे खुलेर बहस हुनथाले। महिला कुनै पनि पुरुषको सम्पत्ति वा अधीनको वस्तु नभएर एउट स्वतन्त्र अस्तित्व हो भन्ने चेतनाको विकासले महिलामाथि हुने यौन हिंसा, घरेलु हिंसा, श्रम शोषण आदिमा न्युनीकरण भएको छ। महिलाको शरीरमाथिको अधिकारका सम्बन्धमा हाम्रो समाजमा अझै खुलेर बहस हुनसकेको देखिँदैन। यसैकारण माहिला, विशेषगरी बालिका तथा किशोरीहरू यौन दुर्व्यवहारका सिकार भइरहेका छन्।

दिनहुँजस्तो अखबारका पानाहरूमा बालिका बलात्कृत भएका समाचार छापिएका हुन्छन्। हालै प्रकाशित ११ वर्षीया गर्भवती किशोरी सम्बन्धी समाचारले बालिका तथा किशोरमाथि हुने यौन उत्पीडनका कारणको खोजी गरी त्यसको न्युनीकरणतर्फ लाग्नुपर्ने आवश्यकता औंल्याएको छ। अधिकांश बालिका तथा किशोरीहरू आफन्त तथा परिचित पुरुषद्वारा बलात्कृत हुने गरेको पाइन्छ। अपरिचित व्यक्ति तथा अचानक हुने यौन दुर्व्यवहारभन्दा बढी नातासम्बन्धी तथा परिचितहरूबाट बालिका तथा किशोरीहरू यौन उत्पीडनमा परेको यथार्थ घटनाको रहस्य खुलेपछिका तथ्यले देखाउने गरेको छ। उनीहरू एकपटक होइन, पटक-पटक, अझ रहस्य नखुलुन्जेल निरन्तर दुर्व्यवहार खेप्न बाध्य छन्। यस्ता यौन अपराधका लागि कडा कानुनी प्रावधान बनाउनु, दोषीलाई हदैसम्मको सजायको व्यवस्था गर्नुपर्ने आवश्यकता त छँदैछ, साथै परिवार, समुदाय तथा राज्यले गर्नुपर्ने अन्य जिम्मेवारी पनि छन्, जसले बालिका तथा किशोरीहरूलाई यस्ता दुर्घटनाबाट जोगाउन सक्छ।

हामीकहाँ सहरिया तथा शिक्षित परिवेशका किशोरीहरूमा शरीरमाथिको अधिकारबारे हदभन्दा बढी सचेतता पाइन्छ। केही दिनअघि यसै पत्रिकामा प्रकाशित लेखमा अभिव्यक्त भएको एकजना डाक्टरको अभिव्यक्तिले यसलाई पुष्टि गरेको देखिन्छ। उनले आफूकहाँ गर्भपतन गराउन आएका कलिला किशोरीहरूलाई त्यसोगर्दा उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पर्ने हुनाले सानो उमेरमा यौनसम्पर्क तथा गर्भपतनबाट टाढा रहनुपर्ने सुझाव दिँदा उनीहरूले आफ्नो शरीरमाथि आफ्नोमात्र अधिकार हुने भएकाले गर्भपतन गराउन पाउने जिकिर गरेको प्रसंग अत्यन्त मार्मिक थियो। एकातिर किशोरीहरूमा यस्तो सचेतता देखिन्छ भने अर्कातिर आफ्नो शरीरलाई आफन्त वा परिचित पुरुषले कसरी दुरुपयोग गरिरहेका छन् भन्ने सचेतता नहुनाले बालिका तथा किशोरीहरू लामो समयसम्म यौनजन्य उत्पीडन झेलिरहेका छन्। शरीरमाथिको अधिकारबारे आवश्यकताभन्दा बढी सचेतता पनि घातक हुन्छ। तर त्योभन्दा कैयौं गुणा घातक यस सम्बन्धीको असचेतता हुने गर्छ। त्यसैले अब शरीरमाथिको अधिकारबारे सचेतना अभियान तथा बहसको अवश्यकता छ।

बालिकामाथि हुने यौन दुर्व्यवहारका अधिकांश घटनामा परिवार, आफन्त, छिमेकी आदिजस्ता परिचित पुरुषको संलग्नताले के देखाउँछ भने बालिकाहरू स्वेच्छाले उनीहरूसमक्ष पुग्ने, नजिकिने अनि अन्जानमा नै यौन शोषणको सिकार हुने गर्छन्। उनीहरूलाई आफ्नो शरीर संरचना, त्यसमाथिको अधिकारबारे ज्ञान नहुनाले त्यस्ता पुरुषहरूले बदनियतपूर्वक गर्ने क्रियाकलापलाई पनि माया, आत्मीयता र खेल सम्झन पुग्छन्। अनभिज्ञताको यही खेल अन्ततः उनीहरूका लागि अभिषाप बन्ने गर्छ। खानेकुरा, खेलौना, पैसा आदिको प्रलोभनमा पारेर पनि यौनपिपासुहरूले बालिकामाथि यौन दुर्व्यवहार गरेका घटना पनि प्रशस्त देखिन्छन्। यस्ता क्रियाकलापको प्रतिकार गरेमा वा कसैलाई भनेमा परिवारका सदस्य वा बालिकाकै हत्यासमेत गरिदिने धम्की दिएका कारण डरले बालिकाहरू सहेर बसेको यथार्थ कतिपय पीडित बालिकाबाट खुल्ने गरेको छ। यही भय तथा त्रासले शोषकहरू निरन्तर शोषण गर्दै समाजमा निष्फिक्री घुमिरहेका हुन्छन्।

मनमा आवेग तथा आपराधिक मानसिकता उत्पन्न भएपछि मानिसले कुनै पनि आचारसंहिता सम्झँदैन, पाप-धर्मबारे चिन्तन गर्दैन, अझ अपराध गर्नुअघि त्यसको सजायबारे पनि सोच्दैन। मनोविश्लेषक फ्रायडसँग सहमत हुने हो भने मानिस विवेक तथा चेतनाका कारणमात्र पशुबाट भिन्न भएको हो। विवेक र चेतना गुमाएको मान्छे पशुवत हुने हुनाले नै अबोध बालिकामाथि यस्तो दुर्व्यवहार गर्न उद्यत हुने गर्छ। यस्तो यथार्थमा बालिका तथा किशोरीहरूलाई विशेषगरी आमा तथा गुरुआमाले यस सम्बन्धमा सचेत गराउन सक्छन्। घरमा आमाले तथा विद्यालयमा गुरुआमाले बालिका तथा किशोरीहरूलाई मित्रवत व्यवहार गरेर उनीहरूका जिज्ञासा तथा समस्याको समाधान गरिदिने, उनीहरूको जैविकीय पक्ष,

हाम्रो समाजमा यौनबारे खुलेर बोल्नुलाई महिलाको चरित्रसँग जोडेर हेरिने हुनाले आममहिला यसबारे बोल्न चाहँदैनन्।

दुष्प्रवृत्तिका पुरुषहरूप्रतिको सचेतताका साथै सम्भावित परिस्थितिमा अपनाउनुपर्ने सावधानी र प्रतिकारबारे सचेत गराउन सक्छन्।

आमाहरूको बेफुर्सदीका कारण उनीहरूले छोरीहरूलाई समय दिन नसक्ने अवस्था एकातिर छ भने आमाहरू स्वयम् यसबारे सचेत नभएका पनि हुनसक्छन्। हाम्रो समाजमा यौनबारे खुलेर बोल्नुलाई महिलाको चरित्रसँग जोडेर हेरिने हुनाले आममहिला यसबारे बोल्न चाहँदैनन्। यी सबै परिस्थितिको मारमा बालिका तथा किशोरीहरू पर्छन्। त्यसैले महिला तथा बालबालिकासँग सरोकार राख्ने व्यक्ति तथा संघ/संस्थाहरूले सर्वप्रथम ग्रामीण भेगका आमाहरूलाई सचेतना दिनुपर्छ। यसबाट उनीहरू शरीरमाथिको अधिकार तथा यौनिकताका सम्बन्धमा खुलेर बहस गर्न सकुन्। उनीहरू आफ्ना छोरीहरूलाई परिचित या अपरिचित पुरुषबाट हुनसक्ने बदनियतपूर्ण क्रियाकलापबारे सचेत गराउँदै त्यस्ता कार्यप्रति प्रतिकार गर्न प्रेरित गरुन्। यसैगरी हरेक विद्यालयमा किशोरीहरूका लागि मासिक रूपमा सचेतना कार्यक्रम राख्नुपर्छ। यसका लागि विद्यालय व्यवस्थापन तथा अभिभावक दुबैको सक्रियता आवश्यक हुन्छ। महिला तथा बालबालिका मन्त्रालय र शिक्षा मन्त्रालय दुबैको आपसी समझदारीबाट यस्तो व्यवस्था गर्न सकिन्छ। निजी हुन् वा सरकारी, सहरी क्षेत्र होस् वा ग्रामीण सबैमा यस्तो कक्षा सञ्चालन गर्नुपर्छ, जसमा बालिका तथा किशोरीहरूलाई विद्यालयका प्रौढ तथा प्रभावशाली मानिएका शिक्षिकाहरूले उनीहरूको शारीरिक संरचना, किशोरावस्थाको शारीरिक परिवर्तन र जटिलता, मानसिक उतार-चढाव, त्यसप्रतिको नियन्त्रण, उनीहरूप्रति पुरुषले गर्न हुने र नहुने क्रियाकलाप, सम्भावित खतरा, त्यसप्रतिको प्रतिकार आदिबारे खुलेर जानकारी गराउनुपर्छ। सहज वातावरणमा यस्ता कार्यक्रम सञ्चालन हुने हो भने किशोरीहरूले पनि खुलेर आफ्ना समस्या राख्न तथा त्यसको समाधान पहिल्याउन सन्छन्। चेलीबेटी बेचबिखन, बालिका अपहरण, त्यसबाट जोगिने उपायबारे पनि उनीहरूलाई सचेत गराउनुपर्छ। यौन तथा प्रजनन अनि शरीरमाथिको अधिकार सम्बन्धी यस्ता बहसले बालिका तथा किशोरीहरूलाई उनीहरूमाथि हुने यौन दुर्व्यवहार र तत्जन्य उत्पीडनबाट केही हदसम्म भए पनि जोगाउन सक्नेछ।

pratikshagunjan@gmail.com

यसकारण नागपञ्चमीमा जनैपूर्णिमा



प्रा. श्रीकृष्ण अधिकारी

हामी समस्त सनातन धर्मावलम्बी वेद, धर्मशास्त्र र तन्त्रशास्त्रका अनुयायी हौं। हाम्रो संस्कृति र परम्पराको मूल आधार वेद हो। श्रुति, स्मृति र तन्त्रमा आधारित हाम्रो यज्ञ, वेदाध्ययन, पूजा, पाठ त्यो बेला सार्थक र फलदायी हुन्छ, जुन बेला यसलाई प्रयोग गर्नेहरूमा पवित्रता, सदाचार र शास्त्रीय मर्यादा समाहित हुन्छ। प्रत्येक व्यक्ति आफूलाई सदाचारी, पवित्र र शास्त्रानुकूल बनाउन पनि चाहन्छ। तर संसारको माया र मोहले उसलाई भुलाइदिन्छ। परिणामस्वरूप उसमा विभिन्न विकृति देखा पर्छन्। सांसारिक परिपञ्च, व्यावहारिक बाध्यता र अर्थलोलुपतामा जकडिएकाले भक्ष्याभक्ष्यको विचार गर्दैन, सदाचार र सद्व्यवहारलाई लत्याउँछ, शास्त्रीय सीमाको उल्लंघन गर्छ। शास्त्र वर्जित काम गर्नाले तन, मन र जीवन नै दूषित बन्न पुग्छन्। दूषित मनले गरिएका कर्मको परिणाम पनि दूषित नै हुन्छ। सकारात्मक वा नकारात्मक सोचले जीवनका हरेक क्षेत्रलाई प्रभावित गरिरहेको हुन्छ।

विशेषगरी तागाधारीका लागि वर्षदिन भरिको दुष्कर्म, दुराचार, दुर्व्यवहार र दुष्परिणामको निराकरण गरी शक्ति सम्पन्नता र सामर्थ्यशीलताका लागि गरिने गणस्नान, ऋषिपूजन, ऋषितर्पणी, उत्सर्जन, उपाकर्म, नवीन यज्ञोपवीताभिमन्त्रण, धारण र रक्षाबन्धन गर्ने कृत्यलाई जनैपूर्णिमाको कर्तव्य कर्म मानिन्छ। यज्ञयागादिमा प्रमुख रूपमा प्रयोग गरिने यज्ञोपवीत (जनै) मा पनि पवित्रता, प्रभावकारिता र शक्ति सम्पन्नता ल्याउन जनैको अभिमन्त्रण गर्ने शास्त्रीय परम्परा रहिआएको छ। कमलगट्टा, सुन, चाँदी, कपासमध्ये कुनै एकको रेसाबाट धागो निकाली जनै बनाइन्छ। धागोलाई तेब्राउने, त्यसपछि फेरि तेब्राउने, टुप्पाटुप्पीमा पवित्राकारको गाँठो बनाउने अनि यसलाई नियमानुसार शिखा पार्दा अर्थात् पवित्राकार ग्रन्थि बनाउँदा एक्ले जनै बन्छ। यस्ता २ एक्ले जनैलाई १ जनै मानी धारण गरिन्छ। उत्तरीयको सट्टा यसमा १ एक्लेसमेत थपी ३ एक्ले जनै लगाउने चलन पनि छ। शास्त्र अनुसार जनैका ९ तन्तुमा ॐकार, अग्नि, नाग, सोम, पितृगण, प्रजापति, मारुत, सूर्य र सर्वदेवता बसेका हुन्छन्। नियम अनुसार जनै लगाउनाले अभीष्ट फल प्राप्ति हुन्छ। बजारमा राखिएका जनैको पवित्रता भने कति हुन्छ, त्यो विचारणीय विषय हो।

गणस्नान : मध्याहनसम्मको नित्यकर्म समाप्त गरी सबैले सुन्ने गरी उच्चारण गरी अबदेखि पाप गर्ने छैन, गरेको पापलाई परब्रह्म परमात्माले दयासाथ नष्ट गरिदिनुहोस् भनी कायिक, वाचिक र मानसिक रूपमा प्रायश्चित गर्नु नै गणस्नान हो। यसैलाई श्रावणी स्नान पनि भनिन्छ। मन्त्रस्नान, कुश, अपामार्ग, दुबोद्वारा मार्जन, प्राणायाम, सूर्यार्घ, ऋषिपूजन, देव, पितृतर्पण यसका मुख्य कर्म हुन्।

ऋषिपूजन र तर्पण : अनुन्धतीसहित सप्तर्षिहरूको पूजन, तर्पण र स्मरणले पापको प्रायश्चित हुने विश्वाससाथ जनैपूर्णिमाका दिन ऋषिपूजन, तर्पण र ऋषिश्राद्धको परि

शैली संक्षेप

तीज महोत्सव हुँदै

काठमाडौं (कास)- महिला सिर्जनशील केन्द्रले यही साउन २० गतेदेखि २५ सम्मको पाँचदिने १६ औं तीज महोत्सव आयोजना गर्ने भएको छ। केन्द्रले बिहीबार राजधानीमा पत्रकार सम्मलेन गर्दै महिलाहरूको विशेष पर्व तीजको अवसरमा त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा महोत्सव गर्न लागेको जानकारी दिएको हो। विगत १६ वर्षदेखि महिला सिर्जनशील केन्द्रले तीज महोत्सव आयोजना गर्दै आएको छ।

महोत्सवमा महिला उद्यमीहरूले आफ्ना उत्पादित वस्तुहरूलाई प्रदर्शनीमा राख्न सक्ने केन्द्रकी अध्यक्ष मिलु थापाले बताइन्। उनले भनिन्, 'यसको मुख्य उद्देश्य नै महिला विकास र महिलाका सीपमूलक कार्यहरूलाई उजागर गर्नु हो। यो महोत्सव महिला उद्यमीहरूका लागि आफ्नो कला झल्काउने तथा आफ्ना अनुभवहरू एकआपसमा बाँड्ने प्रमुख थलो हो।'

महोत्सवले महिलाहरूलाई आफ्नो व्यक्तित्व, आत्मविश्वास एवं सकारात्मक सोचाइमा वृद्धि गराउन मद्दत गर्दै आएको छ। महोत्सवको मुख्य आकर्षणमा बारा ज्वेलर्सद्वारा हीराको खरिदमा २० प्रतिशत छुट, भीएलसीसीद्वारा फ्री छाला परीक्षण र बीएमआई परीक्षण, ब्लड टेस्ट, ब्लड प्रेसर परीक्षण, सेल्फी कर्नर आदि रहनेछन्। साथै, सनराइज बैंकद्वारा निःशुल्क मेहेन्दी लगाइने व्यवस्था रहेको छ।

महोत्सवमा तीज तथा आउने पर्वहरूका लागि अति आवश्यक सामग्रीहरूसहित पूजाका सामग्री, हस्तकला, साडी, कुर्ता, गिफ्ट सामग्री, मेहेन्दी, होम अप्लाइन्सेस आदि सामग्रीहरूका १०० वटाभन्दा बढी स्टल रहने जानकारी दिइयो। गृहिणीहरूले दैनिक आवश्यक पर्ने सामानहरूको पनि ज्ञान पाउन सक्नेछन् भने खाना पारखीहरूका लागि विशेष तीज परिकारसहित फुड स्टलको पनि व्यवस्था रहनेछ।



तीजलाई सरस्वतीको रक

काठमाडौं (कास)- गायिका सरस्वती लामाले रक शैलीमा 'यसपालिको तीज पनि रकमै जम्ने भो' तीज गीत ल्याएकी छन्। आधुनिक वाद्यवादन पनि प्रयोग गरी गाइएको गीतको म्युजिक भिडियो पनि सार्वजनिक भएको छ।

उक्त गीत परम्परागत तीज गीतभन्दा फरक छ। प्रायः लोक शैलीका तीज गीतहरू सुनिरहेका श्रोताले सरस्वतीको गीतमा फरक स्वाद पाउन सक्छन्। उनले यो गीतमा महिलाका पीडा तथा वेदनालाई समेटेकी छैनन्, उल्टो छोटा पहिरन तथा डिस्कोका कुरा गरेकी छन्। टंक बुढाथोकीद्वारा संगीतबद्ध उक्त गीतको म्युजिक भिडियोलाई विक्रम चौहानले निर्देशन गरेका हुन्।

मादलका चार भाइ

■ सजना बराल

काठमाडौं- वरिष्ठ मादलवादक प्रेमदेव गिरी आफूलाई माइलो भाइ मान्छन्। आफू छेउका न्हुच्छेबहादुर डंगोललाई जेठा र अर्जुन चैनपुरे तथा खड्गबहादुर बूढालाई क्रमशः साइँलो र कान्छो भाइका रूपमा उनले परिचय गराए।

'हामी चार भाइ यसरी भेला भएको पहिलोचोटि हो,' गिरीले भने, 'कस्तो राम्रो मौका मिल्यो।' अनि, उनले हतारिँदै झोलाबाट मोबाइल झिकेर आफूहरूको सामूहिक फोटो खिचिमागे। 'कुनै दिन किताब लेखँ भने यो फोटो काम लाग्छ,' दाह्री-जुँगा सेतै फुलेका गिरी अझ उत्साहित भए, 'यो त ऐतिहासिक अवसर हो हाम्रा लागि। यस्तो मौका फेरि नआउला।' बाँकी मादलवादकहरू पनि होमा हो मिलाइरहेका थिए।

दौरा-सुरुवाल र ढाका टोपीमा ठाँटिएका उनीहरू जमलस्थित सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) मा संलग्न रहेको सालका आधारमा आफूहरूलाई जेठो, माइलो छुट्याइरहेका थिए।

'मैले यहाँ २०१६ देखि २०२८ सालसम्म काम गरेँ, पद्मकन्या क्याम्पसका प्राध्यापकसमेत रहेका डंगोलले भने, 'मपछि प्रेमजी र उहाँपछि अर्जुनजी अनि अहिले खड्गजी आबद्ध हुनुहुन्छ।'

यी चारै दिग्गज मादलवादकहरू बिहीबार आयोजित राष्ट्रिय मादलवादन प्रतियोगितामा निर्णायक हुन नाचघरमै एक ठाउँ भएका थिए। नाचघर र कल्याण शेरचन स्मृति प्रतिष्ठानले गरेको 'नेपाली संगीतमा मादलको ताल र बोलको प्रयोग' विषयक कार्यशाला गोष्ठीमा पनि उनीहरू सहभागी भए।

'मादल हाम्रो लोक बाजामध्येको राजा बाजा हो,' जेठा दाइ उर्फ प्रा. डंगोलले भने, 'तर, यसको प्रवर्द्धनमा हामी चुकिरहेका छौं। सरकारी स्तरबाट यस्ता कार्यक्रम भइरहन आवश्यक छ।' शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास समितिको सदस्यसमेत रहेका डंगोलले मादललाई मूल विषयका रूपमा अगाडि ल्याउन आफूहरूले पहल गरिरहेको बताए।

मादलवादक खड्ग बूढाले भने बाजा सिक्नेहरू प्रशस्तै भए पनि तिनले रोजगारी नपाएकोप्रति ध्यानाकर्षण गराए। 'आजकल रेकर्डिङमा पनि मादल कमै प्रयोग हुन्छ,' उनले भने, 'लोक बाजा संरक्षण गर्नु हाम्रो दायित्व हो भन्ने बिर्सिनु भएन।' नेपाली संगीतमा मादलवादनको स्थिति दयनीय रहेको सुनाउँदै उनले थपे, 'मादलको सट्टा इलेक्ट्रोनिक म्युजिक राखिदिनाले गीतको गुणस्तर त सोत्तर हुने नै भयो, वाद्यवादक पनि हिस्स पर्नु परिरहेको छ।'



नाचघरमा बिहीबार आयोजित राष्ट्रिय मादलवादन प्रतियोगितामा निर्णायकका रूपमा वरिष्ठ मादलवादकहरू (बायाँबाट) न्हुच्छेबहादुर डंगोल, प्रेमदेव गिरी, अर्जुन चैनपुरे र खड्गबहादुर बूढा। तस्बिर : कान्तिपुर

> मादल हाम्रो लोक बाजामध्येको राजा बाजा हो। तर, यसको प्रवर्द्धनमा हामी चुकिरहेका छौं।
> *न्हुच्छेबहादुर डंगोल*
> वरिष्ठ मादलवादक

> देशको चिनारी भाषा, भेष, साजबाजमा निर्भर हुन्छ। प्रत्येक नेपालीले कम्तीमा कुनै एउटा लोक बाजा बजाउन जाने भने राम्रो हुन्छ।
> *प्रेमदेव गिरी*
> वरिष्ठ मादलवादक

विसं २०४३ देखि मादलवादन सिकाउँदै आएका अर्जुन चैनपुरेचाहिँ अहिलेका युवा पाश्चात्य संगीतमा बढी मोहित भएको देखेर छक्क छन्। आफूले विदेशीलाई समेत मादल बजाउन सिकाएको भन्दै उनले आफूलाई बरु विदेशीले चिन्ने तर नेपालीले वास्ता नगरेकोमा चित्त दुखाए। 'मेरो जीवन संघर्ष र संगीतमै गुज्रिरहेको छ,' कार्यक्रमको लागि भनेर पोखराबाट राजधानी आइपुगेका उनले भने, 'मादल मेरो प्राण, पौरख सबै हो। मभित्र मादल र मादलभित्र म छु जस्तो लाग्छ।'

सुर्खेतदेखि निम्त्याइएका गिरीले भने मादललाई नेपालीहरूको जीवन पद्धति भन्न रुचाए। ग्रामीण क्षेत्रमा यो अझै पनि समाजको अंग रहेको उनले बताए। 'आदिम युगदेखि नै हामीकहाँ मादल बजाउन थालिएको हो,' उनले भने, 'कुनै आँगनबाट बजाउन थालिएको यो बाजा क्रमिक रूपमा विकास हुँदै गयो। यो हाम्रो राष्ट्रिय लोक पहिचान हो।' प्रत्येक नेपालीले कम्तीमा एउटा लोक बाजा बजाउन सिक्नुपर्ने गिरीको मान्यता छ। भने, 'देशको चिनारी भाषा, भेष, साजबाजमा निर्भर हुन्छ। प्रत्येक नेपालीले कम्तीमा कुनै एउटा लोक बाजा बजाउन जाने भने राम्रो हुन्छ।'

CALL FOR "EXPRESSION OF INTEREST" - Radio Program

Health for Life is a project financed by USAID and working in coordination with the Government of Nepal's Ministry of Health (MoH) to support the testing and roll-out of national-level policies, guidelines, and programs. In addition to its national focus, the project works at the district level in 14 districts in the Mid-Western and Western regions, where it strengthens district and village health systems and helps to identify and implement best practices. After the devastating earthquakes in April and May 2015, Health for Life began supporting the MoH in 10 of the 14 most-affected districts to improve health system governance, improve evidence-based planning, budgeting and policy making, and to institutionalize a national system for quality assurance and improvement. Additionally, Health for Life also works in 4 districts (Jhapa, Kailali, Chitwan and Kaski) supporting the Social Health Security Program of the MoH.

Under its media mix strategy and priority to address the communication/ information needs of targeted populations, particularly the marginalized and disadvantaged groups, Health for Life intends to subcontract an organization to support 14 local radio stations to conduct a) Radio Bahas, a local health governance program in 14 Health for Life Core districts; b) Jeevan Kalagi Swasthye, a maternal, newborn and child health magazine-format radio program in 14 Health for Life Core districts; and c) design and air promotional radio messages and programs on the National Social Health Security Program in Kaski, Chitwan, Jhapa and Kailali for duration of 6 months. Upon selection, the organization will coordinate with the local municipalities and District (Public) Health Offices in Health for Life's Core and SHSP districts to design and conduct all three radio programs with desired outcomes.

Interested organizations should submit their **"Expression of Interest"** at **marora@np-h4l.rti.org** with the following documents to be received in electronic copy no later than **Monday, 06 August 2017**.

a) Organization/Company Profile (including equipment and HR)
b) Past Experience working for multilateral, bilateral and I/NGOs in similar projects
c) Organization/company registration certificate with applicable renewal
d) List of previous clients
e) A copy of VAT registration certificate
f) Tax clearance certificate

Only shortlisted organizations will be contacted and a Request for Proposal (RFP) will be shared for further process. Health for Life project deserves the right to reject any EOI without giving any reason, whatsoever.

MERCY CORPS

Vacancy Announcement

Mercy Corps is an international, non-governmental humanitarian relief and development agency that exists to alleviate suffering, poverty and oppression by helping people build secure, productive, and just communities. Mercy Corps works in more than 40 countries, and has been present in Nepal since 2005. In Nepal, Mercy Corps works to build the absorptive, adaptive, and transformative potential of vulnerable individuals and communities across the country. Through a systems-based approach to market development, financial services access, disaster risk reduction, climate change adaptation, and youth engagement, Mercy Corps builds resilience among target communities.

Mercy Corps invites applications from all interested and potential Nepali candidates for the following positions:

1. **Sr. MEL Officer-1 (based in Dhangadhi with frequent travel to fields)**
2. **Livelihoods Development Advisor -1 (based in Dhangadhi frequent travel to fields)**

Please refer to nepal.mercycorps.org for the full position description before applying.

"Fostering a diverse and open workplace is an important part of Mercy Corps' vision, and we encourage people from all backgrounds, especially women and members of disadvantaged groups to apply. Mercy Corps is an Equal Opportunity Employer".

Interested candidates are requested to submit cover letter and Mercy Corps Application Form available at http://nepal.mercycorps.org by COB Aug 03, 2017 to the address below:

Only shortlisted candidates will be contacted for further selection process. Telephone enquiries will not be entertained.

Attn: Human Resources Department
[Please mention the title of the Position on the subject line of the e-mail while applying]
Email to: np-jobs@mercycorps.org

कविता कन्सर्ट



■ नारायण खड्का

अस्ट्रेलिया- सांगीतिक कन्सर्टहरू मात्र हुँदै आएको अस्ट्रेलियामा पहिलोपटक कविता कन्सर्ट भएको छ। कविता कन्सर्टमा सहभागी थिए कवि नवराज पराजुली र बाँसुरीवादक सम्यक महर्जन।

कवि पराजुलीले क्यानबेरा, सिडनी र पर्थमा साहित्यिक कन्सर्ट सकेका छन्। अन्य सहरमा हुने बाँकी छ। 'सगरमाथाको गहिराइ' कविता संग्रहका सर्जक उनको सांगीतिक कविता प्रस्तुति दर्शकश्रोताहरूका लागि रोचक बन्यो। मेलबर्नको सोलाञ्चर समूहले भित्र्याएको पहिलो कविता कन्सर्टबाट यहाँका दर्शकश्रोताले भरपुर मनोरञ्जन लिए।

तीन सहरमा कार्यक्रम सकेपछि पराजुली र महर्जन मेलबर्न, ब्रिसबन र एडिलेडमा प्रस्तुत हुँदै छन्। २०४ औं भानु जयन्तीको अवसर परेर आयोजना गरिएको यो कार्यक्रमलाई यहाँका दर्शकले अत्यन्तै मन पराएको आयोजकले बतायो। युवाकवि पराजुलीले 'हेप्पी बर्थडे' कविता सुनाउँदा दर्शकश्रोताहरू भावुक बनेका थिए। उनका 'खोया,' 'सगरमाथाको गहिराइ' कविता पनि बढी रुचाइए।

'कविताको कन्सर्ट पनि सांगीतिक कन्सर्टभन्दा रमाइलो हुन्छ भन्ने थाहै थिएन,' सिड्नीका आयोजक अनेसासका महासचिव महेश्वर शर्माले भने।

बर्गिकृत डिस्प्ले

ज्योतिष
गुरु तिर्थराज निरौला
(हस्त रेखा-चिना विशेषज्ञ)
पुस्तौंदेखि सेवा प्रदान गर्दै आउनुभएका गुरुबाट तपाईको अध्ययन, व्यापार, परिवार, विदेशयात्रा - रोजगार, प्रेम, विवाह, श्रीमान-श्रीमती सम्बन्ध, लक्की नम्बर, बार, सन्तान, ग्रहदशा, रोग, मुद्दामामिला, झगडा, वास्तु (घर/अफिस), भूत, वर्तमान, भविष्य सम्बन्धी समस्याको समाधान गरेर जीवन सुखी बनाउनुहोस्।
G5 (ग्राउण्ड फ्लोर) सृष्टि भवन, सिद्धिवरणचोक, धर्मपथ
(जुद्ध सालिकको दक्षिणतर्फ) न्यूरोड, काठमाडौं
Ph: 4247792, Mob: 9851001397
सबै ठाउँबाट निराश व्यक्तिले पनि भेटेर लाभ उठाउनुहोस्।

एक्साभेटर अप्रेटर तालिम (निशुल्क होस्टेल)

सम्पर्क ९८५१२१७२७३ ९८६०३५३२७३

ड्राइभर चाहियो
■ टाटा DI
- मासिक रु.२०,०००/-
■ मारुती भ्यान
- मासिक रु.१५,०००/-
शंखमुल, काठमाडौं
९८०११२१४१८

मंगलबजारमा सटरहरु भाडामा
टुरिज्म सेक्टरलाई हुने तथा नेपालमा बनेको बस्तुलाई उपयुक्त हुने सटरहरु भाडामा छ।
Contact:
9840364767
9851239177

घर बिक्रीमा
गोदावरी टैखेलमा ५ आनामा बनेको २५ तल्लेको पार्किङ भएको घर मूल्य रू. १,७५,००,०००

सम्पर्क: 9818380856/9841260131

Wanted
Anupam HSBS, Lazimpat requires
Lower Secondary
Computer & English Teacher
• Reasonable Salary
Contact:
01- 4434165, 9841732564

VACANCY
Hiring for upcoming café in Nagpokhari, Naxal.
Waiters – 4
(Male or Female)
Cook – 2
(Continental & Indian Cuisine)
Kitchen Helper – 2
Kitchen back area staff – 1
Contact: 9843421170

जस्तोसुकै कुलत-मुक्ति
Not For Medicinal Use
जाँड-रक्सी, चुरोट, इस्स जस्ता अन्य कुलत थाहै नदिइ छुटाउन
यौन कमजोरी हटाई, जहाँ र जहिले पनि शिघ्रस्खलन रोक्न, उत्तेजना, लिङ्गको साइज बढाउन विश्वस्तरिय हर्बल सप्लिमेन्ट
हाईट बढाउन STEP-UP
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना, हिपथाई महिलाको पेट तथा छातीमा बढाउन घटाउन देखिने सेतो धर्सा हटाउन
कपाल झर्न रोकी पुन: उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower, 9808650895
9868200286, 01-2298352

STEP UP हाइट बढाउने
Not for Medicinal use
Fair Look, चायाँ-पोतो हटाउने
स्तन बढाउने, घटाउने, कपाल उमार्ने-Hair Building Fiber
मोटोपन घटाउने, बढाउने, थाहा नपाई जाँड रक्सी चुरोट छुटाउने, यौन समस्याहरु Free Delivery
Global Fitness Shop
चावहिल (मेडिकेयर अगाडी)
9851057631, 4461711
9803464971, 9851057632

कपाल उमार्न
यौन शक्ति बढाउन, शिघ्रस्खलन रोक्न, लिंगको साईज बढाउन व्यायाम उपकरण फ्रिम
• मोटोपना घटाउन-बढाउन | १५ दिनमा ७ के.जी.
• स्तन बढाउन, घटाउन, टाईट गर्न | सम्म तौल घटाउन
पेट-घटाउन | पेटको धर्सा हटाउन
हिपथाई बढाउन घटाउन | योनी टाईट गर्न
जाँड-रक्सी, चुरोट, गाँजा र इस्स जस्ता अन्य कुलत थाहा नदिई छुटाउन
चाँयापोतो डण्डिफोर हटाउन | अनुहारको चाउरीपन हटाई गोरो बन्न
हाइट-बढाउन
SEX-TOYS पनि पाईन्छ
नेपाल सरी फ्रि-होम डेलीभरीको सुविधा छ / Not For Medicinal Use
लगनखेल/थसिखेल 9851179040 | सुन्धारा 9851061246

निर्माणको लागि सम्पर्क
घर भवन निर्माण, पूनःनिर्माण, भुकम्पपछि चर्किएका, भत्किएका घर भवनहरुमा ग्राउटिङ, वाटरप्रुफ,रेक्टोफिट, प्लम्बिङ, वायरिङ,ट्रस निर्माण,बगैचा निर्माणको साथै ग्रिल सम्बन्धी कार्यका लागि सम्पर्क राख्नुहोला।
अल ओमर कन्स्ट्रक्सन प्रा. लि.
चावहिल, काठमाडौं
सम्पर्क: ०१-४४८०७८६
९८५१०४४४३१, ९८४१२०२९८०

शक्ति वर्दक Oil
Not for Medicinal use
लिंगको समस्यामा सुधार पार्न मलेसियन सरकारबाट मान्यता प्राप्त Diem Oil को साथै SEX POWER बढाउन थेरापी, पद्धती द्वारा गराइने उपकरण Handsome up, र फ्रिम उपलब्ध All Nepal Free Delivery
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारी बैंक पछाडि 4168061
9851014602
नयाँबसपार्क 9851073780

सुपर शक्ति
जस्तो सुकै यौन समस्या र दुर्बलताको लागि १ पिसले १ हप्तासम्म यौनशक्ति बढाउन, शिघ्र स्खलन रोक्न र लिङ्गको साईज बढाउन (८० वर्ष सम्म हुने)
जाँडरक्सी, चुरोट-गाँजा जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
•मोटोपना बढाउन घटाउन, हाईट बढाउन
•स्तन बढाउन-घटाउन, टाईट गर्न
•चाँयापोतो डण्डिफोर र दाग हटाई गोरो बन्न
•कपाल झर्न रोकी पुनः उमार्न, पेटको धर्सा हटाउन
•अनुहारको चाउरीपना हटाउन
•पुरुष तथा महिलाको Toys पनि उपलब्ध छ।
सगरमाथा हर्बल
ग्यारेन्टी राणा सिनेमा सँगै
नेपाल भरि फ्रि-होम डेलीभरीको सुविधा छ / Not For Medicinal Use
9863807098, 9813974488

Bajaj 2-Wheeler मा आवश्यकता
1. Sales Personals——2
+2 Pass, License Compulsory
2. Asst. Accountant——1
Excel, Tally, Knowledge
3. Service Supervisor——1
Automobile / Mechanical Overseas
Min 1 year Experience in Related Filed
4. Spare Personals——2
Excel, Tally, License,
5. मेकानिक्स——2
6. हेल्पर/वासिङ्ग——2
Maharajgunj, Kathmandu
T: 01-4720809, E: shublink@gmail.com

विक्रिमा
प्लास्टिक HM/PP/LD काटने कटिङ्ग, सिलिङ्ग मेशिन, डबल Servo भएको मुल्य ४,००,०००/- २ सेट
9862854698
9802054698

WANTED
*Senior Operation manager
*Marketing officer (bike licence holder)
*Senior Accountant (male/female)
*Driver 6 person (heavy and light)
Needed urgently for transportshire.com at Kalopol, Chabel
Note: minimum 3 years of experience in related field.
Salary and service will be negotiable
contact: 9802021800
4480890, 4480830
E-mail: nepalcts1@gmail.com

घर जग्गा चाहियो
रिङ्गरोड भित्र वा रिङ्गरोडको आसपासमा १.५ करोड देखि ३ करोडसम्मको घर वा जग्गा चाहियो।
सम्पर्क:
९८४१९५५९९५८

पेट घटाउन हाईट बढाउन
Not For Medicinal Use
•अनुहारको: चाँया-पोतो, डण्डीफोर, दाग हटाउन
•स्तन: बढाउन, घटाउन
•कपाल झर्न रोकी पुनः उमार्न
जाँडरक्सी चुरोट खैनीको कुलत थाहै नदिई छुटाउन साथै जस्तोसुकै यौन समस्याहरुको उचित समाधान
दिव्य टेलिशप : कोटेश्वर
फोन: 9813723372
9840450027
Free Home Delivery

STUDY, WORK, VISIT Poland & Japan
Language: Korean, Japanese, English
Choicepoint Educational Consultancy
Kalanki, Kathmandu
01-5218652, 9841510662

सेक्युरिटी आवश्यकता
तालीम नगरेका मात्र
Mercy Corps Nepal works to build the absorptive, adaptive and transformative potential of vulnerable individuals and communities across Nepal. The goal is attained through a systems based approach to market development, financial services, disaster risk reduction, climate change adaptation and youth engagement. Mercy Corps began its operation in Nepal in 2005, with projects focusing on the sectors of economic and food security; climate, natural resource and disaster risk management; youth engagement; with the inclusion of women and disadvantaged groups as important cross-cutting themes throughout each intervention area.

Promoting Agriculture, Health and Alternative Livelihood (PAHAL) is a five-year USAID initiative designed to strengthen livelihoods, improve nutritional status and increase the capacity of vulnerable households to mitigate, adapt to and recover from shocks and stresses. Mercy Corps and its partners target individuals, households, communities, and systems to help build the resilience of up to 160,000 households, in 14 food-insecure districts in Nepal. The interventions focus in the Far and Mid-West districts of Achham, Baitadi, Bajhang, Bajura, Dadeldhura, Darchula, Dailekh, Doti, Jajarkot, Pyuthan, Rolpa, Rukum, Salyan, and Surkhet.

PAHAL invites expression of interest from firms/organizations for Mid-Term Evaluation of Promoting Agriculture, Health and Alternative Livelihood (PAHAL) Program. Interested and experienced firms/organizations may download an electronic statement of work and tender documents from **nepal.mercycorps.org** and submit the tender in a sealed envelope with signature, date and stamp with a subject: Procurement Department – "Sealed Tender for Mid-Term Evaluation" by August 14, 2017 not later than 4:00 p.m. in the Mercy Corps, Sanepa Chowk, Lalitpur, Nepal.

Interested firms/organizations are also invited to a clarification meeting on the August 3, 2017 at 2:30 p.m. for an opportunity to clarify any queries on the Statement of Work and Tender Documents before submitting sealed tender. Please register your submission of sealed tender at the front desk of Mercy Corps office.

Mercy Corps reserves the right to accept or reject any or all proposals without assigning any reason.

नेपाल सरकार
शिक्षा मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना
वुद्धनगर, काठमाडौं

छात्रवृत्तिको लागि प्रारम्भिक छनौटको मूल सूची तथा वैकल्पिक सूचीको नतिजा प्रकाशन गरिएको सूचना

यस परियोजनाबाट आ.व.२०७४/२०७५ मा TSLC १८ महिने कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरुबाट PMT फाराम Online मार्फत भर्न लगाई PMTscore का आधारमा मिति २०७४/०४/१० को छात्रवृत्ति छनौट समितिको निर्णय अनुसार ५०४ जना विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि प्रारम्भिक छनौट गरिएकोछ। साथै १६५० जना विद्यार्थीहरुलाई प्रारम्भिक छनौटको वैकल्पिक सूचीमा राखिएको छ। छात्रवृत्तिको नतिजा यस परियोजनाको वेवसाईट www.event.gov.np बाट हेर्न सकिने छ। प्रारम्भिक छनौटको मूलसूची तथा प्रारम्भिक छनौटको वैकल्पिक सूचीमा परेका विद्यार्थीहरुले देहाय अनुसार गर्नुहुन अनुरोध छ।

- TSLC १८ महिने कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरुले CTEVT बाट लिईएको प्रवेश परीक्षामा उत्तीर्ण गरी आफुले चाहेको संस्थामा भर्ना भईयस परियोजनाको वेवसाईट www.event.gov.np बाट छात्रवृत्ति आवेदन फाराम डाउनलोड गरी विद्यार्थी आफैले भरी अध्ययन गर्ने संस्थामा बुझाउनु पर्नेछ।
- छात्रवृत्ति आवेदन फाराम सम्बन्धित संस्थाहरुले भाद्र मसान्तसम्म परियोजनामा उपलब्ध हुने गरी पठाउनु पर्ने छ। तोकिएको समयमा प्रारम्भिक छनौटको मूल सूचीमा रहेका ५०४ जनाको आवेदन उपलब्ध नभएमा बाँकी रहेको संख्यामा प्रारम्भिक छनौटको वैकल्पिक सूचीबाट प्राप्त आवेदनहरुमध्येबाट वैकल्पिक सूचीको क्रमानुसार छनौट गरिने छ।

थप जानकारीको लागि:
परियोजना सचिवालय
वुद्धनगर, काठमाण्डौ
फोनं : ९७७-१-४७८६३११,९७७-१-४७८६४११
टोल फ्रि नं. १६६००१६७७७७
इमेल : info@event.gov.np
वेवसाइट : www.event.gov.np

दि नेपाल डिष्टिलरीज प्रा. लि.
बालाजु, काठमाण्डौ

मूल्य सूची सम्बन्धी सुचना

यस दि नेपाल डिष्टिलरीज प्रा.लि. ले २०७४ जेष्ठ २२ गते कान्तिपुर दैनिकमा यस कम्पनीबाट उत्पादित विभिन्नब्राण्डका मदिराहरुको मूल्य सूची प्रकाशित गरिसकेको छ। सो मूल्य सूची यस आ.ब. ०७४।०७५ को लागि समेत यथावत् कायम गरीएको हुंदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशिन गरीएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

NIC ASIA Bank Ltd.
Registered Office, Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79, Fax No.: +977-01-5111180
Toll Free No.: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

INVITATION FOR SEALED BIDS

NIC ASIA Bank solicits sealed bids from interested parties for interior construction/ civil works as well as electrical & allied works to be executed for its proposed new branches at Gorkha bazar- Gorkha, Kothihawa-Rupandehi, Amarapuri-Nawalparasi, Drivertole-Rupandehi, Buddhachowk-Bhairahawa, 4 Number Chowk-Rupandehi and Regional Office at Nepalgunj-Banke.

In addition, the Bank also re-solicits sealed bids from interested parties for procurement of CCTV (digital systems), Computers and Laptops (first notice published on June 15, 2017) and Fire/Hooter Alarm Systems (first notice published on June 15, 2017 and second notice published on July 9, 2017).

Further details can be found on www.nicasiabank.com/about-us/notice heading "Invitation for Sealed Bids for Interior Construction" and "Re-invitation of sealed bids for procurement of Various Items".

- Sealed bids for construction are to be submitted within close of business on August 13, 2017.
- Sealed bids for various items are to be submitted within close of business on August 05, 2017.

The Banker Bank of the Year 2007 NEPAL | The Banker Bank of the Year 2013 NEPAL | ISO 9001 Certified Bank

बैंक पनि, साथी पनि

नेपाल स्वास्थ्य व्यवसायी परिषद्
(नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन,२०५३ बमोजिम स्थापित)
बाँसबारी, काठमाडौंको

स्पष्ट गरिएको सूचना

यस परिषद्बाट मिति २०७४ असार ३१ गते र मिति २०७४ श्रावण ६ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार नेपाली नागरिकले विदेश अध्ययन गर्न जाँदा परिषद्बाट लिने अध्ययन सहमति पत्र लिएर मात्र जाने प्रावधान रहेकोमा मिति २०७२ भाद्र ३१ गते अगाडी शैक्षिक संस्थामा भर्ना भएका विद्यार्थीहरुको हकमा अध्ययन सहमती पत्र आवश्यक नपर्ने व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ।

रजिष्ट्रार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुरको

२०७४ साउन १४ गते बिहान ७ बजेदेखि संचालन हुने वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रवेश परीक्षा सञ्चालन सम्बन्धमा अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०७४/०४/१३

परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७४ श्रावण १४ गते शनिवार बिहान ७:०० बजे देखि संचालन हुने प्रमाणपत्र/डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ती प्रवेश परीक्षा सञ्चालन हुने परीक्षा केन्द्रहरुमा परीक्षा संचालन, व्यवस्थापनका लागि प.नि.का. बाट खटिइनु भएका केन्द्राध्यक्ष, निरीक्षक, वाह्य सुपरीवेक्षक, पर्यवेक्षक, कर्मचारी र परीक्षार्थीहरुलाई परीक्षा संचालन अवधिभर परीक्षा हलभित्र क्यामेरा, मोबाइलफोन, स्मार्टवाच लगायत विद्युतिय/इलेक्ट्रोनिक्स उपकरणहरु साथमा लिई प्रवेश परीक्षाहल भित्र लैजान निषेध गरिएको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

-परीक्षा नियन्त्रक

४ दिनमा ९ अर्बका चेक साटिए

कान्तिपुर संवाददाता

काठमाडौं- असारमा काटिएर लेनदेन गर्न बाँकी रही सरकारी घर्रामा थन्किएका चेक साटिने क्रम सुस्त देखिएको छ। महालेखा नियन्त्रकको कार्यालयका अनुसार करिब ३८ अर्ब रुपैयाँको चेक अझै साट्न बाँकी रहेको छ। सरकारी कर्मचारी र सेवा प्रदायकबीच 'लेनदेन' मिलाउन असारमा काटिएका चेक साटिने क्रम सुस्त देखिएको हो। महालेखा नियन्त्रकको कार्यालयले जनाएअनुसार गत ८ गतेसम्म ४७ अर्ब रुपैयाँको चेक साटिन बाँकी थियो। 'हिजो (बुधबार) सम्म ३८ अर्ब रुपैयाँ साट्न बाँकी देखिएको छ,' महालेखा नियन्त्रक राजेन्द्रप्रसाद नेपालले कान्तिपुरसित भने। उक्त आधारमा ६ देखि ११ गतेसम्म ९ अर्ब रुपैयाँ बराबरको चेक मात्रै साटिएको देखिन्छ। 'आज (बिहीबार) साटन बाँकी चेकको संख्या अझै घट्यो। आइतबारसम्म निकै घट्ने अनुमान गरेका छौं,' उनले भने।

बैंक क्लियरेन्स (राफसाफ) मा समय लाग्ने भएकाले साटिँदै गरेको रकम अभिलेखमा देखिँदैन। सरकारी निकायको चेक साट्ने अवधि ३० दिनको हुन्छ। 'तर, कोष तथा लेखा नियन्त्रक (कोलेनिका) को कार्यालयमा काटिसकेका कुनै पनि चेक रहँदैनन्,' नेपालले भने। कोलेनिकाबाट काटिइसकेको तर सरोकारवाला निकायमा सरकारी अधिकारी र भुक्तानी लिनुपर्नेहरूबीच लेनदेन बाँकी नै रहेकाले चेक साटिन बाँकी रहेका हुन्। सरकारी काम गरेबापत भुक्तानी दिने समयमा कर्मचारीले ठेकेदार वा परमर्शदातासँग निश्चित प्रतिशत कमिसन लिने विषय अनौपचारिक रूपमा स्थापित नै भइसकेको छ। विकास निर्माणका काममा यस्तो कमिसनको प्रतिशत उच्च छ। कार्यालय प्रमुख, लेखापाल, प्राविधिकलाई निश्चित प्रतिशत यस्तो कमिसमसन ठेकेदार वा परामर्शदाताले बुझाउनुपर्ने हुन्छ।

कामको प्रकृतिअनुसार कमिसनको प्रतिशत तय हुने गरेको समय समयमा सार्वजनिकसमेत हुँदै आएको छ। यही लेनदेनका कारण उक्त चेकहरू साटिन बाँकी रहेको अनुमान गरिएको हो। अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, कोष तथा लेखा नियन्त्रक तथा सरोकारवाला सरकारी निकायहरूले चेक नसाटिनुका विभिन्न कारणहरू देखाए पनि ठेकेदार वा अन्य सेवा प्रदायक र सरकारी अधिकारीबीच चलखेल भइरहेको बुझ्न सकिन्छ। चेक साट्न बाँकी रहेकामध्ये केहीको समस्या रहे पनि अधिकांश सम्बन्धित कार्यालय प्रमुख, लेखापाल वा इन्जिनियर र ठेकेदारबीचको अतिरिक्त लाभको विषयमा अडकिएका हुन्। उक्त लेनदेन पछि सम्बन्धीतलाई भुक्तानी दिने चलन रहेको पूर्वप्रशासकहरूले बताउँदै आएका हुन्। लेनदेन वा अन्य कारणले चेक काटिएको अवधि ३० दिन कटेमा उक्त रकम स्वत: फ्रिज हुने महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

सरकारी काम गरेपछि सम्बन्धित कार्यालयले विवरणहरूसहित चेक काट्नका लागि जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा पठाउँछ। उक्त विवरणको आधारमा कोलेनिकाले चेक काटी सम्बन्धित कार्यालयमा पठाउँछ। तर, लेनदेनका लागि सम्बन्धित कार्यालयले कोलेनिकाबाट चेक काटे पनि सम्बन्धित कार्यालयको घर्रामा राखेका हुन्छन्। चेक थन्काएर अतिरिक्त रकम माग गर्ने भयावह अवस्था बढेकाले २०५७ देखि सरकारी चेक एक महिनाभित्र साटिसक्नुपर्ने व्यवस्था गरिएको थियो। सोही बेलादेखि असार २५ गतेपछि चेक काट्न नपाइने व्यवस्था पनि गरिएको छ। तर, पनि अतिरिक्त लाभको प्रवृत्ति हट्न सकेको छैन। 'यसबारे राष्ट्रिय सतकर्ता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबारसम्म कुनै अनुगमन तथा चासो देखाएका छैनन्,' महालेखा नियन्त्रक कार्यालयका अर्का एक अधिकारीले भने।

यसबारे संसद्को अर्थ समितिले गत मंगलबार छलफल गरी केही निर्देशन सरकारलाई दिए पनि अध्ययन भने गर्न सकेको छैन। समितिले चेक काटिएपछि हुने लेनदेन निरुत्साहित गर्न ई-पेमेन्टबाट रकम भुक्तानी गर्न निर्देशन दिएको छ। 'नेपाल सरकारबाट हुने भुक्तानीलाई विद्युतीय प्रणालीमार्फत गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,' १० गतेको बैठकपछि गरिएको निर्णयमा भनिएको छ।

साथै समितिले आर्थिक वर्षको अन्तिम महिनामा हतारहतारमा काम गर्ने, गुणस्तरको काम नहुने, असार अन्तिममा काटिएका चेक भुक्तानी नहुने र बजेट दुरुपयोग हुने प्रवृत्तिलाई अन्त्य गर्न कार्यतालिकाअनुसार कडाइका साथ काम गर्ने गराउने, नियमित अनुगमन प्रणाली व्यवस्थित गर्न सरकारलाई निर्देशन दिएको छ। 'काटिएका चेकहरू तत्काल सटही गर्न सम्बन्धित कार्यालयहरूलाई निर्देशन दिन अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउनुका साथै काटिएको तर सटही गर्न बाँकी रहेका कार्यालयहरू तथा रकमको विवरण तत्काल समितिमा उपलब्ध गराउने निर्देशन दिने,' समितिको निर्णयमा भनिएको छ।

लुम्बिनीको सडक ४ लेन बन्दै

कान्तिपुर संवाददाता

बुटवल- बुद्ध जन्मस्थल लुम्बिनी वरपरको सडक फराकिलो बनाउन थालिएको छ। बृहत् लुम्बिनी चक्रपथ आयोजनाअन्तर्गत डिभिजन सडक कार्यालयले ४ लेन निर्माण गर्न थालेको हो।

डिभिजन सडक कार्यालय बुटवलका प्रमुख मेघराज मरासिनीका अनुसार बीचमा डिभाइडर हुनेछ। डिभाइडरका दायाँबायाँ २/२ लेन सडक बन्ने भएको हो। सडक ६५ फिट चौडाइको हुनेछ। सुरुमा पर्सोचोकबाट पूर्वी गेट हुँदै पडरिया चोकसम्म सडक विस्तार गरिने जनाइएको छ। यो सडक साढे ५ किलोमिटर छ। त्यसका लागि ४० करोड रुपैयाँ विनियोजन भएको कार्यालयले जनाएको छ। बहुवर्षीय क्रमागत आयोजनाअन्तर्गतको सडक अघिल्लो असारमा ठेक्का लागेको थियो। अर्घाखाँची बाबुल जेबीले साढे २ वर्षभित्रमा सक्ने गरी ठेक्का लिएको कार्यालयका प्रमुख मरासिनीले बताए। लुम्बिनी क्षेत्र वरपर १२.८ किलोमिटर सडक छ। आगामी वर्षदेखि क्रमश: सबै सडक ४ लेन बनाउन थालिने उनले जानकारी दिए।

चक्रपथ आयोजनाले लुम्बिनी क्षेत्रको मात्रै होइन, लुम्बिनी अञ्चलकै ६ जिल्ला जोड्ने सडक ४ लेनको बनाउन थालिने कार्यालयका प्रमुख मरासिनीले बताए। लुम्बिनीबाट भैरहवा हुँदै नवलपरासीको परासीमा ४ लेन सडकले जोडिनेछ। परासीबाट त्रिवेणी, दुम्कीवास, गैंडाकोट हुँदै पाल्पाका रामपुर पनि जोडिने उनले जनाए। रामपुरबाट गुल्मीको रिडी तम्घास हुँदै अर्घाखाँचीको सन्धिखर्क जोडिने सडक पनि ४ लेनको हुने भएको हो। सन्धिखर्कबाट कपिलवस्तुको गोरुसिंगे, तौलिहवा हुँदै लुम्बिनी जोडिनेछ। लुम्बिनीलाई केन्द्र भागमा राखेर आसपासको क्षेत्रको सडक स्तरोन्नति गरी पर्यटन प्रवर्द्धन गर्न आयोजनाले सुरुवात गरेको उनले बताए।

घर भाडामा चाहियो

लैनचौर, लाजिम्पाट, नक्साल, खुसिबु, सामाखुसी लगायत क्षेत्रमा कलेज संचालनको लागि उपयुक्त १५ देखि २० कोठा सम्म भएको पार्किङ सहितको घर भाडामा चाहियो ।

सम्पर्क ९८४१३४११४० ९८५१०५८८०६

ग्यास उद्योग...

उद्योगीहरू पनि शाखा खोलेर ग्यास आयात गरी वितरण गर्न आवश्यक प्रडक्ट डेलिभरी अर्डर (पीडीओ) लिन रकम बुझाउनुपरेको दाबी गर्छन्। 'शाखाको अनुमति लिन नगद करिब ८ लाख बुझाएको छु' एक ग्यास उद्योगीले भने, 'नगदबिना कुनै काम हुँदैन।' ती व्यवसायीका अनुसार शाखा अनुमतिका लागि प्रत्येक उद्योगसँग मोलमोलाइ गरेको थियो। १७ उद्योगबाट १ करोड ७५ लाखभन्दा बढी रकम उठाएको अर्का एक उद्योगीले बताए। ती अधिकारीका अनुसार नयाँ उद्योग खोल्नका लागि सञ्चालक समितिबाट स्वीकृति गराउनुपर्छ। तर, शाखाका लागि महानिर्देशक/कार्यकारी निर्देशकको एकल निर्णयले दिन सकिन्छ। निगमका कार्यकारी निर्देशक गोपाल खडकाले निर्णय गरेर अनुमति दिएको निगमका अधिकारीहरू बताउँछन्। उद्योग विभागबाट लाइसेन्स प्राप्त गरेपछि पीडीओ अनुमतिका लागि निगमसँग स्वीकृति माग्नुपर्छ।

निगमका एलपी ग्यास विभाग निर्देशक दीपक बरालका अनुसार नयाँ ग्यास उद्योग अनुमति भने रोक्का नै छ। कुनै व्यवसायीले नयाँ ग्यास उद्योगका लागि स्वीकृति लिन खोज्दा एलपी ग्यास उद्योग संघले विरोध गर्दै आएको छ। जानकारहरूका अनुसार शाखा खोल्नु भनेको नयाँ उद्योग सञ्चालन गर्नुसरह हो।

शाखा सञ्चालन गर्दा सबै पूर्वाधार रिफिलिङ प्लान्ट, सुरक्षाका उपकरण सबै अपनाउनुपर्छ। तर, संघको समेत मिलेमतोमा भित्रभित्रै शाखा सञ्चालनको अनुमति लिएका हुन्। निगमले पनि लाखौं रुपैयाँ माग्ने गरेको अर्को एक उद्योगीले बताए। 'अनुमतिका लागि स्वीकृति माग्दा सीधै पैसा माग्ने गरेका छन्। अराजकता धेरै छ। नीति/नियममा चल्न सकेको छैन,' ती उद्योगीले भने।

ग्यास बिक्रेता महासंघका महासचिव चन्द्रबहादुर थापाले ग्यास खपत र आवश्यकताको आधारमा मात्रै स्वीकृति दिनुपर्ने बताए। नयाँ उद्योग र शाखा दुवै रोक्नुपर्ने उनले बताए। 'भारतमा करिब ४ वटा मात्रै ग्यास बोटलिङ कम्पनीहरू छन्। नेपालको हकमा जनसंख्या थोरै छ तर ग्यास कम्पनी ५५ वटा छन्। केही कम्पनी अनुमतिको पर्खाइमा छन्,' महासचिव थापाले भने, 'सरकारले एकातर्फ नयाँ सञ्चालन गर्न नदिने भन्दै आएको छ। अर्कोतर्फ शाखाको नाममा जिल्लामा खोल्ने तयारी गरिरहेको छन्। नयाँ उद्योग र शाखा दुवै रोकिनुपर्छ। कुन क्षेत्रमा प्लान्ट छ, छैन। त्यसको अध्ययन विश्लेषण गर्न आवश्यक छ।'

हाल बोटलिङ प्लान्टहरू उपत्यका केन्द्रित छन्। नयाँ-नयाँ कम्पनी थपिँदा उपभोक्ताले बढी सिलिन्डर मौज्दात राख्नुपर्ने अवस्था सिर्जना हुने उपभोक्ता अधिकारकर्मीहरू बताउँछन्। राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले राजनीतिक दलले निगमलाई दुहुनो गाई बनाएको आरोप लगाए। गुण र दोषको आधारमा व्यवस्थापनले कारबाही गर्ने अधिकार नभएसम्म निगम मागी खाने भाँडोका रूपमा रहिरहने बताए। 'हरेक उद्योगीबाट १० लाखको दरले रकम उठाएको जानकारी पाएका छौं,' अध्यक्ष महर्जनले भने, 'पैसाविना निगमले अनुमति दिएको छैन।'

निगमका निर्देशक बरालले ग्यास उद्योगका रूपमा दर्ता भएकाले शाखा खोल्न पाइने बताए। शाखाका लागि उद्योग विभागले अनुमति दिन्छ। सोहीअनुसार निगमले पनि पीडीओको अनुमति दिने उनले बताए। 'यसलाई व्यवस्थित बनाउन विनियमावली परिमार्जनको तयारी गरिरहेका छौं,' उनले भने।

सुरक्षित, पोषणयुक्त, स्वस्थकर र सहुलियत दर

ISO 22000:2005, Halal Certified

अन्तर्राष्ट्रिय स्तरको पोल्ट्री तथा मासु प्रोसेसिङ्ग प्लान्ट

फ्रेस चिकेन (प्रति के.जी.)	३०१	चिकेन ससेज (प्रति के.जी.)	६२०
चिकेन बोनलेस ब्रेस्ट/लेग "	५८०	चिकेन प्याटिज (प्रति प्याकेट)	२७०
चिकेन ड्रमस्टिक "	४६०	चिकेन मिटबल "	७०
चिकेन मिन्स "	४६५	**स्पेसल अफर**	
		चिकेन म:म: (प्रति प्याकेट) (एम. एम.)	५५
		फ्रेन्च फ्राइज (प्रति के.जी.)	२६०
		चिकेन ब्याक बोन "	३५

म्याली कोल्ड स्टोर

नयाँबजार, काठमाडौं।

फोन: ४३८५१२७, ९८५१०६९८९८, ४३६०७९१

ईमेल: info@valley.com.np

समय: विहान ५:३० देखि साँझ ७:३० बजेसम्म

IMMEDIATELY WANTED

The following secondary teachers are necessary for a school at Lalitpur.

- **Science (Grade 9 & 10)**
- **Accountancy (Grade 9 & 10)**

Salary : Min. Rs. 32,500.00

Experience: Min. 5 years in related subjects.

Email your CV and expected salary at: evisionus53@gmail.com

HUMAN PRACTICE FOUNDATION

Vacancy Announcement

The reputed INGO, Human Practice Foundation working in the field of constructing school building, school insfrastructure, development and software projects in Nepal calls for an application for the following post:-

Job Title :- Admin Officer

1. Qualification :-Bachelors in Commerce, Note :- experience in finance & accounting
2. Salary :- 30,000 to 70,000/- (according to the experience)

Job description :-

- to be effective and efficient day-to-day operations of our organization
- to be responsible for all the financial and accounting matters including bookeeping
- responsible for maintaining a clean and enjoyable working environment
- Handling external or internal communication or management systems and processes.
- Organizing, arranging and coordinating meetings
- Hiring, training & managing employees, procuring office supplies and developing financial reports & budgets.
- direct reporting and communication with the Danish team

Note :- Much of the work involves oral and written communication, word processing and dealing with email and telephone enquiries.

Qualified nepalese citizen are requested to apply for the above post. Priority is given to experienced, having good communication skill in both english & nepali.

Only shortlisted candidates are called for interview. The deadline to submit application, bio-data along with photocopies of all the required documents and recently taken passport size photos is before 2:00 pm 31st July, 2017, the application should be submitted to ll@humanpractice.org

Interview: 2nd & 3rd of August

PLAN INTERNATIONAL

VACANCY ANNOUNCEMENT

Plan International is an independent development and humanitarian organisation working in 51 developing countries that advances children's rights and equality for girls.

Plan International has been working in Nepal since 1978, helping marginalised children, their families and communities to access their rights to health, education, economic security and protection. Through the support of local partners, Plan International works in 42 districts in Nepal. We take active measures in recruitment and employment practices to ensure children are protected.

Plan International Nepal invites application from interested and eligible candidates for the following positions:

1. **Project Coordinator for Kamlahari Higher Education Support Project - 1 Position**
   Fixed term employment till 31 October 2019 based at Nepalgunj Field Office
2. **Project Coordinator for Young Women Empowerment Project - 1 Position**
   Fixed term employment till 28 February 2020 based at Baglung Field Office.

To Apply,

Log on to **www.merojob.com/plan-international-v55** and click "Apply Online" icon below the details of each respective job positions. The deadline for application is **Friday, 11 August 2017.** Applications are solely accepted through merojob online application procedures. Only shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of processes shall lead to automatic disqualification.

Plan International strongly encourages female applicants, applicants from dalit, madhesi, janajati, marginalised ethnic groups and offers proactive support and capacity development for female staff and staff from marginalised groups.

SAY 'YES' TO KEEPING CHILDREN SAFE

पूर्वाञ्चल विश्व विद्यालयद्वारा सम्बन्धन प्राप्त

लिटिल बुद्ध कलेज अफ हेल्थ साइन्समा

भर्ना खुल्यो!!! भर्ना खुल्यो!!!

Bachelor in Public Health (BPH)

&

Bachelor in Pharmacy (B.Pharm)

फाराम भर्ने मिति २०७४ भाद्र ९ गते

विस्तृत जानकारीका लागि :

Little Buddha College of Health Science

Min Bhawan, Kathmandu, Nepal

Tel.: 01-4784458, 4784459

United Nations Children's Fund
Nepal Country Office
Internal/ External Vacancy Notice

UNICEF, the world's leading children's rights organization, has opening for passionate and committed professionals who want to make a lasting difference for children in Nepal. We are seeking individuals with commitment for women and children, high drive for results, integrity, demonstrable teamwork, good self-awareness and self-regulation.

In order to apply for this position you are required to create your profile on the e-recruitment following the link given below.

Job Number :	506171
Position :	Supply Officer
Agency :	UNICEF Nepal Country Office
Type of Contract :	Temporary Appointment
Post Level :	NO-A
Duty Station :	Kathmandu, Nepal
Category (eligible applicants) :	Internal/External
Application Deadline :	13 August 2017
Link to this Vacancy : Announcement	http://jobs.unicef.org/cw/en-us/job/506171?lApplicationSubSourceID=

UNICEF is committed to diversity and inclusion within its workforce, and encourages qualified female and male candidates from all national, religious and ethnic backgrounds, including persons living with disabilities, to apply to become a part of our organization.

*** UNICEF IS A SMOKE FREE ENVIRONMENT ***

unite for children unicef

Notice

SALE OF SURPLUS UNICEF-NCO VEHICLES & MOTORCYCLES
(Open to General Public)

UNICEF Nepal is organizing the sale of Surplus office vehicles/motorcycles on **"as-is-where-is"** basis.

The Vehicles can be inspected between 10:00 hours to 16:00 hours on 29-30 July 2017 at the UN compound, Pulchowk. Information on vehicle will be displayed at the inspection site. The interested party shall fill out the Sale Form along with the bank draft/cheque(good for payment) (NRs. 50,000 per vehicle and Rs. 3,000 per motorcycle) as the security deposit (refundable only to the unsuccessful party) issued in the name of "UNICEF Country Office". The interested party must submit the sealed Sale Form with respective bank draft/cheque(good for payment) latest by 14:00 hrs on Tuesday 1 August 2017 at UNICEF Reception Desk, UN House main building, Second floor. The Sale Forms will be available at the UN Reception Desk from the first date of the inspection.

Condition of Sale:

- Customs duties, registration and transfer fees will be applicable as per the Government's latest rules and regulations;
- Vehicles are offered for sale on **"as-is-where-is"** basis;
- Vehicles will be released to the winning buyers only upon submission of the duty paid receipt and ownership transfer document;
- Bank draft/cheque(good for payment) of the winning buyer will not be refunded, however will be adjusted to his/her purchase price at the later stage;

The result of sale will be published by 14:00 hrs on 3 August 2017 which will be posted outside the Reception block, UN House, Pulchowk.

The successful buyers must deposit the winning amount in the local currency A/C of UNICEF in the Standard Chartered Bank Nepal Limited, located at UN house, latest by 15:00 hours on 4 August 2017.

Any enquiries about the sale, inspection, Bill of Sale and registration duties/taxes should be made to phone No. 5523200 Ext 4048 at UNICEF, UN House Pulchowk.

UNICEF reserves the right to accept or reject any or all offers without assigning any reason/s whatsoever.

हार्दिक बधाई तथा शुभकामना



माननिय सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेत

नेपाली कांग्रेसका केन्द्रीय सदस्य, सांसद तथा लोकप्रिय नेता **मोहनबहादुर बस्नेत**ज्यू सूचना तथा सञ्चारमन्त्रीमा नियुक्त हुनुएकोमा उहाँलाई हार्दिक बधाई तथा शुभकामना टक्र्याउँदछौं। यहाँको कार्यकाल मुलुकका लागि फलदायी साबित हुने अटल विश्वास गर्दै उदाहरणिय नेतृत्व क्षमता प्रदान गर्नुहुने अपेक्षा राख्दछौं।

- होमबहादुर बस्नेत (राजकुमार)
- निराजनकृष्ण श्रेष्ठ
- राजेन्द्र बस्नेत
- जयराम अर्याल
- बद्री थापा
- बेदबहादुर श्रेष्ठ
- चिनबहादुर श्रेष्ठ
- रामबाबु श्रेष्ठ
- बालकुमार श्रेष्ठ
- अमृत कार्की

सिन्धुपाल्चोक

ChildFund Japan

REQUEST FOR PROPOSAL FOR PROJECT EVALUATION

ChildFund Japan in Nepal seeks consultant/s to conduct the **final evaluation of its Nepal Earthquake Response Project.** Interested persons/organizations may request for a copy of the Terms of Reference from the following email address: **nepalprojectevaluation@hotmail.com**

Please send in an **Expression of Interest** including the following:

1. CV with details of qualifications, experience, contact number
2. Technical proposal that summarizes your understanding of the TOR, the proposed evaluation approach and tools to be used
3. Financial proposal providing estimates of consultancy fees
4. The foreseen workplan for the days

Please send the above requirements via email indicating **'Consultancy for Evaluation of the Nepal Earthquake Response Project'** in the subject line to: **nepalprojectevaluation@hotmail.com** by **06 August 2017 12:00 Nepal Time.**

ChildFund Japan in Nepal reserves the right to accept or reject any or all proposals without assigning any reason.

Strengthening the Rule of Law and Human Rights Protection System in Nepal (ROLHR) Programme

UNDP Empowered lives. Resilient nations.

(Date of publication 28 July 2017)

Individual Consultant for Proposal (ICP)

Strengthening the Rule of Law and Human Rights (RoLHR) Protection System in Nepal Programme calls sealed bids offer (Technical and Financial) from legally registered and authorize individual consultants to support for developing **"Common Justice Sector Strategy"** for justice reform and coordination.

RoLHR Program is seeking a team of four consultants' one Senior consultant (Lead Consultant) and three supporting consultants to assist in developing a strategic framework for justice reform and coordination. The consultants will work in a team closely with Justice Sector Coordinator and Chief Technical Advisor in assessing specific needs and gaps in the justice sector as well as opportunities in existing justice institution and leadership in the sector.

Eligibility Criteria for bidder

Lead Consultant (1 no), National Consultants –Thematic based (2 nos), National Consultants -Strategic Management, M & E Expert (1 nos)

1. Meeting of all required skills and experiences mentioned in the TOR
2. Meeting of all legal requirements i.e. VAT registration, Tax clearance certificate etc.
3. Should be able to deliver task in a stipulated time frame.

How to submit bid:

1. The bid document will be available at below contact address through 10:00hrs on Friday, 28 July 2017 until 12:00 hrs on Wednesday, 09 August 2017 upon a request in writing:-

Contact Address:

Strengthening the Rule of Law and Human Rights Protection System in Nepal (RoLHR) Programme Sanepa-2, Lalitpur, P.O. Box 107, Kathmandu, Nepal Tel: 5552339/40, Fax (977-1) 5527443

2. The Bid must be prepared in line with the Terms of Reference (TOR) provided and submitted to the above address not later than 17:00 hrs on Wednesday, 09 August 2017

Note: RoLHR reserves all rights to accept or reject the bids for whatsoever reason.

एनआईसीले शाखा संख्या दोब्बर गर्ने

कान्तिपुर संवाददाता

काठमाडौं- एनआईसी एसिया बैंकले सन २०२० सम्ममा शाखा संख्या ३ सय पुऱ्याउने लक्ष्य सार्वजनिक गरेको छ। २० औं वर्षमा प्रवेश गरेको अवसरमा राजधानीमा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत लक्ष्मण रिसालले उक्त जानकारी दिए। हाल बैंकको शाखा संख्या १ सय २५ छ। कार्यक्रममा सञ्चालक समिति अध्यक्ष जगदीशप्रसाद अग्रवालले २० वर्षे अवधिमा बैंकले गरेको प्रगतिको अनुभव सुनाएका थिए। हाल बैंकका निक्षेप ग्राहक संख्या ५ लाख ५० हजारभन्दा बढी रहेको र कर्जा ग्राहक संख्या २५ हजारभन्दा बढी रहेको बैंकले जनाएको छ।



कार्यक्रममा बोल्दै बैंककी ब्रान्ड एम्बेसेडर मनीषा कोइरालाले बैंकको ग्राहकमैत्री सेवा, स्ट्र्याटेजिज, फाइनान्सियल इन्क्लुजनलगायतका विषयले आफूलाई प्रभावित गरेको बताइन्।

विराटनगर जुट मिल सञ्चालन हुने

व्यवस्थापन समितिले आफ्नै लगानीमा मंसिरदेखि सुरू गर्ने

कान्तिपुर संवाददाता



विराटनगर जुट मिलको मूल प्रवेशद्वार। फाइल तस्बिर : कान्तिपुर

विराटनगर- लामो समयदेखि बन्द रहेको मुलकुको पहिलो उद्योग विराटनगर जुट मिल सञ्चालन हुने भएको छ। व्यवस्थापन समितिले आफ्नै लगानीमा आगामी मंसिरदेखि उत्पादन सुरु गर्ने भएको हो।

बेलाबेलामा बन्द हुँदै खुल्दै आएको मिल ०७१ असोजदेखि बन्द छ। त्यसअघि भारतको औद्योगिक समूह विनसम इन्टरनेसनलले सरकारलाई वार्षिक १ करोड ३५ लाख रुपैयाँ बहाल तिर्ने सर्तमा २५ वर्षका लागि लिजमा लिई सञ्चालन गरेको थियो। तर, सरकारले सर्तअनुसार मिलमा विद्युतको ३३ केभीए प्रसारण लाइन जडान गर्न नदिएपछि विनसमले १६ महिनापछि मिल बन्द गरेको तत्कालीन महाप्रबन्धक श्याम पौडेलको भनाइ छ।

व्यवस्थापन समितिले मंसिरदेखि उत्पादन सुरु गर्ने बताएको छ। 'मिलको दैनिक ४५ टन उत्पादन गर्ने क्षमता छ,' मिलका प्रबन्ध सञ्चालक नीलहरि काफलेले भने 'सुरुमा दैनिक १५ टन उत्पादन गर्ने लक्ष्य राखिएको छ।' मिलले क्षमताअनुसारको जुट सामग्री उत्पादन गर्दा ३ हजार ५ सयले रोजगारी पाएका थिए। मिलका सेयर सदस्यले चयन गरेको व्यवस्थापन समितिले मिल सञ्चालन गर्ने काफलेले जनाए। मिलका १ सय ८३ सेयरधनीले व्यवस्थापन समिति अध्यक्षमा वसन्त वनलाई चयन गरेका छन्। समितिले करिब ६ करोड चालु पुँजी संकलन गरेर ऐतिहासिक मिललाई सञ्चालन गर्ने तयारी गरेको काफलेले बताए। सेयरधनी थपेर ५ सय पुऱ्याई उनहरूकै लगानीले मिल सञ्चालन गर्ने जनाइएको छ। विद्युतको ३३ केभीए प्रसारण लाइन जडान र मेसिनरी मर्मत सुरु गरिएको छ। मिलका पुराना पार्टपुर्जा मर्मतका लागि इन्जिनियर सौरभ विष्टको नेतृत्वमा प्राविधिक खटेको छ।

'गो ग्रिन' भेला

काठमाडौं (कास)- पर्यटन उद्योगसँग सम्बन्धित होटल तथा रेस्टुरेन्टका कर्मचारी र सञ्चालकलाई लक्षित गरी बिहीबार राजधानीको अन्नपूर्ण होटलमा एकदिने सम्मेलन आयोजना गरियो।

'गो ग्रिन' नाम दिइएको सम्मेलनमा रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेबान) र होटल संघ नेपाल (हान) बाट सयभन्दा बढी सहभागी थिए। पर्यटक बसोवास गर्ने तथा खाने होटल तथा रेस्टुरेन्टमा वातावरणमैत्री रसायनहरूको प्रयोग कसरी वृद्धि गर्ने भन्ने विषयमा चारजना विषयविज्ञले प्रस्तुति गरेका थिए। 'होटल/रेस्टुरेन्टमा प्रयोग हुने कपडादेखि लिएर भाँडावर्तन, टाइलेट, बेडरुम, भान्सा आदिको सफाइमा वातावरणमैत्री रसायन तथा उत्पादनको कसरी प्रयोग गर्नेबारे सरोकारवालाहरूबीच छलफल भयो,' रेबानका अध्यक्ष प्रमोद जैसवालले भने। कार्यक्रममा अस्ट्रेलियाका थुप्रै निकायमा सरसफाइ र हाइजिन क्षेत्रमा काम गर्दै आएका गैरआवासीय नेपाली खेम शर्माले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सफाइबारे आफ्नो अनुभव र सफलताबारे सुनाएका थिए।

आत्मा चिरशान्तिको कामना



Major General Pradip Pratap Bom Malla (R)

18 Feb 1951 — 17 July 2017

जिन्दगीको सबैभन्दा महत्वपूर्ण र कठिनतम क्याडेट कालका हाम्रा जोडी, हाम्रा अनन्य मित्र प्रदिपलाई अन्तिम सलामी दिई खरानी बनाएर आउँदा पनि पत्याउन नसकिरहेको अबस्थामा छ हाम्रो मन। तेह्रौं पुण्य तिथिमा श्रद्धान्जली। शक्ति प्रदानार्थ प्रार्थना ! सम्वेदना मित्रपत्नी प्रेरणा तथा परिवारमा !

S. No 5 Officer Cadet Course

Maj Gen Bajra Gurung (R) | Maj Gen Dilip Karki (R)
Maj Gen Gobinda Gurung (R) | Maj Gen Kiran Shumsher Thapa (R)
Lt Col Puruswottam Thapa (R) | Maj Gen Rajendra Thapa (R)
Lt Col Shyamsundar Ghimire (R) | Maj Gen Thakur Subba (R)
Lt Col Udhhab KC (R)

हार्दिक श्रद्धाञ्जली



जन्म मिति: 3 July 1970 | स्वर्गारोहण: 16 July 2017

स्व. अनीता देवी मित्तल

यस संस्थाका वरिष्ठ शेयर सदस्य एवं हाम्रा अनन्य मित्र व्यवसायी श्री राजेश मित्तलका धर्मपत्नी **स्व.अनीता देवी मित्तल**को अल्पायुमै स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

शुशिल सिंघल/ पुनम सिंघल
संजय कुमार शारदा/ लिला देवी शारदा
तथा
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Kumari Saving & Credit Co-Operative Ltd.
(KUSCCOOP)
परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९९८-०२-३० गते | स्वर्गारोहण: वि.सं. २०७४-०२-३१ गते

स्व. हिरादेवि महर्जन

यस संस्थाका संस्थापक सदस्य श्री पञ्चकुमार महर्जन ज्यूको माता **हिरादेवि महर्जन**को मिति २०७४-०२-३१ गते असामयिक स्वर्गारोहण भएकोमा संस्थाका सञ्चालक समितिका सदस्य, अन्य सदस्य तथा कर्मचारीहरु अत्यन्तै दुखी भएका छौं। आज ४५ औं दिनको पुन्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

नाईल बचत तथा ऋण सहकारी संस्था लि.
रविभवन, काठमाडौं परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २००७/११/०७ गते | स्वर्गारोहण: वि.सं. २०७४/०४/०१ गते

प्रदिप प्रताप बम मल्ल

यस पृतनाका प्रथम पृतनापति उपरथी **श्री प्रदिप प्रताप बम मल्ल (अ.प्रा.)** को स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

पृतनापति उपरथी श्री गौरव तण्डुल तथा पूर्वी पृतना परिवार

नं. २ बाहिनी अड्डा | नं. १८ बाहिनी अड्डा | नं. २१ बाहिनी अड्डा

श्री कालीबक्स गण (ई), श्री सर्वज्ञदल गण, श्री नं. १ राजदल गण, श्री फिल्ड अस्पताल, श्री पूर्वी पृतना तालिम शिक्षालय, श्री गौरीबक्स गुल्म, श्री सैनिक आवाशिय महाविद्यालय

हार्दिक श्रद्धाञ्जली

जन्म: २००२ जेष्ठ १६ | स्वर्गारोहण: २०७४ साउन १

स्व. ईन्दीरा थापा

यस संस्थाका संस्थापक सदस्य श्री दिलीप थापा ज्यूको ममतामयी, माता

ईन्दीरा थापा ज्यूको

स्वर्गारोहण भएको आज १३ औ दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

अटुट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
शंखमुल मार्ग, नयाँ बानेश्वर - ३१, काठमाडौं

हार्दिक श्रद्धाञ्जली



जन्म: १९९६ असार १६ गते | स्वर्गारोहण: २०७४ श्रावण १ गते

स्व. भरत कृष्ण श्रेष्ठ

हाम्रा परम पूजनीय **भरत कृष्ण श्रेष्ठ** ज्यूको देहावसान हुनु भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा समवेदना प्रकट गर्नुहुने सबै महानुभावहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

भाइ/बुहारीहरू:
विजयालक्ष्मी श्रेष्ठ, विजयकृष्ण/उर्वशी श्रेष्ठ, रबिकृष्ण/प्रतिमा श्रेष्ठ

बहिनी/ज्वाईहरू:
जिनु/डा. पुरुषोत्तम श्रेष्ठ, कृष्णेश्वरी/ई. माधव माथेमा, सुलोचना/ई. ऋषि शाह, ज्योति/गजेन्द्र श्रेष्ठ

छोरी/ज्वाई: प्रतिभा/राजेश | **छोरा/बुहारी:** प्रभाकर/उषा

भतिजा/बुहारी:
सतिश/रुपा, किरण/आस्ना, अजय/रोमी, कृष्ण/प्रतिष्ठा, जय/अरिनिता, अजित/आफी, सुभाष/निलिमा, सचित/लिभा, अजित/शास्ता, प्रबीर/क्यान्डी, रिसब

भतिजी/ज्वाईहरू:
निभा/अमृत, प्रिति/ग्याभिन, भावना/रुपेश, मौशुमी/सतिश, कामना/अमुल्य

नाति/नातिनी:
हिमाल, दिव्यश्री, दिवेश, राजा, सरुप, निहारिका, चिराग, आयुष्मा, दिया, जोसाया, श्रीया, आविशि, अद्भय, एडेन, जर्ज, आन्भि, श्रृती, अभिलाषा, साम्युल, आशा, अभ्यय, एश्ना, इयन, सान्या, लय्ता, अदिति

भावपूर्ण श्रद्धाञ्जली



जन्म: २०२७ आषाढ १८ गते | स्वर्गारोहण: २०७४ श्रावण १ गते

स्व. अनिता मित्तल

हाम्रा परम मित्र **श्री राजेश मित्तल(राजु)**ज्यूकी धर्मपत्नी **अनिता मित्तल**को दिल्लीमा उपचारको क्रममा २०७४ साल श्रावण १ गते निधन भएकोमा हामी अत्यन्त दुःखी भएका छौं। दिवङ्गत आत्माको चीरशान्तिको लागि भगवानसंग प्रार्थना गर्दै आज १२ औं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पवन कुमार अग्रवाल | प्रकाश कपुरी
सत्यनारायण चौधरी | शत्रुधन चौधरी
आनन्द सोनी | प्रदिप पेडीवाल
इन्द्रचन्द बिन्दल | कपिल शर्मा

पोल्याण्डमा रोजगारको अवसर

KHALINOVSKY GROUP SP Z O O, POLAND

पुर्व स्विकृति मिति: २०७४।४।१२ | चलानी नं. ६०११४९११ | LT No. 193110

सि. नं.	कामदारको पद	माग संख्या	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने रू	ओभर टाईम सुबिधा	प्रतिदिन कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	बार्षिक बिदा	खाना सुबिधा	बस्ने सुबिधा	करार अवधी
1	Painter	18	काममा दक्ष	600	72000	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		१ वर्ष
2	Concrete Worker	6		600	72000							
3	Tile	14		650	78000							
4	Electrician	7		650	78000							

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	कामदार आफै	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैले	रु. १०००/- कामदार आफैले

अन्तरवार्ता धमाधम भइरहेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैंमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अघि सुचिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसँग राख्नुहोला। ६. कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, बानेश्वरमा सम्पर्क राख्नुहोला। लागत खर्च: ८०,०००

सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगंज, काठमाडौं, नेपाल, श्रम इजाजत नं. ४५४/०६०/६१,
फोन नं.: ४०१६२४९, ४०१६२५०, ४०१६२५१, ९८५१००६५८८

मलेशियाको बहु-प्रतिष्ठीत Company मा पुरूषहरूलाई रोजगारीको अवसर

Johnson Controls | HITACHI Air conditioning solutions

JOHNSON CONTROLS HITACHI AIR CONDITIONING MALAYSIA SDN. BHD.

पुर्व स्वीकृती मिति : 2017/07/26 | LT : 192774 | चलानी नं : 60114769

कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने.रु.	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
Production Operator	47	स. काममा दक्ष	1000	२४,०००	८ घण्टा	६ दिन	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगारदाता कम्पनीले मेडिकल खर्च दिने /नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सेवा शुल्क	जम्मा खर्च
कामदार स्वयं	दिने	कामदार स्वयं	हुने रोजगारदाता कम्पनीले	नि:शुल्क	नि:शुल्क	नि:शुल्क	नि:शुल्क

नोट :
१) उमेर २० देखी ३० बर्षको र उचाई कम्तीमा ५ फिट २ ईन्च हुनुपर्नेछ।
२) अनिवार्य रुपमा राम्रो Mathematical Knowledge भएको हुनुपर्नेछ।
३) अन्तरवार्तामा आउदा अनिवार्य रुपमा सक्कल राहदानी, दक्षताको प्रमाणपत्र साथै हालसालै खिचेको १५ वटा PP Size फोटो लिएर आउनुपर्नेछ।
४) छनौट भएका व्यक्तिहरुले अनिवार्य रुपमा Biometric Medical गनुपर्नेछ।

प्रि अन्तरवार्ता धमाधम भैरहेछ।

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट
श्रावण १६ र १७ गते (31st July & 1st Aug.) काठमाण्डौमा हुदैछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सधैंमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसाग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

The River Overseas (P) Ltd. Lic No. 406/060/061

दि रिभर ओभरसिज प्रा. लि.
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडिपट्टि), गौशाला, काठमाण्डौ

फोन: 01-4462431, 4462432, 9801247215, 9801247222, 9801247212, 9801247218

ISO 9001 CERTIFIED ORGANISATION URS UKAS QUALITY MANAGEMENT 043-A

kantipur.ekantipur.com

खेलकुद

विवाद चर्केपछि बैठक स्थगित

कान्तिपुर संवाददाता

काठमाडौं- एएफसी कप प्ले-अफबाट वञ्चित गरिएको श्रीस्टार क्लबलाई क्षतिपूर्ति दिँदा दोषीलाई कारबाही गर्नुपर्ने माग चर्किएपछि अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष नरेन्द्र श्रेष्ठले बिहीबार कार्यसमिति बैठक स्थगित गरेका छन् ।

'श्रीस्टारलाई क्षतिपूर्ति दिने भन्नेमा सबै एकमत छन् । फरक मतहरू पनि आए । श्रीस्टारलाई क्षतिपूर्ति दिलाउने बाटो निकाल्नका लागि बैठक स्थगित गरिएको हो । यसले फुटबलको भविष्यसँग सरोकार राख्छ,' अध्यक्ष श्रेष्ठले भने । उनले वकिलसँग पनि सल्लाह गरिरहेको पनि बताए । एन्फाले टिम दर्ता नगरेपछि श्रीस्टारले छनोट भएर पनि एएफसी कपको प्लेअफ खेल्न पाएको थिएन । त्यसविरुद्ध ६ करोड रुपैयाँ क्षतिपूर्ति माग गर्दै श्रीस्टारले मंसिरमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा निवेदन दिएको थियो । त्यसयता श्रीस्टार मैदानमा ओर्लिएको छैन र क्षतिपूर्ति नपाएसम्म नखेल्ने घोषणा नै गरेको थियो ।

एन्फा बैठक

एन्फा पदाधिकारीसँगको अनौपचारिक बैठकमा गत महिना श्रीस्टार १ करोड ५० लाख रुपैयाँ क्षतिपूर्ति लिएर विवादलाई पूर्णविराम लगाउन सहमत भएको थियो । त्यसमा दोषीलाई कारबाही गर्नुपर्नेमा भने श्रीस्टार मौन छ । तर बुधबार सुरु भएको बैठकमा एन्फाका केन्द्रीय सदस्य पंकज नेम्वाङले न्यायको सिद्धान्तअनुसार क्षतिपूर्ति दिँदा दोषीलाई कारबाही गर्नुपर्ने माग राखेपछि माहौल चर्किएको हो ।

वरिष्ठ उपाध्यक्ष मणि कुँवर, उपाध्यक्षद्वय किशोर राई, वीरबहादुर खड्का, सदस्यहरू रत्न श्रेष्ठ, गणेश चन्दले पनि श्रीस्टारलाई क्षतिपूर्ति दिनुपर्ने र त्यससँगै दोषीलाई कारबाही पनि गर्नुपर्ने माग राखेका थिए । वीरबहादुर खड्का संयोजकत्वको गठित छानबिन समितिले पनि महासचिव धिरेन्द्र प्रधान तथा कर्मचारी गोकुल थापा, वसन्त रिजाल दोषी भएको ठहर गर्दै एन्फालाई प्रतिवेदन बुझाएको थियो ।

प्रतिवेदनमा अध्यक्षलाई समेत सचेत गराउनुपर्ने उल्लेख छ । दोषी देखिएकालाई नसिहत दिइएकाले कारबाही गर्नु नपर्ने दाबी गर्दै अध्यक्ष श्रेष्ठले कर्मचारीको बचाउ गरेका थिए । तर दोषीलाई कारबाही गर्नैपर्ने पक्षमा बैठक मोडिएको थियो । त्यसैले बिहीबार पनि बैठक जारी हुने भनिए पनि विज्ञप्तिमार्फत् श्रेष्ठले बैठक स्थगित भएको जनाएका थिए ।

छोटकरी

सोफिया चुकिन्

काठमाडौं (कास)- सोफिया शाहले हंगेरीमा भइरहेको फिना वर्ल्ड स्वीमिङ च्याम्पियनसिपमा बिहीबार आफ्नो उत्कृष्ट प्रदर्शन दोहोऱ्याउन सकिनन् । उनले १०० मिटर फ्रिस्टाइल हिटमा १ मिनेट ४.८३ सेकेन्डमा पूरा गरिन् । राष्ट्रिय कीर्तिमान १ मिनेट १ सेकेन्डको छ । सोफियाको उत्कृष्ट समय १ मिनेट २ सेकेन्डको हो । उनी प्रतिस्पर्धी ७८ जनामध्ये ६९ औं स्थानमा रहिन् । पुरुषतर्फ अनुभव सुब्बा १०० मिटर फ्रिस्टाइलमा १ सय ६ औं स्थानमा रहे । सहभागी १ सय १३ जनामा उनले ५९.११ सेकेन्डको समय निकाल्दै व्यक्तिगत उत्कृष्ट प्रदर्शन गरे । यसअघि उनको उत्कृष्ट समय १ मिनेटको थियो ।

बक्सर फिलिपिन्स जाने

काठमाडौं (कास)- फिलिपिन्समा अगस्ट १ देखि ८ सम्म हुने एसियन जुनियर बक्सिङ च्याम्पियनसिपमा नेपाली बक्सर ओम परियारले भाग लिने भएका छन् । च्याम्पियनसिपमा ओमले ४९ केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । टोलीको नेतृत्व नेपाल बक्सिङ संघका सदस्य ओमनारायण श्रेष्ठले गर्नेछन् भने प्रशिक्षकको भूमिका काजकिस्तानका प्रशिक्षक मुख्तार बर्दिमतोभले निर्वाह गर्नेछन् । नेपाली टिम शुक्रबार त्यसतर्फ जानेछ ।

खेलाडीलाई पोसाक

काठमाडौं, (कास)- मिसन सागदेखि ओलम्पिक परियोजनाअन्तर्गत राष्ट्रिय टिम तयारीमा रहेका विभिन्न खेलका खेलाडी र प्रशिक्षकलाई बिहीबार खेल पोसाक प्रदान गरिएको छ । राष्ट्रिय टिम तयारीका विभिन्न १४ खेलका २ सय ८६ खेलाडी र ६० प्रशिक्षकलाई ट्राकसुट र क्याप वितरण गरिएको हो । एथलेटिक्स, उसु, कराते, तेक्वान्दो, जुडो, बक्सिङ, भारोत्तोलन, आर्चरी, कुस्ती, सुटिङ, ब्याडमिन्टन, टेबलटेनिस, पौडी र ट्रायथलनका खेलाडी राष्ट्रिय टिम तयारीमा छन् । पछिल्लोपल्ट राष्ट्रिय टिम तयारी फागुन २६ देखि सुरु भएको थियो । राखेपका सदस्य-सचिव केशवकुमार विष्टले मंसिरमा च्याम्पियनसिप आयोजना गरी उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई विशेष प्रशिक्षणमा राखिने बताए ।

राष्ट्रिय जुनियर टेनिस

काठमाडौं (कास)- अखिल नेपाल लनटेनिस संघले शनिबारदेखि प्रथम एनएलटीए-जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता गर्ने भएको छ । यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहको ब्वाइज/गर्ल्स सिंगल्स स्पर्धामा प्रतिस्पर्धा हुनेछ । १ सय ५० खेलाडीले भाग लिने जनाइएको छ ।



इन्टरनेसनल च्याम्पियन्स कप फुटबलमा रियल म्याड्रिडविरुद्ध गोल गरेपछि म्यानचेस्टर सिटीका जोन स्टोन्स र कायल वाल्कर । लस एन्जल्समा भएको खेल सिटीले ४-१ ले जितेको थियो । *तस्बिर : रोयटर्स*

मैदान स्तरोन्नति गर्न ४९ लाख

हेटौंडा (कास)- जिल्ला खेलकुद विकास समितिले गत आर्थिक वर्षमा मैदान स्तरोन्नतिका लागि ४९ लाख रुपैयाँ खर्च गरेको छ । राष्ट्रिय खेलकुद परिषदको 'एक निर्वाचन क्षेत्र, एक खेल मैदान' अवधारणाअनुसार समितिले आव ०७३/०७४ मा जिल्लाको चारवटै निर्वाचन क्षेत्रको दस खेल मैदानको स्तरोन्नतिलाई उक्त रकम खर्चेको हो ।

समितिले फापरबारी मैदानमा ५ लाख, बेतिनी मैदानमा ३ लाख, धियाँल मैदानमा ३ लाख, इन्द्रायणी मैदानमा ५ लाख, सातकन्या मैदान चित्लाङमा ३ लाख, पदमपोखरी मैदानमा ५ लाख, हुप्रचौर क्रिकेट मैदानमा १५ लाख, रोटरी मैदान मनहरिमा ५ लाख, इन्द्रसरोवर मैदानमा २ लाख र थाहा नगर मैदानमा ३ लाख खर्चेको जिखेविस सचिव राजन दाहालले बताए ।

समितिले विभिन्न ३७ खेल शीर्षकमा करिब ७२ लाख ७० हजार ८ सय ५० रुपैयाँबराबरको आर्थिक सहयोग गरेको जनाएको छ । समितिले गत वर्ष जिल्लामा भएका सम्पूर्ण खेलकुद प्रतियोगितालाई आर्थिक, भौतिक तथा समन्वयात्मक सहयोग गरेको समितिको दाबी छ ।

चालु आवमा खेलकुद विकास समिति मकवानपुरले हेटौंडामा जिल्ला खेलकुद महोत्सव आयोजना गर्ने तयारी गरेको छ । महोत्सवमा फुटबल, भलिबल, कराते, तेक्वान्दो, क्रिकेट, उसु, बक्सिङ, फुलकन्टचाक्ट कराते, बुद्धिचाल, ब्याडमिन्टन, टेबलटेनिस र एथलेटिक्स खेल समावेश गरिने जनाएको छ ।

विशाल, जैदी र सागर भिड्दै

काठमाडौं (कास)- विशालसिंह विष्ट, जैदी कोजु र सागर भण्डारी एसियाली युवा तथा जुनियर भारोत्तोलन च्याम्पियनसिप २०१७ को अन्तिम दिन शुक्रबार प्रतिस्पर्धा गर्दै छन् ।

सातौं राष्ट्रिय खेलकुदमा रजत पदक जितेका विशालले पुरुष ८५ केजीमा युवा र जुनियरतर्फ प्रतिस्पर्धा गर्दै छन् । जैदीको चुनौती ९४ केजीमा जुनियरतर्फ हुनेछ भने सागर १ सय ५ केजीमा जुनियरतर्फ भिड्दै छन् । विशाल र जैदी समूह 'बी' मा छन् भने सागरले समूह 'ए' मा प्रतिस्पर्धा गर्नेछन् । तीनै खेलाडी अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलोपल्ट सहभागी भएका हुन् । 'उनीहरूले प्रशिक्षणमा निकै मिहिनेत गरेका छन् । त्यसैले व्यक्तिगतमा उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरिएको छ,' प्रशिक्षक जगदीश प्रधानले भने ।







ललितपुरको लगनखेलस्थित आर्मीको तालिम तथा प्रशिक्षण केन्द्रमा जारी एसियाली युवा तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपअन्तर्गत बिहीबार महिला ७५ केजी माथिको तौल समूहमा भार उचाल्दै थाइल्यान्डकी सुपतचनिन खामहाङ । च्याम्पियनसिप शुक्रबार सकिँदै छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

भारतको बलियो पकड

गल (एएफपी)- भारतका बलरले श्रीलंकाका माथिल्लोक्रम भत्काएपछि भ्रमणकारी टोलीले बिहीबार पहिलो टेस्टको दोस्रो दिनमै राम्रो पकड बनाएको छ । तीव्र गतिका बलर मोहम्मद सामीले एकै ओभरमा २ विकेट लिए । उमेश यादवले ओपनर दिमुथ करुणारत्नेलाई आउट गरे ।

भारतले पहिलो इनिङ्समा ६ सय रन बनायो, जुन उसको श्रीलंकाली मैदानमा सबैभन्दा ठूलो स्कोर हो । पूर्वकप्तान एन्जेलो म्याथ्युज ५४ र दिलरुवान परेरा ६ रन बनाई क्रिजमा छन् । श्रीलंका अझै भारतको पहिलो इनिङ्सभन्दा ४ सय ४६ रनले पछाडि छ ।

भारतको इनिङ्समा १ सय ५३ रन बनाएका चेतेश्वर पुजाराले भारतले नम्बर एक टेस्ट टिमको हिसाबमा प्रदर्शन दिएकोमा आफू खुसी रहेको बताए । 'हामी त्यही स्तर कायम राखिरहन चाहन्छौं । हामीले पर्याप्त रन बनायौं र आज ५ विकेट लियौं । यो स्थिति हाम्रा लागि धेरै राम्रो हो,' उनले भारतले पछिल्ला १३ मा १० टेस्ट जितेकोतर्फ इंगित गर्दै भने, 'मलाई लाग्छ अन्तिम सत्र हाम्रा लागि महत्त्वपूर्ण रह्यो र त्यसमा हामीले राम्रो बलिङ गर्यौं । हाम्रा बलरहरूले लाइन र लेन्थमा राम्रो बलिङ गर्छन् ।'



श्रीलंकाका दिमुथ करुणारत्नेको विकेट लिएपछि भारतीय बलर उमेश यादव (बीच) साथीसँग खुसी साट्ने क्रममा । *तस्बिर : रोयटर्स*

श्रीलंकाका ओपनर उपुल थारङ्गाले ९३ बलमा ६४ रन बनाए । तर फिल्डिङमा अभिनव मुकुन्दले जोशिलो प्रदर्शन देखाउँदा उनी रनआउट भए । सिल्ली प्वाइन्टमा फिल्डिङ गरेका उनले रविचन्द्रन अश्विनको बलमा एक हातले क्याच लिएर निरोसन डिकवेलालाई पवेलियन फर्काएपछि श्रीलंका १४३-५ को स्थितिमा पुगेको थियो ।

सुरुआती सफलता यादवले दिलाएका थिए । उनले करुणारत्नेलाई एलबीडब्लू आउट गरे । चोटका कारण बाहिर रहेर पुनरागमन गरिरहेका सामीले पहिलो टेस्ट खेलिरहेका दानुस्का गुनाथिलकालाई १६ र कुशल मेन्डिसलाई शून्यमा ४ बलको अन्तरमा आउट गरेका थिए ।

दिनको खेल ३९३-३ बाट सुरु गरेको भारतको तल्लोक्रम लगातार आउट भए पनि उनीहरूले छिटो गतिमा रन जोडेका थिए । तीव्र बलर नुवान प्रदीपले टेस्टमा पहिलो पटक ५ विकेट लिँदै भारतलाई रोकेका थिए । पुजारालाई पनि आउट गरेका उनले १ सय ३२ रन खर्चेर ६ विकेट पुऱ्याए । उनकै कारण भारतले विहानी सत्रमै ४ विकेट गुमाएको थियो ।

पुजारा ले २ सय ६५ बलको इनिङ्समा १३ चौका प्रहार गरे । यसअघि उनको उत्कृष्ट प्रदर्शन पनि दक्षिण अफ्रिकाविरूद्ध सन् २०१३ मा जोहानसबर्गमा १ सय ५३ रन बनाउनु नै थियो । हार्दिक पाण्डेले आफ्नो पहिलो टेस्टमै ४९ बलमा ५० रन बनाए । भारतको तल्लोक्रमले आक्रामक ब्याटिङ प्रदर्शन गर्नेक्रममा पाण्डेले प्रदीपको बलमा छक्का बर्साए । उनले ५ चौका र ३ छक्का हाने । ३० रन बनाएका मोहम्मद सामीले रंगना हेराथलाई ३ छक्का प्रहार गरे ।

यसअघि अजिन्क्या रहानेले ५७ रन बनाउँदै जुझारु प्रदर्शन दिए । तर लाहिरू कुमारको बलमा करुणारत्नेले डाइभिङ क्याच लिँदै उनलाई आउट गरे । अश्विनले ऋद्धिमन शाहसँग छैठौं विकेटमा ५९ रन जोडे । तर भारतको काउन्टर एटचाक खेललाई श्रीलंकाले ६ बलको अन्तरमा दुवैलाई आउट गरी दबाबमा ल्याएको थियो । अश्विनले ४७ र शाहले १६ रन बनाए । कप्तान हेराथले शाहलाई आउट गरी इनिङ्समा एकमात्र विकेट लिए । यता श्रीलंका क्रिकेटले अलराउन्डर असेला गुणरत्ने शृंखलाभर खेल्न नसक्ने भएको जनाएको छ । बुधबार पहिलो दिनको खेलको क्रममा भारतीय ओपनर शिखर धवनको क्याच लिनेक्रममा गुणरत्नेलाई देब्रे हातको बुढी औंलामा चोट लागेको थियो ।

सरुवा बजार 'नियन्त्रण बाहिर'

लन्डन (रोयटर्स)- चालु सरुवा बजारमा प्रिमियर लिग क्लबहरूले गरेको खर्च दिगो नहुने टोटेनहम हटस्परका अध्यक्ष डानियल लेभीले बताएका छन् ।

इङ्ल्यान्डको शीर्ष ८ क्लबले गत सिजन अन्त्ययता १ अर्ब डलरभन्दा बढी खेलाडी किन्न खर्चिसकेका छन् । तर प्रिमियर लिग उपविजेता स्पर्सले चाहिँ आफ्नो साबिक टोलीमा कुनै थपथाप गरेको छैन । 'हालका केही गतिविधि दिगो हुने सम्भावना छैन,' उनले न्युयोर्कमा मंगलबार भने, 'हामीले राम्रोसँग क्लब चलाउनुपर्छ । कसैले आफूले कमाएभन्दा २ सय मिलियन पाउन्ड बढी खर्च गरेको छ । कुनै न कुनै दिन त त्यसले मार पार्छ नै ।'

स्पर्सले यसै महिना मात्र आफ्ना इङलिस राइटब्याक काइले वाकरलाई ४५ मिलियन पाउन्डमा बेचेको हो । क्लबले ६१ हजार दर्शक क्षमताको नयाँ रंगशाला बनाइरहेको छ र आउने वर्ष त्यो सन्चालनमा आउनेछ ।

'हामीले सही सन्तुलन मिलाउनुपर्छ । म इमान्दारीपूर्वक के भन्छु भने यो रंगशालाका कारण हामीले सरुवातिर आकर्षित हुनुपर्ने अवस्था छैन । हामीले नकिनि नहुने भन्ने खेलाडी भनेर पनि कसैलाई देखेका छैनौं । हामीले बरु आफ्नै एकेडेमीका खेलाडीलाई मौका दिनेछौं,' इभीले भने । म्यानचेस्टर युनाइटेडका व्यवस्थापक जोसे मोउरिन्होले पनि सरुवामा लगानी नियन्त्रण बाहिर गएको टिप्पणी गरेका छन् । जबकि युनाइटेड आफैंले पनि थुप्रै खर्च गरेको छ । उसले यसपालि सय मिलियन पाउन्डभन्दा बढी खर्चेर फरवार्ड रोमेलो लुकाकु र रक्षक भिक्टर लिन्डलोफ ल्याएको छ ।

युनाइटेडको प्रतिद्वन्द्वी सिटीले चाहिं २ सय मिलियन पाउन्डभन्दा

हरेक क्लबले राम्रा खेलाडी ल्याएका छन् । जसले गर्दा अनौठो वातावरण बनेको छ

बढी खन्याइसकेको छ । उसले वाकर, बेन्जामिन मेन्डी, डानिलो, बर्नार्डो सिल्भा र इडरसनलाई भित्र्याएको छ ।

यसै गरी साबिक विजेता चेल्सीले पनि कीर्तिमान मूल्यमा रियल म्याड्रिडबाट अल्भारो मोराटालाई भित्र्याएको छ ।

'हरेक क्लबले राम्रा खेलाडी ल्याएका छन् । धेरै लगानी गरेका छन् । कसैले धेरै नै तिरेका छन् । जसले गर्दा अनौठो वातावरण बनेको छ,' मोउरिन्होले भने, 'खास गरी फरवार्डका लागि धेरै लगानी भएको छ ।' यसैबीच मोउरिन्हाले आउने सिजनमा आफ्नो क्लबले लिग जित्नका लागि थप सुधारका काम गर्नुपर्ने बताएका छन् ।

माउरिन्हाले ओल्ड ट्राफोर्ड सम्हालेको पहिलो वर्ष क्लबले लिग कप र युरोपा लिग जिते पनि प्रिमियर लिगमा चाहिँ छैठौं स्थानमा चित्त बुझाउनुपऱ्यो । ऊ विजेता चेल्सीभन्दा २४ अंकले पछाडि पऱ्यो । गत मेमा युरोपा लिग उचालेका कारण युनाइटेडले आउने सिजन च्याम्पियन्स लिगको समूह चरण खेल्न पाउनेछ । तर पोर्चुगाली व्यवस्थापक आफ्नो क्लब अझै युरोपेली महादेशका शीर्ष क्लबभन्दा कमजोर रहेको स्वीकारे ।

'हामी युरोपा लिग विजेताका रूपमा अगाडि बढे पनि शीर्ष क्लबमा पर्ने छैनौं,' उनले भने, 'अझ हामीले धेरै मिहिनेत गर्नुपर्छ ।' मोउरिन्हो पाएदेखि अझै दुई राम्रा खेलाडी थप्ने सुरमा छन् । 'एउटा मिडफिल्डर भए मलाई राम्रो विकल्प हुन्थ्यो । र, एउटा विंग्सबाट आक्रमण गर्ने पनि चाहियो,' उनले भने ।

संचारमाध्यमका अनुसार चेल्सीका नेमान्जा माटिक र टोटेनहमको इरिक डायरमाथि माउरिन्होको आँखा छ । साथै इन्टर मिलानका विंगर इभारन पेरिसिक पनि उनको नजरमा परेका छन् ।

युनाइटेडले नयाँ सिजनको पहिलो खेल अगस्ट १३ मा वेस्टहयामसँग खेल्नेछ ।

इङ्ल्यान्डको संघर्ष

लन्डन (एएफपी)- एलिस्टर कुकले ओभलको १ सयौं टेस्टमा आफ्नै परिचित शैलीमा अर्धशतक बनाएर जुझारु प्रदर्शन गरेका छन् । टस जितेर ब्याटिङ रोजेको इङ्ल्यान्डले दक्षिण अफ्रिकाविरूद्धको तेस्रो टेस्टको पहिलो दिनको खेलको चियासम्म ४ विकेट गुमाई १ सय ४९ रन बनाएको छ ।

धैर्यपूर्वक खेलिरहेका कुक ७२ रन बनाई क्रिजमा छन् । १ सय ६१ ब्ल खेलेका उनले ८ चौका प्रहार गरिसके । बेन स्ट्रोक्स १० रन बनाई पूर्व कप्तान कुकसँगै नटआउट छन् । वर्षाले चियापछिको खेल प्रभावित पारेको छ ।

पेट दुखेका कारण आधा घण्टा मैदान बाहिर रहेका भेर्नोन फिलान्डरले कप्तान जो रुटलाई २ ९ रनमा आउट गरेपछि इङ्ल्यान्ड दबाबमा आयो । इङ्ल्यान्डले ब्याट्सम्यानद्वय टम वेस्टली र डाविड मालन तथा सिमर टोबी रोल्यान्ड-जोन्सलाई 'डेब्यू' गर्ने मौका दिइएको थियो । तर टोली भेट्रान कुकमै भर पर्नुपरेको थियो ।

किएटोन जेनिङ्स चौथो ओभरमै फिलान्डरको बलमा तेस्रो स्लिपमा क्याच दिन पुगे । स्टली २५ रनमा आउट भए । मालनलाई १ रनमा कागिसो राबाडाले बोल्ड गरे ।

लन्डनको लर्ड्स, अस्ट्रेलियाको मेलबर्न र सिड्नीपछि १ सय ३७ वर्ष पुरानो ओभल १ सय टेस्ट आयोजना गर्ने पछिल्लो टेस्ट मैदान हो । शृंखला अहिले १-१ को बराबरीमा छ ।

श्रीदिवालाई सफलता

कान्तिपुर संवाददाता

काठमाडौं- आयोजक श्रीदिवा स्कुल ११ औं मनसुन मिट अन्तरस्कुल बास्केटबलको गर्ल्सतर्फ सेमिफाइनल पुगेको छ । घरेलु कोर्टमा श्रीदिवाले युनिभर्सललाई ३७-३४ स्कोरले हरायो । श्रीदिवाकी छेवाङ शेर्पाले १६ स्कोर गरिन् । डाफोडिलले हिमालीलाई १४-४ ले हराउँदा सिम्मी तामाङले ६ स्कोर गरिन् ।

ब्याइजमा ज्ञान निकेतन र ओडिसी एकेडेमी सेमिफाइनल पुगे । मनीष तामाङको २५ स्कोरमा ज्ञान निकेतनले बुद्ध एकेडेमीलाई ६३-४७ ले हरायो । ओडिसीले नेपाल सेन्ट्रलमाथि ५१-३९ को जित पायो । ओडिसीका अमन श्रेष्ठले १३ स्कोर जोडे ।

गोदाम भाडामा चाहियो

भक्तपुर ठीमी लगायत अन्य स्थानमा ३००० देखि ५००० वर्गफिट क्षेत्रफल भएको ३ फेज लाईन सहित २०० AMP पावर ब्याकप भएको हेभी ट्रक जाने बाटो भएको कम्पाउण्ड सहितको गोदाम भाडामा चाहियो ।

NEPAL SHIPPING ९८५१००३७९०

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG KANTIPUR MEDIA GROUP

जित्नुहोस् १ किलो सुन

कान्तिपुर को स्वर्णपुर

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चाँदी

अनि स्क्रयाच गरी जित्नुहोस् लाखौंका उपहारहरू

Skyworth एल.इ.डी टि.भी.

ल्यापटप

LEAGOO Stylish Phone स्मार्टफोन

पावरबैंक

घडी

वाटर प्युरिफायर

गिफ्ट भौचर

रू ३०० देखि रू ३५०० सम्मको नगद छुट

* सर्तक नगद छुटेमा ।

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को नियमित ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को नियमित ग्राहक बन्नुहोस् ।

थप जानकारीको लागि

एन.टि.सि.: १६६००१२२२२२, ९८५१२१६८००

एनसेल: ९८०१५७२२२२, ९८०१०१६८५०

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण) 9851005217 (ध्रुब), 9851016815 (नीरज)

उपत्यका बाहिर: 9856044140 (शंकर) , 061-525656 (पोखरा), 081-551171 (नेपालगंज) 056528900 (भरत्तपुर), 021-461959 (विराटनगर)

SMS SUB to 38080

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

भाइरल ज्वरोको प्रकोप बढ्यो

बालबालिका, महिला तथा वृद्धवृद्धा बढी प्रभावित

■ विप्लव भट्टराई

इलाम- भाइरल ज्वरोको प्रकोप जिल्लामा अत्यधिक बढेको छ। बर्खायाममा बर्सेनि फैलिने भाइरलका कारण स्वास्थ्य संस्थामा आउनेको भीड पनि बाक्लिँदै गएको छ। प्रकोप बढेपछि साबिकभन्दा दोब्बरको संख्यामा स्वास्थ्य संस्थामा उपचारका लागि आउने गरेका छन्।

जिल्ला अस्पताललगायत चार प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य केन्द्रमा दिनहुँ बिरामी थपिँदै गएको सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारी बताउँछन्। रोग संक्रमणले छिटो भेट्ने भएकाले उपचारका लागि बालबालिका, महिला तथा वृद्धवृद्धा बढी मात्रामा आउने गरेका हुन्। स्वास्थ्य संस्थामा संख्या थपिँदै गएकाले बिरामी व्यवस्थापन गर्नै धौधौ परेको स्वास्थ्यकर्मीले बताए।

जिल्ला अस्पतालमा मात्र उपचारका लागि दैनिक डेढ सय बिरामी आएको हेल्थ असिस्टेन्ट गणेश रिजालले जानकारी गराए। 'आकस्मिक उपचारका लागि मात्र दैनिक ५०/६० जना आइरहेका छन्,' उनले भने, 'ओपीडीमा दोब्बर बिरामी आउँछन्। स्वास्थयकर्मी र औषधिको अभाव नभए पनि बिरामी राख्ने बेडको समस्याले सबैको उपचार सम्भव छैन।



इलाम अस्पतालमा भाइरल ज्वरोको जाँच गराउँदै। जिल्लाभर यो रोगको संक्रमण फैलिएकाले स्वास्थ्य संस्थामा उपचार गराउनेको चाप बढेको छ। *तस्बिर : विप्लव/कान्तिपुर*

'५० शय्याको अस्पताल भए पनि बिरामीलाई बेड पुऱ्याउनै मुस्किल छ,' मेडिकल अफिसर विजय फुयालले भने, 'प्रसूतिका बिरामी पनि उत्तिकै हुने र बाँकी बेड भरिएकाले धेरैलाई उपचार गरेर आराम गर्न घरमै पठाउने गरेका छौं।'

मौसम परिवर्तन, अव्यवस्थित खानपान र दूषित पानीका कारण रोग लाग्ने चिकित्सकको भनाइ छ। हावा, पानीलगायत खानेकुराबाट रोग सर्ने भएकाले एउटा परिवार वा समूहमा बस्ने एक जनामा रोग देखा परे अरूलाई पनि सर्छ। यस्ता बिरामीले पानी उमालेर मात्र पिउनुपर्ने, मास्क प्रयोग र झोल पदार्थ धेरै खानुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ।

इलाम अस्पतालसहित प्याङ, मंगलबारे, फिक्कल र पशुपतिनगरका प्राथमिक स्वास्थ्य केन्द्रसहित स्वास्थ्य संस्थामा पनि भाइरलका बिरामीको चाप छ। असारको दोस्रो सातादेखि नै यो रोगको प्रकोप बढेको हो। सरकारी स्वास्थ्य संस्थाबाहेक निजी क्लिनिकमा पनि बिरामी उत्तिकै छन्। गाउँदेखि बजारसम्मका बाक्लो बस्ती भएका क्षेत्रमा रोग छिटो फैलिएको छ।

वर्षमा १०८ गर्भवतीको शल्यक्रिया

'तत्काल शल्यक्रिया नगरे बाँच्नै नसक्ने अवस्थाका धेरै गर्भवतीलाई बचाउन सकियो'

■ आनन्द गौतम

ताप्लेजुङ- जिल्ला अस्पतालले एक वर्षमा १ सय ८ गर्भवतीको सफल शल्यक्रिया गरेको छ। यो गत वर्षको भन्दा झन्डै दोब्बर संख्या बढी हो। गत वर्ष ७१ जनाको शल्यक्रिया भएको थियो। गत आर्थिक वर्ष (साउनदेखि असार मसान्तसम्म) सयभन्दा बढीको सफल शल्यक्रिया गरिएकामा अस्पतालका चिकित्सकले विशेष उत्सव नै मनाएका छन्।

सामान्य अवस्थाबाहेक बच्चा कुठाउँ (अन्ननली) मा बसेको, पाठेघरको मुखबाट अधिक रगत बगेको, साल नझरेको, गर्भमा भएको बच्चालाई खान पुग्ने अवस्था नभएको, शरीरमा रगत सुकेको जस्तो अवस्थाका गर्भवतीको शल्यक्रिया गरेको डा. उत्तम पाच्या बताउँछन्।

तत्काल शल्यक्रिया नगरे बाँच्नै नसक्ने अवस्थाका गर्भवती बचाउन सफल भएको पाच्याले बताए। दोखुकी कमला लिम्बूको शल्यक्रिया वर्षकै अविस्मरणीय बनेको छ। 'जसको पाठेघरमा हुनुपर्ने बच्चा अन्ननलीमा गएर बसेको थियो, तर पनि बचाउन सफल भयौं,' पाच्याले भने। यो वर्ष अस्पताल आएर सुत्केरी हुनेको संख्या पनि बढेको छ। ६ सय ६३ जना जिल्ला अस्पताल आएर सुत्केरी भएको तथ्यांक शाखाले जनाएको छ। उनीहरू चिकित्सकको निगरानीमा सामान्य अवस्थामा सुत्केरी भएका थिए। यो संख्या गत वर्षको तुलनामा उल्लेख्य वृद्धि होइन। गत वर्ष पनि ६ सय ३४ अस्पतालमै सुत्केरी भएका थिए।

एक नगरपालिका र आठ गाउँपालिका रहेको इलाममा एक अस्पताल र २ प्राथमिक स्वास्थ्य केन्द्र छन्। मैवाखोला गाउँपालिकाको ढुंगेसाँघु र सिरिजंघाको तेल्लोकमा पनि डाक्टर दरबन्दी रहेको छ। योबाहेक इलाका स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर छन्। यहीं गर्भवती जाँच गरिन्छ।



ताप्लेजुङ जिल्ला अस्पताल। यहीँबाट वर्ष दिनमा १ सय ८ गर्भवतीको शल्यक्रिया गरियो। *तस्बिर : आनन्द/कान्तिपुर*

शल्यक्रिया सेवा नहुँदासम्म यहाँबाट गर्भवती महिलाले धरानको बीपी मेमोरियल अस्पताल, कोसी अञ्चल अस्पताल विराटनगर पुग्नुपर्ने बाध्यता थियो। कतिपय पाँचथरको फिदिम गएर सुत्केरी गराउँथे। जिल्लामै हुँदा आर्थिक व्ययभार घटेको नेपाल महिला उद्यमी संघकी अध्यक्ष लीलादेवी बोखिमले बताइन्।

'पहिले गाउँका महिला खर्च नभएर अलपत्र पऱ्यौं भन्थे। खर्च खोजेर व्यवस्थापन गर्थ्यौं। पाँच, दस हजार त धेरैलाई म एक्लैले दिएँ,' बोखिमले भनिन्, 'यहीँ शल्यक्रिया हुँदा पैसा खोज्नुपरेको छैन, रगत मात्रै खोजे हुन्छ।' जिल्लामा ब्लड बैंक नभएकाले गर्भवती अस्पताल भर्ना भएपछि सम्भावित जोखिमलाई ध्यान दिँदै रगत समूह मिल्नेको खोजी गर्नुपर्ने बाध्यता रहेको अस्पतालले जनाएको छ।

यस्तो दुर्गम जिल्लामा पनि राम्राराम्रा सफलता मिलेको र स्वास्थ्यकर्मी उत्साही भएकाले आगामी दिनमा अझै राम्रो हुने पाच्या बताउँछन्। यसमा जिल्लावासीको राम्रो सहयोग रहेको उनले जानकारी गराए।

छोटकरी

भीरबाट लडेर मृत्यु

भोजपुर (कास)- उत्तरी साल्पासिलिछो गाउँपालिका ६ सालेवाकी ७४ वर्षीया लीलामाया राईको भीरबाट लडेर मृत्यु भएको छ। ५ दिनदेखि हराइरहेकी उनको घर नजिकै भीरको फेदीमा बुधबार शव भेटिएको थियो।

होटल व्यवसायी संगठित

महोत्तरी (कास)- होटल व्यवसायीको भेलाले हीरा गौतमको अध्यक्षतामा १७ सदस्यीय नेपाल होटल तथा पर्यटन व्यवसायी संघ प्रदेश नं २ गठन गरेको छ। २ नं प्रदेशअन्तर्गत ८ वटै जिल्लाका ५० भन्दा बढीको सहभागितामा बुधबार अबेरसम्म चलेको छलफलले प्रदेशका सबै होटल व्यवसायीको पेसागत हकहितको संरक्षण गर्दै ऐक्यबद्ध भएर पर्यटन उद्योगमा टेवा दिने उद्देश्यले संघ गठन गरेको हो। तदर्थ समितिको प्रथम उपाध्यक्षमा रौतहटका सुरेन्द्र सापकोटा, द्वितीय उपाध्यक्षमा सिरहाका विष्णु साह, महासचिवमा सिमराका मोहन शर्मा, सचिवमा वीरगन्जका तवरेज आलम र कोषाध्यक्षमा लालबन्दीका वैकुण्ठ सापकोटा छानिएका छन्।

बाँधको काम चाँडो गर्न निर्देशन

विराटनगर (कास)- जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयले १५ दिनभित्र बक्राहा बाँध निर्माण सक्न ठेकेदारलाई निर्देशन दिएको छ। गत वर्ष हसन्दहको जयनगरमा भत्किएको बाँध निर्माण गर्न ठेकेदारले खेलाँची गरेको गुनासो आएपछि कार्यालयले चासो दिएको हो। डिभिजन कार्यालय इन्जिनियरहरू रामचन्द्र गुप्ता र राजेन्द्रकुमार माझीको नेतृत्वमा बाँध निर्माणस्थल पुगेको टोलीले ठेकेदार जिवेश कार्कीलाई १५ दिनभित्र निर्माण सक्न बुधबार निर्देशन दिएको थियो। पूर्वी मोरङमा हरेक बर्खामा बक्राहा खोलाको बाढीले क्षति पुऱ्याउँदै आएको छ। जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय विराटनगरले उक्त बाँध निर्माणका लागि हिमालयन एन्ड निकिता कम्पनीलाई १ करोड २ लाखमा ठेक्का लगाएको थियो। तर ठेकेदारले हालसम्म ४० प्रतिशत पनि काम नगरेपछि स्थानीय र नयाँ जनप्रतिनिधिले ध्यानाकर्षण गराएका थिए।

गत वर्षको बाढीमा हसन्दहको जयनगरमा बक्राहा खोलाको करिब दुई सय मिटर बाँध भत्किएर बस्तीमा बाढी पस्दा पथरी शनिश्चरे ५ सहित सुनवर्षी र रतुवामाई नगरपालिकाका ७ सय परिवार र हजार बिघाभन्दा बढी धानखेत डुबानमा परेको थियो।

TRINITY
ALUMNI ASSOCIATION NEPAL

Notice is hereby given that Alumni General Meet (AGM) is going to be held.
All the participating members are requested to mandatorily register online well in advance at *alumni.trinitycollege.edu.np*

Date : Saturday, 21 Shrawan 2074 (August 5, 2017)
Time : 10:30 AM
Venue : Amritbhog Party Palace Dillibazar Height

Like our page at www.facebook.com/trinityalumni.np
Visit alumni.trinitycollege.edu.np for important information

TRINITY ALUMNI ASSOCIATION NEPAL
Event Management Committee
Trinity Alumni Association Nepal

फोनमा अश्लील बोल्नेलाई मुद्दा

संखुवासभा (कास)- मोबाइलमा अश्लील शब्द बोल्ने २ जनालाई प्रहरीले सार्वजनिक मुद्दा चलाएको छ। धनकुटा पाख्रिबास नगरपालिका ९ का ईश्वर बिष्ट र पाख्रिबास ५ का श्यामकुमार बिकले खाँदबारी नगरपालिका ६ की एक युवतीलाई मोबाइलबाट अश्लील शब्द प्रयोग गरेका थिए। उनीहरूले गालीगलौज, धाकधम्की र दैनिक दर्जनौंपटक फोन गर्ने गरेको भन्दै पीडितले दिएको उजुरीका आधारमा उनीहरू पक्राउ परेका हुन्। प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिई सार्वजनिक अपराधको मुद्दा चलाएको डीएसपी सन्तोष खड्काले बताए।

भर्ना खुल्यो
पूर्वाञ्चलकै भौतिक पूर्वाधारले सम्पन्न सम्बन्धित परिषद्बाट मान्यता प्राप्त
विराट हेल्थ कलेज विराटनगरमा
BPH
PBN
BSc Nursing
फारम भर्ने अन्तिम मिति : ०७४ भाद्र ०९ गते
सम्पर्क
विराट हेल्थ कलेज, विराटनगर
०२१-४२०९७३,४२०९७४/९८४२०४५०४०
Website : www.birathealthcollege.com

हात्तीको उपद्रोले गाउँले पीडित

■ प्रदीप मेन्याङ्बो

धरान- जंगली हात्तीको उपद्रोले उपमहानगर ६ पानबारीवासी त्रसित बनेका छन्। चारकोसे जंगलसँगै जोडिएको पानबारी क्षेत्र सुनसरीकै हात्तीबाट अति प्रभावित क्षेत्र हो। रातको समयमा घर भत्काउनुका साथै अन्नबाली खान थालेपछि सर्वसाधारण आतंकित बनेका हुन्।

चारकोसे जंगलबाट आएका हात्तीको हुलले चार दिनयता तीनवटा घर भत्काइदिएको र अन्नपात छरपस्ट पारिदिएको छ। आधा दर्जनभन्दा बढी हात्तीले मानवीय क्षति नपुऱ्याए पनि खेतबारीमा भर्खर लगाएको बाली नाश गरिदिएको पीडितले बताए।

पानबारी घोपाली टोलका अमृत विकको पक्की घर बिहीबार बिहान मात्र भत्काइदिएको छ। 'बिहान ३ बजेतिर नजिकैको जंगलबाट आएको हात्तीको हुलले मेरो पक्की घर भत्कायो,' विकले भने, 'त्यतिबेला हामी सुतिरहेका थियौं। हात्तीले घर भत्काएपछि सबै ज्यान बचाउन भागाभाग गऱ्यौं।' साउदीबाट छोराले पठाएको रकमले एकतले पक्की घर बनाएको वर्ष दिन नबित्दै हात्तीले भत्काउँदा अब कसरी बनाउने भन्ने चिन्ताले सताएको उनले बताए।

विकका छिमेकी ध्रुव कटवालको घर पनि भत्काइदिनुका साथै अन्नपात छरपस्ट पारिदिएको छ। तीन दिनअघि भत्काएको घर पुनः मर्मत गर्दै गरेको अवस्थामा शुक्रबार राति पुनः आएर भत्काएपछि कटवाल परिवार बिचल्लीमा परेको छ। 'तीन दिनअघि मात्र हात्तीले भत्काएको घर मर्मतसम्भार गर्दै थिएँ,' उनले भने, 'त्यसमाथि झन् भत्काएपछि बिजोगै भयो।' त्यसैगरी दुई दिनअघि मात्रै चारपाटे आहाले सुकुम्बासी बस्तीमा एक पक्की घर भत्काएको स्थानीय कृष्ण लिम्बूले बताए। स्थानीय विनोद विकका अनुसार रातको समयमा हात्ती आएर दुःख दिने भएकाले रातभर होहल्ला गर्दै पुल्ठो र धुनी बालेर जाग्राम बस्ने गरेका छन्। उनले भने, 'पानबारीवासी राति निदाउन सक्दैनन्। हात्तीले खेतमा लगाएको मकै, उखु, केरालगायत नष्ट गरिदिएको छ।'

हात्ती आतंक बढेपछि स्थानीय र प्रहरी टोलीले संयुक्त रूपमा रात्रि गस्ती सुरु गरेका छन्। तर प्रहरीले सुरक्षाका लागि जनशक्ति अभाव भएको जनाएको छ। हात्ती भगाउन अहिलेसम्म कुनै नयाँ उपाय निकालिएको छैन।

पानबारीमा दुई दशकयता मात्रै जंगली हात्तीको आक्रमणबाट १२ जनाले ज्यान गुमाइसकेको वडा सदस्य हरि राईले बताए। उनका अनुसार नेपालको पूर्वी क्षेत्र झापाको बाहुनडाँगीबाट भारतीय हात्ती चारकोसे झाडी हुँदै पानबारीसम्म आएर उपद्रो मच्चाउने गर्छ।

राईले भने, 'हिउँदको बेलाभन्दा बर्खामा भारतबाट आहारा खोज्दै आउने हात्तीको हूलले प्रत्येक वर्ष दुःख दिने गरेको छ।' यसैबीच जंगली हात्ती पीडितहरूले जनधनको सुरक्षा गरिदिन सरकारसँग माग गरेका छन्।



सुनसरीको धरान उपमहानगरपालिका ६ पानबारीमा जंगली हात्तीले भत्काएको अमृत विकको घर। *तस्बिर : प्रदीप/कान्तिपुर*

BIG Movies
Prem Geet 2 : 8:00 am, 2:30 pm, 5:00 pm, 8:30 pm, Rudra : 11:30 am
Mubarakan : 8:30 am, 2:00 pm, 5:30 pm, 8:00 pm
Valerian and the City of a Thousand Planets : 11:00 am
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays at Rs. 185*

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
qfxcinemas.com

BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
FRIDAY SHOWTIME
PREM GEET 2 — 8:15 AM | 1:30 PM | 4:00 PM 6:30 PM | 8:45 PM [Atmos 1] 11:30 PM [Atmos 2]
MUBARAKAN — 9:00 AM | 2:30 PM 7:45 PM [Atmos 2]
3D VALERIAN AND THE CITY OF THOUSAND PLANETS — 5:00 PM [Atmos 2]
RUDRA — 11:00 AM [Atmos 1]
XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY NOW 190 ALL DAY LONG
BSR owns the rights to change the show time

गाँपी कुरुन HD TRAILERS
Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
MUNNA MICHEL
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • कारखाना
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • तारे भीर

तपाईंको आज

मेष	दुविधा बढ्ने	तुला	आर्थिक हानि
वृष	अध्ययनमा सफल	वृश्चिक	कार्यसफल
मिथुन	मनोरञ्जन	धनु	मिष्ठान्न भोजन
कर्कट	पराक्रम बढ्ने	मकर	भाग्यवृद्धि
सिंह	आकस्मिक लाभ	कुम्भ	अस्वस्थता
कन्या	उत्साह बढ्ने	मीन	नयाँ कार्य आरम्भ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल साउन १४ गते शनिबार तदनुरुप २९ जुलाई २०१७ श्रावण शुक्लपक्ष षष्ठी तिथि प्रातः ९:३७ बजेसम्म उप्रान्त सप्तमी तिथि हस्ता नक्षत्र प्रातः ९:५ बजेसम्म उप्रान्त चित्रा नक्षत्र सिद्ध योग साँझको ५:५९ बजेसम्म उप्रान्त साध्य योग गर करण रात्रिको ० ९:५२ बजेसम्म उप्रान्त वणिज करण कन्या राशिमा चन्द्रमा रात्रिको ९:४० बजेसम्म उप्रान्त तुला राशिमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR TELEVISION NETWORK (P) LTD.

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्गदर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	एमएनएस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हल्दार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंगो माइक
२:००	मुभी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	म्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

Radio Kantipur रेडियो राष्ट्रको

हरेक दिन २४ सै घन्टा हरपलको साथी

००:०१	ननस्टप नेपाली आधुनिक सङ्स
०१:०२	ननस्टप नेपाली पप सङ्स
०२:०४	ननस्टप हिन्दी सङ्स
०४:०५	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान
०६:५५	कान्तिपुर डायरी
०७:३०	द हेड लाइनर्स
८:००	मानसिक स्वास्थ्यमा कोसिस
९:००	द गुडमर्निङ शो (जय प्रधान)
९:१०	कान्तिपुर डायरी
०९:१५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
१०:००	सुफलिन (आशीष केसी)
११:००	न्यु रिलिज (रेमन)
१२:००	फेमिना (चाँदनी)
१२:१०	कान्तिपुर डायरी
१३:००	किक स्टार्ट (सञ्जय)
१५:००	के छ नेपाल (रेमन)
१५:१५	कान्तिपुर डायरी
१६:००	सौराइ (कृष्ण)
१७:००	सिने क्विज (चाँदनी)
१८:००	फेनाटिक फ्राइडे (स्मिता/महेश)
१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
१९:००	कान्तिपुर डायरी
२०:००	प्लेट्रोनिक्स (सञ्जय)
२१:००	वेल नो टेन्सन (दीपक/अम्बिका)
२१:३०	कान्तिपुर डायरी
२२:००	इन्द्रेणी
२३:००	क्लब मिक्स (गिरिश)
२४:००	इलिवेन्थ हावर (सञ्जय)

अस्पताल र विविध

वारुण यन्त्र (विराटनगर)	०२१-४२००००
वारुण यन्त्र (इटहरी)	५८०१०१
वारुण यन्त्र (धरान)	५२०१९९
वारुण यन्त्र (इनरुवा)	५६०१०१
वारुण यन्त्र (दमक)	५८०१०१
वारुण यन्त्र (भद्रपुर)	५२०१०१
कोशी अञ्चल अस्पताल (विराटनगर)	५३०१०३, ५२४२३४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	५२५५५५
मेची अञ्चल अस्पताल, भद्रपुर	५२००२४
रक्त सञ्चार सेवा केन्द्र (विराटनगर)	५२३३२६
विराटनगर आँखा अस्पताल (विराटनगर)	४३६३६०
एडभान्स अर्थो एण्ड डेन्टल केयर, विराटनगर	०२१-५२५६३४

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०, ९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

सिँचाइ पुगेपछि किसान उत्साही

■ अगन्धर तवारी



मुडिकुवा सिँचाइ आयोजनाले सिञ्चित हुने फलेवास नगरपालिका ४ सिर्सुवाका किसान गत साता धान रोपाइँ गर्दै। *तस्बिर : अगन्धर/कान्तिपुर*

पर्वत- सिँचाइ नहुँदा करिब ६० हेक्टरमा धान रोप्न नपाउने अवस्थाका मुडिकुवाका किसान दुई वर्षयता मख्ख छन्। करिब पाँच किमि दूरिको मल्याङदी खोलाबाट पानी ल्याएर सिँचाइ गर्न थालेपछि मुडिकुवाका करिब साढे चार सय परिवारले कोदो रोप्ने बारीमा धान, गहुँ र मकै मात्रै नभएर बेमौसमी तरकारी फलाएर राम्रै आम्दानी गरिरहेका छन्।

सिँचाइ विकास सब-डिभिजन कार्यालयको सक्रियतामा पैयुँ-३ बेउलीबासका ९ सय ८० घरधुरीले यसै वर्षदेखि सुक्खा टारमा धान रोपाइँ गरे। 'सुक्खा टारमा धान रोप्ने सपना पनि देखेका थिएनौं,' उपभोक्ता कृष्ण काफ्लेले भने, 'यहाँका धेरैको जुनी फेरिएको छ।' चार वर्षअघि सुरु भएको शिब्दी चिलुवा सिँचाइ योजना गत जेठको अन्तिम साता सम्पन्न भएको हो। योजना सम्पन्न भएपछि स्थानीयले बाजागाजा र नाचगान गर्दै सुक्खा टारमा रोपाइँ गरेर खुसियाली मनाए।

गत वर्ष निर्माण सम्पन्न भएका तथा पुराना आयोजना मर्मत गरी सिञ्चित खेतबारीमा ढुक्कले रोपाइँ गरेका किसान हिउँदबर्खा वर्षमा तीन बालीको खेती गर्न थालेका छन्। कतिपय गाउँका किसानहरूले सिँचाइको सुविधासँगै तरकारी तथा नगदेबालीबाट राम्रो आम्दानी गरिरहेका छन्। 'पहिला घरमा खाने तरकारी बजारबाटै ल्याइन्थ्यो,' मल्लाजका मोहन क्षेत्रीले भने, 'कुलो आएपछि घरघरै तरकारी फलेको छ। धेरैले बेनी पुऱ्याएर राम्रो आम्दानी गरेका छन्।' मल्लाज सिँचाइ आयोजनाको पानी गाउँमा ल्याएपछि वरपरको सुक्खा टार हराभरा हुन थालेको छ।

सिँचाइ कार्यालयमार्फत निर्माणाधीन विभिन्न आयोजनाबाट १२७७ हेक्टर खेतीयोग्य जमिन सिञ्चित हुने चरणमा छ। गत वर्ष समग्र योजनाको ८० प्रतिशत प्रगति भएको कार्यालयले जनाएको छ। 'सीमित जनशक्तिलाई भरपुर उपयोग गरेका छौं,' सबडिभिजन प्रमुख राजेन्द्र श्रेष्ठले भने, 'धेरैजसो आयोजनाको प्रगति सन्तोषजनक छ।'

सबडिभिजन कार्यालयले चालु वर्ष सञ्चालित ९ वटा मझौला सिँचाइ आयोजना तथा अन्य साना आयोजनाहरूको समग्र प्रगति ८० प्रतिशत भएको दाबी गरेको छ। सञ्चालित आयोजनाबाट चार हजार ४९ परिवारको एक हजार २७७ हेक्टर जमिनमा सिँचाइ हुन्छ। त्यस्तै अन्य साना सिँचाइ आयोजनाबाट करिब १५ सय घरपरिवार लाभान्वित भएको सबइन्जिनियर विष्णुबहादुर लोले जानकारी दिए। जिल्लामा २८ हजार ५९३ हेक्टर खेतीयोज्य जमिन भएकोमा परम्परागत सिँचाइ आयोजनाबाट सिञ्चित हुने जमिनको क्षेत्रफल नौ हजार ९४० हेक्टर छ। बाह्रै महिना सिञ्चित हुने जमिनको क्षेत्रफल सात हजार २९० हेक्टर भएको सिँचाइ कार्यालयमा तथ्यांक छ। कार्यालयमार्फत सञ्चालित आयोजनाको काम सम्पन्न भएपछि बाह्रै महिना सिँचाइ हुने जमिनको क्षेत्रफल करिब दुई हजार बढ्ने अनुमान छ।

बिरुवा बेचेर राम्रो आम्दानी

कान्तिपुर संवाददाता

म्याग्दी- यहाँका कृषि तथा वन नर्सरीमा आबद्ध कृषकहरूले फलफूल तथा अन्य जातका बिरुवा बेचेर राम्रै आम्दानी लिने गरेका छन्। म्याग्दीमा फलफूलमध्ये सुन्तला जातका बिरुवा बढी उत्पादन गरिन्छ। जडीबुटीमा हाडे टिमुर, अन्यमा डालेघाँस र काष्ठ पैदावरमध्ये लोपुन्मुख जातका सिर्मु, फलाट र लोठसल्लाका बिरुवाको पनि किनबेच राम्रो छ। सुन्तला र टिमुरका बिरुवा प्रतिगोटा २० रुपैयाँमा बिक्री हुने गरेको छ। अन्य वनपैदावरको प्रतिबिरुवा ५ रुपैयाँ मूल्यमा बिक्री हुने गरेको छ।

टिमुरका बेर्ना बेचेर मनग्गे आम्दानी लिनेमा धौलागिरि गाउँपालिका-५ ताकमका समबहादुर थापा अग्रणीमा पर्छन्। उनले बिरुवा बेचेर ३ लाख ८ हजार नगद आम्दानी गरेका छन्। 'बेर्ना तयार पार्न नर्सरी आफ्नै लागि बनाएको हो,' उनले भने, 'दैलोमै किन्छौं भनेर आउनेलाई बेर्ना नबेचौं पनि कसरी। आम्दानी राम्रै हात लाग्ने रहेछ।' बिरुवा बिक्री हुने थाहा भएपछि उनको नर्सरीबाट वन कार्यालयले १५ हजार ४ सय बिरुवाको प्रतिबोट २० रुपैयाँमा खरिद गरेको छ। त्यसैगरी बेनी नगरपालिका-६ की मनकुमारी घर्तीले ४ हजार ५ सय बिरुवा बेचिन्।

जिल्लाका चार जना कृषकका निजी नर्सरीमा उत्पादित २७ हजार ८ सय टिमुरका बिरुवा वन कार्यालयले खरिद गरी वितरण गरेको छ। वन कार्यालयले ३० वटाभन्दा बढी टिमुर बोट रोप्ने कृषकलाई प्रतिबोट ५० रुपैयाँ प्रोत्साहन अनुदान दिने गरेको छ। टिमुरका बिरुवा उत्पादन, ढुवानी तथा रोपणमा १३ लाख २८ हजार खर्च भएको वन कार्यालयले जनाएको छ। 'एक जिल्ला एक उत्पादन कार्यक्रमअन्तर्गत बर्सेनि हजारौं संख्यामा टिमुरका बिरुवा उत्पादन र रोपण गरेका छौं,' टिमुर खेती कार्यक्रम हेर्ने सहायक वन अधिकृत राजकुमार ठाकुरले भने, 'खेर गइरहेको सामुदायिक वन र निजी खाली पाखो खरबारीमा टिमुर खेती अभियान चलाएका छौं।' टिमुरको बजार राम्रो भएकाले फलेपछि कहाँ बेच्ने भन्ने समस्या नभएको उनले बताए।

वन कार्यालका अनुसार बेनी-५, पुलाचौर, घतान, अन्तपूर्ण गाउँपालिकाको घार, दाना, नारच्याङ, रहुगंगा गाउँपालिकाको बेग, भगवती, पिप्ले,

> टिमुरका बेर्ना बेचेर मनग्गे आम्दानी लिनेमा धौलागिरि गाउँपालिका-५ ताकमका समबहादुर थापा अग्रणीमा पर्छन्

दग्नाम, धौलागिरि गापाको ताकम, मुदी, मराङ, मालिकाको दरवाङ क्षेत्रमा टिमुर खेती थालिएका छन्। यस्तै यो सिजनमा जिल्लाका विभिन्न सात जना कृषकको निजी नर्सरीबाट साधारण विजु जातका २२ हजार ५ सय सुन्तलाका बिरुवा प्रतिबोट २० रुपैयाँमा बिक्री भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। सुन्तलाका ७ हजार ३ सय वटा बिरुवा बेचेर मंगला गाउँपालिका-३ बरंजाका रेशम बुढाथोकीले १ लाख ४६ हजार आम्दानी गरेका छन्। यसरी नै अन्नपूर्ण गाउँपालिका-३ दानाका जोगबहादुर विकले ७ हजार बिरुवा बेचेर १ लाख ४० हजार नगद हात पारे।

कृषि कार्यालयले ७५ वटाभन्दा बढी सुन्तलाको बोट रोप्नेलाई स्रोत केन्द्रदेखि सेवा केन्द्रसम्म ढुवानी र व्यावसायिक खेतीमा प्रोत्साहन गर्न बिरुवामा प्रतिबोट ५० प्रतिशत अनुदान दिने गरेको छ। 'बाबुबाजेले सोखले रोपेको सुन्तलाबाट पनि राम्रो कमाइ देखेपछि सुन्तला खेतीमा लागेकी हुँ। मेरो समूहमा पछिल्लो सिजनमा सुन्तला बेचेर २८ लाख आम्दानी भएपछि उत्साही भई सुन्तलाको नर्सरी स्थापना गरेकी छु,' बेनी नगरपालिका ३ भकिम्लीकी निर्वाचित वडा सदस्य मनकुमारी पुनले भनिन्, 'यो सिजनमा सुन्तलाका बेर्ना रोपेर ४० हजार आम्दानी भयो। सुन्तलाको बेर्नाको माग बढेकाले व्यावसायिक नर्सरीका लागि स्कीन हाउस निर्माण गरी काम पनि थालेकी छु।'

जिल्लाको २ सय ८६ हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुने गरेको छ। कृषिको तथ्यांकअनुसार जिल्लामा फल दिने ३२ हजार, २–५ वर्षका ७ हजार सुन्तलाका बोट छन्। यस वर्ष कार्यालयले २२ हजार ५ सय कृषि कार्यालयको अनुदानमा सुन्तलाका बिरुवा रोपएको हो। कृषकले आफ्नै लागतमा छुट्टै तीन हजार बिरुवा रोपेका छन्। 'म्याग्दीको हावापानी फलफूल खेतीका लागि उपयुक्त छ। त्यसैले हामीले सुन्तलाको पकेट क्षेत्र निर्धारण गरी काम प्राथमिकतामा काम गरिरहेका छौं। साधारण नर्सरीबाट स्कीन हाउसमा बिरुवा उत्पादन थालेका छौं,' कृषि कार्यालयका बागवानी अधिकृत भोजबहादुर थापाले भने, 'सुन्तला खेती राम्रो सम्भावना रहेका विभिन्न गाउँलाई सुन्तलाको बगैचका रूपमा विकास गर्न छुट्टै काम भइरहेको छ।'

लापरबाहीले पुल बनेन

पर्सा (कास)- उपभोक्ता समितिको निष्क्रियता र किचलोका कारण वीरगन्ज महानगर र बहुदरमाई गाउँपालिका जोड्ने झोलुङ्गे पुल गत आर्थिक वर्षमा निर्माण हुन सकेन। गत आर्थिक वर्षमा झोलुङ्गे पुल निर्माणको काम थालिएको थियो। १ सय ८ मिटर लामो झोलुङ्गे पुल ८० लाख रुपैयाँको लागतमा निर्माण गर्न लागिएको थियो।

ठूला दलकै जमानत जफत

कान्तिपुर संवाददाता

अर्घाखाँची- दोस्रो चरणमा असार १४ मा यहाँ भएको स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएमध्येका ३ सय ३७ जनाको जमानत जफत भएको छ।

जमानत जफतमा पर्नेमा कांग्रेस, एमाले र माओवादी केन्द्रका उम्मेदवार पनि छन्। माओवादीका गाउँपालिका प्रमुख र उपप्रमखका उम्मेदवारको जमानत जफत भएको छ।

तीन नगर र तीन गाउँपालिका गरि ६ स्थानीय तहका ३ सय १७ पदका लागि १ हजार १ सय ४५ जना चुनावी मैदानमा थिए। सदरमुकाम सन्धिखर्क नगरमा ९८, शीतगंगा नगरमा ६४ र भूमिकास्थान नगरमा ६१ जना उम्मेदवारको जमानत जफत भएको छ।

सस्तो बजारका व्यापारी फुटपाथमा

■ विना थापा



पोखराको पृथ्वीचोकनजिकैको सस्तोबजारका व्यापारी फुटपाथमा। *तस्बिर : विना/कान्तिपुर*

कास्की- पोखराको पृथ्वीचोकस्थित सस्तो बजारका व्यापारीहरूले फुटपाथमा पसल थापेका छन्। आफ्नो स्वामित्वको जग्गामा सञ्चालित बजारबाट कुनै पनि आम्दानी प्राप्त नभएपछि ठेक्मा दिई सञ्चालन गर्न नेपाल वायु सेवा निगमले २६ दिनअघि सस्तो बजारको मूल गेटमा ताला लगाइदिएको थियो।

व्यापारी भने ठेक्कामा नदिई सोझै निगमले आफूहरूसँग भाडा लिनुपर्ने माग गरिरहेका छन्। त्यसैको विवाद निरुपण नहुँदा बजार खुल्न सकेको छैन। 'बजारको गेटमा लागेको ताला खोल्न प्रशासन र महानगरपालिकाले केही चासो दिएन,' सस्तो बजार व्यवस्थापन समिति अध्यक्ष केशव भुजेलले भने, 'तिनीहरूको ध्यानाकर्षणका लागि फुटपाथ पसल राख्न बाध्य भयौं।' पोखरा महानगरपालिकाले फुटपाथमा पसल राख्न दिँदैन। सडक पेटीमा व्यापार गर्नेहरूका कारण बटुवालाई हिँड्न सास्ती हुनुका साथै सहरी सुन्दरतामा असर पर्ने भन्दै सडकको साटो छुट्टै बजार बनाई व्यापार गर्न महानगरले प्रोत्साहित गर्दै आएको थियो। तर, यसपटक निगमले गरेको तालाबन्दीका विषयमा महानगरले विवाद निरुपणका लागि सहजीकरण गरेको छैन। मेयर मानबहादुर जिसी निगमको जमिनमा उसले कसरी उपयोग गर्न चाहेको हो त्यसमा महानगरपालिकाले सहयोग गर्न सक्ने बताउँछन्। 'दुवै पक्ष बसेर विवाद टुंगो लगाउनुपर्छ, नगरपालिकाले गर्नुपर्ने सहयोग भए गर्छ,' उनले भने, 'फुटपाथ अतिक्रमण गरेर पसल थाप्नचाहिँ पाइँदैन। त्यसलाई हामी निरुत्साहित गर्छौं।' बजार क्षेत्रमा तालाबन्दीपछि फुटपाथमा राखेका पसल हटाउन बल महानगरपालिकाका नगर रक्षकले बिहीबार प्रयास गरेका छन्। फुटपाथबाट हटाउन खोज्दा भएको हात हालाहालमा चार व्यवसायी र एक जना नगरपालिका कर्मचारी घाइते भएका छन्। 'प्रशासन, महानगरपालिका, पोखरा उद्योग वाणिज्य संघलगायतले ताला खुलाउने वातावरण मिलाईदिए हामी फुटपाथबाट आफै हट्छौं,' बजारका अध्यक्ष भुजेलले भने। खाद्यवस्तु र फेन्सी सामानका सस्तो बजार क्षेत्रभित्र २ सय १७ वटा पसल थिए।

निगमले ताला लगाईदिएपछि दिनदिनै बजारको गेटमा धर्नामा बसेका व्यवसायीले बेलाबखत नगरपालिकाको ध्यानाकर्षण गर्न प्रदर्शन पनि गर्दै आएका छन्। 'यो विषयमा पटकपटक भएको छलफल टुंगोमा पुगेन,' पोखरा उद्योग वाणिज्य संघ अध्यक्ष विश्वशंकर पालिखेले भने, 'यसको निकास अब निगमले नै खोज्नुपर्छ भनेर हामीले आग्रह गरेका छौं।' निगमले भने यो विषय आफ्नो सञ्चालक समिति बैठकले टुंगो लगाउने जनाएको छ।

TRINITY
ALUMNI ASSOCIATION NEPAL
Notice is hereby given that Alumni General Meet (AGM) is going to be held.
All the participating members are requested to mandatorily register online well in advance at
alumni.trinitycollege.edu.np
Date : Saturday, 21 Shrawan 2074 (August 5, 2017)
Time : 10:30 AM
Venue : Amritbhog Party Palace Dillibazar Height
Like our page at www.facebook.com/trinityalumni.np
Visit alumni.trinitycollege.edu.np for important information
TRINITY ALUMNI ASSOCIATION NEPAL
Event Management Committee
Trinity Alumni Association Nepal

सूचना! सूचना!! सूचना!!!
खयर काठको वोलपत्र द्वारा लिलाम बिक्रीको सूचना
यस वि.पि. पुष्पलाल सामुदायिक वन उपभोक्ता समूहको वनवाट उत्पादन भई भैंसही घाटगद्धिमा लट वनाई राखिएको खयर जातको गोलिया काठ थान १४९ को २६७.३० क्यूविक फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति संघ संस्था फर्म वा कम्पनिले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलवन्दी वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।
श्री वि.पि. पुष्पलाल सामुदायिक वन उपभोक्ता समुह लक्ष्मीनियाँ-८, रौतहट

पर्सा जिल्ला अदालतबाट जारी भएको ३० दिने सार्वजनिक सूचना
जिल्ला पर्सा, गा.वि.स. बनकटवा, वडा नं. ३ बस्ने सन्तोष पटेलका नाउँको ३० (तिस) दिने म्याद.....
उप्रान्त वादी जिल्ला-पर्सा, विरगंज-उ.म.न.पा. वडा नं ११ मा बस्ने रिणा पाण्डे र प्रतिवादी तपाई समेत भएको किर्ते जालसाजी मुद्धामा तपाईका नाउँमा ३० (तिस) दिने समाव्हान म्याद राष्ट्रिय पत्रिकामा जारी गरी प्रतिउत्तर परे वा अवधि समाप्त भएपछि पेश गर्नु भन्ने मिति २०७४।०३।०५ मा भएको आदेशानुसार तपाईका नाउँको म्याद यसै साथ पत्रिकामा प्रकाशन गरी दिएको छ। यो म्याद पत्रिकामा प्रकाशित भएका मितिले कानूनको म्याद भित्र लिखित रुपमा प्रतिउत्तर फिराउन आउनुहोला। नआई म्याद गुजारेमा कानून बमोजिम हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन। मुद्धा कानून बमोजिम हुनेछ।
इति संवत् २०७४ साल असार महिना १५ गते ५ रोज शुभम्.....

मालपोत कार्यालय खैरहनी चितवनबाट प्रकासित भएको ३५ दिने हकदावी सम्बन्धी सूचना
चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ८ बस्ने देउमाया पुन मगर भन्ने देव माया को निवेदन अनुसार मेरो दिदी टिकुमा पुन मगरको मिति २०६८/०३/१० मा कालगतिले परलोक हुनु भएको र मेरो दिदी को कोही कसैसंग विवाह दान नभएको , मेरो दाजु भाइको जायजन्म नै नभएको र आमा बुबाको पनि मृत्यु भैसकेको , मृतक दिदी टिकुमा पुन मगरको नाउँमा दर्ता रहेको सावित खैरहनी वडा नं.१/क को कि.नं. ३८०२ को ज.वि.०-०-४१/२ क्षेत्रफल जग्गाको हक खाने हकदारहरुमा म एकमात्र बहिनी भएको हुँदा एकलौटी नामसारी गरी पाउँ भनी माग दावी गरी यस कार्यालयमा निवेदन पेश गरेकोमा मिति २०७४/०४/११ को आदेश अनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम नामसारी गरिदिनु नपर्ने कुनै कारण भए वा निज भन्दा नजिकको अन्य कुनै हकवाला भए प्रमाण सहित म्याद भित्र उपस्थित भई दावी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भइ जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।
तपसिल

जिल्ला	गा.पा.न./स.वि.	वडा नं.	कि.नं.	क्षेत्रफल
चितवन	खैरहनी	१/क	३८०२	०-०-४१/२









› तपाईको आज

मेष	दुविधा बढ्ने	तुला	आर्थिक हानि
वृष	अध्ययनमा सफल	वृश्चिक	कार्यसफल
मिथुन	मनोरञ्जन	धनु	मिष्ठान्न भोजन
ककंट	पराक्रम बढ्ने	मकर	भाग्यवृद्धि
सिंह	आकस्मिक लाभ	कुम्भ	अस्वस्थता
कन्या	उत्साह बढ्ने	मीन	नयाँ कार्य आरम्भ

› भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल साउन १४ गते शनिबार तदनुरुप २९ जुलाई २०१७ श्रावण शुक्लपक्ष षष्ठी तिथि प्रात: ९:३० बजेसम्म उप्रान्त सप्तमी तिथि हस्ता नक्षत्र प्रात: ९:५ बजेसम्म उप्रान्त चित्रा नक्षत्र सिद्ध योग साँझको ५:५९ बजेसम्म उप्रान्त साध्य योग गर करण रात्रिको ० ९:५२ बजेसम्म उप्रान्त वणिज करण कन्या राशिमा चन्द्रमा रात्रिको ९:४० बजेसम्म उप्रान्त तुला राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्गदर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	एमएनएस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हल्दार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंजो माइक
२:००	मृगी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	न्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	न्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

००:०१	ननस्टप नेपाली आधुनिक सङ्स
०१:०२	ननस्टप नेपाली पप सङ्स
०२:०८	ननस्टप हिन्दी सङ्स
०४:०५	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान
०६:५५	कान्तिपुर डायरी
०७:३०	द हेड लाइनर्स
८:००	मानसिक स्वास्थ्यमा कोसिस
९:००	द ग्रुडमर्निङ शो (जच प्रधान)
९:१०	कान्तिपुर डायरी
०९:५५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
१०:००	सुफलिन (आशीष केसी)
११:००	न्यु रिलिज (रेमन)
१२:००	फेमिना (चाँदनी)
१२:१०	कान्तिपुर डायरी
१३:००	किक स्टार्ट (सञ्जय)
१५:००	के छ नेपाल (रेमन)
१५:१५	कान्तिपुर डायरी
१६:००	सौराइ (कृष्ण)
१७:००	सिने विज्ञ (चाँदनी)
१८:००	फेनाटिक फ्राइडे (रिमता/महेश)
१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
१९:००	कान्तिपुर डायरी
२०:००	प्लेट्रोनिक्स (सञ्जय)
२१:००	वेल नो टेन्सन (दीपक/अनिका)
२१:३०	कान्तिपुर डायरी
२२:००	इन्द्रेणी
२३:००	क्लब मिक्स (गिरिश)
२४:००	इलिवेन्थ हावर (सञ्जय)

अस्पताल र विविध

चितवनका महत्त्वपूर्ण नम्बर

एम्बुलेन्स रेडक्रस	०५६-५२०१३३
रक्तसंचार केन्द्र भरतपुर	०५६-५२०८८०
दमकल भरतपुर	०५६-५२१०८३
भरतपुर अस्पताल	०५६-५२०१९९/५२१३००
बिपि कोइराला क्यान्सर अस्पताल	५२१४०५/५२१४०२
कलेज अफ मेडिकल साइन्सेस	५२१०९३/५२५०९२
चितवन मेडिकल कलेज	५३२९३३/५३३२०१
चितवन अस्पताल	५२७९०५/५२२२०२
आँखा अस्पताल भरतपुर	५२०३३३
जिल्ला प्रहरी कार्यालय	०५६-५२४२४१ /५२०१५५
जिल्ला ट्राफिक कार्यालय	०५६-५२४८९२
प्रहरी कन्ट्रोल	०५६-५४००८३
प्रहरी कन्ट्रोल	१००

नवलपरासीका महत्त्वपूर्ण नम्बर

रेडक्रस कावासोती	०७८-५४०४९८
जिल्ला अस्पताल परासी	०७८-५२०५०३
दमकल परासी	०७८-५२०१०१
मध्यबिन्दु सामुदायिक अस्पताल	०७८-५४०६४६/६९३०४४
प्राकृतिक चिकित्सालय रजहर	०७८-५४५४७५
जिल्ला प्रहरी	०७८-५२०९९२/५२०२००
जिल्ला ट्राफिक नवलपरासी	०७८-५४००३०
प्रहरी कार्यालय गैडाकोट	०५६-५०१९९९
प्रहरी कार्यालय रजहर	०७८-५४५१००
प्रहरी कार्यालय कावासोती	०७८-५४०१७२
प्रहरी कार्यालय सुनवल	०७८-५८०१००

पोखराका महत्त्वपूर्ण नम्बरहरू

रक्त रुधार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३६७
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६७
मनिपाल शिक्षण अस्पताल	०६१-५२६३९६/७०/९८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय आँखा अस्पताल	०६१-६६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०६६/५६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६७८१९
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५५०९
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०७१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४०

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
मक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई लि:शुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९०४५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्निवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
देव कर्नर लि:शुल्क सवबाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२६३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

संकलित काठ वितरण भएन

- बेवारिसे भएकाले चोरी हुने सम्भावना
- करिब डेढ लाख क्युफिट काठ जोखिममा
- अख्तियारमा मुद्दा दायर

■ भवानी भट्ट

कञ्चनपुर- शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट संकलन गरिएको काठ एक वर्षदेखि घाटगद्दीमै थन्किएको छ। निकुञ्जभित्र हावाहुरीले ढलाएको काठ संकलन गरी भूकम्प प्रभावित क्षेत्रमा पठाउने भनिए पनि एक वर्षदेखि घाटगद्दी गरिएकै ठाउँमा अलपत्र छाडिएको हो।

निकुञ्जबाट गत जेठदेखि नेपाल टिम्बर कर्पोरेशन (टीसीएन) ले काठ संकलन सुरु गरी करिब ६ महिनामा सकेको हो। संकलित काठ मझगाउँ एयरपोर्ट र शुक्लाफाँटा नगरपालिकाको अर्जुनी क्षेत्रमा घाटगद्दी गरिएको छ। लामो समयदेखि घाटगद्दी गरिएको काठ चोरी हुने तथा वर्षातमा गोलिया सडेर जाने सम्भावना रहेको स्थानीय बताउँछन्।

'महिनौदेखि काठ बेवारिसे छाडिएको छ,' स्थानीय लालसिंह कोलीले भने, 'मध्यवर्ती क्षेत्रका उपभोक्तालाई पनि दिने भनिएको छ तर हामीले निवेदन दिएको ६/७ महिना बित्दा पनि पाएनौं।' उनले कतिपय बेला टीसीएनका चौकीदार नहुँदा काठ चोरी हुने गरेको बताए।

संकलितमध्ये १० प्रतिशत मध्यवर्ती क्षेत्रका बासिन्दालाई, २० प्रतिशत स्थानीयलाई र ७० प्रतिशत भूकम्प प्रभावित क्षेत्रका लागि पुनर्निर्माण प्राधिकरणलाई दिनुपर्ने हो। २ वर्षअघि आएको ठूलो हावाहुरीले निकुञ्जभित्र ५ हजारभन्दा बढी सालसहित विभिन्न प्रजातिका रूख ढलेका थिए। मन्त्रिपरिषद्को निर्णयानुसार बस्ती नजिकका र अग्नि रेखा आसपासका चोरी तथा डढेलोको जोखिममा रहेका सालका ४ हजार ४ सय ६० रूख संकलन गर्ने अनुमति दिएको थियो।

'केही गत जेठमा र बाँकी हिउँदमै संकलन गरिएको हो,' निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालले भने, 'संकलन भएको लामो समयसम्म घाटगद्दीमै छ, यसरी काठ सुरक्षित नरहन सक्छ।' उनले भूकम्प प्रभावित क्षेत्रमा लैजाने भनिएको काठ उठाउन टीसीएनले ढिलाइ गरेको बताए।

स्थानीयका अनुसार भूकम्प प्रभावित क्षेत्रमा लैजाने काठ चिरानका लागि समेत कमिसनको खेल भएको हो। 'मिल छनोट गर्नमै चलखेल भयो,' एक उपभोक्ताले भने, 'अहिले बल्ल चिरान सुरु भएको सुनिन्छ।' उनका अनुसार काठको सुरक्षाका लागि चौकिदारसमेत नियमित आउँदैनन्।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले समेत काठ वितरणमा मनोमानी गरेको स्थानीयको आरोप छ। मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष पुस्करबहादुर सिंहले मनोमानी ढंगले आफन्त र मध्यवर्ती बाहिरकालाई मापदण्डभन्दा बढी काठ बिक्रीवितरण गरेको भन्दै अख्तियारमा उजुरीसमेत दिएका छन्। 'काठ वितरणमा अनियमितता भएको भन्दै बेनामी उजुरी परेको छ,' अख्तियारका क्षेत्रीय प्रमुख विष्णुसिंह विष्टले भने, 'वितरण प्रक्रियाबारे बुझ्न निकुञ्जलाई पत्र लेखेका छौं, जवाफ आएको छैन।'

टीसीएनका सहायक प्रबन्धक खेमराज जोशीले काठ चिरानसँगै भूकम्प प्रभावित क्षेत्रमा लैजाने काम सुरु भएको बताए। उनले मध्यवर्ती क्षेत्र र स्थानीयका लागि ३० प्रतिशत छुट्याएपछि चिरानको काम सुरु भएको बताए। 'चिरान गरेरै लैजानुपर्ने भएकाले ढिलाइ भएको हो,' उनले भने, '२० हजार क्युफिटको विमार्का भइसकेको छ, अब चिराएर पठाउन थालेका छौं।' उनले काठसँगै संकलन भएको दाउराको लिलाम भइसकेको बताए। महेन्द्रनगरका विभिन्न ३ मिललाई चिरान ठेक्का दिइएको र अबको ६ महिनाभित्र काठ निर्यात भइसक्ने उनले जानकारी दिए।

हावाहुरीले ठूलो संख्यामा सालका रूख ढलाएपछि सम्भवतः संरक्षित क्षेत्रबाट पहिलोपटक काठ संकलन गरिएको हो। काठ बिक्रीबाट करिब अढाई करोड राजस्व संकलन हुने त्यसको आधा मध्यवर्ती क्षेत्रले पाउने व्यवस्था छ। उक्त रकमबाट मध्यवर्ती क्षेत्रका बासिन्दालाई संरक्षणसँगै पर्यटन क्षेत्रको विकास र रोजगारमूलक काममा लगाउन ठूलो सहयोग पुग्ने प्रमुख संरक्षण अधिकृत ढकालले बताए।



शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट संकलन गरी ६ महिनादेखि मझगाउँ एयरपोर्टमा घाटगद्दी गरिएको सालका गोलिया। *तस्बिर : भवानी/कान्तिपुर*

पहिरोले घर पुर्दा ३ घाइते

कान्तिपुर संवाददाता

दार्चुला- महाकाली नगरपालिका ४ स्थित बङ्गाबगडमा झरेको ढुंगाले घर भत्कँदा ३ जना घाइते भएका छन्। बिहीबार बिहानैबाट आएको अविरल वर्षाले घरमाथिको पहिरो खसेको थियो। पहिरोसँगै ठूला ढुंगा घरको छतमा खस्दा घाइते भएको स्थानीयले बताए।

घरको बीच भागमा झरेको ढुंगाले छत भाचिँदा भित्र बसिरहेका तीनै जनालाई च्यापेको थियो। घाइते हुनेमा मार्मा गाउँपालिका मुरैका हरकसिंह महता, दुहु गाउँपालिका ४ धारीका गोबडे भनिने काशीदत्त भट्ट र महाकाली नगरपालिका १ धम्पनेराका गोरे धामी रहेको प्रहरीले जनाएको छ।

घाइते महता र धामी जिल्ला अस्पतालमा उपचारपछि घर फर्किएका छन्। सिक्स्ति घाइते भट्टको उपचार भइरहेको प्रहरी निरीक्षक लालबहादुर साउदले बताए। घरभित्र च्यापिएका उनीहरूलाई स्थानीय, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले उद्धार गरेको थियो। पहिरोले घर पुरिएको करिब डेढ घण्टापछि उनीहरूको उद्धार भएको स्थानीयले बताए। उक्त घरमा गगनसिंह धामीले होटल चलाएका छन्।

पहिरोले दुई घरमा क्षति पुगेको छ। सँगैका अन्य दुई घरका भने डरले विस्थापित भएका छन्। ऐतवालको घरमा व्यवसाय गर्दै आएका गगनसिंह, लल्या पार्की र लाटो पाल विस्थापित भएको स्थानीय भोजराज जोशीले बताए। सोही घरमा व्यवसाय गर्ने अन्य दुई पनि विस्थापित भएको उनको भनाइ छ।

सोही घरमा होटल, सिलाइ व्यवसाय गर्ने र बस्ने हुनाले ५ परिवारका २२ जना विस्थापित भएका छन्। पानी परे ढुंगा झर्न सक्ने भन्दै आफूहरू डरले घर छोड्न बाध्य भएको धामीले बताए। 'दिनमा पहिरो झरेकाले बाच्यौं, राति भएको भए के पो हुन्थ्यो ?' उनले भने, 'वर्षातका बेला हो, पानी पर्न सक्छ। यहाँ बस्नु जोखिम छ, अब आफन्तको घरमा गएर बास बस्नुपर्‍यो।'

माथिबाट ढुंगा झरिरहने भएकाले बङ्गाबगडबाट मुख्य बजार आउजाउ गर्नेलाई कठिनाइ भएको छ। श्रीबगड, धम्पनेरा, डुङरी, बङ्गाबगडलगायत ठाउँका विद्यार्थी त्यही बाटो भएर विद्यालय आउने हुँदा जोखिम मोल्नुपरेको छ।



महाकाली नगरपालिका ४ बङ्गाबगडस्थित सुरजसिंह ऐतवालको घरमाथिबाट झरेको ढुंगाले फुटाएको छत। *तस्बिर : मनोज बडू/कान्तिपुर*

कालो दल्ने थप ३ पक्राउ

गुलरिया (कास)- बारबर्दिया ९ खैरेनीमा एक महिलालाई कालो र जुत्ताको माला लगाउने थप २ जना पक्राउ परेका छन्। प्रहरीका अनुसार पक्राउ पर्नेमा सोही ठाउँकी रामप्यारी चौधरी, दिलकुमारी चौधरी र विरकृति थारू छन्। यसअघि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको थियो। कालो र जुत्ताको माला लगाउनेविरुद्ध सार्वजनिक मुद्दा दायर गरिएको प्रहरीले जनाएको छ।

मृतकको सम्झनामा स्मारक

रुकुम (कास)- माओवादी सशस्त्र युद्धका क्रममा मारिएकाको सम्झनामा स्मारक बनाउन लागिएको छ। सदरमुकाम खलंगास्थित मुसीकोट नगरपालिका १ सल्लेमा स्मारक निर्माण थालिएको हो। दस वर्षे द्वन्द्वका क्रममा तत्कालीन विद्राही र राज्य पक्षबाट मारिएका ६ सय ६५ को सम्झनामा उक्त स्मारक बनाउन लागिएको हो। जिल्ला समन्वय समिति, मुसीकोट नगरपालिका र मानव अधिकार तथा कानुनी सेवा केन्द्र हरप्लेसले स्मारकमा लगानी गर्ने छन्।

तीन महिनाभित्रै निर्माण सक्ने लक्ष्य लिएको उक्त स्मारक ९ लाख रुपैयाँमा बन्ने छ। यसका लागि जिल्ला समन्वय समितिले २ लाख, मुसीकोट नगरपालिकाले ३ लाख र हरप्लेसको ४ लाख ४ हजार लगाउने छन्। स्मारक बनाउन अन्य कुनै संघसंस्थाले सघाउन चाहेमा पनि सहयोग स्वीकार्ने हरप्लेसका कार्यक्रम संयोजक सुरेन्द्र खत्रीले बताए। द्वन्द्वका कारण ठूलो क्षति व्यहोरेको रुकुममा नमुना स्मारक बनाउने गरी निर्माण थालिएको उनको भनाइ छ।

स्मारक बनाउन सल्लेका कर्णबहादुर बोहराले निःशुल्क जग्गा उपलब्ध गराएका छन्। उक्त स्मारकसहितको जग्गा मुसीकोट नगरपालिकालाई पास दिने गरी सहमति भएको छ।

स्मारकमा ६ सय ६५ जनाकै नाम लेखिने छ। मृतकको नाम मार्बलमा लेखिनेछ। मुसीकोट नगरपालिका प्रमुख देवीलाल गौतमले सहिदको सम्झनामा जिल्लामै नमुना काम हुन लागेको बताए। 'यस्ता स्मारक, चौतारा र प्रवेशद्वार अरू ठाउँमा पनि बनाइएको छ,' गौतमले भने, 'त्यहाँ त्यही ठाउँका सहिदको नाममात्रै छ। सल्लेमा बन्दै गरेको स्मारकमा भने जिल्लाभरका नाम उल्लेख हुने भएकाले यो विशेष हो।' यो सबैले देख्ने, आउने ठाउँ हो, यसले सबै पीडितले थोरै अंश भए पनि परिपुरणको महसुस गर्ने उनको भनाइ छ। सरकारले स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयमार्फत ६ सय ६५ मृतकका आफन्तलाई १०/१० लाखका दरले नगद राहत दिएको थियो।

छोटकरी

आँखा पाक्ने बिरामी बढे

सल्यान (कास)- आँखा पाक्ने बिरामी जिल्लामा बढ्दै गएका छन्। रोगले बालबालिका बढी प्रभावित बनेका हुन्। आँखा उपचार केन्द्र शीतलपाटीका अनुसार दैनिक १० भन्दा बढी बिरामी आउने गरेका छन्। स्वास्थ्यकर्मी सरताज हुसेनका अनुसार आँखा पाक्ने समस्या सुरुमा चिलाउने, बिझाउने, सुन्निने र रातो हुने लक्षण देखिएको छ। उनका अनुसार एकै घरबाट ५ जनासम्म आँखाको समस्या लिएर आएका छन्। मौसम परिवर्तनसँगै आँखा पाक्ने रोगको समस्या बढ्दै गएको केन्द्रले जनाएको छ। 'उपचार केन्द्रमा महिनामा झन्डै ५ सय उपचारका लागि आउने गरेका छन्। चिकित्सकका अनुसार आँखाको सरसफाइमा ध्यान नदिनु, धूलो, धुँवा, पर्याप्त पौष्टिक आहारको कमी र जनचेतनाको अभावले आँखाका रोगी बढेको हो। समयमै उपचार गरे खासै समस्या नहुने उनको भनाइ छ।

नाम दर्ता गर्नेको घुइँचो

मुगु (कास)- जिल्ला निर्वाचन कार्यालयमा मतदाता नामावली दर्ता गराउनेको घुइँचो लागेको छ। निर्वाचन कार्यालयले मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्न साउन १ गते सूचना प्रकाशित गरेपछि नाम लेखाउनको भीड लागेको हो। छायाँनाथ नगरपालिका वरपरका गाउँबाट स्थानीय नाम दर्ता गराउन दैनिक आइरहेका छन्। मतदाता नामावलीमा नाम दर्ता गराउन स्थानीयको उत्साह देखिएको निमित्त निर्वाचन अधिकृत राजीमान बुढाले बताए। साउन १ बाट बिहीबारसम्म १ हजार ९४ ले नाम दर्ता गराएको उनले जानकारी दिए।

TRINITY
ALUMNI ASSOCIATION NEPAL

Notice is hereby given that Alumni General Meet (AGM) is going to be held.
All the participating members are requested to mandatorily register online well in advance at *alumni.trinitycollege.edu.np*

Date : Saturday, 21 Shrawan 2074 (August 5, 2017)
Time : 10:30 AM
Venue : Amritbhog Party Palace Dillibazar Height

Like our page at www.facebook.com/trinityalumni.np
Visit alumni.trinitycollege.edu.np for important information

TRINITY ALUMNI ASSOCIATION NEPAL
Event Management Committee
Trinity Alumni Association Nepal


SAMSUNG
उत्सवको उमंग
विदेशमा भेटौं आफ्नासँग
Qatar
UAE
Nepal
South Korea
Saudi Arabia
Malaysia
यो दशैं, कुनै पनि सामसङ स्मार्टफोन खरिद गर्नुहोस्, विदेशमा बस्ने आफ्ना व्यक्तिलाई भेट्न जाने इच्छा बारे आफ्नो कथा हामीलाई लेख्नुहोस् र विदेशमा गई दशैं मनाउने अवसर पाउनुहोस्।
कुनै पनि सामसङ स्मार्टफोन खरिद गर्नुहोस्
कसलाई र किन भेट्न जाने इच्छा बारे कथा लेख्नुहोस्
तपाईंले लेखेको कथा नजिकको सामसङ ब्राण्ड स्टोर वा आउटलेटमा रहेको ड्रप बक्समा खसाल्नुहोस्
५ उत्कृष्ट कथाले* पाउनेछन् विदेशमा आफ्नासँग दशैं मनाउने अवसर
Authorized Distributors of Samsung Mobile for Nepal
IMS INTEGRATED MOBILITY SOLUTIONS | HIM ELECTRONICS PRIVATE LIMITED
Samsung service center toll free number: 16600172667
facebook.com/SamsungMobileNP
twitter.com/samsungmobilenp
*Conditions apply. Offer is valid from 23rd July till 14th August. Offer is being provided by Integrated Mobility Solutions and HIM Electronics Pvt. Ltd at their sole discretion. For more details on the offer visit nearest Samsung brandstore. For more details on terms and conditions visit Samsung Mobile Nepal official facebook page. Samsung disclaims any/all claims/liabilities with respect to the offer, any claims shall lie exclusively against IMS & HIM only. Product images shown here are for representational purpose only, the actual may vary.


BIG Movies
Prem Geet 2 : 8:00 am, 2:30 pm, 5:00 pm, 8:30 pm, Rudra : 11:30 am
Mubarakan : 8:30 am, 2:00 pm, 5:30 pm, 8:00 pm
Valerian and the City of a Thousand Planets : 11:00 am
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays at Rs. 185*


QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
qfxcinemas.com


BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
FRIDAY SHOWTIME
PREM GEET 2 — 8:15 AM | 1:30 PM | 4:00 PM, 6:30 PM | 8:45 PM [Atmos 1], 11:30 PM [Atmos 2]
MUBARAKAN — 9:00 AM | 2:30 PM, 7:45 PM [Atmos 2]
3D VALERIAN AND THE CITY OF THOUSAND PLANETS — 5:00 PM [Atmos 2]
RUDRA — 11:00 AM [Atmos 1]
XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY Rs. 190 ALL DAY LONG
BSR owns the rights to change the show time


गाँपी कुरुन
Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
MUNNA MICHEL
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • कारखाना
• Munna Michael • मेरी कुसुम • Jagga Jasoos • डाक्टर खाते • म यस्तो गीत गाउँछु • सायद-२ • तारे भीर

तपाईंको आज

मेष	दुविधा बढ्ने	तुला	आर्थिक हानि
वृष	अध्ययनमा सफल	वृश्चिक	कार्यसफल
मिथुन	मनोरञ्जन	धनु	मिष्ठान्न भोजन
कर्कट	पराक्रम बढ्ने	मकर	भाग्यवृद्धि
सिंह	आकस्मिक लाभ	कुम्भ	अस्वस्थता
कन्या	उत्साह बढ्ने	मीन	नयाँ कार्य आरम्भ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल साउन १४ गते शनिबार तदनुरुप २९ जुलाई २०१७ श्रावण शुक्लपक्ष षष्ठी तिथि प्रातः ९:३७ बजेसम्म उप्रान्त सप्तमी तिथि हस्ता नक्षत्र प्रातः ९:५ बजेसम्म उप्रान्त चित्रा नक्षत्र सिद्ध योग साँझको ५:५९ बजेसम्म उप्रान्त साध्य योग गर करण रात्रिको ० ९:५२ बजेसम्म उप्रान्त वणिज करण कन्या राशिमा चन्द्रमा रात्रिको ९:४० बजेसम्म उप्रान्त तुला राशिमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR TELEVISION NETWORK (P) LTD.

५:००	भक्तिसुर/अमृत वाणी	५:०५	कल कान्तिपुर
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन	६:००	कान्तिपुर न्यूज
६:४०	स्काइ सप	६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार	७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज	७:३०	इन्फो प्लस
८:३०	राइज एण्ड साइन	८:००	कान्तिपुर समाचार
९:००	हेडलाइन न्यूज	९:००	डिठ्ठासाब
९:०५	मार्गदर्शन	९:३०	परिवर्तन
१०:००	कान्तिपुर समाचार	१०:३०	कान्तिपुर न्यूज
१०:३०	एमएनएस	११:००	कान्तिपुर समाचार
११:००	हेडलाइन न्यूज	११:३०	इन्फो प्लस
११:०५	समाकन २	१२:००	कल कान्तिपुर
१२:००	कान्तिपुर समाचार	१:००	कान्तिपुर न्यूज
१२:३०	हर्के हल्दार	१:३०	डिठ्ठा साब
१:००	हेडलाइन न्यूज	२:००	कान्तिपुर समाचार
१:०५	डिठ्ठासाब	२:३०	म्युजिक समिट
१:३०	किलो टेंगो माइक	३:००	कान्तिपुर समाचार
२:००	मुभी	३:३०	परिवर्तन
५:००	हेडलाइन न्यूज	४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

Radio Kantipur रेडियो कान्तिपुर

हरेक दिन २४ सै घन्टा हरपलको साथी

००:०१	ननस्टप नेपाली आधुनिक सङ्स	१३:००	किक स्टार्ट (सञ्जय)
०१:०२	ननस्टप नेपाली पप सङ्स	१५:००	के छ नेपाल (रेमन)
०२:०४	ननस्टप हिन्दी सङ्स	१५:१५	कान्तिपुर डायरी
०४:०५	ननस्टप भजन	१६:००	सौराइ (कृष्ण)
६:२५	भक्ति अनुष्ठान	१७:००	सिने क्विज (चाँदनी)
०६:५५	कान्तिपुर डायरी	१८:००	फेनाटिक फ्राइडे (रिमता/महेश)
०७:३०	द हेड लाइनर्स	१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
८:००	मानसिक स्वास्थ्यमा कोसिस	१९:००	कान्तिपुर डायरी
९:००	द गुडमर्निङ शो (जय प्रधान)	२०:००	प्लेट्रोनिक्स (सञ्जय)
९:१०	कान्तिपुर डायरी	२१:००	वेल नो टेन्सन (दीपक/अम्बिका)
०९:१५	ट्राफिक अपडेट (नेपाल प्रहरी)	२१:३०	कान्तिपुर डायरी
१०:००	सुफलिन (आशीष केसी)	२२:००	इन्द्रेणी
११:००	न्यु रिलिज (रेमन)	२३:००	क्लब मिक्स (गिरिश)
१२:००	फेमिना (चाँदनी)	२४:००	इलिवेन्थ हावर (सञ्जय)
१२:१०	कान्तिपुर डायरी		

अस्पताल र विविध

नेपालगन्जका महत्वपूर्ण टेलिफोन

मेरी अञ्चल अस्पताल	५२०१९३
जिल्ला प्रहरी कार्यालय	५२०२११
वडा प्रहरी कार्यालय	५२०२९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०१०४
बारुण यन्त्र	५२०१११
रेडक्रस ब्लड बैंक	५२०१७४

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२११११
जिल्ला प्रहरी कार्यालय	५२१२००
वडा प्रहरी कार्यालय	५२१२२२
नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२११०९
महाकाली बस व्यवसायी समिति	५२१६२७/५२१२८९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२११५०
वडा प्रहरी कार्यालय	५२१२९९
नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२११०१
बस व्यवसायी समिति (टिकट काउन्टर)	५२१२५२
धनगढी नगरपालिका (दमकल)	१०१
टीकापुर (दमकल)	५६०४९९
टीकापुर अस्पताल	५६०१५०

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर नेशनल अस्पताल	४४६७०६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

कान्तिपुर

kantipur.ekantipur.com

Hello शुक्रबार

कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क

१३ साउन २०७४

निरन्तर पावरफुल

धेरै ब्यान्ड बन्छन्, टुक्रन्छन्, हराउँछन् । निरन्तरता ब्यान्डहरूका लागि कठिन विषय हो । **द एक्स ब्यान्ड**चाहिं २५ वर्षसम्म यो ट्र्याजेडीबाट जोगिएको छ । र, क्वालिटीमा सायद कोहीभन्दा कम छैन ।









हिमविक्रम केसी
himbikram123@gmail.com

सत्तरीको दशक वेस्टर्न संगीतका लागि स्वर्ण युग मानिन्छ । त्यसको प्रभाव नेपालमा समेत विस्तार हुँदै थियो । सहर बजारमा मेटल र रक सुनिन थालेका थिए । भर्खरै ब्यान्डहरू खुल्न थालेका थिए ।

यहाँ चर्चा गर्न लागेको कुरोचाहिँ १९९१ तिरको हो । काठमाडौं, मैतीदेवीका केटाहरू मिलेर ब्यान्ड बनाउने तयारी गरे । तीमध्येका थिए, शिव मुखिया र सुरेन्द्र श्रेष्ठ । उनीहरू सबै एसएलसी सकेर ६ महिने ग्यापमा थिए । सबै संगीतप्रेमी थिए । कसले के बजाउने भन्ने जिम्मेवारी लिए । शिवले लिड गितार र सुरेन्द्रले ड्रम पाए । भूपेन्द्र कार्की बेस गितारिस्ट र रमेश ज्ञवाली रिदम गितारिस्ट भए । यी सबै बालकुमारी स्कुलका एउटै एसएलसी ब्याची थिए । टंगाल स्कुल पढेका करण महर्जन भोकलमा आएपछि ब्यान्डको स्वरूप पूरा भयो ।

एक दिन सुरेन्द्रले ब्यान्डको नाम एक्स राखौं भनेर प्रस्ताव गरे । एक्स अर्थात् शक्तिको सिम्बोल । ब्यान्डका सदस्यहरूबीच छलफल भयो । सबैले त्यसको अर्थ खोजे । निष्कर्ष निकाले, एक्स अर्थात् शक्तिको स्वरूप । सबैले प्रण गरे, हामी पनि त्यस्तै पावरफुल बन्नुपर्छ । अनि नाम राखे, द एक्स ब्यान्ड ।

ब्यान्डको औपचारिक सुरुवात सन् १९९३ मा भयो । ब्यान्डले पहिलो एल्बम निकाल्यो, धूवाँ । एल्बम निकाल्न टोलका दाइ र साथीहरूले आर्थिक सहयोग गरे । 'एउटा गीतको लाइभ रेकर्ड गरेको ५ सयदेखि ६ सय रुपैयाँ लाग्थ्यो, क्यासेट आफैंले किनेर लैजानुपर्थ्यो,' शिव सम्झन्छन् । धूवाँमा १० गीत समावेश थिए । रवि कार्कीले दुई गीत लेखिदिएका थिए, बाँकी ८ शिवका थिए । सात महिनाको अभ्यासपछि सिम्फोनिक स्टुडियोमा गीतहरू रेकर्ड भए । तर एल्बम सुपरडुपर फ्लप भयो । एल्बममा ह्याभी मेटल प्रयोग गरिएको थियो । ब्यान्डका सदस्यहरू धेरै हाड रक र मेटल सुन्ने भएकाले त्यसको प्रभाव पर्ने नै भयो । त्यो समयको नेपाली संगीत बजारमा लोकगीत र सुगम संगीत बहुल थियो । एल्बमको असफलतासँगै ब्यान्डका सदस्यले हरेस खाए, ब्यान्ड छोडे । अन्तिममा शिव र सुरेन्द्र मात्र रहे ।

एसएलसी सकेसँगै शिवलाई लाहुरेमा भर्ती हुन परिवारले धेरै कर गरेका थिए । उनले दुई पटक कोसिस पनि गरे । फेल भए । हुर्केको छोरा लाहुर जाने, पैसा कमाउने परिवेश थियो । तर शिवको मन कहिल्यै त्यसमा बसेन । लाहुरे नभएपछि परिवारले विदेश जाने धेरै कर गरे । त्यता पनि इच्छा थिएन । उनी संगीतमै मस्त थिए । पहिलो एल्बमको असफलतासँगै संगीतको भोग झन् जुर्मुराएको थियो । सुरेन्द्रले भोकलिस्ट बन्न शिवलाई दबाब थिए । दुवै मिलेर दोस्रो एल्बमको तयारीमा जुटे । त्यसको दुई वर्षपछि सुरेन्द्र र शिव एल्बम लिएर आए र नाम राखे, फर्केर हेर्दा । 'चिया बारीमा' बोलको गीतले बजार पिट्यो । म्युजिक भिडियो बनाउने सोच आयो । त्यसका लागि एनटीभीका रोशनप्रताप राणासँग सहकार्य भयो । शिव विदेश जानका लागि तय भएको अन्तर्वार्तासमेत लत्याएर आउटडोर सुटिङमा गए । जब भिडियो रिलिज भयो, एल्बम झन् हिट भयो । त्यसपछि ब्यान्डले नै कहिल्यै फर्केर हेर्नुपरेन ।

दोस्रो एल्बम हिट भएपछि ब्यान्ड केही सुस्तायो । सुरेन्द्र र शिव मात्रै ब्यान्डमा थिए, त्यसपछि जोडिन आइपुगे शरद श्रेष्ठ । हाड रक मन पराउने शरद र सफ्ट म्युजिकमा खेल्ने शिव अनि सुरेन्द्रको केमेस्ट्री खुबै मिल्यो । ६ वर्षको ग्यापपछि सन् २००१ मा 'माझी दाइ' एल्बम निस्कियो । हाड रक र सफ्ट म्याुजिक मिश्रित एल्बम एभरेज रह्यो । शिवले लेख्ने गीतका शब्द सामान्य तर गहिरा हुन्थे । तिनैमध्येका 'प्रायः सधैं', 'नो प्रोब्लम' जस्ता गीत हिट भए ।

ब्यान्डले लय समाइसकेको थियो । ब्यान्ड स्थापना भएको १० वर्षको उपलक्ष्यमा एल्बम निकाल्ने तयारी भयो । नाम 'डिकेट' राखियो । नयाँ एल्बममा म्युजिक चेन्ज थियो । प्लेन गितार बढी खेलाइयो । नेपाली मेलोडी भरिएको एल्बमले ब्यान्डलाई नसोचेको सफलता दिलायो । एल्बमका सबै गीत हिट बने । लुक्न देऊ, ठाडो जाने, म आउँदै छु, एक नजरले जस्ता गीत श्रोताले औधी मन पराइदिए । गीतको चर्चाले बाटोमै हिँड्न समस्या हुन थाल्यो । सार्वजनिक स्थानमा फ्यानले घेरेर अटोग्राफ लिन थाले । क्यासेट मात्र एक लाख बढी प्रति बिक्री भएको थियो, त्यो बेला ।

> **एक दिन सुरेन्द्रले ब्यान्डको नाम एक्स राखौं भनेर प्रस्ताव गरे । सबैले त्यसको अर्थ खोजे । निष्कर्ष निकाले, एक्स अर्थात् शक्तिको स्वरूप । अनि सबैले प्रण गरे, पावरफुल बन्नुपर्छ भनेर ।**

त्यो सफलतापछि शिव सम्झन्छन्, रहरै रहरमा संगीत पेसा बन्न पुगेछ । 'दस वर्षको यात्रामा हिँडिसकेपछि जिन्दगीमा म्युजिकबाहेक केही सिकिएनछ,' उनी भन्छन् । त्यसपछिको यात्रा केही सहज बन्यो । बिस्तारै मिडियाहरू आए । रेडियो, टीभी, एफएम, पत्रिकाको संख्या बढ्न थाल्यो । विदेशबाट बोलाउन थाले । ब्यान्ड यसैमा अभ्यस्त हुन थाल्यो । समय यस्तोसमेत आयो, बजारमा जे निकाल्यो, त्यही हिट हुन थाल्यो । शिव त्यो बेलाको समयलाई 'पारसमणिको रूप' भनेर स्मरण गर्छन् ।

सन् २००६ मा 'कमसक' एल्बम आयो । 'एउटा चिठीको सहारामे' बोलको गीत अत्यन्त हिट बन्यो । समय डिजिटल युगमा प्रवेश गरेको थियो । शिवले सोचे, म्युजिक भिडियोबिना गीत नचल्ने रहेछ । भिडियोको कन्सेप्ट तयार गरे, पुतलीसडक चोकको एक घरको कौसीमा बसेर कन्सर्ट गर्ने अनि भिडियो खिच्ने । त्यसरी कन्सर्ट गरे सडक र यातायात अवरुद्ध हुन्थ्यो, पुलिस र ट्राफिकले पक्रेर लैजान्थ्यो । अनि त्यो फुटेज सुट गरेर भिडियो बनाउने । तर पछि त्यसले फरक इस्यु खडा गर्ला भनेर प्लान ड्रप गरियो । तर त्यसै तरिकाले न्युरोडको खिचापोखरीमा भिडियो खिच्ने अर्को जुक्ति निकाले । जहाँ दीप म्युजिक सेन्टरको बाल्कुनीमा ब्यान्डका तीन सदस्य अट्ने स्पेस थियो । साहु दीपक दाइ, पुलिस प्रशासन र स्थानीय क्लबसँग अनुमति लिएर शनिबारको दिन भिडियो सुट गर्ने योजना बन्यो । अरू दिन भीड हुन्छ भनेर शनिबार रोजिएको थियो । जब लाइभ कन्सर्ट खिच्न पाँच क्यामरा तयार थिए, चार क्यामरा फिक्स गरेर एउटा मुभिङ क्यामरा राखेर भिडियो खिचियो । दुई घण्टाको लाइभ कन्सर्टसँगै भिडियो सुटसमेत सकियो । धेरै सट हिडन थिए । भिडियोमा रियल एक्सप्रेसन र रियालिटी ह्युमर देखियो । रियल एक्सप्रेसनले भिडियोको स्तर अर्कै बन्यो । भिडियोले समेत गीतको चर्चालाई अझ चुलीमा पुऱ्यायो ।

संसारका प्रायः ब्यान्डमा देखिने समस्या द एक्स ब्यान्डमा पनि देखियो । १३ वर्ष सँगै यात्रा गरेका लिड गितारिस्ट शरद एक्कासि हडकङ जाने भए । शिव र सुरेन्द्रले अर्कैको मुखबाट शरदको कुरा सुने । त्यो घटना सम्झिएर शिव अहिले पनि मन अमिलो बनाउँछन् । उनी भन्छन्- 'शरद हडकङ उडेपछि ब्यान्ड ब्रेक गर्ने कि भनेर नि सोच्यौं, सबैले राम्रो गइरहेको यात्रा नरोक्न सुझाए । सुझाव दिनेमा बढी मिडियाका साथी थिए ।'

शरदको अनुपस्थितिमा द एक्स ब्यान्डमा कन्ट्याक बेसमा गितारिस्ट आए । तर शिव र सुरेन्द्र स्थायी सदस्यको खोजीमा थिए । शिव भन्छन्- 'हामीलाई गितारिस्ट मात्र चाहिएको थिएन, राम्रो आचरण, व्यवहार, सांगीतिक र पारिवारिक पृष्ठभूमि भएको सदस्य चाहिएको थियो ।'

उनी थप्छन्- 'ब्यान्डमा सदस्य आउने जाने क्रम बढ्दो भने त्यसले बाहिर राम्रो सन्देश जाँदैनथ्यो ।' केही समयपछि उनीहरूले खोजे जस्तै ब्यान्ड सदस्य भेटाए, सजलराज भण्डारी । ठमेलमा सुरेन्द्रको रेस्टुरेन्ट थियो, सजल त्यहीं गितार बजाउँथे । तीन महिना सजलले परीक्षणको समय गुजारे, सजल त शिव र सुरेन्द्रले सोचेभन्दा नि उम्दा निस्किए ।

ब्यान्ड सांगीतिक कार्यक्रमका लागि देश-विदेश डुल्दै थियो । कार्यक्रमका लागि तराईका जिल्लामा जाँदा राष्ट्रियता, सीमा विवाद, आम नागरिकको अवस्थालगायत धेरै कुराले शिवको मथिंगल हल्लायो । मायाप्रेमका सामान्य शब्दमा गहिराइ खोज्ने शिवमा राष्ट्रियताका भाव घुस्न थाले । त्यसपछि सीमा मिचिने लगायतका जनजीविकाका मुद्दा समेट्दै उनले गीत लेख्न थाले ।

ब्यान्डको सांगीतिक करियरले जति आरोह अवरोह पार गर्दै थियो, देशको राजनीतिक अवस्था दिनानुदिन त्यस्तै अनिश्चित बन्दै थियो । माओवादीको सशस्त्र द्वन्द्व उत्कर्षमा थियो । तर शिवले त्यस्ता शब्द लेखे, जसलाई एल्बम बनाएर सार्वजनिक गर्दा सफ्ठेरो हुनेवाला थिएन । उनी सम्झन्छन्, 'देशमा २०/२५ जना मान्छे मर्नु सामान्य थियो । १/२ जना मरेको समाचार समाचार लाग्दैन थिए । त्यो समय एल्बम निकाल्नका लागि उपयुक्त समय थिएन ।'

६२/६३ को जनआन्दोलनपछि मुलुकमा नयाँ माहोल आयो । देशमा अतिवादको राप सेलाउँदै गयो । अनि, सात वर्षको विश्रामपछि सन् २०१३ मा निस्कियो, भडाँस । एल्बमका सिमाना, ग्रिबोको शासन, राम्रो नेपाल, माटो पानी राष्ट्र हाम्रो जस्ता गीत विवादास्पद बने । 'भडाँस व्यवस्थाप्रतिको विरोध थियो । परिवर्तनका एजेन्डा संस्थागत गर्न नसक्ने नेताप्रतिको आक्रोश थियो,' शिव भन्छन् । दुर्भाग्य भन्नुपर्छ, एल्बमका गीतलाई राष्ट्रिय मिडियाले एक किसिमको प्रतिबन्ध लगाइदिए । 'हामीहरूले यथार्थ गीत बनाएका थियौं । तर अनपेक्षित रूपमा मूलधारका मिडियाबाट प्रतिबन्ध खेप्नुपऱ्यो,' शिव भन्छन् । मिडियामा प्रतिबन्धमा परे पनि सामाजिक सञ्जालबाट भडाँसका गीतहरू भाइरल बने ।

'भूमिगत भएपछि चासो र महत्त्व बेग्लै हुँदोरहेछ, भडाँसलाई मिडियाले रोक्न खोजे पनि सामाजिक सञ्जालमा अझ हिट बन्यो । तिनै गीत सुन्नका लागि मात्र विदेशबाट धेरै माग आए,' शिव भन्छन् । ब्यान्डले २५ वर्ष पार गर्दैछ । तर जोस अझ बढ्दो क्रममा छ । 'सुरुमा गाउन मात्र पाए पुग्थ्यो, २० जनाको अगाडि पनि गाइन्थ्यो । तर लाखको हूलमा गाउँदा अझ जोस बढेर आउने रैछ । त्यो बेला पर्फम गरौं भन्ने हुन्थ्यो, अहिले बेस्ट दिनुपर्छ भन्ने लाग्छ,' शिव भन्छन् ।

सिल्भर जुब्लीमा एउटा एल्बम दिने सोच छ । त्यसका लागि तीन गीत कम्पोज भइसकेको शिव बताउँछन् । अनि अबको यात्रा चाहिँ ? शिव भन्छन्, 'यात्राको कुनै अन्तिम विन्दु हुँदोरहेनछ । जहाँसम्म सकिन्छ जाने हो ।'



भित्र



पेज II | वाइल्ड वेस्ट



पेज II | डान्स क्रेज



पेज III | वृक्ष गिफ्ट !

पेज IV
FRIDAY
फेस











डान्स क्रेज





विमल खतिवडा
bimalnews@gmail.com

चितवन, भरतपुर १०, दीपेन्द्रचोककी १७ वर्षीया आकांक्षा सापकोटाको बाल्यकालदेखिको रुचि डान्समा थियो । उनी केही समय भयो डान्स क्लास नै लिन थालेको । शिक्षा संकायकी विद्यार्थी उनी नारायणगढको नारायणी कला मन्दिरमा नियमित क्लास लिन्छिन् । उनका गुरु हुन्- डान्स इन्स्ट्रक्टर सुमित हमाल ।

'यसैमा करियर बनाउने सोच छ,' उनी भन्छिन्, 'फेमिलीबाट राम्रो सपोर्ट छ ।' डान्स सिक्न थालेपछि कन्फिडेन्स बढेको उनी सुनाउँछिन् । उनी मात्र होइन, टाढाटाढादेखि हूल बाँधेर डान्स सिक्न आउनेको कमी छैन ।

'पहिला बोल्न सक्दिन थिएँ, नयाँ मान्छे देख्दा लाज लाग्थ्यो,' नवलपरासी गैंडाकोटका किरण सुनारी मगर भन्छन्, 'कला मन्दिरमा डान्स सिक्न थालेको ९ वर्ष भयो, अहिले बोल्न र धक फुकाएर नाच्न सक्ने भएँ ।'

गाउँघरमा परिचय फेरिएको छ । डान्स सिकेर अरूलाई पनि सिकाउने गरेकाले किरणलाई गुरुका रूपमा सम्बोधन गर्ने धेरै छन् । २४ वर्षीय उनले केही समय निजी स्कुलमा डान्स टिचरका रूपमा काम गरे । अहिले पनि उनका लागि थुप्रै अवसर आएका छन् ।

डान्स सिक्नेहरू सबैले आत्मविश्वास बढेको महसुस गर्दैछन् । क्षेत्रपुरका नीरज घिमिरे, बसेनीकी सुनिता खड्का, कल्याणपुरकी सपना श्रेष्ठ प्राय: स्टेजमा देखिरहने कलाकारभित्रमा पर्छन् । पछिल्लो समय निजी स्कुलले डान्स टिचर राख्न थालेकाले उनीहरूका लागि रोजगारीसमेत सहज भएको छ ।

नवलपरासी भैंसाखोरीकी यमु थापाले डान्स सिक्न थालेको एक वर्ष भयो । तर एक दर्जनको संख्यामा म्युजिक भिडियोमा अभिनय गरिसकेकी छन् । 'पहिला कसैले चिन्दैन थिए,' उनी भन्छिन्, 'अहिले त सेलिब्रिटी नै भइएको छ, म्युजिक भिडियोका लागि पनि राम्रै अफर आइरहेको छ ।'

'पहिलाभन्दा डान्स सिक्न आउने युवा पुस्ताको संख्या दोब्बरले बढेको छ,' इन्स्ट्रक्टर लामा भन्छन्, 'मिहिनेत गरेर यही क्षेत्रमा अघि बढे करियर बनाउन समस्या छैन ।' उनले युट्युबमा फिल्म, पप, आधुनिक गीतको नृत्य गरेर भिडियो राख्ने क्रम बढेपछि डान्सको क्रेज बढेको छ ।

५४ वर्ष पुरानो कला मन्दिर स्थापनाकालदेखि कला क्षेत्रमा नयाँ प्रतिभाका लागि प्लेटफर्म बन्दै आएको छ ।

'समाजमा सबै क्षेत्रमा गुम्सिएर बसेका प्रतिभा धेरै छन्,' कला मन्दिरका कार्यवाहक अध्यक्ष अमरदेव प्रधान भन्छन्, 'त्यसमा पनि अहिले प्रविधिसँग रमाइरहेका युवा जमातमा थुप्रै प्रतिभा छन् ।' उनका अनुसार यही थलोमा डान्स सिकेर करियर बनाउनेहरूमा नायक गणेश उप्रेती, नायिका मौसमी मल्ल, मोडल पूर्णिमा श्रेष्ठ, बेली डान्सर प्रमिला खनाललगायत छन् ।

तस्विरहरू : विमल

#घुमफिर



तस्विरहरू : कान्तिपुर

वाइल्ड वेस्ट





सुरज कुँवर
facebook.com\1stnepali

अचेल पश्चिम नेपालको पर्यटन क्षेत्रमा 'वाइल्ड वेस्ट' भन्ने शब्दावली खुबै सुनिन्छ । 'गो वाइल्ड, मिट पिपुल, फिल नेचर,' मध्य र सुदूरपश्चिमका पर्यटकीय थलो र गतिविधिलाई चिनाउन उताका व्यवसायीहरूले यसै भन्छन् । अबको प्रान्तीय मोडलमा पश्चिम नेपालको पर्यटन क्षेत्रलाई नजरअन्दाज नगर्न सबै सरोकारवालालाई खबरदारी गर्दै यसै साता काठमाडौंमा प्रचारका लागि ओर्लिएका त्यहाँका व्यवसायीले भने, 'अब पालो पश्चिम नेपालको ।'

मनसुन बिदामा बाक्लो जंगल वा पदयात्रा, अनुसन्धान, खोज, रुझ्दै/भिज्दै नयाँ ठाउँमा नयाँ तरिकाले घुम्ने सोच बनाइरहनुभएको छ भने पश्चिम नेपाल एउटा फरक गन्तव्य हुन सक्छ ।

'याचा पाइने दार्चुलामाथिको लेकमा पर्ने अपी नाम्पा हिमाल र बझाङको साइपाल हिमाल आरोहणको दस्तुर नै लाग्दैन । यी अझै भर्जिन नै छन् । रेकर्ड राख्ने सपना देख्नेहरूका लागि यी अवसर हुन्,' महराले भने ।

११ वर्ग किलोमिटर क्षेत्रफलको मनमोहक रारा, त्यसमुन्तिर ३ हजार मिटरभन्दा माथिको ग्रास खप्तड, भीर माहुरीको बासस्थान रामारोशन, उँचो पत्थरमाथि फैलिएको बडिमालिका, पहाडकी रानी भनिने अनि थुप्रै हिमचुचुरा देखिने डडेल्धुरा यस क्षेत्रका खास आकर्षण हुन् । जसलाई प्रोमट गर्न र स्वदेशी/विदेशी व्याकप्याकरलाई त्यहाँसम्म पुऱ्याउन थुप्रै गाइड, टुर/ट्राभल अपरेटर अनि बसोबासका लागि १ अर्ब हाराहारी होटलमा लगानी भइसकेको महराले सुनाए । अर्का पर्यटन व्यवसायी सञ्जयकुमार चौधरी भन्छन्, 'हामीसँग च्याफ्टिङमा नेपालकै लामो नदी कर्णाली अनि सहर माछाका लागि प्रख्यात सेतीलगायतका नदी छन् । जसको सफल परीक्षण भइसकेको छ ।' उनले च्याफ्टिङबाहेक रिभर एक्टिभिटीमा कायकिङ, बर्ड वाचिङ पनि हुने गरेको सुनाए ।

मध्य र सुदूरलाई जोडेर बनाइएको पश्चिम नेपाल अर्थात् वाल्इड बेस्टमा बाघकै सबैभन्दा बाक्लो उपस्थिति रहेको बर्दिया राष्ट्रिय निकुञ्ज, डल्फिनका लागि प्रख्यात चिसापानी कर्णाली आदि छन् । यस क्षेत्रको संस्कृति, रहनसहन पनि विविधतापूर्ण छ ।

काठमाडौं अनि गोल्डन ट्रयांगल भनिने पोखरा, चितवनसँग मात्रै जोडिएको पर्यटन गतिविधिलाई पश्चिम नेपालसम्म तन्काउने उद्देश्य राखेर जुटेका त्यस भेगका व्यवसायीले अब बझाङ र धनगढी विमानस्थललाई मानसरोवरसँग जोड्ने सपना देख्न थालेका छन् । 'भारतीय तीर्थयात्रीहरूको मानसरोवरमा आकर्षण बढ्दै गएकाले नेपालबाट पायक पर्ने धनगढी-बझाङको हवाई रुटलाई चलाउने तयारी गरिरहेका छौं,' महराले भने । अन्नपूर्ण, एभरेस्ट, लुम्बिनी, पोखरा, चितवनको अनुभव बटुलिसकेकाहरूका लागि पश्चिम नेपाल अर्को फेल्भर हो । टेस्ट कसरी गर्ने ? तपाईंको जो इच्छा ।



दुर्गालाल केसी



दाङको घोराहीस्थित बराहक्षेत्र मावियमा आफन्तको स्मृति र उपहारस्वरूप वृक्षरोपण गरिँदै ।

वृक्ष गिफ्ट !



दुर्गालाल केसी

घोराही १४ की लक्ष्मी केसीले छोरा युजेन र छोरी आयुष्कालाई उपहारस्वरूप एक/एक बिरुवा रोपिदिइन् । घोराहीका देव यादवले वैवाहिक उत्सवका अवसरमा श्रीमती आरएल जोशीलाई उपहारस्वरूप एक बिरुवा रोपे । मावि नारायणपुरका प्रधानाध्यापक टोपबहादुर केसीले स्वर्गीय आमा पञ्चकली केसीको स्मृतिमा त्यसै गरे ।

घोराहीमा प्रियजनलाई उपहारस्वरूप केही सामान किनेर दिनुको साटो आफन्तको नाममा खर्चिलो दान दातव्यका ठाउँमा बिरुवा रोप्ने चलन निकै लोकप्रिय बन्दै गएको छ । रोपिएको बिरुवाको संरक्षण हुने र बिरुवाले सधैं आफन्तको सम्झना दिलाइरहने भएकाले यस्तो अभियान थालिएको हो । घोराहीको वनगाउँस्थित बराहक्षेत्र मावियमा रहेको खाली जग्गामा कसैको सम्झना या उपहारस्वरूप वृक्षरोपण गर्ने गरिएको छ ।

पूर्वविद्यार्थी र विद्यालय प्रशासनले बिरुवाको संरक्षणमा सबैको चासो वृद्धि गर्न यस्तो नयाँ अभियान सुरुवात गरेको हो । 'बिरुवा त हामी आफैं पनि सयौंको संख्यामा रोप्न सक्छौं तर त्यसको संरक्षणमा कसैको चासो हुँदैन,' पूर्वविद्यार्थी समाजका सदस्य माधव केसीले भने, 'आफन्तको नाममा बिरुवा रोपिए त्यसको संरक्षण गर्न सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने भयो । पटकपटक बिरुवा हेर्न र पानी चार्न आफैं आउने भए । यसले अपनत्व बढाउँछ ।'

रूखबिरुवाप्रति मानिसको मोह बढाउन र वातावरण संरक्षणमा सबैको चासो वृद्धि गर्न यस अभियानले सघाउ पुऱ्याएको पूर्वविद्यार्थी समाजकी सदस्य लक्ष्मी केसीले बताइन् । 'आफूले रोपेको बिरुवा संरक्षण गर्न सम्बन्धित मानिसलाई नै बढी चासो हुन्छ । आफ्ना प्रिय मानिसको सम्झनामा रोपिएकाले पटक-पटक हेर्न जाने पनि भयो,' उनले भनिन्, 'बिरुवा जीवित हुँदासम्म आफन्तको सम्झना भइरहने भयो ।

वातावरण संरक्षणमा टेवा पुऱ्याउँदै जलवायु परिवर्तनका असरलाई कम गर्न र विद्यालयको आम्दानीको स्रोत बढाउन स्मृति वृक्षको अवधारणा ल्याइएको प्रधानाध्यापक बाल्मी केसीले बताइन् । 'स्वर्गीय आफन्तको स्मृतिमा मानिसहरू ठूलो धनराशि दान गर्छन् तर निधन भएका मानिसले पाए नपाएको केही थाहा हुँदैन,' उनले भनिन्, 'यहाँ एउटा बिरुवा रोपेमा यो वर्षौंसम्म रहिरहन्छ । यसले वातावरण स्वच्छ हुनुका साथै आफन्तको सम्झना दिइरहन्छ ।'

वैशाख १ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले शुभारम्भ गरेको स्मृति वृक्षको अभियानअन्तर्गत हालसम्म १ सय ७५ बिरुवा रोपिएको प्रअ केसीले बताइन् । अब ३ सय बिरुवा पुऱ्याउने लक्ष्य रहेको उनले जानकारी दिइन् । अधिकांश फलफूलका बिरुवा रोपिएकाले पछि आम्दानी बढ्ने विद्यालयको अपेक्षा छ । यो अभियानमा अन्य विद्यालयलाई पनि प्रोत्साहन गर्न बिरुवाबाट प्राप्त आम्दानीको ७० प्रतिशत विद्यालयले राख्ने र ३० प्रतिशत स्मृति वृक्षरोपणको काम गर्न चाहने नयाँ विद्यालयलाई सहयोग गर्ने केसीले बताइन् । 'ठूलो जमिन खेर गइरहेका धेरै विद्यालय छन् । आम्दानी नभएर विद्यालय चलाउन कठिन भएको देखिन्छ । कसैले वृक्षरोपणको काम गर्न चाहन्छ भने हामी आम्दानीको ३० प्रतिशत सहयोग गर्छौं,' उनले भनिन्, 'त्यसपछि उक्त विद्यालयले पनि यही क्रमले अन्य विद्यालयलाई सहयोग गरेर विद्यालयमा हरियाली बढाउने अभियान चलाउने योजना छ ।'

बिरुवा संरक्षणका लागि विद्यालयले प्रतिबिरुवा एक हजार रुपैयाँ सहयोग लिने गरेको छ । विद्यालयले उक्त रकमबाट बिरुवा किन्ने, वृक्ष रोप्नेको नाम, विवरण टाँस्ने, संरक्षण र गोडमेलको व्यवस्था मिलाउने गरेको छ । प्रत्येक बिरुवाको छेउमा उपहार दिनेको नाम विवरण लेखेर राखिन्छ । यसले गर्दा दीर्घकालसम्म पनि उपहार जीवित रहने केसीले बताइन् ।

चटपट-झटपट



सुशील पौडेल
sushilpaudel2@gmail.com

झमेला नाइलनको साडीलाई



तस्विरहरू : कान्तिपुर

ए दाजु नसमाऊ नाडीमा
जान्न म त डिजेलको गाडीमा
हिलो लाग्ला नाइलनको साडीमा

फिल्म 'छक्का पञ्जा २' ले सार्वजनिक गरेको उक्त नयाँ गीत यतिबेला चर्चासँगै विवादमा तानिएको छ । रिलिजको पाँच दिन नपुग्दै गीतले २० लाख भ्युअर्स पाइसकेको छ भने त्यही गीत हेरेर कमेन्ट्स गर्ने पनि तीन हजार नाघिसकेको छ । लोकभाकाका रूपमा गाइँदै आएको गीतलाई गायक अल्मोडा राना उप्रेतीले वास्तविक संकलक स्वर्गीय कान्छा मगर नेपालीलाई छायामा पारेर आफूले जस लिन खोजेपछि विवाद निम्तिएको थियो । गीत नै चोरेको आरोप लागेपछि फिल्मका निर्माता दीपकराज गिरीले वास्तविक सर्जकलाई नचिनाई अल्मोडाले आफूहरूलाई समेत अँध्यारोमा राखेको भन्दै कान्छा मगरप्रति अन्याय भएकोमा दुःख व्यक्त गरे ।

त्यसो त उक्त गीतमा विवाद आउनुअघि नै भिडियोसमेत विवादित बनेको थियो । गीतको बोलमा हिलो लाग्ला नाइलनको साडीमा भनिए पनि अभिनय गर्ने नायिकाद्वय वर्षा राउत र स्वस्तिमा खड्कालाई साडी नलगाई नचाइएकामा आलोचनासमेत भइरहेको छ । तर निर्माण पक्षले भने फिल्मको मुडले उक्त प्रश्नको जवाफ दिने भएकाले रिलिज मिति असोज ११ सम्म कुरिदिन आग्रह गरेको छ ।

रफटफ बन्न थाले चकलेटी हिरो

चकलेटी लुक्स लिएर हिरोका रूपमा 'होस्टेल' बाट डेब्यु गरेका अनमोल केसी चौथो फिल्ममा आइपुग्दा आफूलाई बदलेका छन् । 'कृ' मा उनी रफटफ गेटअपमा एन्टी हिरोको छविमा देखिनेछन् । रिभेन्ज लभस्टोरी बताइएको सुरेन्द्र पौडेल निर्देशित उक्त फिल्ममा अनमोल लामो कपाल अनि दाह्री-जुँगासहितको गेटअपमा देखिँदैछन् । केहीअघि मात्रै फिल्मको फस्टलुकमा अनमोलको सोही गेटअपलाई रिभिल गरिएपछि खुबै चर्चा पाए । जबकि यसअघि उनको कोरियन शैलीको लुक्स रुचाउनेको संख्या पनि ठूलो थियो ।



फ्लोरमा जाने अन्तिम समयमा आएर अनमोलले 'ग्याङस्टार ब्लुज' नखेल्ने भए । निर्देशक हेमराज बीसीले लगातार दुई फिल्ममा अनमोललाई खेलाइसकेका थिए भने उक्त फिल्ममा उनको गेटअप र रोल चेन्ज गरी खेलाउन चाहेका थिए । तर कुरा मिलेन । अनमोलले 'ग्याङस्टार ब्लुज' का लागि सुरु गरेको तयारी पछि 'कृ' मा उपयोग गरिदिए । त्यसपछि निर्माता सरोज न्यौपाने र निर्देशक हेमराजले अनमोलको सट्टामा आसिरमान देशराज जोशीलाई ब्रेक दिए । टिनएजमै रहेका आसिरमानले भने फिल्मको सुरुवात नै रफटफ हिरोका रूपमा गरे । त्यसका लागि उनी पनि लामो कपाल अनि दाह्री-जुँगामा नै देखिए । 'ग्याङस्टार ब्लुज' पनि रिभेन्ज लभस्टोरी नै हो । यसमा आसिरमान फिल्मको निश्चित समयसम्म चकलेटी लुक्समै देखिनेछन् भने जब फिल्मको कथाले गम्भीर मोड लिँदै जानेछ, उनको गेटअप पनि रफ हुँदै जानेछ । जेहोस्, पछिल्लो समय नायकहरूमा पनि पर्दामा सफाचट हिरोका रूपमा देखिनमा भन्दा चरित्रमा छिर्नका लागि गेटअपमा बदलाव ल्याउन खोज्ने र अभिनेता बन्न प्रयास गर्ने हुटहुटी देखिन थालेको छ ।

परीक्षामा सारा र अश्लेषा





आज शुक्रबारदेखि दुई फिल्म 'रुद्र' र 'प्रेमगीत २' रिलिज भएका छन् । दुवै फिल्मबाट नायिकाले डेब्यु गर्दैछन् । निखिल उप्रेती स्टारर 'रुद्र' मा साराले भने नयाँ हिरो विश्वसँग जोडी जमाएकी छन् भने 'प्रेमगीत २' बाट डेब्यु गरेकी अश्लेषा ठकुरीले भने प्रदीप खड्कासँग स्क्रिन सेयर गरेकी छन् । दुवै नायिकाका लागि यो साता खरो उत्रनका लागि अग्निपरीक्षा हो ।

तर फिल्म रिलिज अगावै सारा भने निखिलकै अर्को फिल्म 'पिँजडा ब्याक अगेन' मा दोहोरिने भइसकिन् । जबकि निखिलले पनि 'पिँजडा' बाटै डेब्यु गरेका थिए । उक्त फिल्मको सिक्वेलमा सारालाई निखिलले पत्याउनुमा 'रुद्र' मा उनले गरेको काम पो हो कि ? यसो हो भने सारा एक तह माथि उक्लिसकेकी छन् । अश्लेषा भने अरू कुनै फिल्ममा अनुबन्ध भइसकेको खबर आएको छैन । जबकि 'प्रेमगीत २' टिमले नै केही अघि 'दीपेन्द्र सरकार' निर्माणको घोषणा गरेको थियो जसमा नायकका रूपमा प्रदीपलाई दोहोऱ्याइने बताइए पनि नायिका अश्लेषालाई भने लिइसकिएको छैन ।

पोखरेली युवती सरिता गुरुङ भन्छिन्, पोखरासँग कुनै 'मिसन' छैन । यहाँ सम्बन्ध, समय र पैसाको महत्त्व छैन ।

हेलो शुक्रबार
hellofriday@gmail.com

अंगद ढकाल



आऊ बढाऊ हातहरू...

पोखरेली युवती सरिता गुरुङको कुदाकुद हेर्न लायक छ । अघिल्लो आइतबार पोखराबाट काठमाडौं आएकी उनी भोलिपल्टै चाँगुनारायणमा थिइन्, पर्सिपल्ट बुडमती । मंगलबार बिहान भने उनी चरिकोट पुगिसकेकी थिइन् ।

'कुदाकुद आफ्ना लागि होइन, अरूका लागि,' दरबारमार्गमा छोटो भेटघाटमा आइपुगेकी सरिताले सुनाइन्, 'कतै कोमामा रहेका बिरामीको 'घर सपना' पूरा गर्न लागिरहेकी छु, कतै बहिरा बालबच्चाका लागि होस्टल बनाउनमा जुटेकी छु ।'

२७ वर्षीया सरिता अहिले फेसबुक र ट्वीटरजस्ता सामाजिक सञ्जालमार्फत परोपकारी जगत्मा चिनिएकी छन् । १० वर्षयता हितकारी सामाजिक र मानवीय काममा जुटिरहेकी सरिता अहिले आफैंमा 'अभियान' बनेकी छन् । '२०६२ सालमा कास्कीको ढिकुरपोखरीको एउटा घटना आँखैसामु देखियो- ५७ वर्षीय कान्छा रानाभाटको । बेसहरा र एक्ला पात्र कान्छा घाँसदाउरा गर्न दुर्घटनामा परेका रहेछन्, रूख लडेर थिचिएपछि उनी बिकलांगझैं भएका थिए । त्यो घटना थाहा पाएर काठमाडौंमा पीके क्याम्पसमा अध्ययनरत सरिताले कान्छालाई पशुपति वृद्धाश्रममा ल्याएर राखेकी रहिछन् । कान्छाको केही वर्षपछि वृद्धाश्रममै मृत्यु भएको थियो ।

कास्कीकै भाचोक, मकैखोला गाउँकी १९ वर्षीया बुद्धिमाया गुरुङको केस पनि त्यस्तै जटिल थियो । उनी डेढवर्षे नानीकी आमा थिइन् । दुवै मृगौला फेल भएकी र डाइलाइसिस गर्ने खर्चसमेत नभएकी बुद्धिमायाका बारेमा पनि सरिताले फेसबुकमार्फत थाहा पाएकी थिइन् । 'कतारमा रहेका बुद्धिमायाका जेठाजुले आफ्नी बहिनी, म तपाईंको सहयोगले एक पल भए पनि बढी समय बाँचेको छु ।'

पोखराकै ५ वर्षीय रितेश श्रेष्ठलाई रक्त क्यान्सर भएको थियो । त्यसमा बचाउ अभियान सुरु गर्दैगर्दा ४५ हजार रुपैयाँ उठेको थियो, तर रितेश बितिहाले । 'यी घटनाबाट भने आशा नहुने कुराहरूमा अलिक 'ब्याक' हुनुपर्ने रहेछ भन्ने लाग्यो,' उनी भन्छिन् ।

यसपछि सरिताले सिन्धुपाल्चोकको जुरे पहिरोमा बिकलांगका लागि एक अपांग घर बनाउन भ्याइन् । त्यहाँ कम्मरमुनि नचल्ने १४ वर्षीय बखत पहरीले सेवा सुविधा पाएका छन् ।

५० भन्दा बढी बालबच्चा बस्ने बुडमतीको अपांग सेवा संघदेखि नेपाल अपांग सेवा संघ, बुटवलका लागि सहयोग दिलाउन सरिताको सामाजिक सञ्जाल अभियान सक्रिय छ । यस्तै, कास्कीको खारपानी पहिरोपीडितका लागि मद्दत गर्नेदेखि दोलखाको भीमेश्वर बहिरा प्राथमिक विद्यालयलाई २० लाख रुपैयाँको होस्टल बनाउने काममा उनी जुटेकी छन् ।

'चाँगुनारायण-४ मा बस्ने ४२ वर्षीय रामकृष्ण सार्की जो वैदेशिक रोजगारीमा गएका बेला मुटु उपचारका क्रममा कोमामा गएका थिए, उनका लागि घर बनाउँदै छौं । रोजगारीमा साउदी रहेकै बेला श्रीमतीले पनि छाडेको र ३ बालबच्चाको जिम्मेवारी बूढा बाआमाले लिएको अवस्थामा ७ लाख रुपैयाँको घर बनाइदिने क्रममा छौं,' सरिताले सुनाइन्, 'सार्की दाइको घर भूकम्पले भत्काइसकेको छ । उनी बोल्न र हलचल गर्न सक्दैनन् । तर सामु पुग्दा सबै कुरा बुझेजस्तो 'फिल' हुन्छ ।'

सरिताले फेसबुकमा पीडितको कुरा, समस्या र केस जानकारी गराएपछि युरोप, अमेरिकादेखि खाडी मुलुकसम्मका सहयोगी दाताहरू भरथेग गर्नमा अगाडि आउने गरेका छन् । 'मेरा दाताहरू साउदी, कतारमा पनि उत्तिकै छन् । किनभने खाडीमा श्रम गर्न गएकाहरूले दुःख बुझेका छन् । त्यसैले उनीहरू बढी सहयोगी पनि छन्,' सरिता भन्छिन्, 'म गुरुङ भएर गुरुङबाटै मात्रै सहयोग पाएको छु भन्ने छैन, म गुरुङ भएर गुरुङकै लागि मात्रै सहयोग गर्छु भन्ने पनि होइन । 'एउटी गुरुङ छोरी भएर गुरुङ कम्युनिटीकै लागि किन भिज्दैनौ ?' भनिरहन्छन् । मेरो समाजसेवामा जाति, क्षेत्रभन्दा बढी मानवता हावी छ ।'

दुई वर्षअघि बिहे गरेकी सरिताका श्रीमान् अमेरिकामा छन्, उनी पनि श्रीमतीको मानवीय सदिच्छामा सहयोगी बनेर जोडिएका छन् ।

यसपटक काठमाडौं आएर भने सरिताले तनहुँ घर भएकी ६० वर्षीया तुलसीदवी खत्रीलाई 'नयाँ जीवन' दिलाएकी छन् । तुलसीदेवीको दुई वर्षअघि हात भाँच्चिएपछि भरतपुर लगेर प्लास्टर गरेकामा असफल भएको थियो, तिनै आमाको बाँगो देखिएको हातका बारे फेसबुक चर्चा गर्नासाथै देश-विदेशबाट झन्डै २ लाख रुपैयाँ सहयोग उठेको थियो । संयोगले तुलसीदेवीको हात चावहिलस्थित हेल्पिङ हेन्ड कम्युनिटी हस्पिटलले निःशुल्क रूपमा उपचार पनि गरिदियो । 'यसरी अरूले पाएको खुसीमा आफैं खुसी हुन सकिन्छ भनेर यतातिर लागेकी हुँ, अब त लतजस्तो भइसक्यो,' उनी भन्छिन् । यसरी सुरु सुरुका दिनहरूमा छोरी कता हो कता कुदेको देखेर घरपरिवारमा पनि दिक्कै मान्ने रहेछन् । घरले भन्दा बाहिरकाले गर्ने निन्दा चर्को हुन्थ्यो । तर, ६२ वर्षीय बाबु खड्गबहादुर र आमा मैताकुमारी छोरीको काममा 'कन्भिन्स' भएपछि कसैको निन्दाले केही हुनेवाला थिएन ।

खुसी हुन र खुसी बाँड्न ठूला कुरा भइरहनुपर्छ भन्ने केही छैन । जस्तो, दुई महिनाअघिको स्थानीय निकाय निर्वाचनमा झापाको शिवसतासीका एक बिकलांग युवा अरूको भरथेगमा भोट हाल्न गएका थिए । त्यो खबर कान्तिपुर समाचार हुँदै सरिताको फेसबुकमा भाइरल बनेपछि ती युवाले लगत्तै ह्विलचेयर उपहार पाए, हडकडबाट सहयोग आएको थियो । 'यसरी साना सहयोगमा पनि ठूलो खुसी जोडिन्छ,' सरिता भन्छिन् ।

क्रेजी ट्रान्सफर





विनोद पाण्डे
Twitter: dearbinod

लेफ्ट ब्याक बेन्जामिन मेन्डी गत वर्षसम्म खासै नसुनिएका नाम हुन्- विश्व फुटबलमा । गत वर्षको जुनमा उनलाई फ्रेन्च लिगको टोली मोनाकोले अनुबन्धित गरेको थियो । उनी आएपछि मोनाकोको दिन फिऱ्यो । स्टार खेलाडीले भरिएको पेरिस सेन्ट जेर्मेनको आधिपत्यलाई तोड्दै मोनाकोले १७ वर्षपछि फ्रेन्च लिगको उपाधि नै उचाल्यो ।

मोनाकोमा नाम चलेका थोरै खेलाडी थिए । अरू मेन्डी जस्तै नयाँ खेलाडी । टोलीले युरोपियन च्याम्पियन्स लिगमा पनि बेजोड प्रदर्शन गऱ्यो र महँगा खेलाडीहरूले भरिएको म्यानचेस्टर सिटी एवं बोरुसिया डर्टमुन्डलाई पराजित गर्दै सेमिफाइनलसम्म पुग्यो । २३ वर्षे फ्रेन्च खेलाडी मेन्डीले ३४ खेल खेले र यसले उनको प्रदर्शनलाई पनि उकास्यो । उनी ५ करोड २० लाख पाउन्डमा सिटीमा अनुबन्धित भए, जसले उनलाई विश्वकै महँगो रक्षक बनायो ।

राइट ब्याक केयल वाल्कर ४ करोड ५० लाख पाउन्डमा सिटीमा आएको एक साता मात्र भएको छ । पाब्लो जाबालेटा, एलेक्जान्डर कोलारोभ, बाकारी साङ्गालाई रिलिज तथा गोलरक्षक जोई हार्टलाई दोस्रो सिजन पनि लोनमा पठाएपछि आबुधाबीका

तस्विरहरू : एजेन्सी



धनाढ्य शेख मन्सुरको स्वामित्वमा रहेको सिटीले नयाँ खेलाडी लिन ठूलो खर्च गरिरहेको छ । मेन्डी र वाल्करबाहेक पोर्चुगलका मिडफिल्डर बर्नान्डो सिल्भा ४ करोड ३० लाख पाउन्ड, ब्राजिलका गोलरक्षक इडरसन मोराइज ३ करोड ५० लाख पाउन्ड र रक्षक डानिलो २ करोड ६५ लाख पाउन्डमा ट्रान्सफर फिमा सिटी आएका छन् ।

प्रिमियर लिगका क्लबहरूले नयाँ सिजन सुरु हुनु अगाडि ट्रान्सफर तताएका छन् । रोमन लुकाकु ७ करोड ५० लाख पाउन्डमा एभर्टनबाट म्यानचेस्टर युनाइटेड गएका छन् । यो इंग्ल्यान्डमा एकबाट अर्को क्लबका खेलाडीमाथि लगाइएको सबैभन्दा बढी रकम हो । चेल्सीले स्पेनिस स्ट्राइकर अल्भारो मोराटाका लागि रियल म्याड्रिडलाई ६ करोड पाउन्ड तिरेको छ । त्यस्तै लियोनबाट स्ट्राइकर एलेक्जेन्ड्रे लाकाजेट ४ करोड ६५ लाख पाउन्डमा आर्सेनल, डिफेन्सिभ मिडफिल्ड टिइमोउई बाकायोको ४ करोड पाउन्डमा चेल्सी, मोहम्मद सालाह ३ करोड ४० लाख पाउन्डमा लिभरपुल र स्विडिस रक्षक भिक्टोर लेन्डेलोफ ३ करोड १० लाख पाउन्डमा म्यानचेस्टर युनाइटेड आएका छन् ।

न्युक्यासल यसै सिजन च्याम्पियनसिपबाट प्रिमियरसिप उक्लेको हो । च्याम्पियनसिपबाट उक्लने क्रममै ५ करोड पाउन्ड खर्चेको न्युक्यासललाई प्रमोसन भएसँगै टोलीका मालिकले व्यवस्थापक राफा बेनिटेजलाई १० करोड पाउन्ड राम्रा खेलाडी भित्र्याउन रकम छुट्याइदिने बताएका थिए । तर इंग्ल्यान्डका ठूला क्लबले राम्रा खेलाडी भित्र्याउन नगदको ओइरो लगाएपछि न्युक्यासल टुलुटुलु हेरेर बस्न बाध्य भएको छ । त्यसैले बेनिटेजले यसलाई 'क्रेजी ट्रान्सफर' भनेका छन् । उनलाई मालिकले जति ट्रान्सफर रकम छुट्याइदिएका छन्, अहिलेको चल्तीमा त्यो २-३ राम्रा खेलाडीलाई लिन मात्र पर्याप्त छ ।

इंग्लिस क्लबका अगाडि त युरोपका ठूला क्लबहरू पनि ट्रान्सफरमा मूकदर्शक छन् । यसको मूल कारण इंग्लिस प्रिमियरसिपको लोकप्रियता हो । टेलिभिजन प्रत्यक्ष प्रसारण अधिकार बेचेर इंग्ल्यान्ड फुटबल एफएले ठूलो रकम पाउँछ । त्यो रकम क्लबहरूमा बाँड्ने गरेको छ । प्रिमियर लिग जितेको चेल्सीले १५ करोड ३२ लाख पाउन्ड पाएको थियो । चेल्सीको २८ खेल प्रत्यक्ष प्रसारण भएका थिए । म्यानचेस्टर युनाइटेड, म्यानचेस्टर सिटीको पनि २८-२८ तथा लिभरपुलको प्रिमियर लिगमा ३६ मध्येको २९ खेल प्रत्यक्ष प्रसारण भएको थियो । सिटीले १४ करोड ९४ लाख र लिभरपुलले १४ करोड ८४ लाख पाउन्ड टेलिभिजनको प्रत्यक्ष प्रसारण अधिकारबाट पाएको रकम थियो । आर्सनल र टोटनहमको २५-२५ खेल प्रत्यक्ष प्रसारण हुँदा उनीहरूले क्रमश: १४ करोड २७ र १४ करोड ८५ लाख पाउन्ड पाए । रियल म्याड्रिडले च्याम्पियन्स लिग जितेपछि प्रत्यक्ष प्रसारणबाट ८ करोड ९५ लाख पाउन्ड पाएको थियो । जबकि प्रिमियर लिगको पुछारमा रही रेलिगेसनमा परेको सन्डरल्यान्डले नै झन्डै ९ करोड ९९ लाख पाउन्ड रकम पायो । प्रिमियर लिगका टोलीले यसपटक जुन रकम खर्च गरेका छन्, त्यसलाई सुरुआत मान्दा पनि हुन्छ । अर्को २-३ वर्षमा प्रिमियर लिगका क्लबहरूले ट्रान्सफरका सबै कीर्तिमान तोड्न सक्छन् ।

FRIDAY फेस



मेकअप गर्दै
नायिका वर्षा सिवाकोटी काठमाडौंमा ।
-नवराज वाग्ले



स्वच्छन्द हाँसो
व्यवसायी भवानी राणा सोल्टी होटलमा ।
-केशव थापा



ख्याल-ख्यालमा
टेनिस प्रशिक्षक सुजय लामा बालुवाटारमा अभ्यास गर्दै ।
-अंगद ढकाल



गर्मीमा लस्सी
फुटबलर विराज महर्जन बानेश्वरमा ।
-कौशल अधिकारी





समयप्रति चनाखो
बालसाहित्यकार शान्तदास मानन्धर कमलादीमा ।
-सुरविन्द्रकुमार पुन



तीजको लहर
नायिका आशिष्मा नकर्मी काभ्रेको साँगामा सुटिङका क्रममा ।
-सुरविन्द्रकुमार पुन

कालो राम्रो
नायिका विनिता बराल होटल हयातमा ।
-महेश प्रधान

